# इस्लामी सिद्धान्तहरूको दर्शन (Philosophy)

नेपाली अनुवाद

## (इस्लामी उसूल की फ़िलासफ़ी)

लेखक

हज़रत मिर्ज़ा ग़ुलाम अहमद क़ादियानी

पुस्तकको नाम :**इस्लामी सिद्धान्तहरूको दर्शन** (Philosophy)
नेपाली अनुवाद
(इस्लामी उसूल की फ़िलासफ़ी)

लेखक : हज़रत मिर्ज़ा ग़ुलाम अहमद क़ादियानी

अनुवादक : अताउर्रहमान ख़ालिद (H.A.)

प्रकाशन वर्ष : द्वितीय बार नेपाली संस्करण, जून 2013 ई.

संख्या : 1500

प्रकाशक : तहरीक-ए-जदीद, भारत ।

मुद्रक : फ़ज़्ले उमर प्रिंटिंग प्रेस, क़ादियान

ISBN : 978-81-7912-289-1

# विश्वव्यापी अहमदिया मुस्लिम सम्प्रदायका प्रमुख हज़रत मिर्ज़ा मसरूर अहमद साहेबको

# सन्देश

बिस्मिल्लाहिर्रमानिर्रहीम

लन्दन
10-7-13

प्रिय पाठकवर्ग!

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहु

अल्लाह तआलाले हज़रत मसीह मौऊद (प्रतिश्रुत मसीह) अलैहिस्सलामलाई भारतवर्षमा प्रकट गरे जुन त्यससमय संसारका प्रमुख धर्महरूको केन्द्रस्थल थियो। मानिसहरू साधारणत: धार्मिक विषयहरू सम्बन्धी तर्क गर्नेगर्थे। तर्क वितर्क र वाद-विवादको चलन थियो। हज़रत मिर्ज़ा ग़ुलाम अहमद साहेब क़ादियानी प्रतिश्रुत मसीह र महदी (उहाँप्रति शांति वर्षण होस) ले इस्लामको वास्तविकता र यसको प्रतिरक्षाका निम्ति लेखहरू लेख्ने कार्य आरम्भ गर्नुभयो किनभने उहाँको हृदय इस्लाम र हज़रत मुहम्मद मुस्तफ़ा (सल्लम)को प्रेमले परिपूर्ण थियो। उहाँले आफ्ना लेखहरू ख़ुदा तआलाको विशेष सहायता द्वारा लेख्नु भयो। उदाहरणत: उहाँको वर्णन रहेको छ :-

''मभित्र एउटा आकाशीय आत्मा बोलिरहेछ जसले मेरा शब्द-शब्द र अक्षर-अक्षरलाई जीवन प्रदान गर्छ।''

(इज़ाला औहाम, रूहानी ख़ज़ाइन, भाग 3, पृष्ठ 403)

1896 ई. मा लाहौरमा सर्वधर्म सम्मेलन आयोजित गरियो। जसमा भिन्न-भिन्न धर्मका प्रतिनिधिहरूलाई पाँचवटा प्रश्नहरू दिएर तिनीहरूबारे आ-आफ्ना धर्मका शिक्षाहरूको आधारमा निबन्ध लेख्न अनुरोध गरियो। हज़रत मिर्ज़ा ग़ुलाम अहमद प्रतिश्रुत मसीहका सेवामा पनि सम्मेलनमा पढनका लागि इस्लामी शिक्षाहरूको दर्शनमा आधारित निबन्ध लेख्न हार्दिक अनुरोध गरियो। उहाँले अल्लाह तआलाका चरणमा दुआ गरी निबन्ध लेख्नुभयो जब उहाँले त्यो लेख (निबन्ध) समाप्त पार्नु भयो तब ख़ुदा तआलाका तर्फबाट उहाँलाई निम्न इल्हाम (ईशवाणी) भयो ''मज़्मून बाला रहा'' अर्थात ''लेख सर्वोपरी रह्यो''। अत: उहाँले सम्मेलन आयोजित हुनुभन्दा।

पहिला नै एउटा विज्ञापनद्वारा जन साधारणलाई उक्त ईश्वरीय शुभसन्देशको जानकारी दिनुभयो। अत: निर्धारित समयमा हज़रत अब्दुल करीम साहेब स्यालकोटीले उक्त लेख (निबन्ध) सम्मेलनका दर्शकहरूलाई पढेर सुनाए। तथा त्यही लेख पछिगएर ''इस्लामी सिद्धान्तहरूको दर्शन'' को नाममा पुस्तकको रूपमा प्रकाशित भयो।

उक्त लेखमा हज़रत मिर्ज़ा ग़ुलाम अहमद प्रतिश्रुत मसीह (उहाँप्रति शान्ति होस) ले इस्लामी शिक्षाहरूको दर्शन (फिलासफी)लाई यति उत्तम र अनुपमरूपमा प्रस्तुत गर्नुभयो जसप्रति दर्शकहरूको चाहना देख्नेयोग्य थियो। र सम्मेलनको समय पनि बढाउनु पर्‍यो। अत: आफन्ताहरू र अन्य (धर्मावलम्बी)हरूले जुन असाधारण प्रशंसा र धन्यवाद गरे त्यसको व्याख्या अहमदियतको इतिहासमा र जमाअतका पुस्तकहरूमा लिखित छ। उदाहरणको रूपमा निम्नलिखित समाचारपत्रहरूको समीक्षा हर्नुहोस।

सिवल एण्ड मिलिट्री गज़ट लाहौरले लेख्यो :-

> ''उक्त सम्मेलनमा दर्शकहरूको हार्दिक र विशेष रुचि मिर्ज़ा ग़ुलाम अहमद क़ादियानीको लेकचरप्रति थियो जो इस्लामको समर्थन र सुरक्षामा अत्यन्त निपुण छन। उक्त लेकचरलाई सुन्नका लागि टाढा टाढा र छेउ छाउबाट भिन्न-भिन्न सम्प्रदायहरूको एउटा ठूलो संख्या एकत्रित भयो।''

(तारीखे अहमदियत, भाग प्रथम, पृष्ठ 567)

> ''चौदहवीं सदी'' समाचारपत्र रावलपिण्डीले लेख्यो :- ''हामी मिर्ज़ा साहिबका अनुयायी त होइनौं न त उहाँसित हाम्रो कुनै सम्बन्ध छ परन्तु हामी न्यायको हत्या गर्न सकदैनौं र न त कुनै सरल स्वभाव तथा शुद्ध शोचले यसलाई स्वीकार्छ। मिर्ज़ा साहेबले सबै प्रश्नहरूको उत्तर (यथोचित रूपमा) पवित्र क़ुरआनबाट दिए र सबै मुख्य मुख्य सिद्धान्तहरू र इस्लामका शाखाहरूलाई बौद्धिक तर्कहरूद्वारा र दार्शनिक प्रमाणहरूद्वारा सम्पूर्ण र सुसज्जित तुल्याए। मिर्ज़ा साहेबको लेक्चर र अन्य वक्ताहरूका लेक्चरहरूका बीचमा रहेको फरकलाई स्पष्ट पार्नका लागि के भन्नु पर्याप्त रहेको छ भने मिर्ज़ा साहेबको लेक्चर चलिरहेको बेला मानिसहरू त्यसरी नै ओइरिएका थिए जसरी महमा झिंगाहरू ओइरन्छन।''

(तारीख़े अहमदियत, भाग प्रथम, पृष्ठ 568)

अत: ती पाठकहरूका निम्ति जो सत्यका खोजी रहेका छन यो पुस्तक पढनाले यो त्यो महान पुस्तक हो जसमा इस्लामको सटिक परिचय र धेरैजसो मौलिक प्रश्नहरूका अत्यन्त परिपकवरूपमा उत्तरहरू दिइएका छन भन्ने कुराको ज्ञान हुनेछ।

उक्त पुस्तक पढ्नुभन्दा अघिपनि अनगिन्त मानिसहरूप्रति इस्लामका सौन्दर्यहरू प्रकट भए र अल्लाहको इच्छा रहेमा भविष्यमा पनि उक्त पुस्तकले आफ्ना पाठकहरूप्रति इस्लामको सुन्दर छबिलाई प्रकट गरिरहने छ।

1996 ई. मा जब उक्त पुस्तकको सयवर्ष पूरा भएको थियो तब यसको भिन्न-भिन्न भाषाहरूमा धेरै संख्यामा प्रकाशन भएको थियो। परन्तु उक्त पुस्तक अत्यन्त महत्वपूर्ण रहेकोले यसलाई बारम्बार प्रकाशित गर्नु आवश्यक छ। अत: यसको नेपाली भाषामा अनुवादको नयाँ एडीशन तयार गरिएको र यस सम्बन्धमा मबाट सन्देश पठाउन निवेदन गरिएकोमा मलाई अत्यन्त प्रसन्नता प्राप्त भएको छ। अल्लाह तआलाले यसलाई प्रत्येक रूपमा मंगलमय तुल्याउन र यसको प्रकाशनबाट ती समस्त मानिसहरूलाई उनले तृप्त गरून जसका हृदयमा इस्लामका सम्बन्धमा शंकाहरू र प्रतिकूल भावनाहरू पाइन्छन। तथा तिनीहरूलाई मार्गदर्शन प्राप्त होस भन्ने दुआ (प्रार्थना) उनको चरणमा रहेको छ।

ईति

भवदीय

**मिर्ज़ा मसरूर अहमद**

ख़लीफ़तुल मसीह अलख़ामिस

(प्रतिश्रुत मसीहका पञ्चम उत्तराधिकारी)

# भूमिका

ती खजानाहरू जुन हज़ारौं वर्षदेखि पुरिएका थिए
अब म दिनेछु यदि रहेमा कोही उम्मीदवार।

हाम्रा प्रिय स्वामी हज़रत मुहम्मद मुस्तफा (सल्लम)का साँचा प्रेमी र निष्ठावान सेवक हज़रत मिर्ज़ा ग़ुलाम अहमद अलैहिस्सलाम प्रतिश्रुत मसीह र महदीले 1896 ई. मा एउटा सर्वश्रेष्ठ लेख लेख्नुभयो र त्यसको नाम उहाँले ``इस्लामी उसूलकी फलासफी`` अर्थात ``इस्लामी सिद्धान्तहरूको दर्शन`` राख्नुभयो । उहाँको उक्त लेखका बारेमा त्यससमयको एउटा विख्यात स्थानीय समाचार पत्र ``चौदहवीं सदी`` रावलपिण्डीले आफ्नो एक फरवरी 1897 ई. को प्रकाशनमा ``मिर्ज़ा साहेबले न केवल पवित्र कुरआनका शिक्षाहरूको दर्शन वर्णन गरे अपितु कुरआनका शब्दहरूको भाषाविज्ञान र दर्शन पनि वर्णन गरे`` भनी लेख्यो । अत: नबीहरूका भविष्यवाणी अनुसार यस युगमा नबीको रूपमा अविर्भाव हुनुभएको हज़रत मसीह मौऊद (प्रतिश्रुत मसीह तथा कल्कि अवतार)को यो लेकचर (भाषण) एउटा सर्वाङ्ग सम्पूर्ण र सर्वोपरी लेकचर रहेको छ । यसमा अन्गिन्त आध्यात्म ज्ञानहरू र तथ्यहरूका मोतीहरू जगमगाइ रहेछन । यसअधि यो पुस्तक तहरीक-जदीद भारत अन्तर्गत 1997 ई. मा पहिलो पटक प्रकाशित भयो । अब यस महान पुस्तकको दोस्रो प्रकाशन पनि तहरीक जदीद भारतले प्रस्तुत गर्ने सौभाग्य प्राप्त गरिरहेछ । यो प्रकाशन हाम्रा प्रिय पञ्चम खलीफा (प्रमुख) हज़रत मिर्ज़ा मसरूर अहमद साहेब (अल्लाहले उहाँको विशेष सहयोग र समर्थन गरुन)को मंगलमय मार्गदर्शन र अनुमतिद्वारा सबैको कल्याणका निम्ति प्रकाशित भइरहेछ । यस पुस्तकको अनुवाद मौलाना अताउर रहमान साहेब खालिदले गर्नुभएको हो । अल्लाह तआलाले उहाँलाई यसप्रति उत्तम प्रतिदान र पुरस्कार प्रदान गरुन।

इति
भवदीय
**मुनीर अहमद हाफिज़ाबादी**
वकीले आला तहरीक-ए-जदीद, भारत

# विषय सूची


| | | |
|---|---|---|
| 1. | वक्तृताको परिचय र पृष्ठभूमि | ix |
| 2. | सत्यका जिज्ञासुहरूका निम्ति एउटा महान शुभसन्देश | xiii |
| 3. | इस्लाम | 1 |
| 4. | दावी तथा तर्क ईशवाणीमा आधारित पुस्तकबाट हुनु आवश्यक छ | 1 |
| 5. | पहिलो प्रश्नको उत्तर | 2 |
| 6. | मनुष्यका तीन किसिमका अवस्थाहरू | 2 |
| 7. | पहिलो स्रोत – ''नफ्से अम्मारा'' अर्थात तमोगुण | 2 |
| 8. | दोस्रो स्रोत ''नफ्से लव्वामा'' अर्थात रजोगुण | 3 |
| 9. | तेस्रो स्रोत ''नफ्से मुत्मइन्ना'' अर्थात् सत्त्वगुण | 4 |
| 10. | जीवात्मा अल्लाह (परमेश्वर) को सृष्टि हो | 11 |
| 11. | आत्माको दोस्रो जन्म | 12 |
| 12. | मनुष्यको क्रमिक विकास | 12 |
| 13. | इस्लामको वास्तविकता | 13 |
| 14. | प्राकृतिक (स्वाभाविक) अवस्थाहरू र चरित्रहरूका बीचको अन्तर | 14 |
| 15. | जीव हत्याको खण्डन | 15 |
| 16. | सुधारका तीनवटा तरीकाहरू | 16 |
| 17. | सुधारको अत्यन्त आवश्यकको समयमा हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको आगमन भयो | 17 |
| 18. | पवित्र कुरआनको वास्तविक उद्देश्य तीन प्रकारका सुधारहरू हुन | 19 |
| 19. | प्राकृतिक अवस्थाहरू यथोचित प्रयोगबाट चरित्रमा परिवर्तित हुन्छन | 19 |
| 20. | वास्तविक चरित्र | 21 |
| 21. | खल्क तथा खुल्क | 22 |
| 22. | पहिलो सुधार अर्थात् प्राकृतिक अवस्थाहरू | 23 |
| 23. | सुँगुर अवैध घोषित | 28 |
| 24. | मनुष्यका नैतिक अवस्थाहरू | 29 |

| | | |
|---|---|---|
| 25. | दुष्कर्म र दुराचार त्याग सम्बन्धी आचरणहरू | 30 |
| 26. | पाकदामन (निष्कलङ्क) रहने पाँचवटा उपचारहरू | 33 |
| 27. | दृष्टि नियन्त्रण | 34 |
| 28. | पुण्यप्राप्ति सम्बन्धी आचरणहरू | 42 |
| 29. | वास्तविक पराक्रम | 49 |
| 30. | सत्यता | 51 |
| 31. | धैर्य | 53 |
| 32. | सृष्टिप्रति सहानुभूति | 54 |
| 33. | एउटा सर्वशक्तिमान सत्ताको खोज | 55 |
| 34. | हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको अरब देशमा आविर्भाव (प्रकटन) हुनुमा हिकमत (रहस्य) | 58 |
| 35. | पवित्र कुरआनको जगतमाथि उपकार | 59 |
| 36. | अल्लाह तआलाको सत्ताबारे तर्कहरू | 60 |
| 37. | अल्लाह तआलाका विशेषताहरू | 63 |
| 38. | आध्यात्मिक अवस्था (दर्जा)हरू | 69 |
| 39. | एउटा अत्युत्तम दुआ (प्रार्थना) | 72 |
| 40. | कपूर र अदुवामिश्रित शरवतको यथार्थ | 77 |
| 41. | ज़न्जबील (सूठो)को प्रभाव | 79 |
| 42. | अल्लाह तआलासित घनिष्ठ आध्यात्मिक सम्बन्ध स्थापन गर्ने उपाय | 85 |
| 43. | दोस्रो प्रश्न | 88 |
| 44. | मृत्युपछि मानिसको के अवस्था हुन्छ ? | 88 |
| 45. | आलमे मआद (यमलोक) बारे पवित्र कुरआनका तीनवटा सूक्ष्मज्ञानहरू | 91 |
| 46. | पहिलो सूक्ष्मज्ञान | 92 |
| 47. | तीन प्रकारका ज्ञानहरू | 93 |
| 48. | तीनवटा लोक | 94 |
| 49. | पवित्र कुरआन अनुसार तीनवटा लोक प्रमाणित छन्। | 94 |
| 50. | दोस्रो गूढज्ञान | 99 |

| | | |
|---|---|---|
| 51. | तेस्रो गूढज्ञान | 102 |
| 52. | तेस्रो प्रश्न | 105 |
| 53. | संसारमा जीवनका लक्ष्यहरू के के हुन र तिनीहरूको प्राप्ति कसरी हुनसक्छ ? | 105 |
| 54. | मानव जीवनको लक्ष्यप्राप्तिका साधनहरू | 107 |
| 55. | चौथो प्रश्न | 113 |
| 56. | यसजीवनमा र जीवनपछि व्यवहारिक धर्म विधानको कार्य के हो ? | 113 |
| 57. | पवित्र कुरआनमा वर्णित भिन्न-भिन्न वस्तुहरूको शपथको वास्तविकता | 115 |
| 58. | पाँचौं प्रश्न | 121 |
| 59. | ज्ञानप्राप्ति र अल्लाह (ईश्वर)को पहिचानका साधनहरू के के हुन | 121 |
| 60. | मानवीय प्रकृतिको वास्तविकता | 124 |
| 61. | ईशवाणी (इल्हाम) को भावार्थ के हो ? | 127 |
| 62. | इस्लामको विशेषता | 130 |
| 63. | विनीतलाई ईश्वरीय वार्तालाप र सम्बोधनको सौभाग्य प्राप्त भएबारे | 130 |
| 64. | पूर्णज्ञानको साधन खुदा तआलाको ईशवाणी हो | 131 |
| 65. | हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमको जीवनका दुईवटा पक्षहरू | 135 |
| 66. | हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमले गरेका युद्धहरूको उद्देश्य | 138 |

***
*

# ''इस्लामी सिद्धान्तहरूको दर्शनशास्त्र''

## वक्तृताको परिचय र पृष्ठभूमि

स्वामी साधू शिवगुण चन्द्र नामक एकजना महानुभाव जो तीन चार वर्षसम्म हिन्दु धर्मको कायस्थ सम्प्रदायको सुधार र सेवाका कार्यहरूमा व्यस्त थिए, 1892 ई. मा उनको मनमा जबसम्म सबै मानिसहरू एकत्र हुनेछैनन तबसम्म केही लाभ हुने छैन भन्ने विचार आयो। अन्ततः एउटा धार्मिक सम्मेलन आयोजन गर्ने इच्छा जाग्यो र अजमेरमा यसप्रकारको पहिलो सम्मेलन आयोजित भयो। त्यसपछि उनी 1896 ई. मा दोस्रो सम्मेलन आयोजन गर्नका निम्ति लाहौर गए किनभने त्यहाँको वातावरण यस कार्यका निम्ति अनुकूल थियो। उनी त्यसको तयारीमा जुटे।

स्वामीज्यूले त्यस धार्मिक अधिवेशनलाई सुचारू रूपले आयोजित गर्नका निम्ति एउटा प्रबन्धक कमिटी गठन गरे जसका अध्यक्ष मास्टर दुर्गा प्रसाद चीफ़ सैक्रेटरी चीफ कोर्ट लाहौर तथा लाला धनपत राए बी.ए., एल.एल.बी., प्लीडर नामक एकजना हिन्दु थिए। सम्मेलन का निम्ति 26-27-28 दिसम्बर 1896 ई. का दिनहरू निश्चित भए तथा सम्मेलन संचालन का निम्ति निम्नलिखित पंचहरू नियुक्त गरिए :-

1. राय बहादुर बाबू परतोल चंद साहेब न्यायाधीश मुख्य अदालत पंजाब।
2. ख़ान बहादुर शेख़ ख़ुदा बख़्श साहेब न्यायाधीश समाल काज कोर्ट लाहौर।
3. राय बहादुर पंडित राधाकृष्ण साहेब कौल अधिवक्ता मुख्य अदालत भूतपूर्व गवर्नर जम्मू।
4. हज़रत मौलवी हकीम नूरुद्दीन साहेब शाही वैद्य।
5. राय भवानी दास साहेब एम.ए. एकसट्रा सेटलमेन्ट आफिसर जेहलम।
6. जनाब सरदार जवाहर सिंह साहेब सेक्रेटरी खालसा कमिटी लाहौर[1]

स्वामी शिवगुण चन्द्र साहेबले कमिटीको तर्फबाट धर्म महासभाको विज्ञापन दिदै मुसलमान, ईसाई, तथा आर्य महानुभावहरूलाई यस सभामा तिनीहरूका प्रसिद्ध विद्वानहरूले आ-आफना धर्मका विशेषताहरू वर्णन गरून भनी निमन्त्रणा दिए। यसैगरी के पनि लेखे भने - जो धर्म महोत्सव लाहौर टाऊन

1. रिपोर्ट धर्म महासभा पृष्ठ 253-254, प्रकाशित सिद्दीकी प्रेस लाहौर 1897 ई.।

हालमा आयोजित हुदैछ त्यसको मुख्य उद्देश्य साँचो धर्मका महात्म्यहरू र विशेषताहरू एउटा शिष्ट जनसमागममा प्रकट भई त्यसको प्रेम हृदयमा स्थापित होस। त्यसका साथै मानिसहरूले साँचो धर्मका तर्कहरू र तथ्यहरू राम्ररी बुझ्न सकून। यसप्रकार प्रत्येक धर्मका प्रमुख उपदेशकलाई आफनो धर्मका सत्यताहरू अन्य व्यक्तिहरूका मनमा स्थापित गर्ने अवसर प्राप्त होस। यसैगरी श्रोताहरूलाई पनि ती सबै विद्वानहरूको समागममा प्रत्येक भाषणलाई परस्पर तुलना गरी जहाँ सत्यको चमक प्राप्त हुन्छ त्यसलाई स्वीकार गर्ने अवसर मिलोस। तथा वर्तमान समयमा धार्मिक झगडाहरूका कारण मानिसहरूका मनमा साँचो धर्मलाई जान्ने उत्सुकता पनि पाइन्छ। यसका निम्ति ती सबै धार्मिक विद्वानहरू जसले धर्मोपदेश र प्रवचन गर्ने गर्छन एक ठाउँमा भेला भई आ-आफना धर्मका विशेषताहरू पूर्व प्रकाशित प्रश्नहरू अनुसार वर्णन गर्नु नै सर्वोत्तम उपाय देखिन्छ। अत: यस वृहत धार्मिक महासभामा जुन धर्म साँचा परमेश्वरका तर्फबाट रहेको सिद्ध हुनेछ त्यसले निश्चय नै आफनो विशेष चमक देखाउने छ। यसै उद्देश्यले यस सम्मेलन को प्रस्ताव राखिएको हो। प्रत्येक सम्प्रदायका उपदेशकलाई आफ्नो धर्मको सत्यता प्रकट गर्नु उसको परम कर्तव्य हो भन्ने कुरा भलीभाँति थाहा छ। अत: सत्य प्रकट होस भन्ने जुन उद्देश्य लिएर यो सम्मेलन आयोजित गरिंदैछ उनीहरूलाई परमेश्वरले त्यो उद्देश्य पूरा गर्ने उत्तम अवसर प्रदान गरेका छन। यस्तो अवसर सधैं मानिसको वशमा हुदैन।

पुन: उनीहरूलाई प्रेरित गर्दै लेखे :-

‘‘जसले अन्य व्यक्तिहरूलाई एउटा घातक रोगले पीड़ित ठान्छ र तिनीहरूको उपचार मेरो औषधि द्वारा हुन्छ भन्ने विश्वास राख्छ र त्यो व्यक्ति मानवजाति प्रति आफनो सहानुभूति रहेको दावी पनि गर्छ के त्यसले गरीब रोगीहरूले उपचारका निम्ति बोलाउँदा जानीबुझी सुनेको नसुनै गर्ला भन्ने कुरा म स्वीकार गर्न सक्छु र? कुनचाँहि धर्म वास्तवमा सत्य र तथ्यपूर्ण रहेको छ भन्ने कुराको निर्णय होस भनी मेरो हृदय तड्फडाइ रहेछ। म संग ती शब्दहरू छैनन जसद्वारा म आफनो साँचो जोस प्रकट गर्न सकूँ।

यस धार्मिक सम्मेलन अथवा धर्म महोत्सव लाहौरमा सम्मिलित हुनका निम्ति विभिन्न धर्मका प्रतिनिधिहरूले स्वामी ज्यूको निमन्त्रणा स्वीकार गरे। तथा दिसम्बर सन् 1896 ई. का बडा दिनका विदाका अवसरमा लाहौरमा एउटा धर्म महोत्सव आयोजित भयो जसमा भिन्न-भिन्न धर्मका प्रतिनिधिहरूले सम्मेलनको कमेटीले

निश्चित गरेका ती पाँचवटा प्रश्नहरू माथि भाषण दिए जुन प्रश्नहरू जवाफका निम्ति पहिला नै कमिटीका तर्फबाट प्रकाशित गरिएका थिए। यसैगरी ती प्रश्नहरूका उत्तरका निम्ति भाषण दिने व्यक्तिले आफनो उत्तरलाई त्यस पुस्तकसम्म सीमित राखोस जसलाई उसले धार्मिक रूपमा पवित्र मान्दछ भन्ने शर्त कमिटीका तर्फबाट राखिएको थियो। ती प्रश्नहरू निम्नानुसार थिए :-

1. मनुष्यको शारीरिक, नैतिक तथा आध्यात्मिक अवस्थाहरू।
2. मनुष्यको जीवन पश्चातको अवस्था अर्थात परलोक।
3. संसारमा मनुष्य जीवनको वास्तविक उद्देश्य के हो तथा त्यो उद्देश्य कसरी पूर्ण हुनसकछ ?
4. कर्म अर्थात मनुष्यका कार्यहरूको संसारमा र परलोकमा के प्रभाव पर्छ ?
5. ज्ञान तथा आध्यात्मका साधनहरू के के रहेका छन ?

26 दिसम्बर देखि 29 दिसम्बरसम्म चलेको उक्त सम्मेलनमा सनातन धर्म, हिन्दुधर्म, आर्यसमाज, फ्री थिंकर, ब्रह्मोसमाज, थियोसाँफिकल सोसाइटी, रिलीजन ऑफ हारमनी, ईसाई धर्म, इस्लाम तथा सिक्ख धर्मका प्रतिनिधिहरूले भाषण दिए। परन्तु ती भाषणहरूमध्ये केवल एउटा भाषण ती प्रश्नहरूको वास्तविक र पूर्ण जवाफ थियो। जुन समयमा उक्त भाषण हज़रत मौलवी अब्दुल करीम (रज़ि.) सियालकोटीले अति मिठो स्वरले पढ़िरहेथे त्यस समयको वातावरणलाई वर्णन गर्न सकिन्न। कुनै धर्मको कोही व्यक्ति यस्तो थिएन जसले अनायास वाहवाह र धन्य धन्यको नारा लगाइरहेको नहोस। यस्तो कुनै व्यक्ति थिएन जो मोहित र मस्त-मग्न भएको नहोस। वर्णन गर्ने शैली अत्यन्त मनमोहक र सर्वप्रिय थियो। विरोधिहरू पनि धन्य धन्य गरिरहेका थिए भने यो भन्दा अधिक उक्त लेखको उत्कृष्टताको अरू के प्रमाण हुन सक्छ। सुप्रसिद्ध अंग्रेज़ी समाचार पत्र ''सिविल ऐंड मिल्टरी गज़ट'' लाहौरले ईसाई हुँदाहुँदै पनि केवल यसै लेखको उच्च कोटिको प्रशंसा लेख्यो र केवल यसैलाई उल्लेखनीय बतायो।

उक्त लेख अहमदिय्या सम्प्रदायका संस्थापक हज़रत मिर्ज़ा ग़ुलाम अहमद क़ादियानीले लेख्नु भएको थियो। यस लेखका निम्ति दुईघण्टा समय निश्चित थियो परन्तु त्यसमा समाप्त हुन नसकेकोले गर्दा 29 दिसम्बरको दिन पनि बढ़ाइको थियो। ''पंजाब ऑब्ज़रवर'' नामक समाचार पत्रले उक्त लोखको प्रशंसामा कालम (स्तम्भ) माथि कालम भरिदियो। 'पैसा' समाचार पत्र, 'चौदहवी सदी', 'सादिक-उल-अखबार', 'मुखबरे दकन' तथा 'जनरल एवं गौहरे आसफी' समाचारपत्र कलकत्ता इत्यादि सबै समाचारपत्रहरूले सर्वसम्मतिका साथ यसै लेखको प्रशंसा गरे। अन्यान्य

जाति र धर्मका महानुभावहरूले यस लेखलाई सर्वोत्तम माने। यस धार्मिक सम्मेलनका सैक्रेट्री धनपत राय बी.ए., एल.एल.बी. प्लीडर चीफ कोर्ट पंजाब 'रिपोर्ट धर्म महोत्सव' नामक पुस्तकमा उक्त भाषणका सम्बन्धमा यसप्रकार लेख्छन :-

''पंडित गोवर्धन दास साहेबको भाषणपश्चात आधा घण्टाको अवकाश थियो। परन्तु त्यसपश्चात एकजना प्रसिद्ध इस्लामी वकीलको इस्लामका पक्षमा भाषण हुने निश्चित थियो त्यसकारण अधिकतर दर्शकहरूले आ-आफनो स्थान छाडेनन। डेढ बज्नमा निकै समय शेष रहँदा नै इस्लामिया कालेजको ठूलो भवन शीघ्रताका साथ भरिन लाग्यो। तथा केही मिनेटमा नै भवन पूर्णरूपमा भरियो। त्यससमय प्राय: सात र आठ हज़ारका बीचको भीड़ थियो। विभिन्न धर्म र सम्प्रदाय तथा विभिन्न समाजका प्रतिष्ठित विद्वानहरू उपस्थित थिए। यद्यपि कुर्सी र चेयर तथा दरीहरू प्रसस्त संख्यामा उपलब्ध गराइएका थिए परन्तु सयकडौं मानिसहरूले उभिएर नै निर्वाह गर्नु पर्‍यो। तथा ती उभिएका श्रोताहरूमा ठूला ठूला धनी-मानी, पंजाबका नेताहरू, विद्वानहरू, बैरिस्टर, अधिवक्ता, प्रोफेसर, ऐक्सट्रा ऐसिस्टैंट तथा डाक्टरहरू अर्थात उच्चकोटि र वर्गका विभिन्न शाखाहरूका प्रत्येक प्रकारका मानिसहरू उपस्थित थिए। तिनीहरूको यसप्रकारको उपस्थिति तथा धैर्यता र उत्साहका साथ निरन्तर चार पाँच घण्टासम्म एउटै पाउमा उभिनाले ती प्रतिष्ठित व्यक्तिहरूलाई त्यस पवित्र आंदोलनप्रति अति सहानुभूति र चासो थियो भन्ने स्पष्ट देखिन्थ्यो। भाषणका लेखक स्वयं त सम्मेलनमा उपस्थित थिएनन परन्तु उहाँले आफ्ना एकजना विशेष शिष्य मौलवी अब्दुल करीम साहेब स्यालकोटी ज्यूलाई आफनो लेख पढनका निम्ति पठाएका थिए। उक्त लेखका निम्ति यद्यपि कमेटीका तर्फबाट केवल दुई घण्टा दिइएको थियो परन्तु श्रोताहरूको त्यसप्रति अत्यन्त चासो देखेर मौडरेटर (पंच) हरूले उत्साह र प्रसन्नताका साथ जबसम्म यो लेख समाप्त हुदैन तबसम्म सभाको कारर्बाही समाप्त नगरियोस भन्ने अनुमति दिए। उहाँहरूको यो अनुमति सम्मेलनका संचालक र श्रोताहरूको इच्छा र चाहना अनुकूल थियो किनभने जब यसको निश्चित समय समाप्त हुनासाथ मौलवी अबू यूसुफ मुबारक अली साहेबले आफनो लेखको समय पनि उक्त लेख पढ़नका निम्ति प्रदान गरे तब श्रोताहरूले र मौडरेटर साहेबहरूले एउटा प्रसन्नताको नारा लगाएर मौलवी साहेबलाई धन्यवाद दिए। सभाको कार्यवाही 4:30 बजे समात्त हुन्छ भनिएको थियो परन्तु श्रोताहरूको इच्छा र उत्साह देखरे सभाको कार्यवाही 5:30 बजे भन्दा पनि पछिसम्म जारी राख्नु पर्‍यो किनभने उक्त लेख प्राय 4 घण्टामा समाप्त भयो। प्रारम्भदेखि लिएर अन्तसम्म उक्त लेख एकसमान रसिलो र लोकप्रिय थियो।''

आश्चर्यको कुरो के हो भने उक्त सम्मेलन आरम्भ हुनुभन्दा पहिला नै 29 दिसम्बर 1896 ई. मा अहमदिय्या सम्प्रदायका संस्थापकले आफ्नो उक्त लेख विजयी हुनेछ भन्ने सूचना अल्लाह तआला (परमेश्वर) बाट पाएर एउटा विज्ञापन प्रकाशित गरे जसको प्रतिलिपि निम्नानुसार रहेको छ :-

## सत्यका जिज्ञासुहरूका निम्ति एउटा महान शुभसन्देश

सर्वधर्म महोत्सव[1] जो लाहौर टाउनहालमा 26, 27, 28 दिसम्बर 1896 ई.मा आयोजित हुदैछ त्यसमा यस विनीतको एउटा लेख पवित्र क़ुरआनका विशेषताहरू र चमत्कारहरू बारे पढिनेछ। उक्त लेख जुन मानवीय शक्ति भन्दा माथि तथा परमेश्वरका चमत्कारहरू मध्ये एउटा चमत्कार हो उनकै विशेष समर्थन द्वारा लेखिएको छ। यसमा पवित्र कुरआनका ती गूढज्ञान र अध्यात्मज्ञानहरू वर्णित छन जसबाट वास्तवमा यो (पवित्र क़ुरआन) परमेश्वरको वाणी र समस्त जगतका पालनहारको पुस्तक हो भन्ने कुरा सूर्यसमान स्पष्ट हुनेछ। यसैप्रकार जसले यस लेखलाई आरम्भदेखि लिएर अन्तसम्म पाँचौ प्रश्नहरूको उत्तर सुन्नेछ एउटा नया विश्वास उसमा जाग्नेछ र एउटा नया प्रकाश उसमा फुटनेछ तथा परमेश्वरको पवित्र वाणिको एउटा पूर्ण व्याख्या उसलाई प्राप्त हुनेछ भन्ने मेरो विश्वास रहेको छ। मेरो भाषण मानवीय गन्थनरहित तथा निरर्थक कुराहरूको दागबाट पवित्र छ। मलाई यससमय केवल मानवजातिप्रतिको सहानुभूतिले तथा तिनीहरूले पवित्र कुरआनको सौन्दर्य अवलोकन गरून तथा हाम्रा विरोधिहरूको अन्धकारप्रति प्रेम र प्रकाशप्रति

1. स्वामी शिवगुण चंदर साहेबले आफनो विज्ञापनमा मुसलमानहरू र ईसाईहरू तथा आर्य साहेबहरूलाई तिनीहरूका प्रसिद्ध विद्वानहरूले उक्त अधिवेशनमा आ-आफना धर्मका महात्म्य र गुणहरू अवश्य वर्णन गरून भन्ने निमन्त्रणा दिएका थिए । अत: हामी त्यस महान निमन्त्रणाको सम्मान गर्दै उहाँको इच्छा पूर्ण गर्नका निम्ति तयार छौं भन्ने सूचना स्वामी ज्यूलाई दिन्छौं तथा अल्लाहको इच्छा रहेमा हाम्रो लेख तपाईको धर्मसभामा पढिनेछ । इस्लाम त्यो धर्म हो जो अल्लाहको नाम बीचमा आएकोले साँचो मुसलमानलाई पूर्ण आज्ञाकारिताको आदेश दिन्छ । परन्तु तपाईंका भाई आर्यहरू र पादरी साहेबहरूलाई आफ्ना परमेश्वर अथवा यशुको मर्यादाको कति चासो छ र तिनीहरू यस्ता महान पवित्र सत्ताका नाममा उपस्थित हुन तत्पर छन कि छैनन भन्ने कुरा अब हामी हेर्नेछौं ।

घृणा गर्ने कस्तो अन्यायपूर्ण व्यवहार रहेको छ भनी जानून भन्ने कुरोले यो विज्ञापन लेख्न विवश गरोको छ। मलाई सर्वज्ञ खुदाले ईशवाणी द्वारा यो नै त्यो लेख हो जो सबैमाथि विजयी हुनेछ भनी अवगत गराएका छन। यसमा सत्य, गूढज्ञान र आध्यात्म ज्ञानको यस्तो प्रकाश छ जसबाट अन्य जातिहरू यदि उपस्थित भई यसलाई आद्योपान्त सुनेमा लज्जित हुनेछन। तथा आफ्ना पुस्तकहरूको यो चमत्कार देखाउनमा तिनीहरू कदापि सफल हुनेछैनन। चाहे तिनीहरू ईसाई हून, चाहे सनातन धर्मी अथवा अन्य कोही। वस्तुत: त्यस दिन परमेश्वरले आफनो यस पवित्र पुस्तकको चमत्कार प्रकट होस भन्ने ठानेका छन। मैले यसबारे आलमे कश्फ (तन्द्रावस्था) मा के देखें भने – मेरो महलमाथि अदृश्यबाट एउटा हातले प्रहार गऱ्यो र त्यस हातको स्पर्शबाट त्यस महलमा एउटा चमकिलो ज्योति प्रकट भयो र चौतर्फ फैलियो र मेरा हातमाथि पनि त्यसको प्रकाश पऱ्यो। त्यही बेला मेरो छेउमा उभिएको एउटा व्यक्तिले उच्च स्वरमा ''अल्लाहु अकबर खरिबत् ख़ैबर'' भन्यो। उक्त कश्फको भावार्थ यो हो अर्थात महलको तात्पर्य मेरो हृदय हो जुन प्रकाश (ज्योति) उत्रने र प्रविष्ट हुने स्थान हो तथा त्यो ज्योति कुरआनका गूढज्ञानहरू हून। यसैगरी खैबर भन्नाले समस्त विकृत धर्महरू हुन जसमा बहुईश्वरवाद र कुसंस्कार मिश्रित छ। तथा मानिसलाई परमेश्वरको स्थान दिइएको छ। अथवा परमेश्वरका विशेषताहरूको महत्व घटाइएको छ। अत: यस लेखको राम्रो प्रचार र प्रसारपछि सबै मिथ्या धर्महरूको झूट खुल्नेछ र पवित्र कुरआनको सत्यता दिन प्रतिदिन संसारमा फैलदैं जानेछ र अन्तत: आफ्नो विस्तार पूर्ण गर्नेछ भनी मलाई सूचित गरिएको छ। पुन: त्यस कश्फ (अलौकिक दृश्य अवलोकन) को दशाबाट ''इल्हाम'' (ईशवाणी) तर्फ ध्याणाकर्षण गरियो र मलाई – ''इन्नाल्लाहा म अ का इन्नाल्लाहा यकूमो ऐनमा कुम ता'' अर्थात खुदा (परमेश्वर) तिमीसँगै छन तथा खुदा त्यहीं खडा हुन्छन जहाँ तिमी खडा हुन्छौ भन्ने ईशवाणी प्राप्त भयो। यो अल्लाहको समर्थनको एउटा संकेत हो। अब म अधिक लेख्न चाहन्न। प्रत्येकलाई यही अर्थात आ–आफनो हर्जा गरेर भएतापनि यी ईश्वरीय ज्ञान श्रवणका निम्ति सम्मेलनका तिथिहरूमा लाहौर आउन भन्ने सूचना दिन्छु किनभने यसबाट तिनीहरूको बुद्धि र विश्वासलाई कति लाभ पुग्नेछ भन्ने कल्पना पनि तिनीहरूले गर्न सक्ने छैनन। जसले सन्मार्गको अनुगमन गर्छ त्यसप्रति शान्ति वर्षण होस।

विनीत

मिर्ज़ा ग़ुलाम अहमद – क़ादियान

29 दिसम्बर 1896 ई.

निम्नमा दूई–तीनवटा समाचार पत्रहरूको विचार नमूनाको रूपमा लेख्नु उचित देखिन्छ :–

सिविल एण्ड मिल्ट्री गज़ट (लाहौर)ले लेख्यो :–

''उक्त सम्मेलनमा श्रोताहरूको विशेष रुचि मिर्ज़ा ग़ुलाम अहमद क़ादियानीको लेक्चरप्रति थियो जो इस्लामको समर्थन र रक्षामा पारङ्गत रहेका छन। उक्त लेक्चरलाई सुन्नका निम्ति टाढा र नजीकका भिन्न–भिन्न सम्प्रदायको एउटा ठूलो भीढ भेला भएको थियो। मिर्ज़ा साहेब स्वयं भने उपस्थित हुन सकेनन त्यसकारण यो लेक्चर उनका एकजना योग्य शिक्ष्य मुंशी अब्दुल करीम स्यालकोटीले पढेर सुनाए। 27 तारीखका दिन यो लेक्चर तीनघण्टासम्म चल्यो र मानिसहरूले अत्यन्त प्रसन्नता र चासोका साथ यसलाई सुने। परन्तु यस अवधिमा केवल एउटा प्रश्न मात्र समाप्त भयो। मौलवी अब्दुल करीम साहेबले समय मिलेमा शेष भाग पनि सुनाउने छु भनी वचन दिए। त्यसकारण सञ्चालन समिति र सभापतिले 29 दिसम्बरको दिन पनि बढाइयोस भन्ने प्रस्ताव स्वीकार गरे।'' (अनुवाद)

समाचार पत्र 'चौदहवीं सदी' (रावलपिंडी) ले हज़रत मसीह मौऊद अर्थात प्रतिश्रुत मसीहको उक्त लेक्चरप्रति निम्नलिखित टिप्पणी गर्‍यो :–

''यी लेक्चरहरूमध्ये सर्वोत्तम लेक्चर जो सम्मेलनको आकर्षण थियो त्यो मिर्ज़ा गुलाम अहमद कादियानीको लेक्चर थियो। त्यसलाई प्रसिद्ध वक्ता मौलवी अब्दुल करीम साहेब स्यालकोटीले अत्यन्त उत्तम र रोचक ढंगमा पढ़े। यो लेक्चर दुई दिनमा टुंगियो। 27 दिसम्बरका दिन प्राय चार घण्टा तथा 29 दिसम्बरका दिन प्राय दुई घण्टा जारी रह्यो। जम्मा छ: घण्टामा यो लेक्चर समाप्त भयो जुन 900 पृष्ठमा आधारित थियो होला। जब मौलवी अब्दुल करीम साहेबले यो लेक्चर आरम्भ गरे तथा यसका साथै सबै श्रोतागण लट्ठ भए। प्रत्येक वाक्य पछि प्रशंसा र वाहवाहीको नारा लागिरहेथ्यो। केही केही समयमा एक एक वाकयलाई दोबारा पढने अनुरोध श्रोताहरू द्वारा गरिन्थ्यो। उमेर भरिमा हाम्रा कानहरूले यस्तो स्वादिलो लेक्चर सुनेनन। अन्यान्य धर्महरूका तर्फबाट जति व्यक्तिहरूले लेक्चर दिए साँचो भनौं भने ती त सम्मेलनमा सोधिएका प्रश्नहरूका जवाफ नै थिएनन। साधारणत: वक्ताहरू केवल चौथो प्रश्नमा सीमित रहे र अन्य प्रश्नहरूलाई तिनीहरूले अति कम

मात्रामा प्रस्तुत गरे। अधिकतर सज्जनहरू त यस्ता पनि थिए जो बोल्न भने धेरै बोल्थे परन्तु त्यसमा चाँहिदो कुरो भने कुनै थिएन। परन्तु केवल मिर्ज़ा साहेबको लेक्चर यस्तो थियो जसमा ती समस्त प्रश्नहरूको अलग अलग जवाफ थियो तथा जसलाई सम्मेलनमा उपस्थित सबैले अत्यन्त लगन र चासोका साथ सुने र अत्यन्त बहुमूल्य तथा सराहनीय माने।

हामी मिर्ज़ा साहेबका अनुयायी होइनौं न त उनीसित हाम्रो कुनै सम्बन्ध छ। परन्तु न्यायको हनन हामी कदापि गर्न सकदैनौं। तथा न त कुनै सरल हृदय र शुद्ध विवेकले यस्तो हुन दिन्छ। मिर्ज़ा साहेबले सबै प्रश्नहरूको जवाफ (यथोचित) पवित्र कुरआनबाट दिए। तथा समस्त मूल सिद्धान्तहरू तथा इस्लामका साधारण विधिहरूलाई बुद्धिसंगत तर्कहरू र दार्शनिक तथ्यहरूद्वारा सुसज्जित पारे। पहिला बुद्धिगत तर्कहरूद्वारा ईश्वर सम्बन्धी विषयलाई सिद्ध गर्नु र त्यसपश्चात अल्लाहको वाणीलाई हवालास्वरूप पढ्नु एउटा अद्भूत सान देखाउँथ्यो।

मिर्ज़ा साहेबले न केवल कुरआनका विधि-विधानहरूको दर्शन वर्णन गरे अपितु कुरआनका शब्दहरूको भाषा-विज्ञान र दर्शन पनि सँगसँगै वर्णन गरिदिए। अत: मिर्ज़ा साहेबको लेक्चर सर्वाङ्गरूपमा एउटा पूर्ण र प्रभावी लेक्चर थियो जसमा असंख्य आध्यात्म र गूढज्ञान तथा तत्व र भेदज्ञानका मोतीहरू चम्किरहेका थिए। तथा आध्यात्म दर्शनलाई यसप्रकार वर्णन गरिएको थियो जसबाट सबै धर्मका अनुयायीहरू आश्चर्य चकित भएका थिए। कुनै व्यक्तिको लेक्चरको बेलामा त्यति मानिसहरू भेला भएनन जति मिर्ज़ा साहेबको लेक्चरका अवसरमा। सम्पूर्ण भवन माथि र तल देखि भरिन लागेको थियो तथा श्रोताहरू ध्यानमग्नताका साथ सुनिरहेका थिए। मिर्ज़ा साहेबको लेक्चरको अवसरमा र अन्य वक्ताहरूका लेक्चरहरूमा फरक दर्शाउनका निम्ति के भन्नु पर्याप्त हुनेछ भने - मिर्ज़ा साहेबको लेकचरका समयमा मानिसहरू महमा झिंगा ओइरिएझैं ओइरिएका थिए। परन्तु अन्य लेक्चरहरूका समयमा भने रुचि नभएकोले धेरैजसो मानिसहरू ठाउँ छोड़ेर उठ्ने गर्थे। मौलवी मुहम्मद हुसैन साहेब बटालवीको लेक्चर एकदमै साधारण थियो। तिनै मुल्लाई सोचहरू थिए जसलाई हामी प्रतिदिन सुन्ने गर्छौं। त्यसमा कुनै अनौठो कुरो थिएन तथा मौलवी साहेबको दोस्रो लेकचरका अवसरमा निकै मानिसहरू उठेर हिंडे। माननीय मौलवी साहेबलाई आफ्नु लेक्चर पूर्ण गर्नका निम्ति केही मिनेट अधिक लिने अनुमति पनि प्राप्त भएन।''
(समाचार पत्र 'चौदहवीं सदी' रावलपिंडी, अनुसार 9 फरवरी 1897 ई.)

समाचार पत्र 'जनरल व गौहर आसफी' कलकत्ता ले 24 जनवरी 1897 ई.

को प्रकाशनमा 'लाहौरमा आयोजित धर्म महासम्मेलन' तथा 'फतह इस्लाम' भन्ने दुईवटा शीर्षक अन्तर्गत लेख्यो :-

''सम्मेलनको कारवाई सम्बन्धी चर्चा गर्नु भन्दा पहिला हाम्रो समाचार पत्रका कालमहरूमा उक्त धर्म महासभामा इस्लामको वकालतका लागि सबैभन्दा योग्य कुन व्यक्ति थियो भन्ने तर्क प्रति हाम्रा एकजना माननीय पत्रकार साहेबले निष्पक्ष दिमागका साथ सत्यलाई ध्यानमा राखी हज़रत मिर्ज़ा ग़ुलाम अहमद साहेब प्रमुख कादियानलाई आफ्नु रायमा चुनेका थिए भन्ने कुरो यसका पाठकहरू प्रति स्पष्ट भइसकेको होला भनी बताउनु हामी आवश्यक ठान्छौं। यसैगरी हाम्रा एकजना अन्य माननीय सज्जनले उनीसित आफ्नो पत्रद्वारा सहमत प्रकट गरेका थिए। श्रीमान मौलवी सैयद फख्रुद्दीन साहेब फख्रले यस निर्वाचनका सम्बन्धमा जोड दिएर जुन आफनो तर्कपूर्ण र महत्वपूर्ण राय जनसाधारणसमक्ष प्रस्तुत गरेका थिए त्यसमा हज़रत मिर्ज़ा ग़ुलाम अहमद साहेब, प्रमुख कादियान र श्रीमान सर सैयद अहमद साहेब अलीगढ़लाई चुनेका थिए। साथै यस इस्लामको वकालत गर्ने चिट्ठा पनि निम्नलिखित महानुभावहरूको नाममा निकालेका थिए। श्रीमान मौलवी अबू सईद मुहम्मद हुसैन साहेब बटालवी श्रीमान मौलवी हाजी सैयद मुहम्मद अली साहेब कानपूरी र मौलवी अहमद हुसैन साहेब अज़ीमाबादी। हाम्रा एकजना स्थानीय समाचार पत्रका पत्रकारले तफसीर हक्कानीका लेखक श्रीमान मौलवी अब्दुल हक़ साहेब देहलवी लाई यस कामका निम्ति चुनेका थिए भन्ने कुरा उल्लेख गर्नु यहाँ अनुचित हुनेछैन।''

यसपछि स्वामी शिवगुण चन्द्रको विज्ञापनबाट त्यो अंश नकल गरी जसमा उनले भिन्न-भिन्न धर्मका विद्वानहरूलाई बारम्बार सरम दिलाएर आ-आफना धर्मको तेजस्विता देखाउनका लागि बोलाएका थिए।

यो समाचार पत्र लेख्छ :-

''यस सम्मेलनका विज्ञापनहरू देखेर तथा निमन्त्रण पत्र पाएर भारतका कुन कुन विद्वानहरूको समर्थनको स्नायुले पवित्र इस्लाम धर्मको वकालत गर्ने जोस देखायो। यसैगरी कहाँसम्म उनीहरूले इस्लामको समर्थन गर्ने दायित्व उठाएर तर्क र तथ्यहरूका साथ कुरआनको प्रतापको धाक अन्य धर्महरूमाथि जमाउने चेष्टा गरेका छन।

हामीलाई विश्वसनीय स्रोतबाट हज़रत मिर्ज़ा ग़ुलाम अहमद साहेब र सर सैयद अहमद साहेबलाई सम्मेलनमा सम्मिलित हुनका निम्ति पत्र लेखेको थियो भन्ने कुरो ज्ञात भएको छ। हज़रत मिर्ज़ा साहेब भने स्वास्थ्य ठीक नभएकाले गर्दा स्वयं सम्मेलनमा सामेल हुन सकनेन। उहाँले आफ्नु लेख पठाएर आफ्ना एकजना विशेष शिष्य श्री मान मौलवी अब्दुल करीम साहेब स्यालकोटीलाई उक्त लेख पढ्नका निम्ति नियुक्त गरे। परन्तु जनाब सर सैयद न त सम्मेलनमा सहभागी भए न उनले लेख पठाए। यो उनी वयोवृद्ध हुनाले गर्दा यस्ता सम्मेलनहरूमा सहभागी हुन नसक्ने अवस्थामा पुगेकाले होइन। न त तिनै दिनहरूमा शैक्षिक अधिवेशन मेरठ मा आयोजित हुने पक्का भएको कारणले गर्दा हो अपितु यसको कारण धार्मिक सम्मेलनहरू प्रति उनको रुचि नहुनु हो। वस्तुत: उनले आफ्नो पत्रमा स्पष्ट रुपमा उनी कोही उपदेशक अथवा प्रवचक या मौलवी होइनन यो काम त उपदेशकहरू र प्रवचकहरूको हो भन्ने कुरा लेखेका छन। उक्त पत्रको अल्लाहको इच्छा भएमा हामी आफ्नो समाचार पत्रमा कुनै अन्य समयमा उल्लेख गर्नेछौं। सम्मेलनको प्रोग्राम देख्नाले र खोज गर्नाले के ज्ञात भएको छ भने – मौलवी अब्दुल हक़ साहेब देहलवी र जनाब मौलवी अहमद हुसैन साहेब अज़ीमाबादीले यस सम्मेलनतर्फ विशेष ध्यान दिएनन। यसैगरी न त हाम्रा श्रद्धेय विद्यान वर्गबाट कुनै अन्य योग्य व्यक्तिले आफनो लेख पढ्ने अथवा पढ्ाउने इच्छा प्रकट गरे। दुई एकजना विद्वानहरूले भने ठूलो साहस गरी हामी तत्पर छौं भनी कदम उठाए परन्तु उल्टा। किनभने, या त तिनीहरूले निश्चित गरिएका विषयहरू माथि चर्चा नै गरेनन अथवा केही उटपट्याङ बोलिदिए जसबारे हाम्रो आगन्तुक रिपोर्टबाट स्पष्ट हुनेछ। अत: सम्मेलनको कारबाईबाट के प्रमाणित हुन्छ भने केवल हज़रत मिर्ज़ा ग़ुलाम अहमद साहेब प्रमुख क़ादियान नै थिए जसले यस प्रतियोगिताको मैदानमा इस्लामी पहलवानीको पूरा पूरा कर्तव्य पालन गरेका छन र यस निर्वाचनलाई उचित सिद्ध गरेका छन जो विशेष उहाँको व्यक्तित्वलाई इस्लामको अधिवक्ता नियुक्त गर्नमा पेशावर, रावलपिण्डी, जेहलम, शाहपूर भैरो, खोशाब, स्यालकोट, जम्मू वज़ीराबाद, लाहौर, अमृतसर, गुरदासपुर, लुधियाना, शिमला, दिल्ली, अम्बाला, पटियाला राज्य, देहरादून, इलाहाबाद, मद्रास,

बम्बई, हैदराबाद दक्कन, बंग्लौर इत्यादि भारतका शहरहरूका भिन्न-भिन्न इस्लामी समाजका तर्फबाट वकालतनामा द्वारा हस्ताक्षरका साथ प्रस्तुत गरिएको थियो। वास्तवमा भनौं भने यदि उक्त सम्मेलनमा हज़रत मिर्ज़ा साहेबको लेख न रहेको भए मुसलमानहरूप्रति अन्य धर्मावलम्बीहरूका सामुन्ने अपमान र तिरस्कारको दाग लाग्ने थियो। परन्तु परमेश्वरको सशक्त हातले पवित्र इस्लामलाई गिरनबाट बचायो अपितु यसलाई उक्त लेख द्वारा यस्तो विजय प्रदान गर्‍यो जसबाट आफना त आफना विरोधीहरू पनि आन्तरिक जोसका साथ यो लेख सबै भन्दा माथि रह्यो माथि रह्यो भनी बोल्न लागे। अपितु लेख समाप्त भएपक्षात विरोधीहरूका मुखबाट अब इस्लामको सत्यता खुल्यो तथा इस्लामलाई विजय प्राप्त भयो। निर्वाचन निसानामा लागेको तीर झैं एकदमै ठीक सिद्ध भयो।अब यसको विरोधमा मुख खोलने ठाउँनै छैन अपितु त्यो (अर्थात् इस्लाम) हाम्रो गौरब को कारण हो। त्यसकारण यसमा इस्लामको श्रेष्ठता र इस्लामको महानता रहेको छ र सत्यपनि यही हो भन्ने यथार्थ भावना प्रकट भइसकेको छ।

यद्यपि भारतमा धर्म महासम्मेलनको यो दोस्रो अधिवेशन थियो परन्तु यसले आफ्नो गौरव र प्रतिष्ठा तथा चकचकीका कारण समस्त भारतीय सम्मेलन र अधिवेशनहरूलाई पछाडि छाडिदिएको छ। भारतका भिन्न-भिन्न शहरका मुखियाहरू यसमा सम्मिलित भए। यसैप्रकार हाम्रो मद्रासले पनि यसमा भाग लियो भन्ने कुरो हामी अति प्रसन्नताका साथ प्रकट गर्न चाहन्छौं। सम्मेलन अत्यन्त रोचक हुनाले गर्दा निश्चित तीन दिनमाथि एक दिन अरु बढाउनु पर्‍यो। सम्मेलनको आयोजनका निम्ति सञ्चालन समितिले लाहौरमा सबैभन्दा फराकिलो भवन ‘‘इस्लामिया कालेज’’ तजविज गरेको थियो। परन्तु मानिसहरूको घुइँचो अत्यन्त बढेकाले भवनको विस्तृति पनि अपर्याप्त हुनगयो। सम्मेलनको प्रसिद्धिको प्रमाण स्वरूप के स्पष्ट होस भने यसमा पंजाबका प्रमुख व्यक्तिहरू बाहेक चीफ कोर्ट र हाईकोर्ट इलाहाबादका सम्माननीय जजहरू बाबू प्रतौल चन्द्र तथा मिस्टर बनर्जी अति उत्साहका साथ सम्मेलनमा सम्मिलित भए।’’

यो लेख पहिला ‘‘धर्म महासम्मेलन लाहौरको रिपोर्ट’’ मा यथावत प्रकाशित भयो। यसैप्रकार अहमदिय्या जमाअतको तर्फबाट ‘‘इस्लामी उसूलकी फलासफी’’ अर्थात ‘‘इस्लामी सिद्धान्तहरूको दर्शनशास्त्र’’ शीर्षक अन्तर्गत पुस्तको रूपमा

यसका एकाधिक प्रकाशनहरू उर्दू र अंग्रेजीमा प्रकाशित भइसकेका छन। उक्त लेखका सम्बन्धमा ठूला ठूला दार्शनिकहरू र विदेशी समाचार पत्रहरू र पत्रिकाहरूका सम्पादकहरूले पनि अत्यन्त उत्तम टिप्पणी लेखे तथा पश्चिमी देशका दार्शनिकहरूले उक्त भाषणको अत्यधिक प्रशंसा गरे। उदाहरणतः 1. ''ब्रिस्टल टाइम्स एण्ड मिरर'' ले लेख्यो :-

''अवश्य त्यो व्यक्ति जो यसप्रकार यूरोप र अमेरिकालाई सम्बोधन गर्छ कुनै साधारण मानिस हुन सक्दैन।''

2. ''स्प्रीच्योल जर्नल'' बोस्टनले लेख्यो :- ''यो पुस्तक मानवजातिका लागि एउटा विशुद्ध शुभसन्देश हो।''
3. ''थियोसोफीकल बुक नोट्स'' ले लेख्यो :- ''यो पुस्तक मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को धर्मको सर्वोत्तम र सबैभन्दा मनोहर चित्र हो।''
4. ''इंडियन रिव्यू''ले लेख्यो :- ''यस पुस्तकका विचारहरू स्पष्ट, श्रेष्ठ र तर्कपूर्ण रहेका छन तथा अध्ययन गर्ने व्यक्तिका मुखबाट अनायास यसको प्रशंसा निस्कन्छ।''
5. ''मुस्लिम रिव्यू'' ले लेख्यो :- यस पुस्तकको अध्ययन गर्ने व्यक्तिले यसमा धेरै साँच्चा र गम्भीर तथा वास्तविक र आत्मोन्नत विचारहरू प्राप्त गर्नेछ।'' (बाहवाला ''सिलसिला अहमदिय्या'' लेखक हज़रत साहिबज़ादा मिर्ज़ा बशीर अहमद साहेब)

यस लेखको के विशेषता रहेको छ भने यसमा कुनै अन्य धर्मप्रति आक्रमण गरिएको छैन। यसमा केवल इस्लामका विशेषताहरू वर्णन गरिएका छन। यसैप्रकार प्रश्नहरूका जवाफहरू पवित्र कुरआनबाट दिइएका छन तथा यसप्रकार दिइएका छन जसबाट इस्लाम समस्त धर्महरूभन्दा श्रेष्ठ र उत्तम हो भन्ने कुरो प्रमाणित हुन्छ।

विनीत

जलालुद्दीन शम्स

बिस्मिल्लाहिर्रहमानिर्रहीम

नह्मदुहू व नुसल्ली अला रसूलेहिल करीम

# इस्लाम

## दावी तथा तर्क ईशवाणीमा आधारित पुस्तकबाट हुनु आवश्यक छ

आज यस शुभ सम्मेलनमा जसको उद्देश्य प्रत्येक आमन्त्रित वक्ताले घोषित प्रश्नहरूको आधारमा आ–आफ्ना धर्मका विशेषताहरू वर्णन गर्नु रहेको छ, म इस्लामका विशेषताहरू वर्णन गर्नेछु।

आफ्नो अभिप्राय अघि सार्नु भन्दा पहिला के स्पष्ट गर्नु उचित ठान्दछु भने – मैले जे जति वर्णन गर्नेछु त्यो अल्लाहको पवित्र वाणी कुरआनबाट वर्णन गर्नेछु भन्ने कुरालाई अनिवार्य बनाएको छु। मेरो विचार अनुसार प्रत्येक व्यक्ति जो कुनै धर्मग्रन्थको अनुयायी रहेको छ र उसले त्यस ग्रन्थलाई ईश्वरीय ग्रन्थ मान्छ भने प्रत्येक कुरामा त्यही ग्रन्थको उद्धरणको आधारमा उत्तर दिनु त्यसका निम्ति आवश्यक छ। त्सले आफनो वकालतको अधिकारलाई यति न फैलाओस मानो उसले एउटा नवीन ग्रन्थको रचना गर्न लागिरहेछ। अत: आज किनभने मैले पवित्र कुरआनका विशेषताहरू सिद्ध गर्नुछ र यसका माहिमाहरू प्रस्तुत गर्नुछ त्यसकारण कुनै कुरामा यसका आफ्ना वर्णनहरूबाट बाहिर नगै यसैको इङ्गित र व्याख्यानुरूप तथा यसैका आयतहरूको उद्धरणको आधारमा प्रत्येक उद्देश्य प्रकट गर्नु मेरा निम्ति उचित हुनेछ जसबाट श्रोताहरूलाई तुलना र समीक्षा गर्न सजिलो होस। तथा प्रत्येक साहेबले जो आफ्ना धर्मग्रन्थका अनुयायी रहेका छन आ–आफना ईश्वरीय वाणीमा आधारित ग्रन्थका उद्धरणहरूका अन्तर्गत रही त्यसै ग्रन्थका कथनहरू प्रस्तुत गर्नेछन त्यसकारण मैले यहाँ हदीसहरूका कथनहरूलाई छाडिदिएको छु। किनभने समस्त शुद्ध हदीसहरू[1] पवित्र कुरआनबाट नै लिइएका हुन। तथा कुरआन त्यो सर्वाङ्गीण

1. हदीस :– हज़रत मुहम्मद (सल्ल.) का पवित्र कथन र उपदेश तथा उहाँका आचार व्यवहारहरूबारे वर्णित पुस्तकहरूलाई हदीस भनिन्छ । (अनुवादक)

पुस्तक हो जसमा समस्त पुस्तकहरूको समाप्ति हुन्छ। अत: आज कुरआनको महिमा प्रकट हुने दिन हो र म परमेश्वरबाट उनले यस कार्यमा मेरो सहायता गरून भनी दुआ (वरदान) माग्दछु। तथास्तु।

# पहिलो प्रश्नको उत्तर

यस लेखका प्रारम्भिक पृष्ठहरूमा केहि परिच्छेदहरू साधारण दृष्टिमा अप्रासङ्गिक देखिए तापनि मूल प्रश्नहरूलाई बुझ्नका निम्ति पहिला यिनीहरूलाई बुझ्नु अत्यन्त आवश्यक छ। त्यसकारण वर्णनलाई स्पष्ट पार्नका लागि मतलबको कुरो आरम्भ गर्नुभन्दा अघि यी परिच्छेदहरू लेखिएका हुन। अत: मूल विषयवस्तु बुझ्नमा कठिनाई नपरोस भन्ने कुरो आदरणीय श्रोताहरूलाई ज्ञात रहोस्।

# मनुष्यका तीन किसिमका अवस्थाहरू

पहिलो प्रश्न मानिसको स्वाभाविक, नैतिक र आध्यात्मिक अवस्थाहरूबारे रहेको छ भन्ने कुरो स्पष्ट होस्। अत: खुदा तआला (परमेश्वर) को पवित्र वाणी कुरआन शरीफले यी तीन अवस्थाहरूका लागि भिन्न-भिन्न तीनवटा स्रोतहरूको निदान गरी यिनीहरूको विभाजन गरेको छ। अथवा तीनवटा मूलहरू निश्चित गरिएका छन भन्न सकिन्छ जसबाट भिन्न-भिन्न अवस्थाहरू निस्कन्छन्।

# पहिलो स्रोत – तमोगुण

पहिलो स्रोत जो समस्त प्राकृतिक (स्वाभाविक) अवस्थाहरूको मूल र आधार रहेको छ पवित्र कुरआनले यसको नाम ''नफ्से अम्मारा'' अर्थात तमोगुण राखेको छ [1] إِنَّ النَّفْسَ لَأَمَّارَةٌ بِالسُّوٓءِ अर्थात तमोगुणको विशेषता के हो भने त्यसले मानिसलाई उसको श्रेष्ठता र नैतिक अवस्थाहरूको विपरीत कुकर्मतर्फ झुकाउँछ र अशुभ तथा कुमार्गहरूतर्फ हिडाउँन चाहन्छ।अत: मर्यादाको उल्लङ्घन र पापतर्फ झुक्नु मनुष्यको एउटा यस्तो अवस्था हो जो नैतिक अवस्था भन्दा पहिला उसमाथि स्वभाविक रूपमा प्रभावक हुन्छ। यो अवस्था तबसम्म प्राकृतिक अवस्था कहलाउँछ

1. **The Holy Quran, Yusuf 12:54**

जबसम्म मानिस बुद्धि र ज्ञानको छत्रछायामा हिड्दैन अपितु पशुहरूझैं खाने–पिउँने, सुत्ने–जाग्ने अथवा क्रोध र जोस प्रकट गर्ने इत्यादि कार्यहरूमा प्राकृतिक उद्वेगहरूको अथवा भावनाहरूको वशीभूत रहन्छ। परन्तु जब मानिसले बुद्धि र ज्ञानको परामर्श मार्फत प्राकृतिक (स्वाभाविक) अवस्थाहरूलाई आफ्नो अधीनमा गर्छ र चाहिंदोसम्म मर्यादाको पालना गर्छ त्यससमय यी तीनै अवस्थाहरूको नाम प्राकृतिक अवस्था रहँदैन अपितु त्यससमय यी अवस्थाहरू नैतिक अथवा चारित्रिक अवस्था कहलाउँछन। अगाडि गएर यसको केही चर्चा अझै हुनेछ।

## दोस्रो स्रोत ''नफ्से लव्वामा'' अर्थात रजोगुण

नैतिक अवस्थाहरूको दोस्रो स्रोतको नाम पवित्र कुरआनमा 'नफ्से लव्वामा' (रजोगुण) राखिएको छ। जस्तै पवित्र कुरआनको वर्णन रहेको छ :-

وَلَآ أُقۡسِمُ بِٱلنَّفۡسِ ٱللَّوَّامَةِ[1]

अर्थात् म त्यस प्रवृत्ति (गुण) को शपथ खान्छु जसले दुष्कर्महरू र प्रत्येक मर्यादाको उल्लङ्घनप्रति स्वयंलाई धिक्कार्ने गर्छ। यो रजोगुण मनुष्यका अवस्थाहरूको दोस्रो स्रोत हो जसबाट नैतिक अवस्थाहरू उत्पन्न हुन्छन। यस स्थानमा पुगेर मानिसले अन्य पशुहरूतुल्य जीवनशैलीबाट मुक्ति प्राप्त गर्छ। यहाँ रजोगुणको शपथ खानुको तात्पर्य त्यसलाई सम्मान प्रदान गर्नु हो। मानौं त्यो तमोगुणबाट रजोगुण बनी यस उन्नतिका कारण परमेश्वरका निकट सम्मान पाउने योग्य ठहऱ्यो। तथा यसको नाम लव्वामा (रजोगुण) राख्नुको कारण के हो भने यसले मानिसलाई पापप्रति धिक्कार्छ र त्यसले आफ्ना प्राकृतिक (स्वाभाविक) आवश्यकताहरूमा निरङ्कुश उँटझैं हिडोस र पशुहरूसरह जीवनयापन गरोस् भन्ने कुराप्रति प्रसन्न हुदैन अपितु उस द्वारा उत्तम अवस्थाहरू र राम्रा चरित्रहरू प्रदर्शित हुन र मानवीय जीवनका समस्त आवश्यकताहरूमा निरङ्कुशता देखा नपरोस भन्ने चाहन्छ। यसैप्रकार स्वाभाविक भावनाहरू र इच्छाहरू बुद्धिको परामर्शका साथ प्रकट हुन भन्ने चाहन्छ। अत: उसले किनभने अप्रिय क्रियाकलापप्रति धिक्कार्छ त्यसकारण त्यसको नाम ''नफसे लव्वामा'' (रजोगुण) हो अर्थात अत्यधिक धिक्कार्ने प्रवृत्ति। यद्यपि रजोगुणले स्वाभाविक उद्वेगहरूलाई मन पराउँदैन अपितु स्वयंलाई धिक्कार्ने गर्छ परन्तु (त्यो) पुण्यकार्यहरू

1. The Holy Quran, al-Qiyamah 75:3

गर्नप्रति पूर्णरूपले समर्थ पनि हुँदैन। कुनै कुनै समयमा स्वाभाविक उद्वेगहरू उसप्रति प्रभावी हुनेगर्छन् त्यसबेला त्यो खस्कन पुग्छ र ठक्कर खान्छ। मानौं त्यो एउटा दुर्बल बालकझैं हुन्छ जसले लड्न चाहँदैन परन्तु दुर्बलतावश लड्न पुग्छ। पुनः त्यो आफ्नो दुर्बलताप्रति लज्जित हुन्छ। अतः यो मनको त्यो नैतिक अथवा चारित्रिक अवस्था हो जब उसले महान चरित्रहरूलाई आफुभित्र एकत्रित गर्छ र अवज्ञा तथा उपद्रवबाट खिन्न हुन्छ परन्तु पूर्णरूपले विजयी भने हुन सक्दैन।

## तेस्रो स्रोत ''नफ्से मुत्मइन्ना'' अर्थात् सत्त्वगुण

यो त्यो तेस्रो स्रोत हो जसलाई आध्यात्मिक अवस्थाहरूको मूल भन्न सकिन्छ। यस स्रोतको नाम पवित्र कुरआनले ''नफसे मुतमइन्ना'' (सत्त्वगुण) राखेको छ। अतः यसप्रकार वर्णन गरिएको छ :-

يَاَيَّتُهَا النَّفْسُ الْمُطْمَئِنَّةُ○ارْجِعِيْ اِلٰى رَبِّكِ رَاضِيَةً مَّرْضِيَّةً○فَادْخُلِيْ فِيْ عِبٰدِيْ○وَادْخُلِيْ جَنَّتِيْ○[1]

अर्थात् हे शान्तिप्राप्त आत्मा जसले परमेश्वरबाट शान्ति पाएको छ आफ्ना परमेश्वरतर्फ फर्किएर आउ। तिमी उनीप्रति प्रसन्न छौ र उनी तिमीप्रति प्रसन्नछन्। अतः मेरा भक्तहरूमा सम्मिलित होउ र मेरो स्वर्गभित्र प्रवेश गर। यो त्यही दर्जा हो जसमा मनले समस्त दुर्बलताहरूबाट मुक्ति पाएर आध्यात्मिक शक्तिसम्पन्न हुनजान्छ र परमेश्वर सित यस्तो सम्बन्ध स्थापित गर्छ जसबिना जीवित रहनै सक्दैन। जसरी पानी माथिबाट तलतिर बग्ने गर्छ र आफ्नु अधिकताका साथै रोकटोक दूर भएका कारणले त्यो अति तेज गतिले चल्छ यसैगरी त्यो व्यक्ति परमेश्वरतर्फ बग्न लाग्छ। यसैतर्फ अल्लाहको वाणीमा संकेत पाइन्छ जसमा उनको वर्णन छ –

''हे यस्ता आत्मा जसले परमेश्वरबाट शान्ति प्राप्त गरेको छ उनीतर्फ फर्केर आउ।'' अतः उसले मृत्यु पश्चात होइन अपितु यसै जीवनमा एउटा महानतम परिवर्तन उत्पन्न गर्छ र परलोकमा नभएर यसै जगतमा उसलाई एउटा स्वर्ग प्राप्त हुन्छ। तथा उक्त आयत (श्रुति) को वर्णन – ''आफना पालनहारतर्फ अर्थात लालन पालन गर्ने (परमेश्वर) तर्फ फर्केर आउ'' अनुसार नै त्यससमय उसले परमेश्वरबाट पालन पोषण प्राप्त गर्छ तथा परमेश्वरको प्रेम नै उसको आहार बन्छ र त्यही जीवनदायक

1. The Holy Quran, al-Fajr 89:28-31

स्रोतबाट (उसले) पानी पिउँछ। त्यसैकारण मृत्युबाट मुक्ति प्राप्त गर्छ। यसबारे एक अन्य स्थानमा पवित्र कुरआनको वर्णन निम्नानुसार रहेको छ :-

قَدْ اَفْلَحَ مَنْ زَكّٰىهَا ○ وَقَدْ خَابَ مَنْ دَسّٰىهَا ○[1]

अर्थात् जसले सांसारिक भावनाहरूबाट आफ्नो मनलाई पवित्र तुल्यायो त्यो बच्यो। परन्तु त्यो व्यक्ति भने नाश भयो जसले सांसारिक भावनाहरूमा जुन स्वाभाविक उद्वेगहरू हुन स्वयंलाई लुकायो त्यो व्यक्ति जीवनबाट निराश भयो।

अतएव यी तीनवटा अवस्थाहरू हुन जसलाई अन्य शब्दहरूमा प्राकृतिक, नैतिक तथा आध्यात्मिक अवस्थाहरू भन्न सकिन्छ। किनभने स्वाभाविक (प्राकृतिक) चाहनाहरू ले चरमसीमामा पुगेर अत्यन्त भयानक रूप धारण गर्छन र यदाकदा चरित्र तथा आध्यात्मको सत्यनाश गरिदिन्छन। त्यसकारण खुदा तआलाको पवित्र पुस्तकमा तिनीहरूलाई "नफसे अम्मारा" (तामसिक गुण) का अवस्थाहरू भनिएको हो।

मनुष्यका स्वाभाविक (प्राकृतिक) अवस्थाहरूप्रति पवित्र कुरआनको के प्रभाव रहेको छ र उसले तिनीहरूका बारेमा के आदेश दिन्छ र व्यवहारिक रूपमा कहाँसम्म तिनीहरूलाई राख्न चाहन्छ भन्ने प्रश्न उठेमा के स्पष्ट होस भने- पवित्र कुरआन अनुसार मनुष्यका स्वभाविक अवस्थाहरूको उसका चारित्रिक र आध्यात्मिक अवस्थाहरूसित अत्यन्त गहिरो सम्बन्ध रहेको छ। मानिसका खानपान का तरिकाहरूको पनि उसका नैतिक र आध्यात्मिक अवस्थाहरूमाथि प्रभाव पर्छ। यदि यी स्वाभाविक (प्राकृतिक) अवस्थाहरूलाई धर्मविधानको आदेशानुसार कार्यमा खटाइएमा जसरी नुनको खानिमा खसेको प्रत्येक वस्तु नुन बन्न जान्छ त्यसैगरी यी सबै अवस्थाहरू चारित्रिक बन्न जान्छन र आध्यात्मिकता प्रति अत्यन्त गहिरो प्रभाव पार्छन। यसैकारण पवित्र कुरआनले समस्त उपासनाहरू र आन्तरिक शुद्धता र अनुनय-विनय (प्राप्ति) का उद्देश्यहरूमा शारीरिक शुद्धता र शिष्टाचार तथा शरीरिक संतुलनलाई खुब ध्यानमा राखेको छ। शारीरिक क्रियाकलापहरूको आत्मामाथि सशक्त प्रभाव पर्छ भन्ने दर्शन ध्यान दिनाले सत्य सिद्ध हुन्छ। हाम्रा स्वाभाविक क्रिया कलापहरू यद्यपि शारीरिक हुन परन्तु हाम्रा आध्यात्मिक अवस्थाहरूमाथि अवश्य तिनीहरूको प्रभाव रहेको छ। उदाहरणस्वरूप जब हाम्रा नेत्रहरूले रुन आरम्भ गर्छन र त्यो रुवाई यद्यपि बनावटी नै भएतापनि तत्काल ती आँसुहरूको एउटा सोलो उठेर हृदयमा पुग्छ तब हृदय पनि नेत्रहरूको अनुसरण गरी दुखित हुन जान्छ। यसैप्रकार

1. The Holy Quran, ash-Shams 91:10-11

जब हामी बनावटी रूपमा हाँस्न लाग्छौं तब हृदयमा पनि एउटा प्रफुल्लता उत्पन्न हुन्छ। शाीरिक दण्डवतले आत्मामा विनय र विनम्रताको भाव उत्पन्न गरेको पनि देखिन्छ। यसका विपरीत जब हामी ठाडो गर्दन गरी छाती खोलेर हिड्छौं तब यस प्रकारको चालले हामीमा एक प्रकारको अहंकार र बडप्पन उत्पन्न गर्छ। अत: यी दृष्टान्तहरूबाट निस्सन्देह शारीरिक क्रियाकलाप र गतिविधिहरूको आध्यात्मिक अवस्थाहरूमाथि प्रभाव पर्छ भन्ने कुरो स्पष्टरूपमा सिद्ध हुन्छ।

यसैप्रकार भिन्न-भिन्न प्रकारका आहारहरूको पनि दिमागी र मानसिक शक्तिहरूमाथि अवश्य प्रभाव पर्छ भन्ने कुरो अनुभवबाट हामीप्रति स्पष्ट हुन्छ। उदाहरणस्वरूप यदि ध्यानपूर्वक हेरेमा के स्पष्ट हुन्छ भने जुन व्यक्तिहरूले कहिल्यै मांस खाँदैनन बिस्तार बिस्तारै तिनीहरूको साहस घटदै जान्छ र अन्तमा तिनीहरूको मुटुपनि दुर्बल हुन जान्छ तथा तिनीहरू एउटा ईश्वरप्रदत्त शक्तिबाट वञ्चित हुन पुग्छन। परमेश्वरको प्राकृतिक विधानमा यसको प्रमाण कसरी पाइन्छ भने जति पनि तृणभोजी पशुहरू छन तिनीहरूमध्ये कसैमा त्यो साहस पाइँदैन जुन एउटा मांसभोजी पशुमा पाइन्छ। पक्षीहरूमा पनि यही कुरो देखिन्छ। अत: चरित्रप्रति आहारहरूको प्रभाव पर्छ भन्ने कुरामा कुनै सन्देह हुन सक्दैन। जुन व्यक्तिहरू दिन-रात मांस खानमा जोड दिन्छन र साकाहार भने अति कम लिन्छन तिनीहरूमा पनि सहनशीलता र विनम्रता जस्ता सद्गुणहरू घटदै जान्छन परन्तु मध्यमार्गी (संयमी) भने दुवै प्रकारका गुणहरूका स्वामी हुन्छन। यसै तथ्यानुसार खुदा तआला पवित्र कुरआनमा वर्णन गर्छन :-

كُلُوْا وَاشْرَبُوْا وَلَا تُسْرِفُوْا[1]

अर्थात् मांस पनि खाऊ साथै अन्य वस्तुहरू पनि खाऊ परन्तु कुनै वस्तुको प्रयोग अत्यधिक नगर जसले गर्दा चारित्रिक अवस्थाप्रति कुप्रभाव नपरोस र त्यो आधिक्य स्वास्थ्यका निम्ति हानिकारक नहोस्। तथा जसरी शारीरिक क्रियाकलाप र कार्यहरूको प्रभाव आत्मामाथि पर्छ त्यसरी नै कहिलेकाहीं आत्माको प्रभाव पनि शरीरमाथि पर्नजान्छ। जुन व्यक्तिलाई कुनै शोक लाग्छ अन्तत: त्यसका नेत्रहरू आँसुले भरिन्छन र जो आनन्दित हुन्छ त्यो अन्तत: मुस्कुराउँछ। खानु-पिउनु, सुत्नु-जाग्नु, हल-चल गर्नु, सुस्ताउनु, स्नान गर्नु इत्यादि जति पनि हाम्रा स्वभाविक क्रिया-कलापहरू छन यी समस्त क्रियाकलापहरूको अवश्य हाम्रा आध्यात्मिक अवस्थाहरूमाथि प्रभाव पर्नजान्छ। हाम्रो शारीरिक बनावटको हाम्रो मानवियतासित

1. The Holy Quran, al-Aʻraf 7:32

गहिरो सम्बन्ध रहेको छ। दिमागको एक अंशमा चोट लाग्नाले तत्काल स्मरणशक्ति समाप्त हुन जान्छ र अर्कोतर्फ चोट लाग्दा चेतना नै विलुप्त हुन्छ। हैजाको एउटा विषाक्त हावाको झोक्काले कति चाडै शरीरलाई प्रभावित गरी मुटुमा प्रभाव पार्छ र हेर्दा हेर्दै त्यो आन्तरिक व्यवस्था जससित समस्त नैतिक व्यवस्था जोडिएको छ अस्त व्यस्त हुनपुग्छ र अन्तत: मानिस पागलझैं हुनजान्छ तथा केही मिनेट मै त्यसको अन्त पनि हुन्छ। अत: शारीरिक आघातहरूले पनि आश्चर्यजनक दृश्य प्रदर्शन गर्छन् जसबाट आत्मा र शरीरका बीचमा एउटा यस्तो सम्बन्ध छ जसको भेद खोल्नु मानिसको काम होइन भन्ने कुरो प्रमाणित हुन्छ।

यसका अतिरिक्त यस सम्बन्धका बारेमा ध्यान दिनाले आत्माकी जननी शरीर नै हो भन्ने कुरो प्रमाणित हुन्छ। गर्भवती स्त्रीहरूका गर्भमा आत्मा कहिल्यै माथिबाट आएर प्रवेश गर्दैन अपितु त्यो एउटा यस्तो ज्योति हो जुन वीर्यमा नै अदृश्य रूपमा निहित हुन्छ र शरीरको विकाशका साथ साथ चम्कदै जान्छ। परमेश्वरको पवित्र वाणीले हामीलाई आत्मा त्यस ढाँचाबाट नै प्रकट हुन्छ जुन वीर्यद्वारा गर्भमा तयार हुन्छ भन्ने कुरो सम्झाउँछ। जस्तै पवित्र कुरआनमा वर्णन छ :-

ثُمَّ اَنْشَاْنٰهُ خَلْقًا اٰخَرَ فَتَبٰرَكَ اللّٰهُ اَحْسَنُ الْخٰلِقِيْنَ۝[1]

अर्थात् पुन: हामी त्यस शरीरलाई जुन गर्भमा तयार भएको थियो एउटा अर्को पैदाइसको रूपमा परिवर्तित गर्छौं र त्यसको एउटा अर्को सृष्टि प्रकट गर्छौं जसलाई आत्मा भनिन्छ। अत: खुदा (परमेश्वर) अत्यन्त वरदायक छन र यस्ता सृजनहार रहेका छन अन्य कोही उनी बराबर हुनै सक्दैन।

हामी यसै शरीरबाट एउटा अर्को पैदाइस प्रकट गर्छौं भन्नुमा एउटा गहिरो रहस्य छ जसले आत्माको वास्तविकता स्पष्ट पारिरहेछ र ती अत्यन्त सुदृढ सम्बन्धहरूतर्फ सङ्केत गरिरहेछ जुन आत्मा र शरीरका बीचमा रहेका छन। उक्त सङ्केतले हामीलाई के शिक्षा दिन्छ भने जब मनुष्यका शारीरिक कर्महरू र कथनहरू तथा समस्त प्राकृतिक (स्वभाविक) क्रिया कलापहरू जब परमेश्वरका निम्ति र उनका मार्गमा देखिन लाग्छन तब तिनीहरूसित पनि यही ईश्वरीय दर्शन सम्बन्धित हुन्छ अर्थात् ती निष्कपट कार्यहरूमा पनि प्रारम्भ देखि नै एउटा आत्मा निहित रहेको हुन्छ जसरी वीर्यमा निहित थियो। अत: जब जब ती कर्महरूको ढाँचो (शरीर) तयार हुंदै जान्छ त्यो आत्मा पनि चम्कदै जान्छ र जब त्यो ढाँचो पूर्णरूपले तयार हुनजान्छ

1. The Holy Quran, al-Mo'minun 23:15

तब एकाएक त्यो आत्मा आफ्नो पूर्ण चमकका साथ प्रकट भएर आफ्नो आध्यात्म रूपको हैसियतमा आफ्नो व्यक्तित्व प्रदर्शित गर्छ र जीवनको स्पष्ट सक्रियता आरम्भ हुन जान्छ। कर्महरूको ढाँचो (शरीर) तयार हुनासाथै एकाएक बिजुली जस्तो एउटा वस्तुले भित्रबाट आफनो स्पष्ट चमक देखाउन लाग्छ। यो त्यही समय हुन्छ जसबारे अल्लाह तआलाले पवित्र कुरआनमा उदाहरणको रूपमा वर्णन गरेका छन। जस्तै :-

فَإِذَا سَوَّيْتُهُ وَنَفَخْتُ فِيهِ مِن رُّوحِي فَقَعُوا لَهُ سَاجِدِينَ[1]

अर्थात् जब मैले त्यसको ढाँचो (शरीर) बनाएँ र शक्ति प्रकटन व्यवस्था पूर्ण गरें र आफ्नो आत्मा त्यसमा प्रविष्ट गरें तब तिमीहरू सबैजना त्यसका निम्ति धरतीमा दण्डवत गर्दै झूक। अत: उक्त आयत (सूक्ति)मा रहेको सङ्केत यही नै हो अर्थात् जब कर्महरूको पूरा शरीर तयार हुनजान्छ तब त्यस शरीरमा त्यो आत्मा चम्किन्छ जसलाई परमेश्वरले आफनो सत्तातर्फ संकेत गर्छन किन भने भौतिक जीवनको अन्त पछि त्यो ढाँचो (शरीर) तयार हुन्छ त्यसकारण ईश्वरीय प्रकाश जुन पहिला मन्द थियो एकाएक भड्कन (चम्किन) जान्छ र परमेश्वरको यस्तो सान (प्रताप) लाई देखर प्रत्येकका निम्ति दण्डवत गर्नु तथा उनीतर्फ आकर्षित हुनु अनिवार्य हुनजान्छ। अत: प्रत्येकले त्यस प्रकाश (ज्योति) लाई देखेर दण्डवत प्रणाम गर्छ र स्वाभाविक रूपमा त्यसतर्फ आकर्षित हुन्छ, इब्लीस (सैतान) बाहेक किनभने त्यसले अंधकारसित मित्रता राख्छ।

यस स्थानमा एउटा अर्को तथ्य वर्णन गर्नु लाभरहित रहने छैन र त्यो के हो भने गर्भाशयमा जुन बालकले जनम लिन्छ त्यसमा चार महीना दस दिनपछि हलचल देखिन्द र यो अवधि त्यस अवधिको प्राय आधी समय रहेको छ जति समय बालक गर्भाशयमा रहने गर्छ। अत: जसरी भ्रुणले अर्थात गर्भाशयमा रहेको बालकले चौथो महीनामा आफनो जीवनको चमत्कार देखाउँछ र भौतिक रूपबाट जैविक रूप धारण गर्छ यही ईश्वरीय विधान आध्यात्मिक जनम प्रक्रियामा पनि पाइन्छ। अर्थात् जसरी भ्रुणले गर्भाशयमा आफनो गुप्तवासको प्राय: आधी समय व्यतीत गरी पुन: जीवनको लक्ष्यण प्रकट गर्छ र जीवनको पूर्ण चमक देखाउँछ, यही प्रक्रिया आध्यात्मिक जीवनका निम्ति निश्चित रहेको छ। मनुष्यको त्यो उत्तम जीवन जुन कामवासनाको दोष र दुर्गन्धको मिलावटबाट पवित्र रहेको छ र अधिकतर मानिसहरूमा यो आयु अस्सी वर्षसम्म पाइन्छ र यसको आधी चालीस बन्छ जुन चारको संख्या र

1. The Holy Quran, al-Hijr 15:30

शब्दसित मिल्दो जुल्दो हुन्छ अर्थात त्यो चार महीनासित जुन अवधिको समाप्तिपछि गर्भाशयको बालकलाई जीवनको आत्मा प्राप्त हुन्छ। अत: सटीक अनुभव अनुसार जब मानिसले आफनो जीवनको आधा भाग अर्थात चालीस वर्ष जुन गर्भाशयको चार महीनासित मिल्दो जुल्दो रहेको छ, व्यतित गर्छ अथवा त्यसको अन्तमा पुग्छ तब यदि उसको प्रकृतिमा सत्यको आत्मा रहेमा त्यस आत्माले एउटा विशेष समयमा आएर आफना स्पष्ट लक्ष्यणहरू देखाउँछ र हलचल गर्न लाग्छ।

चालीस वर्षको आयुभन्दा पहिला धेरैजसो मानिसहरूमा अन्धकारमय जमानाको प्रभाव देखिन्छ भन्ने कुरो सबैलाई थाहा नै होला किनभने (प्रारम्भका) सात आठ वर्षहरू त बाल्यकालमा नै व्यतित हुन्छन्। त्यसपछि पच्चीस छब्बीस वर्षको आयुसम्म (मानिस) शिक्षा आर्जनमा व्यस्त रहन्छ अथवा खेलकुदमा र भोगविलासमा समय नष्ट गर्छ। पुन: त्यस उमरे पछि विवाह बन्धन अथवा पत्नी र सन्तान भएकाले स्वाभाविक रूपमा सांसारिक इच्छाहरूको वशीभूत हुन जान्छ र इच्छा र आनन्दहरूको पूर्तिका लागि मर्यादाको उल्लङ्घन समेत गर्न लाग्छ। तथा यदि परमेश्वरतर्फ मन र ध्यान लगाए तापनि सांसारिक इच्छा र आकाङ्क्षाहरू केही मात्रामा साथ रहन्छन्। यदि दुआ (प्रार्थना) गरेतापनि सम्भवत: सांसारिक स्वार्थ सिद्धिका निम्ति अधिक गर्छ र यदि रोएतापनि सम्भवत: केही सांसारिक उद्देश्यहरू त्यसमा निहित हुन्छन्। पुनरुत्थानको दिनप्रति विश्वास नभए बराबर हुन्छ र यदि भएतापनि मृत्युको घड़ी टाढा छ भन्ने लाग्छ। तथा जसरी कुनै नहरको बाँध भत्किएमा त्यसले छेउछाउको धरतीलाई ध्वस्त पार्ने गर्छ त्यसैगरी मानसिक उद्वेगहरू र भावनाहरूको बाढीले मानिसको जीवनलाई ठूलो विपत्तिमा पार्छ। यस्तो स्थितिमा मनुष्य पुनरुत्थानका गम्भीर र गूढ तथ्यहरूको कसरी कायल हुनसक्छ अपितु (त्यसले) धार्मिक कुराहरूको खिल्ली उडाउँछ र आफ्नो शुष्क तर्क र निरर्थक दर्शनको धाक देखाउँछ। परन्तु यदि राम्रो स्वभावको रहेमा परमेश्वरलाई पनि मान्छ तर हृदयको गम्भीरता र निष्ठाका साथ मान्दैन अपितु केवल आफ्नो सफलताको आधारमा। यदि संसारका इच्छा र आकाङ्क्षाहरू पूरा भएमा परमेश्वरको अन्यथा सैतानको। अत: यस यौवनकालमा अति संवेदनशील अवस्था रहेको हुनाले यदि खुदा (परमेश्वर) को वरदान प्राप्त नरहेमा नर्कमा हुर्रिन पुग्छ। साँचो भनौं भने यही उमेर सबै खराबीहरूको जड़ रहेको छ। यसै उमेरमा मानिसले अधिकतर शारीरिक बिमारीहरू र गोप्य रोगहरू पाल्छ। यही काँचो उमेरका भूलहरूका कारण यदाकदा साँच्चा र अपविर्तनीय खुदाबाट विमुख हुनपुग्छ। अत: यो यस्तो समय हो जसमा

खुदाको डर कम हुन्छ र वासनाको कामना तथा मनोवेगको अधिकता हुन्छ र (मानिसले) कुनै उपदेशकको अर्ती सुन्दैन। यसै उमेरका भूल-चूकहरूको पछूतो जीवनभर रहन्छ। अत: जब चालीस वर्षको हुन पुग्छ तब यौवनका पंखहरू केहीमात्रामा झर्न लाग्छन्। फलस्वरूप आफैं ती धेरैजसो भूलहरूप्रति पछुताउन लाग्छ जसप्रति उपदेशकहरू पूर्णत: असफल रहेका थिए। यसैगरी मनोवेग र जोसहरू स्वयमेव घट्दै जान्छन्। किनभने शारीरिक दृष्टिले पनि उमेर ढल्ने समय आरम्भ हुन्छ। त्यो जोसिलो खून अब कहाँ उत्पन्न हुन्छ जुन पहिला हुने गर्थ्यो, त्यो अङ्गहरूको शक्ति र जवानीको अल्लारेपना कहाँ शेष रहन्छ जुन पहिला थियो। अब त गिरावट र घाटाको समय आरम्भ हुन्छ र साथै बारम्बार ती वयोवृद्धहरूको मृत्यु देख्नुपर्ने हुन्छ जो आफूभन्दा बढी उमेरका थिए। कहिलेकाहीं त ईश्वरको इच्छानुसार बालकहरूको मृत्युले मानिसलाई अत्यन्त हताश तुल्याउँछ। यसैगरी माता-पिता पनि यही समयावधिमा सम्भवत: मृत्युप्राप्त गर्छन र संसार अस्थायी रहेछ भन्ने धेरै नमुनाहरू देखिन्छन्। यसप्रकार परमेश्वरले के भनी त्यसका सामुन्ने एउटा दर्पण राखिदिन्छन भने हेर संसारको यही कहानी हो। जसका निम्ति तिमी हत्ते हाल्छौ त्यसको परिणाम यो हो। तब आफ्ना पछिल्ला भूलहरूप्रति पश्चताप गर्छ तथा एउटा ठूलो परिवर्तन त्यसमा आउँछ र एउटा नयाँ जीवन आरम्भ हुन्छ। परन्तु केवल त्यसैमा जो भलो स्वभावयुक्त छ र ती व्यक्तिहरू मध्येको छ जसलाई आमन्त्रित गरिएको छ। यसैबारे अल्लाह तआलाले भनेका छन् :

وَوَصَّيۡنَا الۡاِنۡسَانَ بِوَالِدَيۡهِ اِحۡسٰنًا ؕ حَمَلَتۡهُ اُمُّهٗ كُرۡهًا وَّوَضَعَتۡهُ كُرۡهًا ؕ
وَحَمۡلُهٗ وَفِصٰلُهٗ ثَلٰثُوۡنَ شَهۡرًا ؕ حَتّٰٓى اِذَا بَلَغَ اَشُدَّهٗ وَبَلَغَ اَرۡبَعِيۡنَ سَنَةً ۙ
قَالَ رَبِّ اَوۡزِعۡنِىۡۤ اَنۡ اَشۡكُرَ نِعۡمَتَكَ الَّتِىۡۤ اَنۡعَمۡتَ عَلَىَّ وَعَلٰى وَالِدَىَّ وَاَنۡ
اَعۡمَلَ صَالِحًا تَرۡضٰٮهُ وَاَصۡلِحۡ لِىۡ فِىۡ ذُرِّيَّتِىۡ ۚ اِنِّىۡ تُبۡتُ اِلَيۡكَ وَاِنِّىۡ مِنَ
الۡمُسۡلِمِيۡنَ ○[1]

अर्थात् हामीले मनुष्यलाई आफना माता पितासित उत्तम व्यवहार र पुण्य गर भनी आदेश दिएका छौं। किनभने तिम्री माताले तिम्रा निम्ति कति दुख कष्ट उठाइन्। तिमी गर्भमा रहँदा उनले एउटा लामो समयसम्म कष्ट पाइन र वेदना र कष्ट

1. The Holy Quran, al-Ahqaf 46:16

सहेर तिमीलाई जन्माइन्। तिम्रो दूध पिउँदाको र गर्भमा रहँदाको तीस महीनाको अवधिसम्म उनले (कति) विपत्तिहरू झेलिन्। पुन: के भन्छन भने जब कुनै भलो मानिस चालीस वर्षको हुनपुग्छ र त्यसको बुद्धि पनि पाक्छ तब त्यसलाई खुदाका आदेशहरूको सम्झना आउँछ र भन्नलाग्छ, हे मेरा प्रतिपालक ! मलाई तिम्रा ती वरदान र कृपाहरूप्रति कृतज्ञ बन्ने शक्ति प्रदान गर जुन ममाथि र मेरा माता पितामाथि भएका छन्। हे मेरा पालनहार ! अब मबाट तिमीले ती कार्यहरू गराउ जसबाट तिमी प्रसन्न हुन्छौ तथा मेरा सन्तानलाई मेरानिम्ति योग्य बनाउ अर्थात् यदि मैले मेरा माता-पिताको हक अधिकारमा कुनै कमी गरेको रहेमा तिनीहरूले भने त्यसो नगरून्। त्यसैगरी मैले यदि अनर्थ समय नष्ट गरेको रहेमा तिनीहरूप्रति भने त्यस्तो समय न आओस्। हे मेरा परमेश्वर ! अब म प्रायश्चित गर्दछु र तिम्रा आज्ञाकारीहरूमध्येको भएको छु। अत: खुदा तआला (परमेश्वर) ले उक्त आयतमा (श्रुतिमा) चालीसौं वर्षमा सज्जन भक्तहरूप्रति मंगलमय समय आउँछ र जसमा सत्यको आत्मा (प्रेरणा) रहेको छ त्यस आत्माले अवश्य चालीस वर्षको हुनासाथ आफ्नो गतिविधि देखाउँछ भन्ने कुरो स्पष्ट पारेका छन्। परमेश्वरका अधिकतर महान पैगम्बर र नबीहरू पनि चालीस वर्षको आयुमा नै आविर्भाव भएका हुन्। अत: हाम्रा प्रिय नबी हज़रत मुहम्मद (सल्लम) चालीस वर्षको आयुमा नै मानवजातिको सुधारका निम्ति आविर्भाव भएका थिए।

## जीवात्मा अल्लाह (परमेश्वर) को सृष्टि हो

पुन: पहिलो कुरोतर्फ फर्कदैं म के भन्छु भने आत्मा एउटा सूक्ष्म ज्योति हो जुन त्यस शरीरको भित्रबाट नै उत्पन्न हुन्छ जुन गर्भमा पालिएको हुन्छ भन्ने कुरो पूर्ण सत्य र शुद्ध रहेको छ। उत्पन्न हुन्छ भन्नुको तात्पर्य के हो भने पहिला गुप्त र अनुभूतिविहीन हुन्छ त्यसपश्चात व्यक्त हुनजान्छ र प्रारम्भमा यसको बीउ भने वीर्यमा नै विद्यमान हुन्छ। निस्सन्देह त्यसले माथिका परमेश्वरको इच्छा र आदेश तथा उनको चाहनानुसार एउटा अव्यक्त रहस्यमय सम्बन्ध वीर्यसित राख्छ र त्यो वीर्यको एउटा उज्वल र ज्योर्तिमय जुहारात (मणि) हो। त्यसलाई वीर्यको त्यस्तो अंश भन्न सकिन्न जस्तो शरीर शरीरको अंश हुन्छ। परन्तु त्यो बाहिरबाट आउँछ अथवा धरतीमा खसेर वीर्यको धातुसित मिसिन्छ पनि भन्नसकिन्न अपितु त्यो वीर्यमा यसप्रकार निहित हुन्छ जसरी ढुंगाभित्र आगो रहेको हुन्छ। आत्मा अलगै आकाशबाट उत्रन्छ अथवा वायुमण्डलबाट

धरतीमा खस्दछ र पुन: कुनै संयोगवश वीर्यसित मिसिएर गर्भ भित्र प्रविष्ट हुन्छ भन्ने खुदाको पुस्तकको तात्पर्य होइन अपितु यो धारणा कुनैप्रकार शुद्ध ठहरदैन। यदि हामीले यस्तो धारणा राखेमा प्राकृतिक विधानले हामीलाई गलत ठहराउँछ। हामी प्रतिदिन दूषित र बासी खानाहरूमा र विकृत घाउहरूमा कीडाहरू पर्ने गरेको देख्छौं। मैला कपडाहरूमा सैकडौं जुम्राहरू परेको पाइन्छ। मानिसका पेटभित्र पनि जुकाहरू पर्नेगर्छन्। अब के ती (कीडाहरू) बाहिरबाट आउँछन भनी हामी भन्न सक्छौं अथवा आकाशबाट खस्दैगरेको कसैले देखेको छ ? अत: वास्तविक कुरो के हो भने आत्मा शरीबाटै निस्कन्छ र यही तर्कद्वारा त्यो (परमेश्वरको) सृष्टि हो भन्ने कुरो प्रमाणित हुन्छ।

## आत्माको दोस्रो जन्म

यस समय मेरो वक्तव्यको तात्पर्य के रहेको छ भने जुन सर्वशक्तिमान (परमेश्वर) ले आत्मालाई आफ्नो परम शक्तिद्वारा शरीरबाट नै उत्पत्ति गरेका छन आत्माको दोस्रो पैदाइसलाई पनि शरीद्वारा नै प्रकट गर्ने उनको इच्छा देखिन्छ। आत्माका गतिविधिहरू हाम्रा शरीरका गतिविधिहरूप्रति निर्भरित छन। शरीरलाई हामी जता डोऱ्याउँछौं आत्मा पनि अवश्य त्यता नै पछि पछि आउँछ। त्यसकारण मनुष्यको प्राकृतिक (स्वाभाविक) अवस्थातर्फ ध्यान दिनु खुदा-तआला (परमेश्वर) को साँचो पुस्तकको कर्तव्य रहेको छ। यसैकारणले गर्दा पवित्र कुरआनले मनुष्यको स्वाभाविक अवस्थाको सुधारप्रति अत्यन्त ध्यान दिएको छ। अत: मानिसका हाँस्ने, रुने, खाने, पिउने, सुत्ने, बोल्ने, चुपलाग्ने, विवाह गर्ने, अविवाहित रहने, हिड्ने उभिने तथा शरीरिक शुद्धता स्नानादिका शर्तहरू पूरा गर्ने र बीमरीको अवस्था तथा स्वस्थ रहेको अवस्थामा खास-खास नियमहरूको पालना गर्ने यी सबै कुराहरूबारे आदेशहरू लेखेका छन र मानिसका शारीरिक अवस्थाहरूलाई आध्यात्मिक अवस्था हरूप्रति अत्यधिक प्रभावकारी बताएको छ। यदि यी अवस्थाहरूबारे पूर्ण व्याख्या गर्न लागियो भने उक्त लेख सुनाउनका निम्ति पर्याप्त समय हातलाग्ला भन्ने मलाई लाग्दैन।

## मनुष्यको क्रमिक विकास

जब म खुदाको पवित्र वाणीप्रति चिन्तन गर्छु र कसरी उनले आफ्ना शिक्षाहरूमा मानिसलाई उसका स्वाभाविक अवस्थाहरूको सुधार गर्ने तरीकाहरू प्रदान गरी

पुन: बिस्तार बिस्तारै माथि उठाएका छन र उच्च स्तरको आध्यात्मिक अवस्थासम्म पुऱ्याउन चाहेका छन भन्ने कुराप्रति ध्यान दिन्छु तब मलाई त्यो गूढ ज्ञानपूर्ण तरीका यस्तो ज्ञात हुन्छ अर्थात पहिला त खुदाले मानिसलाई रहन–सहन र खाने–पिउने तथा बातचीत गर्ने इत्यादि समस्त आचार व्यवहारका तरीकाहरू सिकाएर त्यसलाई पाशविक चालचलनबाट मुक्ति प्रदान गरी, पशुहरूको समानताबाट पूर्णरूपले अलग्ग गरी एउटा साधारण दर्जाको चारित्रिक अवस्था जसलाई आचरण र शिष्टाचार भन्न सकिन्छ, सिकाउन चाहेका छन। यसपश्चात मानिसका स्वाभाविक आदतहरू जसलाई अर्को शब्दमा कुस्वभावहरू भन्न सकिन्छ, नियन्त्रण र सन्तुलनमा ल्याउन चाहेका छन किनभने तिनले सन्तुलन प्राप्त गरी सदाचार अर्थात उच्च चरित्रहरूको रूप धारण गरून्। परन्तु यी दवै तरीकाहरू वस्तुत: एउटै हुन, किनभने (यी दुवै) स्वाभाविक अवस्थाहरूको सुधार सम्बन्धी रहेका छन केवल उच्च र निम्न दर्जाको अन्तरले यिनीहरूलाई दुई प्रकारका बनाएको हो। अत: ती सर्वशक्तिमान, सर्वज्ञ (परमेश्वर) ले चरित्रहरूको व्यवस्था यस्तो ढंगले प्रस्तुत गरेका छन जसबाट मानिसले साधारण (दर्जाको) चरित्रबाट उच्च (दर्जाका) चरित्रसम्म प्रगति र उन्नति गर्न सकोस।

## इस्लामको वास्तविकता

यसैगरी उन्नतिको तेस्रो चरण भने मानिसले आफ्ना वास्तविक सृष्टिकर्ता (परमेश्वर) को प्रेम र उनको इच्छाप्रति लीन हुनु र आफ्नो समस्त व्यक्तित्वलाई परमेश्वरका निम्ति समर्पित गर्नु हो। यो त्यही दर्जा हो जसको याद दिलाउनका निम्ति मुसलमानहरूको धर्मको नाम इस्लाम राखिएको हो। किनभने पूर्णरूपले खुदाको हुनु र आफ्नो केही शेष नराख्नु नै इस्लाम हो। जस्तै परम प्रतापी अल्लाहको भनाइ छ :–

بَلٰی ۚ مَنۡ اَسۡلَمَ وَجۡهَهٗ لِلّٰهِ وَهُوَ مُحۡسِنٌ فَلَهٗۤ اَجۡرُهٗ عِنۡدَ رَبِّهٖ ۪ وَلَا خَوۡفٌ
عَلَیۡهِمۡ وَلَا هُمۡ یَحۡزَنُوۡنَ○[1]

قُلۡ اِنَّ صَلَاتِیۡ وَنُسُکِیۡ وَمَحۡیَایَ وَمَمَاتِیۡ لِلّٰهِ رَبِّ الۡعٰلَمِیۡنَ○لَا شَرِیۡکَ لَهٗ ۚ
وَبِذٰلِکَ اُمِرۡتُ وَاَنَا اَوَّلُ الۡمُسۡلِمِیۡنَ○[2]

1. The Holy Quran, al-Baqarah 2:113
2. The Holy Quran, al-An'am 6:163-164

وَاَنَّ هٰذَا صِرَاطِیْ مُسْتَقِیْمًا فَاتَّبِعُوْهُ وَلَا تَتَّبِعُوا السُّبُلَ فَتَفَرَّقَ بِكُمْ عَنْ سَبِیْلِهٖ[1]

قُلْ اِنْ كُنْتُمْ تُحِبُّوْنَ اللّٰهَ فَاتَّبِعُوْنِیْ یُحْبِبْكُمُ اللّٰهُ وَیَغْفِرْ لَكُمْ ذُنُوْبَكُمْ وَاللّٰهُ غَفُوْرٌ رَّحِیْمٌ[2]

अनुवाद :- अर्थात् त्यो व्यक्ति मुक्तिप्राप्त हो जसले आफ्नो व्यक्तित्व (अस्तित्व) लाई खुदाका निम्ति खुदाकै मार्गमा बलि चढाएझैं राखिदिन्छ र न केवल भावनाद्वारा अपितु पुण्यकर्महरूका साथ आफ्नो निष्ठा र श्रद्धा प्रदर्शित गर्छ। जसले त्यसो गर्नेछ त्यसको बदला खुदाका निकट निश्चित भइसकेको छ तथा यस्ता व्यक्तिहरूप्रति न कुनै डर हुनेछ न त तिनीहरू शोकग्रस्त हुनेछन्। भन, मेरो नमाज (उपासना) तथा मेरो बलिदान र मेरो जीवित रहनु र मेरो मर्नु उनै खुदाका निम्ति रहेको छ जो समस्त वस्तुहरूका पालनहार रहेका छन। कुनै वस्तु अथवा कुनै मनुष्य उनको भागीदार हुन सक्दैन। तथा प्राणी (सृष्टि) लाई कुनै प्रकारको साझेदारी उनीसित प्राप्त छैन। मलाई यसै गर्ने आदेश भएको छ र म इस्लामको भावार्थप्रति कायम छु। अर्थात् खुदाको मार्गमा आफ्नो अस्तित्वको बलिदान दिने म पहिलो व्यक्ति हुँ। यही मेरो मार्ग हो। अत: आओ, मेरो मार्ग अवलम्बन गर र यसका विपरीत कुनै मार्गमा नहिड अन्यथा खुदाबाट टाढिने छौ। तिनीहरूलाई भनिदेउ, यदि खुदासित प्रेम गर्छौ भने आओ, मेरा पछि लाग र मेरो मार्गमा हिड ता खुदाले पनि तिमीहरूसित प्रेम गरून र तिमीहरूका पापहरूप्रति तिमीहरूलाई क्षमा प्रदान गरून तथा उनी क्षमाशील र अत्यन्त दयालु छन्।

## प्राकृतिक (स्वाभाविक) अवस्थाहरू र चरित्रहरूका बीचको अन्तर

अब म मनुष्यका तीनवटै चरणहरूबारे अलग अलग वर्णन गर्नेछु। परन्तु प्राकृतिक अवस्थाहरू जसको स्रोत र मूल नफ्से अम्मारा (तामसिकगुण) हो

1. The Holy Quran, al-An'am 6: 154
2. The Holy Quran, al-e-'Imran 3:32

खुदा तआला(परमेश्वर) को पवित्र वाणीका सङ्केतहरू अनुसार यो चारित्रिक अवस्थाहरूभन्दा कुनै भिन्न वस्तु होइन भन्ने कुरो स्मरण गराउनु आवश्यक छ। कारण के हो भने खुदाको पवित्र वाणीले समस्त प्राकृतिक शक्तिहरू र शारीरिक इच्छाहरू तथा आवश्यकताहरूलाई स्वाभाविक अवस्थाहरूको श्रेणीमा राखेको छ। र तिनै स्वाभाविक अवस्थाहरू नै हुन जसलाई सोच विचारका साथ परिपाटि र सन्तुलित रूपमा उचित समय र स्थिति तथा अवसर अनुसार प्रयोग गरिएमा चरित्रको रंगमा परिवर्तित हुन्छन। यसैगरी चारित्रिक (नैतिक) अवस्थाहरू र आध्यात्मिक अवस्थाहरूमा केही अन्तर छैन अपितु तिनै चारित्रिक अवस्थाहरू हुन जुन पूर्णरूपेण: अल्लाहप्रति समर्पित र मनको शुद्धि तथा एकाग्रता र पूर्ण प्रेम तथा तन्मय र पूर्ण सन्तुष्टि तथा पूर्ण रूपले अल्लाहको इच्छानुकूल भएर आध्यात्मिकताको रंगमा परिणत हुनजान्छन। स्वाभाविक अवस्थाहरू जबसम्म चारित्रिक रंगमा परिवर्तित हुदैनन मानिसलाई (तिनले) कुनै प्रकार प्रशंसायोग्य बनाउँदैनन्। किनभने ती (गुणहरू) अन्य पशुहरू अपितु पदार्थहरूमा पनि पाइन्छन। यसैप्रकार केवल चरित्रहरू प्राप्त गरेर पनि मानिसले आध्यात्मिक जीवन लाभ गर्न सक्दैन अपितु एउटा व्यक्तिले खुदा तआला (परमेश्वर) को सत्ताको अस्वीकारी रहेर पनि उच्च चरित्रहरूको प्रदर्शन गर्न सक्छ। शान्त र विनीत हृदयी हुनु अथवा सन्धिप्रिय रही अवगुणहरू त्यागनु तथा दुष्टसित मुकाबिला नगर्नु इत्यादि सबै स्वाभाविक अवस्थाहरू (गुणहरू) हुन र यस्ता कुराहरू हुन जुन एउटा यस्तो अयोग्य व्यक्तिमा पनि पाइन्छन जो वास्तविक मुक्तिको स्रोतबाट वञ्चित र पूर्णतया अविदित रहेको छ। यसैगरी कतिपय निरीह चौपायाहरू पनि प्रशिक्षणप्राप्त र सधाइका हुनाले मेल मिलाप राख्छन। लहुरो माथि लहुरो बर्साउँदा पनि कुनै मुकाबिला र विरोध गर्दैनन तापनि तिनीहरूलाई मानिस भन्न सकिन्न भने ती स्वभावहरू हुदैमा तिनीहरू उच्चकोटीका मानिस कसरी बन्न सक्लान त ? यसैगरी अत्यन्त अशुद्ध आस्था राख्ने अपितु केही व्यभिचारहरू र दुष्कर्महरूमा लिप्त (व्यक्ति) पनि यी स्वभावहरूको स्वामी हुन सक्छ।

## जीव हत्याको खण्डन

सम्भव छ कुनै मनुष्यले अत्यन्त दयालु बनी यदि उसको आफ्नै घाउमा कीरा पर्न गएमा तिनलाई मार्नु पनि उचित नठान्ला तथा प्राणीहरूप्रति अत्यन्त सहानुभूति र सहयोगलाई ध्यानमा राखी टाउकामा पर्ने जुम्राहरू अथवा पेटमा र आँतमा तथा

दिमागमा पैदा हुने कीराहरूलाई पनि कुनै प्रकारको हानि पुऱ्याउने इच्छा नगर्ला। अथवा कसैले दया र करूणाको अधिकताले गर्दा मह खान पनि छाडिदेला भन्ने कुरो म स्वीकार गर्न सक्छु किनभने त्यो (मह) धेरै प्राणीहरूको हत्या गरी र निरीह मौरीहरूलाई तिनीहरूको घारबाट यताउता भगाएर मात्र प्राप्त हुन्छ। यसैप्रकार कसैले कस्तूरीको प्रयोग गर्न पनि छाडिदेला भन्ने कुरो म मान्न सक्छु किनभने त्यो एउटा निरीह हिरणको रक्त हो र त्यो (कस्तूरी) त्यसलाई मारेर तथा त्यसका बच्चाहरूबाट बिछोड गराएर मात्र हात लाग्छ। तथा कसैले मोती प्रयोग गर्न र रेसमका वस्त्र लगाउन छाडि देला भन्ने कुरो म अस्वीकार गर्दिन किनभने यी वस्तुहरू बिचारा कीराहरूलाई मारेर प्राप्त हुन्छन्। यसैगरी कसैले रक्तोपचारका निम्ति जुकाहरूको प्रयोग पनि नगर्ला तथा स्वयं दु:ख र कष्ट सहन गर्ला र निरीह जुकालाई मार्न तयार नहोला भन्ने कुरो सम्म म मान्दछु। अन्तत: कसैले मानोस अथवा नमानोस परन्तु कुनै व्यक्तिले दया र सहानुभूतिको चरम सीमामा पुगरे पानी पिउन समेत छाडि देला र ती पानीका कीराहरूलाई बचाउनका निम्ति आफूलाई नै कालको मुखमा पार्ला भन्ने कुरालाई म मान्दन्छु। म यी सबै कुराहरू स्वीकार गर्छु परन्तु ती सबै स्वाभाविक अवस्थाहरूलाई चरित्र भन्न सकिन्छ अथवा केवल तिनीहरूद्वारा नै ती आन्तरिक मैल र दोषहरू जसले गर्दा खुदासित मिलन हुन सक्दैन, धुन सकिन्छन भन्ने कुरालाई म कदाचित स्वीकार्न सक्दिन। यसप्रकारको निरीह र हिंसारहित हुनु जुन कुरोमा केही पशुहरू र पक्षीहरू मानिसभन्दा अघि रहेका छन, उच्च मानवता प्राप्तिको आधार बन्नसक्छ भन्ने कुरो म कदापि मान्नेछैन। अपितु मेरा निकट यो प्राकृतिक विधान विपरीत लडाइँ हो तथा (अल्लाहको) प्रसन्नताप्राप्तिको महान चरित्र विपरीत र त्यस वरदानको अस्वीकार गर्नु हो जुन प्रकृतिले हामीलाई प्रदान गरेको छ। वस्तुत: त्यो आध्यात्मिकता प्रत्येक चरित्र (आचरण) लाई उचित स्थान र अवसरमा प्रयोग गरी पुन: खुदाको मार्गमा आज्ञाकारिताका साथ अग्रसर हुँदै उनकै भएमा प्राप्त हुन्छ। जो व्यक्ति उनको बन्दछ त्यो उनीबिना जीवित रहनै सक्दैन र यही नै उसको चिह्न हो। आरिफ (ब्रह्मज्ञानी) एउटा माछो (स्वरूप) हो जो खुदाको हातबाट हताहत भयो र उसको पानी खुदा (परमेश्वर) को प्रेम हो।

## सुधारका तीनवटा तरीकाहरू

अब म पहिलो कुरोतर्फ फर्कन्छु। मैले अहिले मानिसहरूका अवस्थाहरूका

तीनवटा स्रोतहरू छन भनी दर्शाइसकेको छु। अर्थात् तमोगुण, रजोगुण र सतोगुण। तथा सुधारका तरीकाहरू पनि तीनवटै रहेका छन्।

**पहिलो :-** के भने असभ्य र अशिष्ट मानिसहरूलाई खाने-पिउने र विवाह गर्ने इत्यादि सामाजिक कार्यहरूमा मानवताका तरीका अनुसार चल्नका निम्ति साधारण आचरण सिकाइयोस्। तिनीहरू न नाङ्गै हिडून्, न कुत्ताहरूझैं मुर्दा खाने गरून तथा न अन्य कुनैप्रकारको अशिष्टता प्रकट गरून्। यो प्राकृतिक (स्वाभाविक) अवस्थाहरूको सुधार (कार्य)हरूमध्ये सबैभन्दा निम्न प्रकारको सुधार हो। यो यसप्रकारको सुधार हो - उदाहरणस्वरूप पोर्टब्लेयरका जंगली मानिसहरूमध्ये कुनै एउटा मानिसलाई मानवताका प्रारम्भिक कुराहरू सिकाउनु छ भने पहिला त त्यसलाई मानवताका सा-साना आचरणहरू र शिष्टाचारहरूको शिक्षा दिइन्छ।

**दोस्रो :-** सुधारको दोस्रो तरीका के हो भने जब कुनै व्यक्तिले मानवताका साधारण अथवा बाह्य शिष्टाचारहरू सिक्दछ त्यसपछि त्यसलाई मानवताका महान महान शिष्टाचार र चरित्रहरूको ज्ञान दिइयोस् र मानिसको शक्ति र क्षमता अन्तर्गत रहेका समस्त योग्यताहरूलाई स्थान र अवसर अनुसार प्रयोग गर्ने शिक्षा दिइयोस्।

**तेस्रो :-** सुधारको तेस्रो तरीका के हो भने जो व्यक्तिहरू उच्च चरित्र सम्पन्न भइसकेका छन त्यस्ता पिपासु पुरुषहरूलाई ईश्वरीय प्रेम तथा मिलनको सर्बतको स्वाद चखाइयोस्। यी तीवनटा सुधारहरू रहेका छन जुन पवित्र कुरआनमा वर्णित छन्।

# सुधारको अत्यन्त आवश्यकको समयमा हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको आगमन भयो

हाम्रा स्वामी, पैगम्बर हज़रत मुहम्मद (सल्लम)[1] यस्तो समयमा अविर्भाव भएका थिए जब संसार प्रत्येक दृष्टिकोणले विकारयुक्त र नाश भइसकेको थियो। जस्तै अल्लाह तआलाको कथन छ :

ظَهَرَ الْفَسَادُ فِي الْبَرِّ وَالْبَحْرِ[2]

1. (सल्लम) - शब्द सल्लल्लाहु अलैहि व सल्लमको संक्षिप्त रूप हो। यसको अर्थ हो उहाँप्रति अल्लाहको कृपा र शान्ति वर्षण होस।
2. The Holy Quran, ar-Rum 30:42

अर्थात् जंगलहरू पनि बिग्रिए तथा समुद्रहरू पनि बिग्रिए। यसको तात्पर्य के हो भने जो ईश्वरीय ग्रन्थप्राप्त मानिन्छन तिनीहरू पनि बिग्रिए र जो अन्य मानिसहरू छन जसलाई ईश्वरीय वाणीको जल प्राप्त छैन तिनीहरू पनि बिग्रिएका छन। अत: पवित्र कुरआनको काम वस्तुत: मुर्दाहरूलाई जीवित गर्नु थियो। तसर्थ त्यसमा वर्णित छ :-

اِعْلَمُوْٓا اَنَّ اللّٰهَ يُحْيِ الْاَرْضَ بَعْدَ مَوْتِهَا ؕ [1]

अर्थात् अब अल्लाह तआला (परमेश्वर) ले धरतीलाई त्यसको मृत्युपश्चात पुन: जीवित गर्न लागिरहेछन भन्ने कुरो ज्ञात राख। त्यससमय अरब देशको अवस्था अत्यन्त बिग्रिएर पाशविक अवस्थातुल्य भएको थियो। मानवताको कुनै व्यवस्था र नियम शेष बचेको थिएन र समस्त पापहरू र कुकर्महरू तिनीहरूका दृष्टिमा गौरवका कुराहरू थिए। एउटा एउटा मानिसले सौ-सौ विवाह गऱ्थ्यो। अवैध वस्तुहरू खानु तिनीहरूका लागि एउटा सिकार थियो। सौतेली आमाहरूसित विवाह गर्नु वैध ठान्दथे। त्यसैकारण अल्लाह तआलाको आदेश भयो :-

حُرِّمَتْ عَلَيْكُمْ اُمَّهٰتُكُمْ [2]

अर्थात आज तिमीहरूका निम्ति तिमीहरूकी सौतेली आमाहरू अवैध (निषिद्ध) भए। तिनीहरू मुर्दा पशुहरू पनि खाने गर्थे, मानव मांस समेत खान्थे। संसारको कुनै यस्तो दुष्कर्म थिएन जसमा तिनीहरू लिप्त नहून्। अधिकतर व्यक्तिहरू परलोक प्रति विश्वास राख्दैनथे। तिनीहरूमध्ये धेरैजसो त परमेश्वरको सत्ताका पनि कायल थिएनन्। छोरीहरूलाई आफ्नै हातले हत्या गर्ने गर्थे। टुहुराहरूलाई मारेर तिनीहरूको धन-सम्पत्ति खान्थे। देख्नमा त मानिस थिए परन्तु बुद्धिभने लेसमात्र थिएन अथवा सबै भ्रष्टबुद्धि थिए। न तिनीहरूमा लज्जा थियो न सरम न त स्वाभिमान नै। पानीसरह मदिरा पिउने गर्थे। व्यभिचारमा जो सबैभन्दा अघि हुन्थ्यो त्यही समुदायको मुखिया कहलाउँथ्यो। अत्यधिक अज्ञानताका कारण छेउछाउका सबै जातिहरूले तिनीहरूको नाम उम्मी (अनपढ) राखिदिएका थिए। यस्तो समयमा र यस्ता जातिहरूको सुधारका निम्ति हाम्रा स्वामी, पैगम्बर मुहम्मद (सल्लम) मक्का नगरीमा प्रकट भए। अत: ती तीन प्रकारका सुधारहरू जसबारे मैले अहिले चर्चा गरिसकेको छु तिनीहरूको वास्तवमा यही नै (उपयुक्त) समय थियो। पवित्र कुरआनले संसारका

1. The Holy Quran, al-Hadid 57:18
2. The Holy Quran, an-Nisa’ 4:24

समस्त धर्म ग्रन्थहरूभन्दा श्रेष्ठ र सम्पूर्ण हुने दाबी गर्नुको कारण पनि यही नै हो। किनभने संसारका अन्य धर्म ग्रन्थहरूलाई ती तीन प्रकारका सुधारहरू गर्ने अवसर प्राप्त भएन परन्तु पवित्र कुरआनलाई प्राप्त भयो। पवित्र कुरआनको उद्देश्य नै पशुसदृश मानिसहरूलाई मनुष्य बनाउने र मनुष्यबाट चरित्रवान मनुष्य बनाउने तथा चरित्रवान मनुष्यबाट परमेश्वर भक्त (ईश्वरप्राप्त) मनुष्य बनाउनु थियो। त्ससैले पवित्र कुरआन यी तीनवटा कुराहरूमा आधारित रहेको छ।

## पवित्र कुरआनको वास्तविक उद्देश्य तीन प्रकारका सुधारहरू हुन

तीन प्रकारका सुधारहरूबारे विस्तृत चर्चा गर्नुभन्दा पहिला पवित्र कुरआनमा कुनै यस्तो शिक्षा छैन जसलाई जबरजस्ती माननै पर्छ भन्नेकुरो स्पष्ट पार्नु म जरूरी ठान्दछु। वस्तुतः समस्त कुरआनको मूल उद्देश्य नै केवल तीन प्रकारका सुधारहरू हुन। शेष रहेका सबै आदेश र उपदेशहरू भने ती सुधारहरूका निम्ति साधनस्वरूप रहेका छन। मानौं जसरी कहिलेकाँही रोगीको स्वास्थ्यलाई लाभ पुऱ्याउनका निम्ति डाक्टरले कहिले चिरने र कहिले मलम लगाउने आवश्यकता पर्छ त्यसैगरी पवित्र कुरआनको शिक्षाले पनि मानिसको सहानुभूति र दयाले गर्दा ती वस्तुहरूलाई आ–आफ्ना स्थानमा प्रयोग गरेको छ। त्यसका समस्त आध्यात्म ज्ञानका कुराहरू र विशेष आदेशहरू तथा साधनहरूको प्रमुख उद्देश्य नै मानिसहरूलाई तिनीहरूका पाशविक रंग ढंगयुक्त अवस्थाबाट चारित्रिक अवस्थाहरूसम्म पुऱ्याएर पुनः चारित्रिक अवस्थाहरूबाट आध्यात्मिकताको अपार समुद्रसम्म पुऱ्याउनु रहेको छ।

## प्राकृतिक अवस्थाहरू यथोचित प्रयोगबाट चरित्रमा परिवर्तित हुन्छन

प्राकृतिक अवस्थाहरू चारित्रिक अवस्थाहरूभन्दा कुनै भिन्न वस्तु होइनन अपितु तिनै अवस्थाहरू हुन जुन यथोचित व्यवहार र अवसर र स्थिति अनुसार प्रयोग गरेमा, साथै बुद्धि र विवेकको सल्लाह परामर्श लिएर खटाएमा चारित्रिक अवस्थाहरूमा

परिवर्तित हुन्छन भन्ने कुरो मैले पहिला वर्णन गरिसकेको छु। तथा जबसम्म तिनीहरू बुद्धि र ज्ञानको सल्लाह र परामर्शका साथ प्रयोग हुदैनन चाहे तिनीहरू चरित्रसित कति नै समानता राखून वस्तुत: चरित्र हुन सक्दैनन्। अपितु स्वभाव (आदत) को एउटा अनियान्त्रित गति हो, जस्तै यदि एउटा कुकुर अथवा एउटा बाख्रोले आफ्नो मालिकका सामुन्ने आत्मीयता र नम्रता प्रकट गर्दैमा त्यस कुकुरलाई चरित्रवान भनिदैन र न त त्यस बाख्रोलाई शिष्टाचारी भन्न सकिन्छ। तदनुसार हामीले एउटा चितुवा अथवा बाघलाई तिनीहरूको हिंस्र स्वभावका कारण दुष्चरित्र भन्न सक्दैनौं किनभने जस्तै पहिला चर्चा गरिए अनुसार चारित्रिक अवस्था स्थिति र सोच विचार तथा यथोचित समयको पहिचान पछि मात्र आरम्भ हुन्छ। एउटा यस्तो व्यक्ति जसले बुद्धि र चिन्तन–मननको प्रयोग गर्दैन त्यो यस्ता दूध पिउने बालकहरूझैं रहेको छ जसका मनमा र मस्तिष्कमा अहिलेसम्म बुद्धिको छाया समेत परेको छैन। अथवा ती पागलहरूझैं रहेको छ जसले आफ्नो बुद्धि र विवेक गुमाएका छन्। स्पष्ट छ, जो व्यक्ति दूध पिउने बालक र पागल (सदृश) रहेको छ त्यसले कहिलेकाहीं यस्ता गतिविधिहरू देखाउँछ जून चरित्रहरूझैं प्रतीत हुन्छन। परन्तु कुनै बुद्धिमान व्यक्तिले तिनीहरूको नाम चरित्र राख्न सक्दैन किनभने ती गतिविधिहरू र क्रियाहरू स्थिति र मौकाको परखानुरूप प्रकट हुदैनन अपितु स्वाभाविक रूपमा जोस र उद्वेग उत्पन्न हुँदा घटित हुने गर्छन्। जस्तै मानिसको सन्तान जन्मन साथ अमाका स्तनहरूतर्फ लप्कन्छ र एउटा कुखुराको चल्लो जन्मन साथ दानो टिप्न दौडन्छ। जुकाको बच्चोले जुकाकै स्वभाव लिएर आउँछ र सर्पको बच्चोले सर्पकै स्वभाव प्रकट गर्छ तथा बाघको बच्चोले बाघकै स्वभाव देखाउँछ। विशेष गरी मानिसको बच्चोलाई ध्यानपूर्वक हेर्दा कसरी जन्मन साथ मानवीय स्वभावहरू देखाउन आरम्भ गर्छ भन्ने कुरो स्पष्ट देखिन्छ र जब त्यो एक डेढ वर्षको हुनपुग्छ ती स्वभावहरू र बानीहरू अत्यन्त प्रस्ट हुनजान्छन। उदाहरणत: पहिला जसरी रुने गर्थ्यो अब त्यसको रुवाई पहिलाभन्दा ठूलोस्वरमा हुनेगर्छ। यसैगरी हाँस्दा पनि खिलखिलाएर हाँस्नेगर्छ। आँखाहरूमा पनि ध्यान दिएर हेर्ने लक्षणहरू देखिन लाग्छन्। यस उमेरमा आफ्नो इच्छा र अनिच्छा हावभाव र सङ्केतद्वारा प्रकट गर्ने एउटा अर्को प्राकृतिक कुरो उत्पन्न हुन्छ। त्यसले कसैलाई हिर्काउँछ र कसैलाई केही दिने इच्छा गर्छ। परन्तु यी सबै क्रिया–कलापहरू वस्तुत: प्राकृतिक (स्वाभाविक) नै हुन्छन। अत: यस्तो बालकतुल्य नै एउटा असभ्य र जंगली मानिस पनि हुन्छ जसलाई मानवीय शिष्टाचारको अति नगण्य अंशमात्र मिलेको हुन्छ त्यसैले उ पनि आफ्ना प्रत्येक वचन र क्रियाकलापमा तथा रहनसहनमा

प्राकृतिक गतिविधि नै प्रदर्शित गर्छ र आफ्ना स्वाभाविक भावनाहरूको अधीनस्थ रहन्छ। कुनै कुरो उसको आन्तरिक शक्तिको सोच–विचार र चिन्तन मननद्वारा प्रकट हुदैन अपितु स्वाभाविक रूपमा जेजति उसको मनभित्र उत्पन्न भएको छ त्यही बाह्य प्रेरणानुसार निस्कने गर्छ। सम्भव छ उसका स्वाभाविक भावनाहरू जुन उसका अन्तरबाट कुनै प्रेरणाका कारण बाहिर निस्कन्छन ती सबै नराम्रा नहुन सक्छन अपितु तिनीहरूमध्ये केही सद्चरित्र अनुरूप हुन सक्छन्। परन्तु बुद्धिसङ्गत विवेचना र गहन चिन्तन मननको तिनमा कुनै दखल हुदैन यदि केही मात्रामा रहेतापनि स्वाभाविक भावनाहरूको अधिकाताका कारण त्यो भरोसायोग्य हुदैन अपितु जुनतर्फ अधिकता रहेको छ त्यही तर्फलाई विश्वासयोग्य मानिनेछ।

# वास्तविक चरित्र

अतएव यस्तो व्यक्तितर्फ वास्तविक चरित्रहरू सङ्केत गर्न सकिदैन जो पशुहरू र बालकहरू तथा पागलहरूझैं प्राकृतिक (स्वाभाविक) भावनाहरूको अधीनस्थ रहेको छ र आफनो जीवन जंगली जनावर हरूसरह बिताउँछ। वस्तुत: राम्रा र नराम्रा चरित्रहरूको जमाना निश्चित रूपमा तब आरम्भ हुन्छ जब मानिसको ईश्वरप्रदत्त बुद्धि परिपक्क हुन्छ र त्यसले पुण्य र पाप अथवा दुईवटा पुण्य र दुईवटा पापहरूको दर्जामा पार्थक्य गर्न सक्छ। यसैगरी जब उत्तममार्ग त्याग्छ तब आफ्नो मनमा पछुतो पाउँछ र दुष्कर्म गर्दा स्वयमलाई लज्जित अनुभव गर्छ। यो मनुष्य जीवनको दोस्रो जमाना हो जसको नाम खुदाको पवित्र वाणी कुरआन शरीफले नफ्से लव्वामा (राजसिक वृत्ति अथवा रजोगुण) राखेको छ। परन्तु के स्मरण रहोस भने एउटा पशुतुल्य व्यक्तिलाई रजोगुणको अवस्थासम्म पुऱ्याउनका निम्ति केवल साधारण मौखिक उपदेशहरू पर्याप्त हुनेछैनन अपितु त्यसलाई आफ्ना खुदाको सिनाख्त यहाँसम्म प्राप्त होस जसबाट उसले आफ्नो जन्मलाई निरर्थक र बेकार हो भन्ने नठानोस ता परमेश्वरलाई सिनाख्त गरी वास्तविक सद्गुणहरू त्यसमा उत्पन्न हुन्। यसै कारणले खुदा तआलाले साँच्चा खुदाको सिनाख्त र ज्ञानप्राप्त गर्नतर्फ साथका साथ ध्यान दिलाएका छन्। तथा प्रत्येक कर्म र चरित्रको एउटा प्रतिफल हुन्छ जुन यस जीवनमा आध्यात्मिक शान्ति अथवा सजायको कारण बन्छ र परकालमा त्यसले स्पष्टरूपमा आफ्नो प्रभाव देखाउने छ भनी विश्वास दिलाएका छन्। अत: रजोगुणको दर्जामा मनुष्यलाई बुद्धि र आध्यात्मज्ञान तथा स्वच्छ स्मरणशक्ति कतिसम्म प्राप्त हुन्छ

भने त्यसले कुकर्महरूप्रति आफूलाई धिक्कार्न लाग्छ र पुण्यकर्म गर्ने इच्छा र चाहना त्यसमा जाग्छ। यही नै त्यो स्थान हो जहाँ पुगेर मानिसले सद्गुणहरू प्राप्त गर्छ।

## खल्क तथा खुल्क

यस स्थानमा 'खल्क' शब्द को स्पष्टीकरण गर्नु उचित ठान्दछु। अत: 'खल्क' को अर्थ शारीरिक पैदाइस हो र 'खुल्क' को अर्थ आन्तरिक (आध्यात्मिक) पैदाइस हो। वस्तुत: आध्यात्मिक पैदाइस सद्गुणहरूद्वारा पूर्ण हुनपुग्छ न त केवल प्राकृतिक उद्वेग र भावनाहरूद्वारा। त्यसकारण सद्गुणहरूका निम्ति यो शब्द प्रयोग गरिएको हो। प्राकृतिक (स्वाभाविक) आवेग र भावनाहरूप्रति होइन। खुल्क केवल सहनशीलता र नरमी तथा विनयको नाम हो भन्ने सर्वसाधारणको धारणा गलत हो भन्ने कुरो पनि स्पष्ट पार्नु आवश्यक छ। वस्तुत: बाह्य अङ्गहरूको तुलनमा जुन मानवीय शक्तिहरूका कैफियतहरू अन्तरमा राखिएका छन ती कैफियतहरूको नाम खुल्क हो। उदाहरणस्वरूप मनुष्य जब आँखाले रुन्छ त्यसको प्रतिक्रियास्वरूप मनमा एउटा वेदना शक्ति रहेको छ। त्यो (शक्ति) जब ईश्वरप्रदत्त बुद्धिद्वारा आफ्नो यथोचित स्थानमा प्रयोग हुन्छ तब त्यो एउटा सद्गुण (आचरण) कहलाउँछ। यसैगरी मनुष्य आफ्ना हातले शत्रुसित लड्छ र त्यसको प्रतिक्रियास्वरूप मनमा एउटा शक्ति उत्पन्न हुन्छ जसलाई वीरता भन्छि। जब मनुष्यले यथोचित स्थान र अवसरानुरूप त्यसलाई प्रयोगमा ल्याउँछ तब त्यसको नाम पनि आचरण नै हुन्छ। यसैप्रकार कहिलेकाहीं मनुष्यले आफ्ना हातद्वारा पीडितहरूलाई अत्याचारीहरूबाट बचाउन चाहन्छ अथावा दरिद्रहरूलाई र भोकाहरूलाई केहि दिन चाहन्छ अथवा अन्य कुनै प्रकार मानवजातिको सेवा गर्न चाहन्छ तब त्यसको प्रतिक्रियास्वरूप मनमा एउटा शक्ति जाग्छ जसलाई दया भनिन्छ। तद्नुसार कहिलेकहीं मनुष्यले आफ्ना हातद्वारा अत्याचारीलाई दण्ड दिन्छ र त्यसको प्रतिक्रियास्वरूप मनमा एउटा शक्ति निहित छ (जसलाई प्रतिशोध भनिन्छ। यसैगरी कहिलेकहीं मानिस आक्रमणको जवाफमा आक्रमण गर्न चाँहदैन र अत्याचारीलाई त्यसको अत्याचारप्रति माफ गर्छ तब त्यस कार्यको प्रतिक्रियास्वरूप मनमा एउटा शक्ति निहित छ जसलाई क्षमादान र धैर्य भनिन्छ।) कहिलेकहीं मानिसले मानवजातिलाई लाभ पुऱ्याउनका निम्ति आफ्ना हात र पाउ तथा मन र दिमागद्वारा काम लिन्छ र तिनीहरूको भलाईमा आफ्नो धन-सम्पत्ति खर्च गर्छ र यस कार्यको प्रतिक्रियास्वरूप मनमा एउटा शक्ति निहित

छ जसलाई दानपुण्य भनिन्छ। अत: जब मनुष्यले यी सबै शक्तिहरूलाई यथोचित स्थिति र अवसर अनुरूप प्रयोग गर्छ त्यससमय तिनीहरूको नाम खुल्क (आचरण) राखिन्छ। अल्लाह तआलाले हाम्रा नबी हज़रत मुहम्मद (सल्लम) लाई सम्बोधित गरी भनेका छन् :- [1] اِنَّكَ لَعَلٰى خُلُقٍ عَظِيۡمٍ अर्थात् तिमी एउटा उच्च चरित्र (आचरण)मा कायम रहेका छौ। अत: यसै व्याख्यानुसार यसका अर्थहरू रहेका छन्। अर्थात् आचरणहरूका समस्त किसिमहरू जस्तै - दान, वीरता, न्याय, दया, उपकार, सत्यता, धैर्य इत्यादि तिमीमा समाहित छन्। अत: मनुष्यको मनमा जति पनि शक्तिहरू (गुणहरू) पाइन्छा जस्तै - शिष्टाचार, लज्जा, इमानदारी, उदारता, आत्मसङ्कल्प, दृढता, पवित्रता, बुद्धिमत्ता, आत्मनिग्रह, सहानुभूति, वीरता, दानशीलता, क्षमादान, धैर्य, उपकार, सत्यता, विश्वसनीयता इत्यादि। जब यी समस्त स्वाभाविक अवस्था (गुण) हरू बुद्धि र विचारको परामर्शका साथ आ-आफना मौका र महलमा प्रकट गरिन्छन तब यी सबैको नाम सदाचार हुनजान्छ र यी सबै सदाचारहरू वस्तुत: मानिसका स्वाभाविक अवस्थाहरू र स्वाभाविक भावना र आवेगहरू हुन् तथा तब मात्र यी आचरण र सदाचारको नामले जानिन्छन जब यिनीहरूलाई स्थिति र अवसरानुरूप इच्छापूर्वक प्रयोग गरिन्छ। किनभने मानिसका स्वाभाविक गुणहरूमध्ये एउटा गुण अथवा विशेषता के पनि छ भने उसले क्रमश: उन्नति गर्दै जान्छ त्यसकारण उसले सत्यधर्मको अनुकरण र सत्संगत तथा उत्तम शिक्षाहरूद्वारा यस्ता स्वाभाविक र प्राकृतिक भावना र आवेगहरूलाई सदाचारहरूको रूपमा परिवर्तित गर्छ तथा यो कुरो अन्य कुनै प्राणीलाई भने प्राप्त छैन।

# पहिलो सुधार अर्थात् प्राकृतिक अवस्थाहरू

अब म पवित्र कुरआनका तीनवटा सुधारहरूमध्ये पहिलो सुधारबारे जुन निम्न दर्जाका प्राकृतिक अवस्थाहरूका सम्बन्धमा रहेको छ चर्चा गर्छु। यो सुधार चरित्रहरूको शाखाहरूमध्ये त्यो शाखा हो जसलाई शिष्टाचार भनिन्छ। अर्थात् त्यो शिष्टाचार जसको पालना गर्नाले पशुतुल्य असभ्यहरूलाई तिनीहरूका प्राकृतिक अवस्थाहरू जस्तै-खाने पिउने र विवाह गर्ने इत्यादि सामाजिक कार्यहरूमा नियन्त्रित र संतुलति तुल्याउँछ तथा त्यस जीवनबाट मुक्ति दिलाउँछ जुन पाशविक र चौपाया तथा हिंस्रक जनावरहरूको झैं रहेको छ। अत: यी समस्त शिष्टाचारहरूबारे पवित्र

1. The Holy Quran, al-Qalam 68:5

कुरआनमा अल्लाह तआला वर्णन गर्छन् :-

حُرِّمَتۡ عَلَيۡكُمۡ اُمَّهٰتُكُمۡ وَبَنٰتُكُمۡ وَاَخَوٰتُكُمۡ وَعَمّٰتُكُمۡ وَخٰلٰتُكُمۡ
وَبَنٰتُ الۡاَخِ وَبَنٰتُ الۡاُخۡتِ وَاُمَّهٰتُكُمُ الّٰتِىۡۤ اَرۡضَعۡنَكُمۡ وَاَخَوٰتُكُمۡ مِّنَ
الرَّضَاعَةِ وَاُمَّهٰتُ نِسَآٮِٕكُمۡ وَرَبَآٮِٕبُكُمُ الّٰتِىۡ فِىۡ حُجُوۡرِكُمۡ مِّنۡ نِّسَآٮِٕكُمُ
الّٰتِىۡ دَخَلۡتُمۡ بِهِنَّ فَاِنۡ لَّمۡ تَكُوۡنُوۡا دَخَلۡتُمۡ بِهِنَّ فَلَا جُنَاحَ عَلَيۡكُمۡ
وَحَلَاۤٮِٕلُ اَبۡنَآٮِٕكُمُ الَّذِيۡنَ مِنۡ اَصۡلَابِكُمۡ وَاَنۡ تَجۡمَعُوۡا بَيۡنَ الۡاُخۡتَيۡنِ اِلَّا
مَا قَدۡ سَلَفَ ؕ [1]

لَا يَحِلُّ لَكُمۡ اَنۡ تَرِثُوا النِّسَآءَ كَرۡهًا ؕ [2]

وَلَا تَنۡكِحُوۡا مَا نَكَحَ اٰبَآؤُكُمۡ مِّنَ النِّسَآءِ اِلَّا مَا قَدۡ سَلَفَ ؕ [3]

اُحِلَّ لَكُمُ الطَّيِّبٰتُ ؕ ....... وَالۡمُحۡصَنٰتُ مِنَ الۡمُؤۡمِنٰتِ وَالۡمُحۡصَنٰتُ مِنَ الَّذِيۡنَ
اُوۡتُوا الۡكِتٰبَ مِنۡ قَبۡلِكُمۡ اِذَاۤ اٰتَيۡتُمُوۡهُنَّ اُجُوۡرَهُنَّ مُحۡصِنِيۡنَ غَيۡرَ مُسٰفِحِيۡنَ وَلَا
مُتَّخِذِىۡۤ اَخۡدَانٍ ؕ [4]

وَلَا تَقۡتُلُوۡۤا اَنۡفُسَكُمۡ ؕ [5]

وَلَا تَقۡتُلُوۡۤا اَوۡلَادَكُمۡ [6]

لَا تَدۡخُلُوۡا بُيُوۡتًا غَيۡرَ بُيُوۡتِكُمۡ حَتّٰى تَسۡتَاۡنِسُوۡا وَتُسَلِّمُوۡا عَلٰٓى اَهۡلِهَا ؕ [7]
فَاِنۡ لَّمۡ تَجِدُوۡا فِيۡهَاۤ اَحَدًا فَلَا تَدۡخُلُوۡهَا حَتّٰى يُؤۡذَنَ لَكُمۡ وَاِنۡ قِيۡلَ

---

1. The Holy Quran, an-Nisa' 4:24
2. The Holy Quran, an-Nisa' 4:20
3. The Holy Quran, an-Nisa' 4:23
4. The Holy Quran, al-Ma'idah 5:6
5. The Holy Quran, an-Nisa' 4:30
6. The Holy Quran, al-An'am 6:152
7. The Holy Quran, an-Nur 24:28

لَكُمْ ارْجِعُوْا فَارْجِعُوْا هُوَ اَزْكٰى لَكُمْ[1] وَاْتُوا الْبُيُوْتَ مِنْ اَبْوَابِهَا[2]
وَاِذَا حُيِّيْتُمْ بِتَحِيَّةٍ فَحَيُّوْا بِاَحْسَنَ مِنْهَآ اَوْ رُدُّوْهَا[3] اِنَّمَا الْخَمْرُ وَالْمَيْسِرُ
وَالْاَنْصَابُ وَالْاَزْلَامُ رِجْسٌ مِّنْ عَمَلِ الشَّيْطٰنِ فَاجْتَنِبُوْهُ لَعَلَّكُمْ
تُفْلِحُوْنَ۔ [4] حُرِّمَتْ عَلَيْكُمُ الْمَيْتَةُ وَالدَّمُ وَلَحْمُ الْخِنْزِيْرِ وَمَآ اُهِلَّ لِغَيْرِ
اللّٰهِ بِهٖ وَالْمُنْخَنِقَةُ وَالْمَوْقُوْذَةُ وَالْمُتَرَدِّيَةُ وَالنَّطِيْحَةُ وَمَآ اَكَلَ السَّبُعُ اِلَّا
مَا ذَكَّيْتُمْ وَمَا ذُبِحَ عَلَى النُّصُبِ[5] يَسْئَلُوْنَكَ مَاذَا اُحِلَّ لَهُمْ قُلْ اُحِلَّ
لَكُمُ الطَّيِّبٰتُ[6] اِذَا قِيْلَ لَكُمْ تَفَسَّحُوْا فِى الْمَجٰلِسِ فَافْسَحُوْا يَفْسَحِ
اللّٰهُ لَكُمْ ۚ وَاِذَا قِيْلَ انْشُزُوْا فَانْشُزُوْا[7] كُلُوْا وَاشْرَبُوْا وَلَا تُسْرِفُوْا[8]
وَقُوْلُوْا قَوْلًا سَدِيْدًاo[9] وَثِيَابَكَ فَطَهِّرْo وَالرُّجْزَ فَاهْجُرْo[10] وَاقْصِدْ فِيْ
مَشْيِكَ وَاغْضُضْ مِنْ صَوْتِكَ[11] تَزَوَّدُوْا فَاِنَّ خَيْرَ الزَّادِ التَّقْوٰى[12] وَاِنْ
كُنْتُمْ جُنُبًا فَاطَّهَّرُوْا[13] وَفِيْٓ اَمْوَالِهِمْ حَقٌّ لِّلسَّآئِلِ وَالْمَحْرُوْمِ[14]
وَاِنْ خِفْتُمْ اَلَّا تُقْسِطُوْا فِى الْيَتٰمٰى فَانْكِحُوْا مَا طَابَ لَكُمْ مِّنَ النِّسَآءِ

1. The Holy Quran, an-Nur 24:29
2. The Holy Quran, al-Baqarah 2:190
3. The Holy Quran, an-Nisa' 4:87
4. The Holy Quran, al-Ma'idah 5:91
5. The Holy Quran, al-Ma'idah 5:4
6. The Holy Quran, al-Ma'idah 5:5
7. The Holy Quran, al-Mujadalah 58:12
8. The Holy Quran, al-A'raf 7:32
9. The Holy Quran, al-Ahzab 33:71
10. The Holy Quran, al-Muddaththir 74:5-6
11. The Holy Quran, Luqman 31:20
12. The Holy Quran, al-Baqarah 2:198
13. The Holy Quran, al-Ma'idah 5:7
14. The Holy Quran, adh-Dhariyat 51:20

مَثْنٰى وَثُلٰثَ وَرُبٰعَ فَاِنْ خِفْتُمْ اَلَّا تَعْدِلُوْا فَوَاحِدَةً اَوْمَامَلَكَتْ اَيْمَانُكُمْ
ذٰلِكَ اَدْنٰٓى اَلَّا تَعُوْلُوْا ۝[1] وَاٰتُوا النِّسَآءَ صَدُقٰتِهِنَّ نِحْلَةً ط[2]

अनुवाद :- तिमीहरूप्रति तिमीहरूकी आमाहरू अवैध (निषेधित) गरिएका छन्। यसैप्रकार तिमीहरूकी छोरीहरू र तिमीहरूकी बहिनीहरू र तिमीहरूकी फुपूहरू तथा तिमीहरूकी सानीमाहरू र तिमीहरूकी भतिजीहरू र तिमीहरूकी भान्जीहरू र तिमीहरूकी ती आमाहरू जसले तिमीहरूलाई दूध ख्वाए। यसैगरी तिमीहरूकी दूध सम्बन्धी बहिनीहरू र तिमीहरूकी पत्नीहरूकी आमाहरू तथा तिमीहरूकी ती पत्नीहरूका पहिला पतिका तर्फकी छोरीहरू जससित तिमीहरूले सहवास गरिसकेका छौ। तथा यदि तिमीहरूले तिनीहरूसित सहवास गरेका छैनो भने कुनै पाप लाग्ने छैन। यसैप्रकार तिमीहरूका आफ्ना छोराहरूकी पत्नीहरू अर्थात बुहारीहरू र यसैगरी दुईवटी सहोदर दीदी बहिनीसित एकैसाथमा (विवाह गर्नु) अवैध ठहऱ्याइएको छ। यी सबै कार्यहरू जुन पहिले हुनेगर्थे आज तिमीहरूप्रति अवैध (निषेधित) ठहऱ्याइएका छन्। बलपूर्वक महिलाहरूमाथि अधिकार जमाउनु पनि तिमीहरूका निम्ति उचित हुने छैन। ती महिलाहरूसित विवाह गर्नु पनि उचित हुनेछैन जो तिमीहरूका पिताहरूकी पिताहरू थिए। जो कुरो पहिला भइसक्यो त्यो भइसक्यो। सती साध्वी महिलाहरू जो तिमीहरूकै बीचकी अथवा तिमीहरूभन्दा पहिला ईश्वरीय ग्रन्थ प्राप्त समाजकी छन् तिमीहरूका निम्ति वैध रहेका छन जससित तिमीहरू विवाह गर्न सक्छौ। परन्तु मेहर (पतिका तर्फबाट पत्नीलाई दिन तोकिएको दाइजो - अनुवादक) निश्चित गरी निकाह (विवाह कार्य) समापन भएको शर्तमा। व्यभिचार (अनुचित यौन सम्बन्ध) उचित छैन तथा गुप्त अन्तरङ्ग सम्बन्ध पनि। अरब देशका असभ्य मानिसहरूमा केही यस्ता पनि थिए जसमा एउटा यस्तो परम्परा थियो जस अनुसार सन्तान नभएको व्यक्तिकी पत्नीले सन्तान प्राप्तिका निम्ति परपुरुषसित सहवास गर्थी। पवित्र कुरआनले यस परम्परालाई अवैध घोषित गऱ्यो। मुसाफहत (नियोग) यसै कुसंस्कारको नाम हो।

यसैप्रकार आदेश भयो - तिमीहरू आत्महत्या नगर, आफ्ना सन्तानहरूको हत्या नगर। अरूका घरहरूमा पशुहरूझैं आफैआफ अनुमति बिना नै प्रवेश गर्ने नगर। अनुमति लिनु आवश्यक छ। जब तिमीहरू अरूका घरमा जान्छौ तब घरमा प्रवेश गर्दा अस्सलामु अलैकुम (तिमीहरूप्रति शान्ति होस) भन्ने गर। यदि ती घरहरूमा कोई

1. The Holy Quran, an-Nisa' 4:4
2. The Holy Quran, an-Nisa' 4:5

नरहेमा जबसम्म घरका धनीले तिमीहरूलाई अनुमति दिँदैन ती घरहरूमा नजाऊ तथा घरका धनीले फर्केर जाउ भनेमा तिमीहरू फर्केर जाऊ। पर्खाल नाघेर घरहरूमा जाने नगर अपितु घरका ढोकाहरूबाट घरमा प्रवेश गर्नेगर। यदि कसैले तिमीहरूलाई सलाम गरेमा त्यो भन्दा उत्तम र भलो प्रकारले त्यसलाई सलाम गर। मदिरापान र जुवाखेल तथा मूर्तिपूजा र सगुन लिनु इत्यादि यी सबै दूषित र सैतानी कार्यहरू हुन् यिनीहरूबाट बच। मृत पशुहरू नखाऊ। सुँगुरको मासु नखाऊ। मूर्तिहरूमा चढाएका (वस्तुहरू) नखाऊ। लट्ठीले हिर्काएर मारिएको (पशु) नखाऊ। लडेर मरेको (पशु) नखाऊ। सींग लागेर मरेको (पशु) नखाऊ। हिंस्रक जनावरले चीरफाड गरेको (पशु) नखाऊ। मूर्तिमा चढाएको (मासु) नखाऊ, यी सबै मुर्दासरह मानिन्छन्। तथा यदि यिनीहरूले के खाने हो त भनी सोधे भने-संसारका समस्त पवित्र वस्तुहरू खाऊ भनी जवाफ देउ। केवल मुर्दा पशुहरूको मांस र मुर्दातुल्य अपवित्र वस्तुहरू नखाऊ। यदि सभा र भेलाहरूमा तिमीहरूलाई फराकिलो भएर बस र अरूलाई ठाउँ देऊ भन्ने आदेश भएमा शीघ्र ठाउँ फराक गरिदेऊ ता अन्य व्यक्तिहरू बसून्। यसैगरी यदि तिमीहरू उठ भन्ने आदेश भएमा नाइँनास्ति नगरी उठ। मासु र दाल इत्यादि सबै वस्तुहरू जुन पवित्र रहेका छन अवश्य खाऊ। परन्तु एउटै वस्तुको खेदो नगर। तथा अपव्यय र अत्यधिक खानबाट बच। व्यर्थ कुराहरू गर्ने नगर। मौका र महल अनुकूल कुरा गर्नेगर। आफ्ना लुगा कपडाहरू सफा राख। आफ्नो शरीर, घर, कुना काप्चा र प्रत्येक ठाउँ जहाँ तिमीहरू बस्ने उठ्ने गर्छौ दूर्गंध र फोहोर मैलाबाट पवित्र र सफा राख। स्नान गर्नेगर र घरबारलाई सफा र स्वच्छ राख्ने बानी गर। न अति ठूलो स्वरमा बोल्ने गर न त अति नै निम्न स्वरमा। मध्यम गति राख्ने गर। कुनै विशेष आवश्यकबिना हिडदा पनि न अधिक तीव्र गतिले हिड्नेगर न त अत्यन्त बिस्तारो। मध्यम गतिलाई अपनाऊ। जब यात्रा गर्छौ तब यात्राका सबै सरसामानहरूको व्यवस्था गर र पर्याप्त मात्रामा पाथेय (सामलतुमल) र बाटोखर्च राख ता माग्नु नपरोस्। सहवास र वीर्यपतनपछि स्नान गर्नेगर। जब भोजन गर्छौं तब भिखारीलाई पनि देऊ र कुकुरलाई पनि फाल्ने गर र मौका बमोजिम अन्य पक्षीहरूलाई पनि। टुहुरा केटीहरू जसलाई तिमीहरू पालन पोषण गरी बढाउँछौ तिनीहरूसित विवाह गर्नु कुनै अनुचित कुरो होइन। परन्तु तिनीहरूलाई अनाथ ठानी तिनीहरूमाथि अन्याय हुनसक्ने आशंका रहेमा माता-पिता र आत्म-सम्बन्धी रहेकी महिलाहरूसित विवाह गर जसलाई तिमीहरूको सम्मान र सद्व्यवहार प्राप्त होस र तिनीहरूको केही डर तिमीहरूलाई होस्। एक, दुई तीन, चारवटीसम्म (विवाह) गर्न सक्छौ। परन्तु तिनीहरूका बीचमा न्यायव्यवस्था गर्ने शर्तमा र यदि न्याय

नहुने भएमा एउटी मै चित्त बुझाऊ चाहे कति नै आवश्यक किन नपरोस्। तिमीहरूले आफ्नो अतीतको स्वभावको वशमा परेर कहीं हद्द गर्लाऊ कि भनी चारको हदबन्दी तोकिएको हो अर्थात (पहिले झैं) सयकडौंको संख्यासम्म नपुगोस भनी। अथवा तिमीहरू अवैध कार्य र दुष्कर्मतर्फ झुकलाऊ कि भनी। तथा आफ्नी पत्नीहरूलाई मेहर (दाइजो) देऊ।

अत: पवित्र कुरआनको यो पहिलो सुधारकार्य हो जसमा मनुष्यका प्राकृतिक (स्वाभाविक) अवस्थाहरूलाई पाशविक चालचलनबाट निकालेर मानवताका रहनसहन र शिष्टाचारतर्फ ध्यान दिलाइएको छ। यस शिक्षामा आहिलेसम्म उच्च चरित्रहरूको कुनै उल्लेख भएको छैन यी केवल मानवताका शिष्टाचारहरू हुन्।

हाम्रा नबी (मुहम्मद सल्लम) को जुन जातिका सुधारका निम्ति आगमन भएको थियो त्यो जाति पाशविक वृत्तिमा सबै जातिहरूभन्दा पल्लोदर्जामा पुगेको थियो। कुनै दृष्टिकोणले तिनीहरूमा मानवताको नीति–नियम देखिदैनथ्यो। त्यसकारण उक्त शिक्षाको आवश्यकता परेको हो भन्ने कुरा मैले लेखिसकेको छु। अत: तिनीहरूलाई मानवताको प्राथमिक र साधारण स्तरका शिष्टाचारहरू सिखाउनु अत्यन्त आवश्यक थियो।

## सुँगुर अवैध घोषित

एउटा स्मरणयोग्य मर्मको कुरो यस ठाउँमा के रहेको छ भने खिन्ज़ीर (सुँगुर) जो अवैध घोषित गरिएको छ प्रारम्भ देखि नै खुदा (परमेश्वर) ले त्यो अवैध (निषिद्ध) छ भन्ने कुरो त्यसका नाममा इङ्गित गरेका छन्। किनभने 'खिन्ज़ीर' शब्द अरबी भाषाका 'खिन्ज'र 'अर' शब्दद्वयको सन्धि हो। त्यसको अर्थ 'म त्यसलाई अपवित्र र दूषित देख्छु' हो। 'खिन्ज' को अर्थ अत्यन्त दूषित र अपवित्र तथा 'अर' को अर्थ म देख्छु हो। अत: यस पशुको जुन नाम प्रारम्भमा नै परमेश्वरका तर्फबाट यसलाई प्राप्त भएको छ त्यसैले यसको दोष र अपवित्रता प्रमाणित गर्छ। एउटा अचम्भको कुरो के हो भने हिन्दी भाषामा यस पशुलाई सुअर भन्छि। यो शब्द पनि 'सू' र 'अर' को सन्धि हो जसको अर्थ 'म यसलाई अत्यन्त दूषित देख्छु' हो। 'सू' शब्द अरबी कसरी हुन सक्छ भनी आश्चर्यित हुनुपर्ने कुनै कुरो छैन किनभने मैले आफ्नु पुस्तक 'मिननुर्रहमान' मा समस्त भाषाहरूकी जननी अरबी भाषा हो भनी प्रमाणित गरेको छु। अरबी भाषाका शब्दहरू प्रत्येक भाषामा न केवल एक दुईवटा अपितु हजारौंको संख्यामा मिसिएका छन्। अत: 'सू' अरबी शब्द हो त्यसकारण

हिन्दीमा 'सू' को अर्थ कु अर्थात नराम्रो हो। त्यसैले यस पशुलाई हिन्दीमा 'बद्' पनि भनिन्छ। निस्सन्देह त्यस जमानामा जब समस्त संसारको भाषा अरबी थियो यस (भारत) देशमा त्यस पशुको यो नाम अरबी भाषामा प्रसिद्ध थियो जुन 'खिन्ज़ीर' नामको समानार्थ रहेको छ (अर्थात 'सुअर')। तथा यो (शब्द) अबसम्म स्मरणको रूपमा शेष रहन गयो। सम्भवतः संस्कृत भाषामा त्योसित मिल्दो जुल्दो यही शब्द परिवर्तित भएर कुनै अर्को शब्द बन्न पुग्यो। परन्तु शुद्ध शब्द भने यही नै हो किनभने यसमा त्यसको भावार्थ निहित छ जसको प्रमाण 'खिन्ज़ीर' शब्द रहेको छ। उक्त शब्दको अर्थ 'अत्यन्त दूषित' को कुनै व्याख्या गर्नु आवश्यक छैन। यो पशु अत्यधिक फोहोर भक्षी र निर्लज्ज तथा दूषित हुन्छ भन्ने कुरो कसलाई थाहा छैन र ? यसैकारण प्राकृतिक विधानानुसार यस्तो दूषित र कुस्वभाव पशुको मासुको प्रभाव पनि मानिसको शरीर र आत्मामाथि नराम्रो पर्नु स्वाभाविक हो। फलतः यो (पशु) अवैध र निषिद्ध हुनुको कारण स्पष्ट छ किनभने खानपिनको प्रभाव मानिसको आत्मामाथि अवश्य पर्छ भन्ने कुरो मैले प्रमाणित गरिसकेको छु। यस्तो दूषितको प्रभाव पनि दूषित र नराम्रो नै पर्न जान्छ भन्ने कुरामा कुनै सन्देह हुन सक्दैन। इस्लामभन्दा पहिला नै युनानी चिकित्सकहरूले यस पशुको मासु प्रयोग गर्नेहरूमा लज्जाको लक्षण घट्दै जान्छ र निर्लज्जता बढ्दै जान्छ भन्ने विचार प्रकट गरेका थिए। तदानुसार मुर्दा पशुको मासु खान पनि इस्लामी धर्मविधानमा निषिद्ध छ। कारण मुर्दा वस्तुले पनि त्यसलाई खाने व्यक्तिमाथि आफ्नो प्रभाव छोड्छ र साधारण रूपमा पनि शरीरका लागि त्यो हानिकारक नै रहेको छ। यसैगरी जुन पशुहरूको रक्त भित्रै रहन जान्छ, जस्तै गर्धन निमठेर अथवा लट्ठीले हिर्काएर मारेको (पशु)। यी सबै पशुहरू वस्तुत मुर्दा नै मानिन्छन्। के मुर्दा पशुको रक्त शरीरभित्रै रहेको खण्डमा आफ्नो (स्वाभाविक) दशामा रहन सक्छ र ? सक्दैन अपितु त्यो तरल पदार्थ भएकाले तत्कालै दूषित हुनजान्छ र आफ्नो दुर्गन्धले समुच्चा मासुलाई नै बिगार्छ। यसैगरी आधुनिक अनुसन्धान अनुसार रक्तका कीटाणुहरूले मर्नका साथै एउटा विषाक्त दुर्गन्ध शरीरमा फैलाउँछन्।

## मनुष्यका नैतिक अवस्थाहरू

पवित्र कुरआनको सुधारकार्यको दोस्रो खण्ड प्राकृतिक अवस्थाहरूलाई यथोचित शर्तहरूसित जोडेर उच्च चरित्रहरू र सदाचारहरूसम्म पुऱ्याउनु हो। अतः यो खण्ड

अत्यन्त विस्तृत रहेको छ। यदि यस खण्डलाई विस्तारका साथ लेख्नु हो भने अर्थात पवित्र कुरआनमा वर्णित समस्त सदाचारहरूबारे यस स्थानमा चर्चा गर्न चाहेमा लेख अति लामो हुनजानेछ र यसको दशौं भागका निम्ति पनि निर्धारित समय पर्याप्त हुनेछैन त्यसकारण केही उच्च चरित्रहरू नमूनाको रूपमा प्रस्तुत गरिनेछ।

सदाचरण अथवा सद्चरित्रहरू दुईप्रकारका रहेका छन्। प्रथम, ती चरित्रहरू र आचारहरू जसद्वारा मनुष्य दुष्कर्म र दुराचार त्याग्नेयोग्य हुन्छ। द्वितीय, ती आचरणहरू जसद्वारा मनुष्य पुण्यप्राप्तिप्रति सफल हुन्छ। दुष्कर्म त्यागसित ती चरित्रहरू सम्बन्धित रहेका छन जसद्वारा मनुष्य आफ्नो जिब्रो र आफ्ना हात अथवा आफ्ना आँखाहरू अथवा आफ्नो कुनै अर्को अङ्गद्वारा अर्काको धन, सम्मान र ज्यान इत्यादिलाई हानि नपुगोस भन्ने प्रयास गर्छ। अथवा अपमान गर्ने र हानि पुऱ्याउने इच्छा गर्दैन। यसैगरी पुण्यप्राप्तिसित सम्बन्धित ती समस्त आचरणहरू रहेका छन जसद्वारा मनुष्यले आफ्नो जिब्रो अथवा आफ्ना हात अथवा आफनो ज्ञान अथवा अन्य कुनै साधनद्वारा अरूको धन र सम्मान बढाउने अथवा लाभ पुऱ्याउने प्रयास गर्छ अथवा तिनको प्रतिष्ठा र सम्मान प्रकट गर्ने इच्छा गर्छ अथवा यदि कसैले उसमाथि अत्याचार गरेको रहेमा उक्त अत्याचारीलाई दिइने दण्ड त्यसलाई माफ गरी शारीरिक सजाय तथा जरिमानाबाट त्यसलाई बचाउनमा सहयोग पुऱ्याउँछ अथवा त्यसलाई यस्तो सजाय दिन्छ जुन वास्तवमा त्यसका निम्ति पूर्णत: दयास्वरूप रहेको छ।

## दुष्कर्म र दुराचार त्याग सम्बन्धी आचरणहरू

परम सृष्टिकर्ताले दुष्कर्म त्यागका निम्ति जुन आचारणहरू र चरित्रहरू निश्चित गरेका छन अरबी भाषामा, जसमा मानवीय विचारहरू, चरित्रहरू र आचरणहरू प्रकट गर्नका निम्ति एक-एक भिन्न-भिन्न अव्यय शब्दहरू पाइन्छन ती आचरणहरूलाई चारवटा नामहरूमा नामाङ्कित गरिएको छ। अत: पहिलो आचरण जसको नाम 'एह्सान' हो र जसको अर्थ त्यो विशेष पवित्रता हो जुन पुरुष र महिलाको प्रजनन शक्तिसित सम्बन्धित रहेको छ। 'मुह्सिन अथवा मुह्सिना' त्यस पुरुष अथवा महिलालाई भनिनेछ जो व्यभिचार र त्यसका पूर्वाभासहरू र सङ्केतहरूबाट बचेर त्यस अपवित्र दुष्कर्मबाट स्वयमलाई रोक्छ जसको परिणाम दुवैका निम्ति यस संसारमा लाञ्छना र श्राप र परलोकमा भयानक दण्ड साथै आफन्ताहरूका निम्ति

पनि अपमानका साथ–साथ ठूलो हानि रहेको छ। उदाहरणस्वरूप जो व्यक्ति कसैकी पत्नीसित अनुचित क्रियोको दोषी पाइएमा अथवा व्यभिचार नभएतापनि त्यसका सहक्रियाहरूमा पुरुष र महिला दुवै लिप्त पाइएमा निस्सन्देह त्यस स्वाभिमान पीडित पतिले त्यस्ती पत्नीलाई जो व्यभिचारप्रति राजी भएकी थी अथवा व्यभिचार (अनुचित यौन सम्बन्ध) घटित भइसकेको खण्डमा 'तलाक' (पारपाचुके) दिनै पर्छ। साथै यदि त्यस महिलाका पेटबाट सन्तान जन्मिएमा तिनीहरूप्रति पनि ठूलो विपत्ति र विवाद आइलाग्नेछ र घरको मालिकले त्यस दुष्चरित्रका कारण ती सबै हानि नोकसानि उठउनु पर्नेछ।

उक्त आचरण जसको नाम 'एह्सान अथवा ईफ्फत' अर्थात पवित्रता (दोषरहित) रहेको छ। यो तबमात्र आचरण कहलाउँछ जब त्यो व्यक्ति जसमा कुदृष्टि र दुष्कर्म गर्ने शक्ति रहेको छ अर्थात प्रकृतिले त्यसलाई ती शक्तिहरू प्रदान गरेका छन जसद्वारा त्यसले त्यो अपराध गर्नसक्छ परन्तु उसले स्वयमलाई त्यस घृणित क्रियाबाट बचाउँछ तर बालक, नामर्द, नपुंसक अथवा अत्यन्त वृद्ध भएकोले त्यसमा त्यो शक्ति नै नरहेमा त्यसलाई हामी 'एहसान अथवा ईफ्फत' अर्थात पवित्रता र निष्कङ्कता नामक आचरणको नाम दिन सक्दैनौं यद्यपि प्राकृतिक रूपमा त्मसमा पवित्रता र निर्दोषताको अवस्था अवश्य पाइन्छ। परन्तु प्राकृतिक अवस्थाहरूलाई आचरणको नामले नामाङ्कित गर्न सकिदैन भनी बारम्बार स्पष्ट पारिएको छ। परन्तु तिनलाई तब मात्र आचरणको रूपमा गणना गरिनेछ जब बुद्धि र विवेकको अधीनमा रही आफ्नो यथोचित स्थिति र अवसरमा ती प्रयोग हुन्छन अथवा प्रयोग हुने योग्यता उत्पन्न गर्छन्। अत: मैले पहिला लेखे अनुसार बालकहरू र नामर्दहरू तथा यस्ता व्यक्तिहरू जसले कुनै उपायद्वारा स्वयम्लाई नामर्द तुल्याएका छन उक्त आचरणका चरितार्थ हुन सक्दैनन चाहे तिनीहरूले पवित्र र निर्दोष रही आफ्नो जीवनयापन गरून्। अपितु यी समस्त स्थितिहरूमा तिनीहरूको पवित्रता र निष्कलङ्कतालाई प्राकृतिक अवस्था नै भनिनेछ न त अन्य केही।

अत: खुदाको पवित्र पुस्तकमा पुरुष र महिला दुवैलाई निम्नलिखित शिक्षा दिइएको छ :–

قُلْ لِّلْمُؤْمِنِيْنَ يَغُضُّوْا مِنْ اَبْصَارِهِمْ وَيَحْفَظُوْا فُرُوْجَهُمْ ذٰلِكَ اَزْكٰى لَهُمْ

وَقُلْ لِّلْمُؤْمِنٰتِ يَغْضُضْنَ مِنْ اَبْصَارِهِنَّ وَيَحْفَظْنَ فُرُوْجَهُنَّ وَلَا يُبْدِيْنَ

زِيْنَتَهُنَّ اِلَّا مَا ظَهَرَ مِنْهَا وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلٰى جُيُوْبِهِنَّ..... وَلَا يَضْرِبْنَ بِاَرْجُلِهِنَّ لِيُعْلَمَ مَا يُخْفِيْنَ مِنْ زِيْنَتِهِنَّ وَتُوْبُوْا اِلَى اللّٰهِ جَمِيْعًا اَيُّهَ الْمُؤْمِنُوْنَ لَعَلَّكُمْ تُفْلِحُوْنَ[1] وَلَا تَقْرَبُوا الزِّنٰى اِنَّهٗ كَانَ فَاحِشَةً وَسَآءَ سَبِيْلًا[2] وَلْيَسْتَعْفِفِ الَّذِيْنَ لَا يَجِدُوْنَ نِكَاحًا[3] وَرَهْبَانِيَّةَ ِۨابْتَدَعُوْهَا مَا كَتَبْنٰهَا عَلَيْهِمْ .....فَمَا رَعَوْهَا حَقَّ رِعَايَتِهَا[4]

अनुवाद :- विश्वासी पुरुषहरूलाई भनिदेऊ, तिनीहरूले गैर नातेदार महिलाहरूलाई हेर्नबाट आफ्ना नेत्रहरूलाई बचाऊन। तथा त्यस्ता महिलाहरूमाथि त्यसरी दृष्टि नगाढून जसबाट कामवासना जाग्ने सम्भावना बढ्छ। यदि त्यस्तो अवसर आएमा आफ्ना नेत्रहरूलाई झुकाएर राखून र आफ्ना गुप्ताङ्गहरूको स्थानलाई बचाएर राखून्। यसैगरी कानहरूलाई पनि गैर नातेदारहरूबाट सुरक्षित राखून अर्थात् अपरिचित र गैर नातेदार महिलाहरूको गना, र बाजा तथा सुमधुर स्वर र संगीतहरू नसुनून्। तिनीहरूको सौन्दर्यको कथा कहानीहरू नसुनून्। पवित्र दृष्टि र पवित्र मनका साथ रहनका निम्ति यो तरीका उत्तम रहेको छ। यसैप्रकार विश्वासी महिलाहरूलाई भनिदेऊ, तिनीहरूले आफ्ना नेत्रहरूलाई गैरनातेदार पुरुषहरूलाई हेर्नबाट बचाऊन् तथा आफ्ना कानहरूलाई पनि गैर नातेदारबाट सुरक्षित राखून्। अर्थात तिनीहरूका कामवासनापूर्ण बोलीवचन र स्वरसङ्गीत नसुनून र आफ्ना गुप्त राख्ने स्थानहरूलाई ढाकेर राखून। तथा आफ्ना सौन्दर्यपूर्ण अङ्गहरूलाई कुनै गैर नातेदार र अपरिचितका सामुन्ने प्रदर्शित नगरून् र आफ्नो ओढने (मजेत्रो) लाई गर्दनदेखि लिएर टाउकोमाथिसम्म गर्दन र दुवैवटा कानहरू तथा टाउको र कनपटी इत्यादि सबै छोपिने गरी ओढून र आफ्ना पाउहरूलाई नाच्नेहरूझैं धरतीमाथि नपट्किउन्। यी उपायहरू यस्ता हुन जसलाई अपनाउनाले ठोकरबाट सुरक्षित रहन सकिन्छ।

ठोकरबाट बच्नकालागि दोस्रो तरीका के हो भने खुदा तआलातर्फ मन र ध्यान लगाऊन् र उनीसित दुआ (प्रार्थना) गरून् ता उनले ठोकरबाट बचाउन् तथा हन्डर

1. The Holy Quran, an-Nur 24:31-32
2. The Holy Quran, Bani Isra'il 17:33)
3. The Holy Quran, an-Nur 24:34
4. The Holy Quran, al-Hadid 57:28

खानबाट मुक्ति दिउन्। व्यभिचार (दुष्कर्म)का निकट नजाऊ अर्थात यस्ता कार्यहरूबाट टाढा रहने गर जसबाट त्यसको इच्छा मनमा जाग्ने सम्भावना रहन्छ। ती मार्गहरूलाई नअपनाऊ जसबाट त्यो पाप उत्पन्न हुने आशङ्का जाग्छ। जसले व्यभिचार गर्छ त्यसले दुष्कर्म र पापलाई हद्दसम्म पुऱ्याउँछ। व्यभिचारको मार्ग अत्यन्त नराम्रो मार्ग रहेको छ। त्यसले परममार्गबाट रोक्छ र त्यो तिमीहरूको परम उद्देश्यका लागि ठूलो खतरा रहेको छ। जसलाई विवाह गर्ने सुबिधा प्राप्त छैन त्यसले आफ्नो पवित्रता र शुद्धतालाई अन्य उपायहरूबाट बचाओस्। उदाहरणस्वरूप त्यसले व्रत राखोस् अथवा भोजन कम खाओस् अथवा आफ्नो शक्तिलाई कठिन परिश्रम र कार्यहरूमा प्रयोग गरोस्। अन्य धर्मका कतिपय मानिसहरूले सदा अविवाहित रहने अथवा नपुंसक बन्ने अथवा अन्य कुनै प्रकारका साथ ब्रह्मचर्य अपनाउने विधि निकालेका छन्। परन्तु हामीले मनुष्यप्रति यो आदेश अनिवार्य गेरेका हैनौं त्यसकारण तिनीहरूले यी कुप्रथाहरूको पूर्णरूपमा पालना गर्न सकेनन्। मानिसहरू नपुंसक बनून भन्ने हाम्रो आदेश होइन भनी खुदाले वर्णन गर्नुमा के सङ्केत पाइन्छ भने यदि यो खुदाको आदेश रहेको भएमा सबै मानिसहरू उक्त आदेशको पालना गर्नप्रति सक्षम हुनेथिए र त्यस स्थितिमा मानवजातिको नसल समाप्त भई कहिल्यै संसारको समाप्ति हुनेथियो। पुन: यदि लिङ्ग भेदन (नसबन्दी) गरी पवित्रता प्राप्त हुन्थ्यो भने सृष्टिकर्ताप्रति जसले त्यो लिङ्ग सृष्टि गरे आक्षेप लाग्ने थियो। यसैगरी पुण्यप्राप्तिको सम्पूर्ण आधार नै कुन कुरामाथि रहेको छ भने (मानिसलाई) एउटा शक्ति पनि प्राप्त होस र उसले खुदा तआला (परमेश्वर) सित डराई त्यस शक्तिद्वारा उत्पन्न हुने अनुचित जोस र भावनाहरूको मुकाबिला गर्ने गरोस् साथै त्यसद्वारा उचित लाभ प्राप्त गरी दोहोरो पुण्य प्राप्त गरोस्। अत: यसप्रकार अङ्गलाई नष्ट गर्नाले (मानिस) दुवै प्रकारका पुण्यहरूबाट वञ्चित हुनजान्छ। पुण्य त विपरीत भावना र जोसको उपस्थितिमा त्यसको मुकाबिलाबाट प्राप्त हुन्छ। परन्तु जसमा बालकझैं त्यो शक्ति नै नरहेमा त्यो व्यक्तिलाई कसरी पुण्य प्राप्त हुन सकछ। के बालकलाई त्यसको पवित्रता र परहेज़को पुण्य प्राप्त हुन सक्छ र ?

## पाकदामन (निष्कलङ्क) रहने पाँचवटा उपचारहरू

उपरोक्त आयतहरूमा खुदा तआलाले 'एहसान' नामक सदाचार अर्थात निष्कलंङ्क र निर्मल रहनका निम्ति केवल उच्चकोटिको शिक्षामात्र नभएर मनुष्यलाई निष्कलङ्क रहनका लागि पाँचवटा उपचारहरू पनि बताएका छन्। अर्थात् (1) आफ्ना

नेत्रहरूलाई अपरिचित र गैरनातेदारमाथि नटिकाउनु (2) कानले गैर नातेदारकोहरूको स्वर र गानाहरू नसुन्नु (3) गैर नातेदारहरूका वर्णन र कहानीहरू नसुन्नु (4) त्यस्ता समस्त आयोजनाहरूबाट जसमा यस्तो कुकर्म हुने आशङ्का रहेको छ स्वयमलाई बचाउनु (5) यदि विवाह नभएको रहेमा उपवास र व्रतहरू राख्नु इत्यादि।

यो उच्चकोटिको शिक्षा जसमा समस्त उपायहरूको वर्णन रहेको छ पवित्र कुरआनले बताएको हो र केवल इस्लाममा यो (शिक्षा) पाइन्छ भन्ने मेरो दाबी रहेको छ। यस स्थानमा एउटा स्मरणीय कुरो रहेको छ र त्यो के हो भने मनुष्यको त्यो प्राकृतिक अवस्था जुन वासनाहरूको मूल हो त्यसबाट कुनै अमोल परिवर्तनबिना मनुष्य अलग्ग हुनसक्दैन। किनभने उसका कामवासनाका भावनहरूले जब अवसर र मौका पाउँछन उत्तेजित नभई रहन सक्दैनन् अथवा ती अत्यन्त सङ्कटमा पर्नजान्छन्। त्यसकारण अल्लाह तआलाले हामीलाई गैरनातेदार महिलाहरूलाई बिना रोकटोक हेरौं र तिनीहरूका समस्त सौन्दर्यहरूलाई निहारौं तथा तिनीहरूका नाच्ने गाउने सबै रंगढंग इत्यादिको निरीक्षण गरौं परन्तु पवित्र दृष्टिका साथ भन्ने शिक्षा दिएनन्। यसका विपरीत गैरनातेदार महिलाहरूलाई र तिनीहरूको सौन्दर्यका अङ्गहरूलाई हामीले हेर्नैहुदैन चाहे पवित्र दृष्टिले होस् अथवा अपवित्र दृष्टिले। यसैगरी तिनीहरूको मिठो र सुरिलो स्वर र तिनीहरूको सौन्दर्यको विवरण र कहानी सुन्नुहुदैन चाहे राम्रो भावनाले होस अथवा नराम्रो भावनाले भन्ने आदेश हामीलाई दिइएको छ। जसरी मुर्दा वस्तुहरूसित हामी घृणा गर्छौं त्यसरी नै तिनीहरूलाई हेर्न र तिनीहरूबारे चर्चा सुन्नप्रति घृणा राख्नु हाम्रालागि उत्तम हुन्छ र हामी ठोकर खानबाट बच्न सक्छौं। वस्तुत: बेरोकटोक दृष्टिनिक्षेप गर्नाले अवश्य ठोकर खाने सम्भावना रहन्छ। अत: हाम्रा आँखाहरू र हाम्रो मन तथा भावनाहरू सबै पवित्र रहून भन्ने खुदा तआलाको चाहना रहेकोले उनले यो उच्चकोटि र अत्युत्तम शिक्षा प्रदान गरे। निस्सन्देह बेकैदी र अनियन्त्रण ठोकरको कारण बन्न जान्छ। यदि एउटा भोको कुकुरका सामुन्ने नरम नरम रोटी राखी ती रोटिहरूतर्फ त्यस कुकुरको ध्यान नजाओस भन्ने हाम्रो धारणा रहेमा त्यो हाम्रो भूल हो। अत: इन्द्रियहरूको गुप्त कारवाई समेत हुन नपाओस् र यस्तो कुनै आयोजना नहोस् जसमा कुइच्छा र कुभावनाहरू जाग्नेगर्छन भन्ने खुदा तआलाको चाहना रहेको छ।

## दृष्टि नियन्त्रण

इस्लामी पर्दाको यही दर्शन र यही धर्मविधानको आदेश रहेको छ। खुदाको

पुस्तकमा पर्दाको तात्पर्य केवल महिलाहरूलाई कैदीहरूझैं बन्धनमा राख्नुमात्र होइन। यो त ती अज्ञानीहरूको धारणा हो जसलाई इस्लामी तरीकाहरूको जानकारी नै छैन। वास्तविक उद्देश्य त महिला र पुरुष दुवैलाई बेरोकटोक दृष्टिनिक्षेप गर्न र आफ्नो सौन्दर्य प्रदर्शनबाट रोक्नु हो। वस्तुत: यसैमा पुरुष र महिला दुवैको भलाई छ। अत: दृष्टि तल राखी, अनुचित स्थानमा आँखा गाढ्नबाट स्वयमलाई रोक्नु र अन्य हेर्नेयोग्य वस्तुहरूप्रति दृष्टिनिक्षेप गर्नुलाई अरबी भाषामा 'ग़ज़्ज़े बसर' अर्थात् अधोदृष्टि अथवा दृष्टि नियन्त्रण गर्नु भनिन्छ। प्रत्येक संयमी व्यक्ति जसले आफ्नो मनलाई शुद्ध र स्वच्छ राख्न चाहन्छ त्यसका निम्ति पशुहरूझैं जतासुकै बेरोकटोक दृष्टि उठाएर हेर्नु कदापि उचित हुदैन बरू त्यसका निम्ति यस सामाजिक जीवनमा दृष्टि नियन्त्रण अर्थात् दृष्टि तल राख्ने बानी गर्नु अत्यन्त आवश्यक छ। अत: यो त्यही शुभ आदत हो जसद्वारा त्यसको त्यो प्राकृतिक (स्वाभाविक) अवस्था एउटा महान सदाचारमा परिवर्तित हुन जान्छ र त्यसबाट त्यसको सामाजिक आवश्यकतामाथि पनि केही फरक पर्ने छैन। यही नै त्यो सदाचार हो जसलाई 'एहसान' अर्थात् दोषरहित र 'ईफ्फत' अर्थात् पवित्रता भनिन्छ।

दुराचार र दुष्कर्मत्याग सम्बन्धी सदाचारहरूमध्ये विश्वसनीयता र इमानदारी पनि एउटा सदाचार रहेको छ अर्थात् अर्काको धनमाथि दुष्टता र कुधारणाका साथ कब्जा गरी त्यसलाई कष्ट दिनप्रति राजी नहुनु। अत: विश्वसनीयता र इमानदारी मनुष्यका प्राकृतिक अवस्थाहरूमध्ये एउटा अवस्था हो भन्ने कुरो स्पष्ट होस्। यसैकारण एउटा दूध पिउने बालक जो कलिलो उमेरको भएकाले स्वाभाविक रूपमा सीधा र सरल हुन्छ तथा नाबालिग हुनाले कुनै दुष्चरित्रहरूको बानी त्यसमा बसेको हुँदैन फलस्वरूप परायाहरूका वस्तुहरूलाई अत्यन्त घृणित दृष्टिले हेर्नेगर्छ र पराई महिलाको दूध पनि सहजै पिउन मान्दैन। यदि अचेतन अवस्थावा कुनै धाईआमा नियुक्त नगरिएको रहेमा चेतनावस्थामा त्यसलाई अर्काको दूध खुवाउनु अति कठिनाई पर्नजान्छ। त्यसले आफ्नो ज्यानलाई कष्टमा पार्छ र सम्भवत: त्यस कष्टका कारण ज्यान पनि फालला तर त्यसले पराई महिलाको दूध पिउन भने स्वाभाविक रूपमा कदापि रूचाउँदैन। यतिसम्म घृणा गर्नुको कारण के हो ? यही नै, अर्थात त्यसले आफ्नी आमालाई छाडि पराई (महिला) को वस्तुलाई स्वाभाविक रूपमा घृणा गर्छ। अब हामी बालकको त्यस बानीलाई जब गम्भीर दृष्टिले हेर्छौं र त्यसप्रति ध्यान दिन्छौं तथा चिन्तन मनन गर्दै त्यसको त्यो बानीको तहसम्म पुग्छौं तब हामीलाई स्पष्टरूपमा के थाहा लाग्छ भने बिरानाहरूको वस्तुप्रति त्यति अधिक घृणा गर्ने त्यो बानी जसले

गर्दा (बालकले) स्वयममाथि अत्याचार समेत गर्नपुग्छ, त्यहीनै 'दयानत' अर्थात विश्वसनीयता तथा 'अमानत' अर्थात ईमानदारीको मूल हो। अत: विश्वसनीयता नामक सदाचारमा कुनै व्यक्ति तबसम्म साँचो ठहरदैन जबसम्म त्यसको मनमा बालकझै अर्काको धनप्रति वास्तविक घृणा र अरुचि उत्पन्न हुदैन। परन्तु बालकले त्यस आदतलाई आफ्नो स्थिति र अवसर अनुकूल प्रयोग गर्दैन फलत: आफ्नो बेकुफीले गर्दा धैरै दुख र कष्ट झेल्छ। त्यसैले उसको त्यो आदत अथवा बानी केवल एउटा प्राकृतिक अवस्था हो जसलाई उसले अनायास प्रकट गर्छ। त्यसकारण त्यो क्रिया त्यसको चरित्रमा गणना हुनसक्दैन यद्यपि मानवीय प्रकृतिमा दयानत र अमानत नामक सदाचारको प्रकृत मूल त्यही नै हो। जस्तै बालक त्यस अविचारित क्रियाद्वारा विश्वसनीय र ईमानदार कहलाउन सक्दैन त्यस्तै नै त्यो व्यक्ति पनि त्यस चरित्रको स्वामी हुन सक्दैन जसले त्यस प्राकृतिक अवस्था अथवा गुणलाई यथावत स्थिति र अवसर अनुरूप प्रयोग गर्दैन। विश्वसनीय र ईमानदार बन्नु अत्यन्त गम्भीर कुरो हो जबसम्म मानिसले त्यसका समस्त पक्षहरू पूरा गर्दैन ईमानदार र विश्वसनीय बन्नसक्दैन। अल्लाह तआलाले नमूनाको रूपमा ईमानदारीको तरीका निम्नलिखित आयतहरूमा वर्णन गरेका छन र त्यो तरीका यसप्रकार रहेको छ :-

وَلَا تُؤْتُوا السُّفَهَآءَ اَمْوَالَكُمُ الَّتِيْ جَعَلَ اللّٰهُ لَكُمْ قِيٰمًا وَّارْزُقُوْهُمْ فِيْهَا
وَاكْسُوْهُمْ وَقُوْلُوْا لَهُمْ قَوْلًا مَّعْرُوْفًاo وَابْتَلُوا الْيَتٰمٰى حَتّٰٓى اِذَا بَلَغُوا
النِّكَاحَ فَاِنْ اٰنَسْتُمْ مِّنْهُمْ رُشْدًا فَادْفَعُوْٓا اِلَيْهِمْ اَمْوَالَهُمْ وَلَا تَاْكُلُوْهَآ
اِسْرَافًا وَّبِدَارًا اَنْ يَّكْبَرُوْا وَمَنْ كَانَ غَنِيًّا فَلْيَسْتَعْفِفْ وَمَنْ كَانَ فَقِيْرًا
فَلْيَاْكُلْ بِالْمَعْرُوْفِ فَاِذَا دَفَعْتُمْ اِلَيْهِمْ اَمْوَالَهُمْ فَاَشْهِدُوْا عَلَيْهِمْ
وَكَفٰى بِاللّٰهِ حَسِيْبًاo[1]

وَلْيَخْشَ الَّذِيْنَ لَوْ تَرَكُوْا مِنْ خَلْفِهِمْ ذُرِّيَّةً ضِعٰفًا خَافُوْا عَلَيْهِمْ
فَلْيَتَّقُوا اللّٰهَ وَلْيَقُوْلُوْا قَوْلًا سَدِيْدًاo اِنَّ الَّذِيْنَ يَاْكُلُوْنَ اَمْوَالَ الْيَتٰمٰى
ظُلْمًا اِنَّمَا يَاْكُلُوْنَ فِيْ بُطُوْنِهِمْ نَارًا وَسَيَصْلَوْنَ سَعِيْرًاo[2]

---

1. The Holy Quran, an-Nisa' 4:6-7
2. The Holy Quran, an-Nisa' 4:10-11

अनुवाद :- अर्थात् तिमीहरूमध्ये यदि कोही यस्तो धनवान व्यक्ति जो बुद्धिमान नरहेमा र त्यो टुहुरो अथवा नाबालिग रहेमा तथा त्यसले आफ्नो मुख्र्यर्याइका कारण आफ्नो धनको विनाश गर्ला भन्ने आशङ्का रहेमा (अभिभावकस्वरूप) त्यसको समस्त धन संरक्षकको रूपमा आफ्नो कब्ज़ामा राख र त्यो सम्पूर्ण धन जुन जीविका र व्यपार व्यवस्थाको आधार रहेको छ ती बेकुफहरूका सुपुर्द नगर। परन्तु त्यस धनबाट खाने र पहिरने खर्च तिनीहरूको आवश्यकतानुसार दिने गर तथा तिनीहरूलाई उत्तम उपदेशहरूको पाठ दिंदैजाऊ अर्थात यस्ता कुराहरू जसबाट तिनीहरूको बुद्धि र समझदारी बढोस्। यसप्रकार तिनीहरूको एक रंगमा यथोचित प्रशिक्षण होस र तिनीहरू अज्ञानी र अनुभवहीन नरहून। यदि तिनीहरू व्यपारीका सन्तान रहेमा तिनीहरूलाई व्यपारका तरीकाहरू सिकाऊ र यदि अन्य कुनै व्यवसायका रहेमा त्यही व्यवसाय अनुसार तिनीहरूलाई पोख्त बनाऊ। अत: संगसंगै तिनीहरूलाई शिक्षा दिँदैजाऊ र आफ्नो शिक्षाको समय समयमा परीक्षा लिने गर ता तिमीहरूले सिकाएका कुराहरू तिनीहरूले बुझे बुझेनन भन्ने कुराको ज्ञात होस्। अत: जब तिनीहरू विवाहयोग्य उमेरका हुनेछन अर्थात् जब प्राय: अठार वर्षको आयु हुनेछ र यदि तिनीहरूमा आफ्नो धनको सुरक्षा र व्यवस्था गर्ने बुद्धि आयो भन्ने तिमीहरूलाई लागेमा तिनीहरूको धन तिनकै सुपुर्द गर। तथा अपव्ययको रूपमा तिनीहरूको धन खर्च नगर। यसैगरी तिनीहरू ठूला भएर आफ्नो धन लैजालान भन्ने डरले चाँडो-चाँडो गरी तिनीहरूको धनलाई हानि नपुऱ्याऊ। जो व्यक्ति धनवान रहेको छ त्यसले तिनीहरूको धनबाट सेवाको बदलामा कुनै मूल्य नलियोस् परन्तु यदि कोही निर्धन रहेमा यथोचित रूपमा लिन सक्छ।

अरब देशमा धनका संरक्षकहरूका लागि यो नियम प्रचलित थियो, अर्थात् यदि टुहुराहरूका व्यवस्थापकहरूले तिनीहरूको धनबाट (केही) लिन चाहेमा यथासम्भव त्यो नियमको पालना गर्थे र जे जति टुहुराको धनलाई व्यपारबाट लाभ पुग्थ्यो त्यसबाट स्वयम पनि लिने गर्थे र मूलधनलाई भने बिगार्दैनथे। अत: यहाँ त्यही आदततर्फ संकेत गरिएको छ ता तिमीहरूपनि त्यसै गर्ने गर। पुन: भनिएको छ, जब तिमीहरूले टुहुराहरूको धन फर्काउन लाग्छौ तब साक्षीहरूका सामन्ने तिनीहरूलाई तिनको धन देऊ। जो व्यक्ति मरणावस्थामा पुग्छ र त्यसका साना साना नाबालिक सन्तानहरू रहेमा त्यसले कुनै यस्तो वसियत नगरोस जसबाट सन्तानको अधिकार मारिन जान्छ। जो व्यक्तिहरू त्यसरी टुहुराहरूको धन खान्छन जसबाट टुहुराहरूप्रति अत्याचार हुनजान्छ तिनीहरूले वस्तुत: धन होइन अपितु आगो खान्छन्। अत:

अन्तमा तिनीहरूलाई जलाउने आगोमा हालिनेछ।

अब हेर खुदा तआलाले विश्वसीनयता तथा ईमानदारीका कति धेरै पक्षहरू वर्णन गरिदिएका छन्। अत: वास्तविक विश्वसीनयता र इमानदारी त्यही हो जसमा यी सबै पक्षहरू पाइन्छन्। यदि समस्त बुद्धि र विवेक प्रयोग गरी इमानदारीमा सबै पक्षहरूप्रति ध्यान नपुऱ्याएको खण्डमा त्यस्तो विश्वसनीयता र इमानदारीमा कपितय गुप्त धोकाहरू संलग्न रहनेछन्। पुन: एउटा अर्को स्थानमा वर्णन गरेका छन्

وَلَا تَأْكُلُوْٓا اَمْوَالَكُمْ بَيْنَكُمْ بِالْبَاطِلِ وَتُدْلُوْا بِهَآ اِلَى الْحُكَّامِ لِتَاْكُلُوْا
فَرِيْقًا مِّنْ اَمْوَالِ النَّاسِ بِالْاِثْمِ وَاَنْتُمْ تَعْلَمُوْنَo[1]
اِنَّ اللّٰهَ يَاْمُرُكُمْ اَنْ تُؤَدُّوا الْاَمٰنٰتِ اِلٰٓى اَهْلِهَا[2]
اِنَّ اللّٰهَ لَا يُحِبُّ الْخَآئِنِيْنَo[3] وَاَوْفُوا الْكَيْلَ اِذَا كِلْتُمْ وَزِنُوْا بِالْقِسْطَاسِ
الْمُسْتَقِيْمِ[4] وَلَا تَبْخَسُوا النَّاسَ اَشْيَآءَهُمْ وَلَا تَعْثَوْا فِى الْاَرْضِ
مُفْسِدِيْنَ[5] وَلَا تَتَبَدَّلُوا الْخَبِيْثَ بِالطَّيِّبِ[6]

अर्थात् परस्पर एक अर्काको धन अवैधरूपमा न खाने गर न त आफ्नो धन घूसको रूपमा हाकिमहरूसमक्ष अरूको धन दबाउनका लागि तिनीहरूको सहयोग प्राप्तगर्ने इच्छाले पुऱ्याउने गर। अमानतहरू तिनका हकदारहरूलाई फर्काउने गर। खुदाले गवनगर्ने धोकेबाजहरूलाई मन पऱ्याउँदैनन्।

जब तिमीहरू नाप्छौ तब पूरा-पूरा नाप र जब तौल गर्छौ तब पूरा र सीधा तराजु राखी तौलने गर। तथा कुनै प्रकारले मानिसहरूलाई तिनीहरूको धनमा र सम्पत्तिमा हानि नपुऱ्याऊ। तथा उपद्रो गर्ने नियत लिएर संसारमा डुल्ने नगर। अर्थात् चोरी गर्ने अथवा डाका मार्ने र कसैको खल्ती काट्ने अथवा कुनै अन्य तरीकाले अर्काको धनमाथि कब्जा गर्ने नियत लिएर। पुन: तिमीहरू राम्रो वस्तुको सट्टामा

1. The Holy Quran, al-Baqarah 2:189
2. The Holy Quran, an-Nisa' 4:59
3. The Holy Quran, al-Anfal 8:59
4. The Holy Quran, Bani Isra'il 17:36
5. The Holy Quran, ash-Shu'ara' 26:184
6. The Holy Quran, an-Nisa' 4:3

नराम्रो र रद्दी वस्तुहरू दिने नगर अर्थात् जसरी अरूको धन हडप्नु अवैध र अनुचित रहेको छ त्यसैगरी सडे बिग्रिएका वस्तुहरू बेच्नु अथवा उत्तम वस्तुको बदलामा नराम्रो वस्तु दिनु पनि अनुचित रहेको छ भनी आदेश दिएका छन्।

उपरोक्त सबै आयतहरूमा खुदा तआलाले बेइमानी र धोकेबाजीका समस्त तरीकाहरू वर्णन गरिदिएका छन्। तथा यस्तो सर्वाङ्गीण वाणी प्रस्तुत गरेका छन जसमा बेइमानीको कुनै पक्ष चर्चाविहीन रहेको छैन। केवल तिमी चोरी नगर मात्र भनेनन जसबाट एउटा अबुझ व्यक्तिले मेरा निम्ति केवल चोरी गर्नु अवैध र अनुचित रहेको छ परन्तु अन्य सबै अनुचित कार्यहरू गर्नु वैध रहेको छ भन्ने धारणा गरोस् अपितु उक्त सर्वाङ्गीण वाणीद्वारा समस्त अवैध र अनुचित तरीकाहरूलाई निषेधित घोषित गर्नु यही नै तथ्यपूर्ण वर्णन रहेको छ। अत: यदि कुनै व्यक्तिमा उक्त दृष्टिकोण र तपसिलका साथ विश्वसनीयता र इमानदारीको आचरण पाइँदैन भने र त्यसले ती समस्त पक्षहरूलाई ध्यानमा राख्दैन भने विश्वसनीयता र इमानदारी केही कुराहरूमा त्यसले प्रदर्शित गरेतापनि त्यो क्रिया त्यसको इमानदारी नामक सदाचारमा प्रविष्ट मानिनेछैन। अपितु त्यो एउटा स्वाभाविक अवस्था नै हुनेछ जुन बुद्धि र ज्ञानको पारदर्शितारहित रहेको छ।

दुष्कर्म त्यागसम्बन्धी तेस्रो सदाचारलाई अरबी भाषामा 'हुद्ना र हौनुन्' भनिन्छ। अर्थात् अरूलाई अत्याचारपूर्वक शरीरिक कष्ट नदिनु तथा हिंसारहित बनी मैत्रीपूर्ण जीवनयापन गर्नु। अत: मैत्रीभाव निस्सन्देह एउटा महान सदाचार रहेको छ र मानवताका निम्ति पनि अत्यन्त आवश्यकीय छ। यस सदाचारसित मिल्दो प्राकृतिक शक्ति जुन बालकमा पाइन्छ त्यो स्नेह र अनुराग हो जसको न्यायसंगत प्रयोगबाट उक्त सदाचार बन्दछ। मानिस केवल प्राकृतिक (स्वाभाविक) अवस्थामा अर्थात् जब त्यो विवेकहीन अवस्थामा रहेको हुन्छ सन्धि र मैत्रीको विषयलाई बुझ्न सक्दैन। न त त्यसले युद्धको विषयलाई नै बुझ्न सक्छ भन्ने कुरो स्पष्ट छ। अत: त्यससमय त्यसमा जुन एउटा मैत्री अनुकूल स्वभाव पाइन्छ त्यही नै मैत्रीभावको एउटा मूल हो। परन्तु किनभने त्यसलाई बुद्धि र चिन्तनमनन तथा विशेष इच्छाद्वारा अपनाइएको हुदैन त्यसकारण त्यो सदाचार हुनसक्दैन अपितु त्यो तब मात्र सदाचारमा परिणत हुन्छ जब मानिसले इच्छापूर्वक स्वयमलाई अहिंसक बनाई मैत्रीभावको सदाचारलाई आफ्नो यथोचित मौका र महलमा प्रयोग गर्छ र अनुचित मौका र महलमा प्रयोग गर्नबाट परहेज गर्छ। यसबारे अल्लाह तआलाले यो शिक्षा दिएका छन् :-

وَاَصۡلِحُوۡا ذَاتَ بَیۡنِکُمۡ[1] وَالصُّلۡحُ خَیۡرٌ[2] وَاِنۡ جَنَحُوۡا لِلسَّلۡمِ
فَاجۡنَحۡ لَهَا[3] وَعِبَادُالرَّحۡمٰنِ الَّذِیۡنَ یَمۡشُوۡنَ عَلَی الۡاَرۡضِ هَوۡنًا[4] وَاِذَا
مَرُّوۡا بِاللَّغۡوِمَرُّوۡا کِرَامًا ۝[5] اِدۡفَعۡ بِالَّتِیۡ هِیَ اَحۡسَنُ فَاِذَا الَّذِیۡ بَیۡنَکَ وَبَیۡنَهٗ
عَدَاوَةٌ کَاَنَّهٗ وَلِیٌّ حَمِیۡمٌ ۝[6]

अर्थात् परस्पर एक आपसमा सन्धि गर्ने गर। सन्धिमा नै कल्याण रहेको छ। जब तिनीहरूले सन्धि गर्ने इच्छा गर्छन तब तिमीहरू पनि हात बढाऊ। खुदाका सज्जन भक्तहरू मैत्रीभावका साथ पृथ्वीमा हिड्ने गर्छन् तथा यदि कुनै यस्तो अनर्थ कुरो कसैबाट सुनेमा जुन लडाइँ गराउने अथवा विवाद खडागर्ने विषयमा रहेमा भलाइस्वरूप त्यसमा नपरि अघि बढ्छन्। यसैगरी साना साना कुरामा झगड़ा गर्न आरम्भ गर्दैनन्। अर्थात् कुनै ठूलो आघात नपरेसम्म हङ्गामा गर्नु उचित ठान्दैनन्। अत: साना साना कुराहरूलाई चर्चामा नल्याउनु र माफ गर्नु नै मैत्री र सन्धिको औसर पक्रिने सिद्धान्त हो। उक्त आयतमा जुन लग़्व (अनर्थ) शब्द आएको छ, अरबी भाषामा लघु त्यस क्रियालाई भनिन्छ मानौं कुनै व्यक्तिले दुष्टयाइँपूर्वक यस्तो बकवाद गर्छ अथवा कसैलाई दुख दिने नियत लिएर यस्तो कार्य गर्छ जसबाट वस्तुत: कुनै प्रकारको हानि भने पुग्दैन। अत: मैत्रीभावको लक्षयण नै यस्ता अनर्थ कुराहरूलाई अनदेखा गर्नु र भलाइपना प्रकट गर्नु हो। परन्तु दुष्टयाइँ केवल लग़्व (अनर्थ) कुरोमा सीमित नरही त्यसबाट ज्यान, धन र सम्मानप्रति आघात पुग्नजान्छ भने मैत्रीभावको सदाचारसित त्यसको कुनै सम्बन्ध छैन, अपितु यदि यस्तो दुष्कर्मलाई क्षमा गरिन्छ भने त्यस सदाचारको नाम 'अफू' रहेको छ। यसबारे पछि चर्चा हुनेछ। पुन: उनले भेनका छन् – जो व्यक्ति दुष्टयाइँका साथ कुनै प्रकारको बकवाद गर्छ तिमीहरू उत्तमरूपमा त्यसलाई सन्धिपूर्ण उत्तर देऊ तब त्यसगुणले गर्दा शत्रुपनि मित्र बन्नपुग्नेछ। अतएवं मैत्रीभावका साथ माफ गर्ने औसर केवल त्यसस्तरको दुर्व्यवहार रहेको छ जसबाट वस्तुत: कुनै हानि पुग्दैन

1. The Holy Quran, al-Anfal 8:2
2. The Holy Quran, an-Nisa' 4:129
3. The Holy Quran, al-Anfal 8:62
4. The Holy Quran, al-Furqan 25:64
5. The Holy Quran, al-Furqan 25:73
6. The Holy Quran, Ha Mim as-Sajdah 41:35

केवल शत्रुको अपशब्द अथवा बकवादसम्म सीमित हुन्छ।

दुष्कर्म र दुष्टयाइँ त्यागसम्बन्धी सदाचारको चौथो प्रकार 'रिफ्क़' (अर्थात् नम्रता) तथा 'क़ौले हसन्' (अर्थात् मधुर वचन) रहेको छ। यो सदाचार जुन प्राकृतिक अवस्थाबाट उत्पन्न हुन्छ त्यसको नाम 'तलाक़त्' अर्थात् प्रफुल्लमुहार हो। बालकले जबसम्म कुरा गर्नजान्दैन तबसम्म नम्र व्यवहार र मधुरवचनको सट्टा प्रफुल्ल मुहार प्रदर्शित गर्छ। नम्र व्यवहारको स्रोत जहाँबाट त्यो हाँगो निस्कन्छ 'तलाक़त्' अर्थात प्रफुल्लमुहार नै हो भन्ने कुराको तर्क यही नै हो। प्रफुल्लता एउटा (प्राकृतिक) शक्ति हो तथा 'रिफ्क' अर्थात् नम्र व्यवहार एउटा सदाचार हो जुन त्यस शक्तिलाई यथोचित मौका र महलमा प्रयोग गर्नाले उत्पन्न हुनजान्छ। यसबारे खुदा तआलाको शिक्षा निम्नानुसार रहेको छ :-

وَقُوْلُوْا لِلنَّاسِ حُسْنًا[1]

لَا يَسْخَرْ قَوْمٌ مِّنْ قَوْمٍ عَسٰۤى اَنْ يَّكُوْنُوْا خَيْرًا مِّنْهُمْ وَلَا نِسَآءٌ مِّنْ نِّسَآءٍ
عَسٰۤى اَنْ يَّكُنَّ خَيْرًا مِّنْهُنَّ وَلَا تَلْمِزُوْۤا اَنْفُسَكُمْ وَلَا تَنَابَزُوْا بِالْاَلْقَابِ[2]
اِجْتَنِبُوْا كَثِيْرًا مِّنَ الظَّنِّ اِنَّ بَعْضَ الظَّنِّ اِثْمٌ وَّلَا تَجَسَّسُوْا وَلَا يَغْتَبْ
بَّعْضُكُمْ بَعْضًا....... وَاتَّقُوا اللّٰهَ اِنَّ اللّٰهَ تَوَّابٌ رَّحِيْمٌ[3] وَلَا تَقْفُ مَا
لَيْسَ لَكَ بِهٖ عِلْمٌ اِنَّ السَّمْعَ وَالْبَصَرَ وَالْفُؤَادَ كُلُّ اُولٰٓئِكَ كَانَ عَنْهُ
مَسْئُوْلًا[4]

अर्थात् मानिसहरूलाई ती कुराहरू भन जुन वस्तुत: उत्तम रहेका छन्। एउटा जातिले अर्को जातिप्रति ठट्टा नगरोस् किनभने जसप्रति ठट्टा गरिएको छ सम्भवत: तिनीहरू नै उत्तम हुनसक्छन्। यसैगरी कुनै महिलाहरूले अन्य कुनै महिलाहरूसित ठट्टा नगरून किनभने जसप्रति ठट्टा गरिएको छ सम्भवत: तिनीहरू नै उत्तम हुन सक्छन्। तथा दोष न लगाऊ। आफ्ना मानिसहरूका नराम्रा नामहरू राख्ने नगर।

1. The Holy Quran, al-Baqarah 2:84
2. The Holy Quran, al-Hujurat 49:12
3. The Holy Quran, al-Hujurat 49:13
4. The Holy Quran, Bani Isra'il 17:37

कुभावनाका कुराहरू नगर, न त दोषहरूबारे खोतली खोतलीकन सोध्ने गर। एक अर्काको परस्पर सिकायत नगर। कसैप्रति यस्तो आक्षेप नलगाऊ जसको तिमीहरूसित कुनै प्रमाण छैन। स्मरण राख, किनभने प्रत्येक अङ्गको पकड हुनेछ तथा कान र आँखा तथा मन इत्यादि प्रत्येकलाई सोधिनेछ।

# पुण्यप्राप्ति सम्बन्धी आचरणहरू

कुकर्म त्याग सम्बन्धी आचरणहरूको समाप्तिपछि अब पुण्य प्राप्तिका आचरणहरूको चर्चा गरिनेछ। पुण्यप्राप्ति सम्बन्धी आचरणहरूको दोस्रो प्रकारको वर्णनमा पहिलो आचरण 'अफ्व' अर्थात् माफी रहेको छ। अर्थात् कसैको पापप्रति र अपराधप्रति त्यसलाई माफ गर्नु। यस कार्यमा पुण्यप्राप्ति के हो भने जसले पाप गर्छ त्यसले एउटा हानि पुऱ्याउँछ र त्यो एउटा दण्डको पात्र बन्छ र बन्दी बनने अथवा जरिमाना भर्ने अथवा पीडितको हातबाट कुटाइखानेयोग्य बन्छ। अतः यदि क्षमा गर्नु उचित रहेमा त्यसलाई क्षमा गर्नु त्यसको पक्षमा त्यो पुण्य हुनेछ। यसबारे पवित्र कुरानको शिक्षा निम्नानुसार रहेको छ :-

وَالْكَاظِمِيْنَ الْغَيْظَ وَالْعَافِيْنَ عَنِ النَّاسِ[1] جَزٰٓؤُا سَيِّئَةٍ سَيِّئَةٌ مِّثْلُهَا

فَمَنْ عَفَا وَاَصْلَحَ فَاَجْرُهٗ عَلَى اللّٰهِ[2]

अर्थात् भलाद्मी तिनीहरू नै हुन जसले क्रोध दबाउने अवसरमा आफ्नो क्रोध दबाउँछन तथा क्षमा गर्ने अवसरमा पापप्रति क्षमा गर्छन्। अपराधको दण्ड त्यस अपराध बराबर रहेको छ जति अपराध भएको छ। परन्तु जुन व्यक्तिले अपराधप्रति क्षमा गर्छ र यस्तो अवसरमा क्षमा गर्छ जसबाट कुनै सुधार होस कुनै अशान्ति नफैलियोस अर्थात् त्यो क्षमा स्थिति र अवसरानुकूल होस प्रतिकूल नहोस, तब त्यसको प्रतिदान उसले प्राप्त गर्नेछ।

उक्त आयत (श्रुति) बाट के स्पष्ट हुन्छ भने पवित्र कुरआनले बिनाकारण प्रत्येक स्थान र स्थितिमा उपद्रो र अपराध तथा दुष्टयाइँको मुकाबिला नगरियोस तथा दुष्टहरू र अत्याचारीहरूलाई दण्ड नदिइयोस भन्ने शिक्षा दिदैन अपितु त्यो मौका र महल क्षमा गर्ने अनुकूल छ अथवा दण्ड दिने अनुकूल भन्ने कुरोप्रति ध्यान दिने शिक्षा

1. The Holy Quran, al-e-'Imran 3:135
2. The Holy Quran, ash-Shura 42:41

दिन्छ। अत: अपराधीको पक्षमा र दोस्रोतर्फ जनताको पक्षमा जुन कुरो वस्तुत: उचित ठहर्छ त्यही उपाय अपनाइयोस् भन्ने शिक्षा दिन्छ। कुनै समयमा एउटा अपराधीलाई त्यसको अपराधप्रति क्षमा गर्नाले त्यसले प्रायश्चित्त गर्छ र कुनै समयमा भने एउटा अपराधीलाई क्षमा गर्नाले त्यो अझ ढीठो हुनजान्छ। अत: अन्धाहरूझैं पापप्रति केवल क्षमागर्ने बानी नबसाल अपितु वास्तविक पुण्य र भलाई कुनकुरामा छ भन्ने कुरोप्रति ध्यान देऊ भनी खुदा तआलाले आदेश दिएका छन्। अत: जुन कुरो मौका र महल अनुकूल रहेको छ त्यही नै गर। मानिसहरूप्रति ध्यान दिनाले के स्पष्ट हुन्छ भने केही व्यक्तिहरू अत्यन्त द्वेषभाव पालने गर्छन कतिसम्म भने पिता पुर्खाहरूको द्वेष (शत्रुता) लाई पनि स्मरण राख्नेगर्छन्। यसैगरी केही व्यक्तिहरू भने माफी र क्षमा गर्ने बानीलाई हदसम्म पुऱ्याउँछन र कहिलेकाहीं यस बानीको अधिकताले गर्दा धृष्टतासम्म कुरो पुग्नजान्छ र यस्ता लज्जापूर्ण सहिष्णुता, माफी र क्षमादानहरू तिनीहरूद्वारा प्रदर्शित हुन्छन् जुन स्वाभिमानी, पौरख र पवित्रताविरुद्ध रहेका हुन्छन्। अपितु तिनले सदाचारप्रति कलङ्कको दाग लगाउँछन्। यस्ता क्षमादान र माफीको परिणाम देखेर त सबैजना त्राहि त्राहि भन्नलान्छन्। यिनै बिगाडहरूका आधारमा पवित्र कुरानमा प्रत्येक सदाचार र आचरणका लागि मौका र महलको सर्त तोकिएको छ। र यस्तो सदाचारलाई स्वीकारेको छैन जुन बेमौका र बेमहल प्रदर्शित हुनजान्छ। केवल माफीलाई मात्र सदाचरण भन्न मिल्दैन अपितु त्यो एउटा प्राकृतिक शक्ति हो जुन बालकहरूमा पनि पाइन्छ। बालकलाई जसको हातबाट चोटलाग्छ यद्यपि त्यो चोट ख्यालख्यालमा नै किन नलागोस केही समयपश्चात त्यसले त्यो घटनालाई बिर्सिन्छ र पुन:त्यस व्यक्तिको काखमा प्रेमपूर्वक बस्नपुग्छ। तथा यदि यस्तो व्यक्तिले त्यस बालकलाई मार्ने नियत गरेको भएतापनि त्यो बालक त्यसको केवल मिठो वचनप्रति प्रसन्न हुनजान्छ। अत: यस्तो माफी कुनैप्रकारको आचरणमा गनिदैन। त्यो तबमात्र आचरणमा प्रविष्ट हुन्छ जब हामी त्यसलाई मौका र महलानुकूल प्रयोग गर्छौं अन्यथा त्यो केवल एउटा प्राकृतिक शक्तिमात्र हुनेछ। संसारमा अति कम संख्यामा यस्ता व्यक्तिहरू रहेका छन जसले प्राकृतिक शक्ति र आचरणमा अन्तर गर्न जान्दछन्। मैले बारम्बार वास्तविक सदाचार र प्राकृतिक अवस्थाहरूमा रहेको अन्तरबारे वर्णन गरिसकेको छु अर्थात् सदाचार सदा मौका र महलको पाबन्दीका साथ प्रदर्शित हुन्छ भने प्राकृतिक अवस्था चाहिं मौका र महल बिना नै प्रकट हुनजान्छ। साधारणत: चौपायाहरूमध्ये गाई पनि सरल स्वभावको हुन्छ र बाख्रो पनि नम्रहृदयी हुन्छ। परन्तु हामीले तिनीहरूलाई यसै कारणले सदाचारी भन्न सक्दैनौं किनभने तिनीहरलाई

मौका र महलको ज्ञान दिइएको छैन। परमेश्वरको तत्तज्ञानपूर्ण र उनको साँचो तथा सर्वाङ्गपूर्ण पुस्तक (कुरआन) ले प्रत्येक सदाचारका साथ मौका र महलको सर्त जोडेको छ।

पुण्य प्राप्तिका सदाचारहरूमध्ये दोस्रो सदाचार 'अदल्' (न्याय) रहेको छ। तेस्रो उपकार तथा चौथो चाहिं 'ईताए ज़ील् क़ुर्बा' अर्थात आत्मीय कुटुम्बसित गरिने स्वाभाविक जोसपूर्ण दया र सहानुभूतिझै पुण्य र दयापूर्ण व्यवहार गर्नु। जस्तै अल्लाह तआलाले वर्णन गरेका छन :-

اِنَّ اللّٰہَ یَاۡمُرُ بِالۡعَدۡلِ وَالۡاِحۡسَانِ وَاِیۡتَآیِٔ ذِی الۡقُرۡبٰی وَیَنۡہٰی عَنِ الۡفَحۡشَآءِ وَالۡمُنۡکَرِ وَالۡبَغۡیِ۔[1]

अर्थात् अल्लाह तआलाको आदेश छ, पुण्यको सट्टा पुण्य गर तथा यदि न्याय भन्दा माथिगएर उपकार गर्ने अवसर र स्थिति रहेमा उपकार गर। यसैप्रकार यदि उपकारभन्दा पनि माथिगएर आत्मीय कुटुम्बहरूसित जस्तो स्वाभाविक जोसका साथ पुण्य र भलाई गर्ने अवसर रहेमा स्थिति अनुरूप स्वाभाविक सहानुभूतिका साथ पुण्य गर। खुदा तआलाले सीमोल्लङ्घन गर्नबाट मनाही गरेका छन्। अथवा उपकारका सम्बन्धमा बुद्धि र विवेक विपरीत तिमीहरूबाट कुनै क्रिया प्रदर्शित नहोस् अर्थात तिमीहरू न त मौका र महल विपरीत उपकार गर न अवसरानुरूप उपकाार गर्नबाट पछि हट्ने गर। यसैप्रकार न तिमीहरू अवसरानुरूप आत्मीय कुटुम्बसित गरिने स्वाभाविक दयापूर्ण व्यवहारझैं पुण्य गर्ने सदाचारमा कमी गर न त (अनुचित रूपमा) अत्यधिक दयाको वृष्टि गर। उक्त पवित्र आयतमा पुण्यप्राप्तिका तीनवटा दर्जाहरू वर्णन गरिएका छन् :-

पहिलो दर्जा पुण्यको सट्टा पुण्य गर्नु हो। यो निम्न दर्जा रहेको छ। एकजना साधारण दर्जाको भलाद्मीले पनि आफूसित पुण्य गर्ने व्यक्तिहरूको पुण्य गर्ने यो सदाचार प्राप्त गर्नसक्छ।

दोस्रो दर्जा यो भन्दा कठिन छ र त्यो के हो भने आरम्भमा स्वयमले पुण्य गर्नु र कसैको अधिकार र हक बिनानै उपकारस्वरूप त्यसलाई लाभ पुऱ्याउनु। यो सदाचार मध्यम दर्जाको हो। धेरैजसो व्यक्तिहरूले गरीबहरूमाथि उपकार गर्नेगर्छन परन्तु यस उपकारमा एउटा गुप्तदोष के रहेको हुन्छ भने उपकार गर्ने व्यक्तिले जब मैले उपकार

1. The Holy Quran, an-Nahl 16:91

गरेको छु भने कम से कम मेरो उपकारको बदलामा धन्यवाद र मङ्गल कामना त मैले पाउनैपर्छ भन्ने ठान्दछ र यदि कोही उपकार गरिएको व्यक्ति उसको विरोधी हुन पुगेमा त्यसको नाम कृतघ्न राख्छ। कहिलेकाहीं त आफ्नो उपकार जताएर त्यसमाथि उसले उठाउन नसक्ने बोझ लादिदिन्छ। त्यसकारण उपकार गर्ने व्यक्तिहरूलाई सावधान गर्नका निम्ति खुदा तआलाको आदेश यसप्रकार छ :-

لَا تُبْطِلُوْا صَدَقٰتِكُمْ بِالْمَنِّ وَالْاَذٰى [1]

अर्थात् हे उपकार गर्नेहरूहो। आफ्ना दान पुण्यहरूलाई जसको आधार सत्य र निष्ठामाथि हुनु अनिवार्य रहेको छ उपकार जताई तथा कष्ट दिएर नष्ट नगर। 'सद्क़ा' (अर्थात् दान) शब्द 'सिदक़' (अर्थात सत्य अथवा निष्ठा) बाट बनेको हो। अत: यदि हृदयमा सत्य र निष्ठा नरहेमा त्यो ''सद्क़ा' अर्थात् दान दान हुनसक्दैन अपितु त्यो एउटा देखावटी क्रियामात्र हुनजान्छ। अत: उपकार गर्ने व्यक्तिमा एउटा दोष हुन्छ र त्यो के हो भने कहिलेकाहीं क्रोधमा आएर आफ्नो उपकार स्मरण गराउँछ। त्यसैकारण खुदा तआलाले उपकार गर्ने व्यक्तिहरूलाई सावधान गरेका छन्।

पुण्यप्राप्तिको तेस्रो दर्जा जुन खुदा तआलाले वर्णन गरेका छन त्यो हो उपकारको भावनारहित र धन्यवाद प्राप्तिको इच्छा बिना नै केवल सहानुभूतिको भावनाका साथ पुण्य गरियोस जस्तै एकजना अत्यन्त आत्मीय सम्बन्धी उदाहरणत: माताले केवल दया र सहानुभूतिको भावना र जोसका साथ आफ्नो पुत्रसित पुण्य गर्छिन्। पुण्यप्राप्तिको यो अन्तिम दर्जा हो र यो भन्दा माथि उन्नति गर्नु सम्भव छैन। परन्तु खुदा तआलाले यी सबै पुण्यप्राप्तिका दर्जाहरूलाई मौका र महलसित संलग्न गरिदिएका छन र उक्त पवित्र आयतमा के स्पष्ट पारिदिएका छन भने यदि यी पुण्यहरू आ-आफना अवसर र स्थिति अनुरूप नरहेमा यिनीहरू पाप बन्नपुग्छन्। न्यायको स्थानमा निर्लज्जता बन्छ। अर्थात् हदभन्दा माथि पुगेकाले त्यसले अपवित्र रूपधारण गर्छ जसलाई बुद्धि र विवेकले स्वीकार गर्दैन। र आत्मीय कुटुम्बप्रतिको सहानुभूतिको स्थानमा 'बग़्या' अर्थात् विद्रोह बन्नपुग्छ। अर्थात् त्यो मौका र महल विपरीतको सहानुभूतिको जोसले एउटा नराम्रो रूपधारण गर्नेछ। वास्तवमा 'बग़्या' त्यस वर्षालाई भनिन्छ जुन अत्यधिक बर्सन्छ र त्यसले खेतीबालीलाई नष्ट पार्छ। आवश्यक अधिकारको अदायगीमा कमी गर्नुलाई 'बग़्या' भनिन्छ भने अधिकारको अदायगीमा अनावश्यक अधिकता गर्नुलाई पनि 'बग़्या' भनिन्छ। अतएव यी तीनवटामध्ये जुन

1. The Holy Quran, al-Baqarah 2:265

मौका र महलमा प्रयोग हुदैन त्यहीनै दोषपूर्ण बन्नजान्छ। यसैकारण यी तीनवटैका साथ मौका र महलको सर्त लगाइएको छ। केवल न्याय अथवा उपकार र आत्मीय कुटुम्बप्रति गरिने सहानुभूतिस्वरूप सहानुभूतिलाई मात्र सदाचार भन्न सकिन्न भन्ने कुरो यस स्थानमा स्मरण रहोस्। किनभने मनुष्यमा यी सबै प्राकृतिक अवस्थाहरू र प्राकृतिक शक्तिहरू रहेका छन जुन बालकहरूमा पनि बुद्धिविवेक पलाउनुभन्दा पहिला पाइन्छन परन्तु सदाचारका निम्ति बुद्धि र विवेकको सर्त रहेको छ। यसैगरी प्रत्येक प्राकृतिक शक्तिले मौका र महलमा प्रयोग हुनु पनि सर्त रहेको छ।

पुन: उपकारका सम्बन्धमा अरू पनि आवश्यक आदेशहरू पवित्र कुरआनमा वर्णित छन र ती सबैलाई विशेषसूचक शब्दहरूमा प्रयोग गरी मौका र महलप्रति ध्यान दिनुपर्ने कुरोतर्फ संकेत गरेका छन्। जस्तै उनले वर्णन गरेका छन् :-

يَاَيُّهَا الَّذِيْنَ اٰمَنُوْآ اَنْفِقُوْا مِنْ طَيِّبٰتِ مَا كَسَبْتُمْ..... وَلَا تَيَمَّمُوا الْخَبِيْثَ مِنْهُ[1] لَا تُبْطِلُوْا صَدَقٰتِكُمْ بِالْمَنِّ وَالْاَذٰى كَالَّذِىْ يُنْفِقُ مَالَهٗ رِئَآءَ النَّاسِ[2]

وَاَحْسِنُوْا اِنَّ اللّٰهَ يُحِبُّ الْمُحْسِنِيْنَ ۝[3]

اِنَّ الْاَبْرَارَ يَشْرَبُوْنَ مِنْ كَاْسٍ كَانَ مِزَاجُهَا كَافُوْرًا ۝ عَيْنًا يَّشْرَبُ بِهَا عِبَادُ اللّٰهِ يُفَجِّرُوْنَهَا تَفْجِيْرًا ۝[4]

وَيُطْعِمُوْنَ الطَّعَامَ عَلٰى حُبِّهٖ مِسْكِيْنًا وَّيَتِيْمًا وَّاَسِيْرًا ۝ اِنَّمَا نُطْعِمُكُمْ لِوَجْهِ اللّٰهِ لَا نُرِيْدُ مِنْكُمْ جَزَآءً وَّلَا شُكُوْرًا ۝[5]

وَاٰتَى الْمَالَ عَلٰى حُبِّهٖ ذَوِى الْقُرْبٰى وَالْيَتٰمٰى وَالْمَسٰكِيْنَ وَابْنَ السَّبِيْلِ وَالسَّآئِلِيْنَ وَفِى الرِّقَابِ[6] اِذَآ اَنْفَقُوْا لَمْ يُسْرِفُوْا وَلَمْ يَقْتُرُوْا وَكَانَ بَيْنَ

1. The Holy Quran, al-Baqarah 2:268
2. The Holy Quran, al-Baqarah 2:265
3. The Holy Quran, al-Baqarah 2:196
4. The Holy Quran, ad-Dahr 76:6-7
5. The Holy Quran, ad-Dahr 76:9-10
6. The Holy Quran, al-Baqarah 2:178

ذٰلِكَ قَوَامًا[1] وَالَّذِيْنَ يَصِلُوْنَ مَآ اَمَرَاللّٰهُ بِهٖٓ اَنْ يُّوْصَلَ وَيَخْشَوْنَ رَبَّهُمْ
وَيَخَافُوْنَ سُوْٓءَ الْحِسَابِ[2] وَفِيْٓ اَمْوَالِهِمْ حَقٌّ لِّلسَّآئِلِ وَالْمَحْرُوْمِ[3]
اَلَّذِيْنَ يُنْفِقُوْنَ فِي السَّرَّآءِ وَالضَّرَّآءِ[4] وَاَنْفَقُوْا مِمَّا رَزَقْنٰهُمْ سِرًّا وَّعَلَا
نِيَةً (الرعد:٢٣)[5] اِنَّمَا الصَّدَقٰتُ لِلْفُقَرَآءِ وَالْمَسٰكِيْنِ وَالْعٰمِلِيْنَ عَلَيْهَا
وَالْمُؤَلَّفَةِ قُلُوْبُهُمْ وَفِي الرِّقَابِ وَالْغَارِمِيْنَ وَفِيْ سَبِيْلِ اللّٰهِ وَابْنِ
السَّبِيْلِ فَرِيْضَةً مِّنَ اللّٰهِ وَاللّٰهُ عَلِيْمٌ حَكِيْمٌ[6] لَنْ تَنَالُوا الْبِرَّ حَتّٰى
تُنْفِقُوْا مِمَّا تُحِبُّوْنَ[7] وَاٰتِ ذَا الْقُرْبٰى حَقَّهٗ وَالْمِسْكِيْنَ وَابْنَ السَّبِيْلِ وَلَا
تُبَذِّرْ تَبْذِيْرًا[8] وَبِالْوَالِدَيْنِ اِحْسَانًا وَّبِذِى الْقُرْبٰى وَالْيَتٰمٰى وَالْمَسٰكِيْنِ
وَالْجَارِ ذِى الْقُرْبٰى وَالْجَارِ الْجُنُبِ وَالصَّاحِبِ بِالْجَنْبِ وَابْنِ السَّبِيْلِ وَمَا
مَلَكَتْ اَيْمَانُكُمْ اِنَّ اللّٰهَ لَا يُحِبُّ مَنْ كَانَ مُخْتَالًا فَخُوْرَا
اِلَّذِيْنَ يَبْخَلُوْنَ وَيَأْمُرُوْنَ النَّاسَ بِالْبُخْلِ وَيَكْتُمُوْنَ مَآ اٰتٰهُمُ اللّٰهُ مِنْ
فَضْلِهٖ[9]

अनुवाद :- हे विश्वासीजनहो ! तिमीहरू आफ्नो त्यो पवित्र र वैध कमाइको धनबाट अर्थात् जसमा चोरी अथवा घूसखोरी अथवा धोकाधडी र ठगी तथा अत्याचारका साथ कमाएको रुपियाँको मिलावट नहोस, मानिसहरूलाई उपकार, सहयोग, अथवा दानस्वरूप दिने गर। अपवित्र धनमाल मानिसहरूलाई दिने चाहना

1. (The Holy Quran, al-Furqan 25:68
2. The Holy Quran, ar-Ra'd 13:22
3. The Holy Quran, adh-Dhariyat 51:20
4. The Holy Quran, al-e-'Imran 3:135
5. The Holy Quran, ar-Ra'd 13:23
6. The Holy Quran, at-Taubah 9:60
7. The Holy Quran, al-e-'Imran 3:93
8. The Holy Quran, Bani Isra'il 17:27
9. The Holy Quran, an-Nisa' 4:37-38

तिमीहरूको मनमा नआओस्। अर्को कुरो के रहेको छ भने आफ्ना दानहरू र सहानुभूतिहरू तथा पुण्यहरूलाई उपकार जताउने तथा दुखदिने क्रियाहरूद्वारा नष्ट नगर। अर्थात् जसमाथि उपकार गरिएको छ त्यसप्रति हामीले तिमीलाई यो र त्यो दिएको थियो भनी प्रकट नगर। न त त्यसलाई दुख देऊ किनभने यसप्रकारा तिम्रो उपकार नष्ट हुनजान्छ। यसैगरी आफ्नो धनलाई देखावटको रूपमा खर्च गर्ने चलन नगर। खुदाका सृष्टिहरूप्रति उपकार गर्ने गर किनभने उपकार गर्नेहरूसित खुदाले प्रेम गर्छन्। जो व्यक्तिहरू वास्तविक पुण्य गर्नेगर्छन तिनीहरूलाई त्यो जाम पिलाइने छ जसको मिश्रण कपूरको हुनेछ अर्थात् सांसारिक पीडाहरू र पछुताहरू तथा अपवित्र इच्छाहरूलाई तिनीहरूको मनबाट मेटाइने छ। 'काफूर' अर्थात् कपूर 'क फ र' बाट निस्किएको हो। तथा 'कफर' अरबी भाषामा दबाउनु अथवा ढाक्नुलाई भनिन्छ। तात्पर्य के हो भने तिनीहरूका अनुचित कामना र भावनाहरूलाई दबाइने छ जसबाट तिनीहरू आन्तरिक रूपमा पवित्र बन्न पुग्नेछन र ब्रह्मज्ञानको ताप तिनीहरूलाई मिल्नेछ।

पुनः वर्णन गर्छन, तिनीहरूले प्रलयका दिन त्यस मूलको पानी पिउँनेछन जसलाई आज तिनीहरूले आफ्नो हातले खनिरहेका छन्। यस स्थानमा स्वर्गको दर्शन (भेदज्ञान) बारे एउटा गहिरो रहस्य वर्णन भएको छ जसले बुझ्न चाहन्छ त्यसले बुझोस्। यसैगरी भनेका छन, वास्तविक पुण्य गर्ने व्यक्तिहरूको कस्तो स्वभाव हुन्छ भने तिनीहरूले केवल परमेश्वरको प्रेमप्राप्तिका निम्ति त्यो भोजन जुन स्वयम मनपराउँछन दरिद्रहरू, टुहुराहरू र बन्दीहरूलाई खुवाउँछन। साथै हामीले तिमीहरूमाथि कुनै उपकार गरेका छैनौं यो कार्य त केवल परमेश्वर हामीप्रति प्रसन्न होउन भनी र उनकै चाहनाका लागि यो सेवा हो। हामी तिमीहरूसित न त कुनै बदला माग्छौं न हामीलाई धन्यवाद गर भनी तिमीहरूलाई भन्छौं भनी भन्ने गर्छन्। यो सङ्केत पुण्यप्राप्तिको तेस्रो दर्जातर्फ रहेको छ जसमा केवल सहानुभूतिको जोसले तिनीहरूले त्यो कार्य गर्नेगर्छन्। साँचा पुण्यकर्मीहरूको के स्वभाव हुन्छ भने तिनीहरूले परमेश्वरको प्रसन्नता प्राप्तिका निम्ति आफ्ना निकट सम्बन्धीहरूको आफ्नो धनद्वारा सहायता गर्नेगर्छन। यसैप्रकार त्यस धनबाट टुहुराहरूको संरक्षण र तिनीहरूको पालनपोषण तथा शिक्षा-दीक्षा इत्यादिमा खर्च गर्नेगर्छन तथा दरिद्रहरूलाई अनिकालबाट बचाउँछन्। यसैगरी यात्रीहरू र भिखारीहरूको सेवा गर्छन् तथा दासहरूलाई मुक्त गराउनका निम्ति र ऋणीहरूलाई ऋणमुक्त गर्नका निम्ति पनि आफ्नो धन दिनेगर्छन्। तिनीहरूले आफ्नो खर्चमा न त अपव्यय गर्छन

न कृपणता देखाउँछन अपितु मध्यममार्ग अपनाउँने गर्छन्। सम्बन्ध जोडने स्थानमा सम्बन्ध जोड्छन र खुदासित डराउँछन्। तिनीहरूको धनमा माग्नेहरूको र नमाग्ने (पशु) हरूको पनि अधिकार रहेको छ। नमाग्नेहरू भन्नाले कुकुरहरू, बिरालाहरू, पक्षीहरू, गाईगोरूहरू, गधाहरू, बाख्राहरू र अन्य वस्तुहरू हुन्। ती व्यक्तिहरूले दु:ख कष्ट र थोरै आम्दनीको अवस्थामा र भोकमरीका दिनहरूमा पनि दानपुण्य गर्नबाट हात रोक्दैनन् अपितु तंगीको अवस्थामा पनि आफ्नो जेथो अनुसार दानपुण्य गर्नेगर्छन्। तिनीहरू कहिले भने गुप्तरूपमा दान गर्ने गर्छन र कहिले चाहिं देखाएर। वस्तुत: आडम्बरबाट बच्नका निम्ति गुप्तरूपमा र अरूलाई पनि प्रेरणा मिलोस भन्ने सोचेर देखाएर अथवा प्रकाश्यरूपमा (दान खर्च गर्छन्)। दान दक्षिणाहरू दिंदा सर्वप्रथम जतिपनि अभावग्रस्त व्यक्तिहरू छन तिनीहरूलाई दिनुपर्छ भन्ने कुरो स्मरण राख्नु अनिवार्य छ। जसले दान दक्षिणाको धनको संरक्षण गर्छन र त्यसको व्यवस्थापन र आयोजन गर्नेगर्छन तिनीहरूलाई त्यस दान दक्षिणाको धनबाट केही धन मिल्नसक्छ। यसैगरी कसैलाई कुकर्मबाट बचाउनका निम्ति पनि त्यो धनबाट दिन सकिन्छ। दासहरूलाई मुक्त गराउनका निम्ति र अभावग्रस्त र ऋणीहरू तथा सङ्कटग्रस्त व्यक्तिहरूको सहयोगार्थ र अन्यान्य मार्गहरूमा पनि जुन केवल खुदाको (प्रसन्नता प्राप्ति) लागि रहेको खण्डमा त्यो धन खर्च हुनेछ। तिमीहरूले वास्तविक पुण्य तबसम्म कदापि प्राप्त गर्न सक्ने छैनौ जबसम्म मानवजातिको दया र सहानुभूतिमा त्यो धन खर्च गर्दैनौ जुन तिमीहरूको अत्यन्त प्यारो रहेको छ। गरीबहरूको हक र अधिकार दिने गर। दरिद्रहरूलाई दिने गर। यात्रीहरूको सेवा गर तथा अपव्ययबाट स्वयमलाई बचाऊ अर्थात् विवाहहरू र भिन्न-भिन्न प्रकारका भोग-विलासका स्थानहरूमा र अवसरहरूमा तथा छोरो जन्मिएको रसममा जसरी अत्यधिक अपव्यय गरिने चलन छ त्यसबाट स्वयमलाई बचाऊ। तिमीहरू माता पितासित उत्तम व्यवहार गर्ने गर तथा निकट सम्बन्धीहरू र टुहुराहरू र दरिद्रहरू तथा निकट सम्बन्ध रहेका छिमेकीहरू र निकट सम्बन्ध नरहेका छिमेकीहरू तथा यात्रीहरू र सेवक अथवा दासहरू र घोडाहरू तथा बाख्रा र गाईगोरु र तिमीहरूका अधीनमा रहेका अन्य पशुहरूसित उत्तम व्यवहार गर। वस्तुत: खुदालाई जो तिमीहरूका स्रष्टा रहेका छन यिनै स्वभावहरू मन पर्छन्। उनी लापर्वाह र स्वार्थी व्यक्तिहरूलाई मन पराउँदैनन्। यसैगरी ती व्यक्तिहरूलाई पनि मन पराउँदैनन जो स्वयम कृपण हुन्छन र अरुलाई पनि कृपणताको शिक्षा दिन्छन र आफ्नो धन लुकाउँछन अर्थात् अभावग्रस्त व्यक्तिहरूलाई हामीसित केही छैन भनी टार्ने गर्छन्।

# वास्तविक पराक्रम

मनुष्यका प्राकृतिक शक्ति र अवस्थाहरूमध्ये त्यो अवस्था पनि रहेको छ जुन पराक्रम अनुरूप देखिन्छ। जस्तै, दुध पिउने बालक पनि त्यही शक्तिका कारण कहिले आगोमा हातहाल्ने प्रयास गर्छ। वस्तुत: मानिसको सन्तानमा प्राकृतिक रूपमा मानवीय पराक्रम र वीरता रहेकोले कुनै डरलाग्दो वस्तुबाट तबसम्म डराउँदैन जबसम्म डरलाग्दा वस्तुहरूको त्यसलाई ज्ञान हुदैन। त्यस अवस्थामा मनुष्य अत्यन्त निर्भयतापूर्वक सिंहहरू र अन्यान्य जङ्गली हिंस्रक जनावरहरूसित पनि भिड्न पुग्छ। यसैगरी एक्लै रही धेरै मानिसहरूसित लड्नका निम्ति निस्कन्छ र मानिसहरूले त्यसलाई ठूलो बहादुर हो भनी जान्दछन्। परन्तु यो केवल एउटा प्राकृतिक शक्ति हो जुन अन्य जनावरहरूमा पनि जस्तै कुकुरहरूमा समेत पाइन्छ। यसैगरी मनुष्यमा पाइन्छ। परन्तु वास्तविक पराक्रम जुन मौका र महलसित सम्बन्धित रहेको छ र जुन परम आचरणहरूमध्ये एउटा आचरण रहेको छ त्यो ती मौका र महलका कार्यहरूको नाम हो जसको चर्चा खुदा तआलाको पवित्र वाणीमा निम्नानुसार आएको छ :-

وَالصّٰبِرِيْنَ فِى الْبَاْسَآءِ وَالضَّرَّآءِ وَحِيْنَ الْبَاْسِ [1] وَالَّذِيْنَ صَبَرُوا ابْتِغَآءَ
وَجْهِ رَبِّهِمْ [2] اَلَّذِيْنَ قَالَ لَهُمُ النَّاسُ اِنَّ النَّاسَ قَدْ جَمَعُوْا لَكُمْ
فَاخْشَوْهُمْ فَزَادَهُمْ اِيْمَانًا وَّقَالُوْا حَسْبُنَا اللّٰهُ وَنِعْمَ الْوَكِيْلُ۔ [3]
وَلَا تَكُوْنُوْا كَالَّذِيْنَ خَرَجُوْا مِنْ دِيَارِهِمْ بَطَرًا وَّرِئَآءَ النَّاسِ۔ [4]

अर्थात् पराक्रमी व्यक्तिहरू तिनीहरू नै हुन जब लडाइँको अवसर अथवा तिनीहरूमाथि कुनै सङ्कट आइलागेको खण्डमा भाग्दैनन्। लडाइँ र कठिनाइका समयमा तिनीहरूको धैर्य खुदाको प्रसन्नता प्राप्तिको निम्ति हुने गर्छ र तिनीहरू उनकै प्रसन्नताका अभिलाषी हुन्छन न त बहादुरी देखाउनका निम्ति। मानिसहरू तिमीहरूलाई दण्ड दिनका लागि एकमत भएका छन त्यसकारण तिमीहरू मानिसहरूसित डर भनी तिनीहरूलाई डराएमा तिनीहरूको आस्था र विश्वास अझ

1. The Holy Quran, al-Baqarah 2:178
2. The Holy Quran, ar-Ra'd 13:23
3. The Holy Quran, al-e-'Imran 3:174
4. The Holy Quran, al-Anfal 8:48

बढ्नजान्छ। तथा तिनीहरूले खुदा हाम्रानिम्ति पर्याप्त रहेका छन भनी भन्नेगर्छन्। अर्थात् तिनीहरूको पराक्रम कुकुरहरू र हिंस्रक जनावरहरू जस्तो केवल प्राकृतिक जोसमा आधारित तथा एकातर्फ झुकेको हुँदैन। परन्तु तिनीहरूको पराक्रम दुईपक्षीय हुन्छ। कहिलेचाहिं तिनीहरू आफ्नो व्यक्तिगत पराक्रमद्वारा आफ्ना मानसिक उद्वेगहरूको प्रतिरोध गर्छन र त्यसमाथि विजयी हुन्छन र कहिलेचाहिं जब शत्रुको मुकाबला गर्नु अधिक लाभदायक देख्छन तब न केवल मानसिक जोसका साथ अपितु सत्यको सहयोगका लागि शत्रुको मुकाबला गर्छन्। परन्तु आफ्नो ज्यानमाथि भरोसा गरेर होइन अपितु खुदामाथि भरोसा गरेर बहादुरी देखाउँछन। तिनीहरूको पराक्रममा देखावट र स्वार्थ हुदैन न त मानसिक उद्वेगको अनुसरण। अपितु प्रत्येक पक्षमा खुदाको प्रसन्नता सर्वोपरि रहन्छ।

उपरोक्त आयतहरूमा वास्तविक पराक्रमको मूल धैर्य र दृढता हो भन्ने कुरो समझाइको छ। प्रत्येक मानसिक उद्वेग अथवा विपत्ति जसले शत्रुहरूझैं आक्रमण गर्छ त्यसको मुकाबलामा दृढ कदम रहनु र डरपोक भएर नभाग्नु नै पराक्रम हो। अत: मानवीय पराक्रम र एउटा हिंस्रक जनावरको पराक्रममा ठूलो अन्तर छ। जनावरले केवल एकतर्फा जोस र क्रोध प्रकट गर्छ परन्तु जो मनुष्य वास्तविक पराक्रमी रहेको छ त्यसले मुकाबिला गर्ने र नगर्ने दुवै कुरामा जुन कुरो अधिक लाभदायक र उचित रहेको छ त्यसलाई अपनाउँने गर्छ।

## सत्यता

मनुष्यका प्राकृतिक अवस्थाहरूमध्ये जुन उसको प्रकृतिको विशेषता रहेको छ सत्यता (पनि) हो। जबसम्म कुनै मानसिक स्वार्थले मनुष्यलाई प्रेरित गर्दैन त्यसले तबसम्म मिथ्या बोल्न चाहँदैन। तथा मिथ्या अपनाउनमा एक प्रकारको घृणा र तीतोपन आफ्नो मनमा अनुभव गर्छ। त्यसैकारण जून व्यक्तिको मिथ्या स्पष्टरूपमा प्रमाणित हुनजान्छ त्यसबाट उ अप्रसन्न हुन्छ तथा त्यसलाई घृणापूर्ण दृष्टिले हेर्छ। परन्तु केवल त्यो प्राकृतिक अवस्था आचरणमा गणना हुनसक्दैन अपितु बालकहरू र पागलहरूमा पनि त्यो कुरो पाइन्छ। अत: वास्तविकता के रहेको छ भने जबसम्म मनुष्य ती मानसिक स्वार्थहरूबाट जसले सत्य बोल्नबाट रोकने गर्छन अलग्ग हुँदैन तबसम्म साँचो रूपमा सत्यवादी ठहरदैन। किनभने यदि मनुष्य केवल ती कुराहरूमा सत्य बोल्छ जसबाट त्यसको कुनै हानि हुँदैन तर जहाँ आफ्नो सम्मान अथवा धन र ज्यान जाने

आशंका रहेमा मिथ्या बोल्छ र सत्य बोल्नुपर्दा चुप्प रहन्छ भने त्यसलाई पागलहरू र बालकहरूमाथि के श्रेष्ठता प्राप्त हुनसक्छ। के पागलहरू र नाबालिक केटाहरूले पनि त्यस्तो सत्य बोल्दैनन र ? संसारमा कोई यस्तो व्यक्ति नहोला जसले कुनै चासो बिना बित्थैमा मिथ्या बोलोस्। अत: यस्तो सत्य जुन कुनै हानि पुग्ने स्थितिमा त्यागिन्छ भने त्यो वास्तविक आचरणमा कदापि दाखिल हुन सक्दैन। सत्यकुरो बोल्ने ठूलो मौका र महल त्यही नै हो जसमा आफ्नो ज्यान अथवा धन अथवा मान मर्यादाको हानि हुने आशंका रहन्छ। यसबारे खुदाको शिक्षा निम्नानुसार रहेको छ :-

فَاجْتَنِبُوا الرِّجْسَ مِنَ الْأَوْثَانِ وَاجْتَنِبُوا قَوْلَ الزُّورِ۝[1] وَلَا يَأْبَ
الشُّهَدَاءُ إِذَا مَا دُعُوا[2] وَلَا تَكْتُمُوا الشَّهَادَةَ وَمَنْ يَكْتُمْهَا فَإِنَّهُ آثِمٌ
قَلْبُهُ[3] وَإِذَا قُلْتُمْ فَاعْدِلُوا وَلَوْ كَانَ ذَا قُرْبَىٰ[4] كُونُوا قَوَّامِينَ بِالْقِسْطِ
شُهَدَاءَ لِلَّهِ وَلَوْ عَلَىٰ أَنْفُسِكُمْ أَوِ الْوَالِدَيْنِ وَالْأَقْرَبِينَ[5] وَلَا يَجْرِمَنَّكُمْ
شَنَآنُ قَوْمٍ عَلَىٰ أَلَّا تَعْدِلُوا[6] وَالصَّادِقِينَ وَالصَّادِقَاتِ[7] وَتَوَاصَوْا بِالْحَقِّ
وَتَوَاصَوْا بِالصَّبْرِ۝[8] لَا يَشْهَدُونَ الزُّورَ۔[9]

अनुवाद :- मूर्तिपूजा गर्न र मिथ्या बोल्नबाट बच। अर्थात् मिथ्या पनि एउटा मूर्ति हो जसप्रति भरोसा गर्ने व्यक्तिले खुदाप्रति भरोसा गर्न छाडिदिन्छ। अत: मिथ्या बोल्नाले खुदाबाट वञ्चित हुन जान्छ। यसैगरी जब तिमीहरूलाई साँचो गवाही दिनका लागि बोलाइन्छ तब जानबाट मनाही नगर र साँचो गवाहीलाई लुकाउने नगर। जसले लुकाउँछ त्यसको हृदय पापी रहेको छ। तथा जब तिमीहरू बोल्छौ तब त्यही कुरो मुखबाट निकाल जुन पूर्णत: सत्य र न्याययुक्त रहेको छ यद्यपि तिम्रो गवाही आफ्नो कुनै निकट सम्बन्धीका बारेमा नै किन नहोस्। सत्य र न्यायप्रति कायम रहने गर।

1. The Holy Quran, al-Hajj 22:31
2. The Holy Quran, al-Baqarah 2:283
3. The Holy Quran, al-Baqarah 2:284
4. The Holy Quran, al-An‘am 6:153
5. The Holy Quran, an-Nisa’ 4:136
6. The Holy Quran, al-Ma’idah 5:9
7. The Holy Quran, al-Ahzab 33:36
8. The Holy Quran, al-‘Asr 103:4
9. The Holy Quran, al-Furqan 25:73

तथा तिमीहरूको प्रत्येक गवाही खुदाका निम्ति होस्। मिथ्या नबोल यद्यपि सत्य बोल्नाले तिमीहरूको ज्यानलाई हानि पुगोस अथवा चाहे त्यसबाट तिमीहरूका माता पितालाई र निकट सम्बन्धीहरू जस्तै, पुत्रहरू इत्यादिलाई आघात पुगोस्। कुनै जातिको शत्रुताले तिमीहरूलाई साँचो गवाही दिनबाट नरोकोस। साँचा पुरुषहरू र महिलाहरूले ठूला ठूला प्रतिदान र वरदानहरू प्राप्त गर्नेछन्। तिनीहरूको बानी कस्तो रहेको छ भने अरूलाई पनि तिनीहरूले सत्यको उपदेश दिन्छन र (स्वयम पनि) झूट्ठाहरूका सभाहरूमा बस्दैनन्।

## धैर्य

मनुष्यका प्राकृतिक गुणहरूमध्ये धैर्य पनि एउटा (गुण) रहेको छ जुन उसले ती सङ्कटहरू र रोगहरू तथा कष्टहरूका समयमा जुन उसमाथि सधैं आइलाग्ने गर्छन, गर्नु पर्ने हुन्छ। मनुष्यले धेरै क्रन्दन तथा विलाप-बिलौना गरिसकेपछि धैर्य धारण गर्छ। परन्तु के स्पष्ट होस भने, खुदा तआलाको पवित्र पुस्तकानुसार त्यो धैर्य सदाचारमा गनिदैन अपितु त्यो एउटा अवस्ता हो जुन थाके हारेपछि स्वयम प्रकट हुनजान्छ। अर्थात् त्यो पनि मानिसका प्राकृतिक अवस्थाहरूमध्ये एउटा अवस्था हो, जब उसमाथि सङ्कट आइलाग्छ तब पहिला त रुन्छ, कराउँछ, टाउको ठोक्छ र अन्ततः धेरै क्रोध र गर्मी निस्किएपछि जोस थम्नजान्छ तथा पल्लोछेउमा पुगेर पछि हटनैपर्छ।

अतः यी दुवै क्रियाहरू प्राकृतिक अवस्थाहरू नै हुन्। इनीहरूको सदाचारसित केही सम्बन्ध छैन अपितु जब कुनै वस्तु आफ्नो हातबाट नष्ट हुन्छ तब त्यसलाई खुदा तआलाको धरोहर मानी कुनै प्रकारको गुनासो नगरी खुदाको थियो खुदाले लिए तथा हामी उनको इच्छाप्रति प्रसन्न छौं भन्नु नै वस्तुतः (धैर्य नामक) सदाचार हो। उक्त सदाचार सम्बन्धी खुदा तआलाले आफ्नो पवित्र वाणी कुरआनमा निम्नानुसार शिक्षा दिएका छन :-

وَلَنَبْلُوَنَّكُمْ بِشَيْءٍ مِّنَ الْخَوْفِ وَالْجُوْعِ وَنَقْصٍ مِّنَ الْاَمْوَالِ وَالْاَنْفُسِ
وَالثَّمَرٰتِ وَبَشِّرِ الصّٰبِرِيْنَ o الَّذِيْنَ اِذَآ اَصَابَتْهُمْ مُّصِيْبَةٌ قَالُوْآ اِنَّا لِلّٰهِ
وَاِنَّآ اِلَيْهِ رٰجِعُوْنَ۔ اُولٰٓئِكَ عَلَيْهِمْ صَلَوٰتٌ مِّنْ رَّبِّهِمْ وَرَحْمَةٌ وَاُولٰٓئِكَ هُمُ
الْمُهْتَدُوْنَ o[1]

1. The Holy Quran, al-Baqarah 2:156-158

अर्थात् हे विश्वासीहरूहो ! हामी तिमीहरूलाई कसरी जाँच्नेछौं भने, कहिले त तिमीहरूमाथि कुनै भयावह अवस्था आइलाग्ने छ र कहिले भने भोकमरीले तिमीहरूलाई सताउने छ। कहिले तिमीहरूको धनको हानि हुनेछ तथा कहिले ज्यानमाथि विपत्ति आइलाग्ने छ। कहिले तिमीहरू आफ्नो परिश्रम र चेष्टामा असफल हुनेछौ – तथा आशा गरे अनुसार प्रयासका परिणामहरू निस्कने छैनन र कहिले भने तिमीहरूको प्यारो सन्तान मर्नेछ। अत: ती व्यक्तिहरूलाई शुभसन्देश देउ जसले तिनीहरूमाथि कुनै विपत्ति आइलाग्दा के भन्छन भने, हामी त खुदाका वस्तुहरू र उनका धरोहरहरू तथा उनकै सम्पत्ति हौं। अत: जसको धरोहर रहेको छ उसतर्फै फर्कनु उचित हुन्छ। ती व्यक्तिहरू नै हुन जसमाथि खुदाका कृपाहरू रहेका छन र तिनीहरू नै हुन जसले खुदाको मार्गलाई प्राप्त गरे। अत: यस सदाचारको नाम धैर्य र खुदाको इच्छाप्रति प्रसन्न रहनु हो। यसैगरी एकप्रकारले यसको नाम न्याय पनि हो किनभने जब खुदा तआला मनुष्यको समस्त जीवनमा उसको इच्छानुसार कार्य गर्छन र साथै हज़ारौं कुराहरू उसकै इच्छानुरूप प्रकट गर्छन र मनुष्यको चाहनानुसार यति धेरै वैभवहरू उसलाई प्रदान गरेका छन जसको मनुष्यले गणना गर्न सक्दैन भने यदि उनले कहिलेकाही आफ्नो इच्छा मनाउन चाहेमा मनुष्यले मुख फेर्नु र उनको इच्छाप्रति प्रसन्न नहुनु तथा नाइँनास्ति गर्नु अथवा अधर्मी र कुमार्गी बन्नु न्यायोचित होइन।

## सृष्टिप्रति सहानुभूति

मानिसमा पाइने प्राकृतिक कुराहरूमध्ये जुन उसका स्वभावमा रचिएका छन सृष्टिप्रति सहानुभूतिको एउटा प्रेरणा हो। जातीय समर्थनको प्रेरणा स्वाभाविक रूपमा प्रत्येक धर्मका मानिसहरूमा पाइन्छ। अधिकतर मानिसहरू स्वाभाविक जोशले प्रेरित भई आफ्नो जातिको सहानुभूतिका निम्ति अरूहरूमाथि अत्याचार गरिदिन्छन्। मानौ तिनीहरूलाई मनुष्य नै ठान्दैनन्। अत: यस अवस्थालाई सदाचार भन्न सकिन्न त्यो केवल एउटा प्राकृतिक जोस हो। यदि ध्यानपूर्वक हेर्ने हो भने यो प्राकृतिक गुण कागहरू इत्यादि पक्षीहरूमा पनि पाइन्छ। जब एउटा काग मर्छ हजारौं कागहरू एकत्रित हुन्छन्। परन्तु यो स्वभाव मानवीय सदाचारमा तबमात्र गनिन्छ जब यो सहानुभूति न्यायपूर्वक यथोचित समय र अवसरानरूप प्रयोग गरिन्छ। त्यस अवस्थामा भने यो एउटा महान आचरण बन्नेछ जसको नाम अरबी (भाषा)मा ‘मवासात’ (दया, करूणा) तथा फार्सी (भाषा) मा हमदर्दी (सहानुभूति) हो। यसैतर्फ अल्लाह तआलाले

पवित्र कुरआनमा इङ्गित गरेका छन्।

تَعَاوَنُوْا عَلَى الْبِرِّ وَالتَّقْوٰى وَلَا تَعَاوَنُوْا عَلَى الْاِثْمِ وَالْعُدْوَانِ[1]

وَلَا تَهِنُوْا فِي ابْتِغَآءِ الْقَوْمِ[2] وَلَا تَكُنْ لِّلْخَآئِنِيْنَ خَصِيْمًاo[3] وَلَا تُجَادِلْ

عَنِ الَّذِيْنَ يَخْتَانُوْنَ اَنْفُسَهُمْ اِنَّ اللّٰهَ لَا يُحِبُّ مَنْ كَانَ خَوَّانًا اَثِيْمًاo[4]

अर्थात् आफ्नो जातिप्रतिको सहानुभूति र सहयोग केवल पुण्यकार्यहरूमा हुनुपर्छ, अत्याचार र अन्यायका कामहरूमा तिनीहरूको सहयोग कदापि गर्नु हुदैन। आफ्नो जातिको सहानुभूतिप्रति तत्पर रहने गर। क्लान्त नहोऊ र बेइमानी गर्नेहरूको पक्ष लिएर नझगड़। जसले बेइमानी गर्नबाट पछि हट्दैनन खुदा तआलाले त्यस्ता बेइमानी गर्ने व्यक्तिहरूलाई मन पऱ्याउँदैनन्।

## एउटा सर्वशक्तिमान सत्ताको खोज

मानिसका प्राकृतिक अवस्थाहरूमध्ये जुन उसको प्रकृतिमा रचिएका छन एउटा त्यो सर्वशक्तिमान सत्ताको खोज पनि रहेको छ जसका निम्ति मनुष्यको मनमा एउटा चासो रहेको छ। त्यस खोजको लक्षण त्यही बेलादेखि महसूस हुन लाग्छ जब बालक आमाको गर्भबाट बाहिर आउँछ किनभने बालकले जन्मनसाथ आफ्नो पहिलो आध्यात्मिक विशेषतालाई आफ्नी आमातर्फ झुकेर प्रदर्शन गर्छ। स्वाभाविक रूपमा आफ्नी आमाको प्रेम त्यसमा पाइन्छ। त्यसपश्चात जब जब त्यसका चेतनाहरू जागृत हुदैजान्छन र त्यसको प्रकृतिको कोपिलो खुल्न लाग्छ त्यसमा निहित रहेको प्रेमको आकर्षणले आफ्नो रंग र रूप स्पष्टरूपले देखाउन लाग्छ। त्यसपछि त आफ्नी आमाको काख छाड़ेर अन्य कुनै ठाउँमा त्यसलाई आराम नै मिल्दैन। त्यसको पूर्णआराम उनकै ममतापूर्ण काखमा हुनेगर्छ तथा यदि त्यसलाई आमाबाट छुट्याइयो भने र अलग्ग राखियो भने त्यसको समस्त सुख शान्ति नै विलुप्त हुन जान्छ। त्यसका सामुन्ने वैभव र दौलतको एउटा थुप्रो लगाइदिए तापनि त्यसले आफ्नो वास्तविक शान्ति भने आफ्नी आमाको काखमा नै देख्छ। त्यसबाहेक कुनै प्रकारले उसले

1. The Holy Quran, al-Ma'idah 5:3
2. The Holy Quran, an-Nisa' 4:105
3. The Holy Quran, an-Nisa' 4:106
4. The Holy Quran, an-Nisa' 4:108

आराम पाउँदैन। अत: त्यो प्रेमको आकर्षण जुन उसमा आफ्नी आमा प्रति पाइन्छ त्यो के वस्तु हो त ?

वस्तुत: यो त्यही आकर्षण हो जुन प्रकृत उपास्य (अल्लाह) का निम्ति बालकको प्रकृतिमा राखिएको छ। प्रत्येक ठाउँमा मनुष्यले जुन प्रेमको सम्बन्ध स्थापन गर्छ त्यहाँ वास्तवमा त्यही आकर्षणले कार्य गरिरहेछ। जहाँ-जहाँ त्यसले प्रेमीको रूपमा जोश प्रकट गर्छ वस्तुत: त्यसै प्रेमको त्यो एउटा प्रतिविम्ब हो। मानौ अन्य वस्तुहरूलाई उठाइ उठाइकन त्यसले एउटा हराएको वस्तुलाई खोज्दैछ जसको अब नाम भने बिर्सिएको छ। अत: मनुष्यले धन अथवा सन्तान तथा पत्नीसित प्रेम गर्नु अथवा कुनै सुरिलो स्वरको गीततर्फ उसको हृदय आकर्षित हुनु वस्तुत: त्यही हराएको प्रेमको खोज हो। मनुष्यले त्यस सूक्ष्मभन्दा पनि अति सूक्ष्म सत्तालाई जो अग्निझैं प्रत्येकमा निहित तर सबैबाट गुप्त रहेको छ आफ्नो भौतिक (शारीरिक) नेत्रले देख्न सक्दैन। न त अधुरो बुद्धिले त्यसलाई प्राप्त गर्नसक्छ। त्यसको पहिचानको सम्बन्धमा मनुष्यले ठूला-ठूला भूलहरू गरेको छ र अज्ञानताका कारण त्यसको अधिकार अन्यलाई दिइएको छ। खुदा तआलाले पवित्र कुरआनमा यो एउटा राम्रो उदाहरण दिएका छन्-अर्थात् संसार एउटा यस्तो शीशमहल जस्तो रहेको छ जसको भूमिको फर्स अत्यन्त स्वच्छ शीशाहरूद्वारा तयार गरिएको छ र शीशाहरूमनि पानी छाडिएको छ जुन अत्यन्त तेज गतिले बगिरहेछ। अब त्यो प्रत्येक दृष्टि जुन शीशाहरूमाथि पर्न जान्छ त्यसले आफ्नो भूलका कारण ती शीशाहरूलाई पनि पानी नै ठान्छ। फलत: मनुष्य ती शीशाहरूमाथि हिंडन त्यसरी नै डराउँछ जसरी पानीबाट डर्नुपर्छ। वस्तुत: ती त शीशाहरू हुन परन्तु स्वच्छ र सफा। अत: यी ठूला-ठूला नक्षत्रहरू जुन देखिन्छन जस्तै, सूर्य र चन्द्रमा इत्यादि यी तिनै स्वच्छ शीशाहरू हुन जसको उपासना भूलवश गरियो। वस्तुत: तिनीहरूमाथि एउटा महानशक्ति कार्यरत छ जो यी शीशाहरूका पर्दामा रही पानीझैं अति तीव्रगतिमा चलिरहेछ। सृष्टिहरूलाई पुज्ने मानिसहरूको दृष्टिको यो धोका हो त्यसैले ती शीशाहरूतर्फ त्यस कार्यलाई सङ्केत गरिरहेछन जुन वस्तुत: तिनीहरूका पछाडि रहेको शक्तिले गरिरहेछ। निम्नको पवित्र आयतको यही व्याख्या रहेको छ :-

إِنَّهُ صَرْحٌ مُّمَرَّدٌ مِّن قَوَارِيرَ [1]

अर्थात् :- यो त एउटा यस्तो महल हो जुन शीशाहरूले जडिएको छ।अत:

1. The Holy Quran, an-Naml 27:45

खुदा तआलाको (परमेश्वरको) सत्ता अत्यन्त प्रकाशमय हुदाहुदै पनि अत्यन्त गुप्त रहेको छ त्यसकारण त्यसको पहिचानका निम्ति केवल यो भौतिक व्यवस्था जुन हाम्रो दृष्टिका सामुन्ने छ पर्याप्त थिएन त्यसैले गर्दा यस्तो व्यवस्थामाथि निर्भर रहनेहरूले यस सम्पूर्ण र सुदृढ श्रृंखलालाई जुन सैकडौं चमत्कारहरूमा आधारित रहेको छ अत्यन्त ध्यानपूर्ण दृष्टिले हेर्दाहेर्दै (खगोलविद्या, विज्ञानशास्त्र र दर्शनशास्त्रमा यति दक्षता प्राप्त गरे मानौ तिनीहरू आकाश र पातालमनि पुगे) पनि सन्देह र आशङ्काको अन्धकारबाट मुक्ति पाउन सकेनन्। तिनीहरूमध्ये अधिकतर भिन्न भिन्न प्रकारका भ्रान्तिहरूमा डुब्नपुगे। व्यर्थका शंकाहरूमा परेर कहाँबाट कहाँसम्म पुगे। तिनीहरूलाई यदि ती सृष्टिकर्ताको बारेमा धारणा आएको भएमा पनि यस महान र उत्कृष्ट व्यवस्थालाई देखेर यस सुनियोजित व्यवस्थायुक्त महानतम सृष्टिक्रमको कोही सृष्टिकर्ता त अवश्य हुनुपर्छ भन्ने मात्रै आयो। परन्तु यो धारणा अपूर्ण र यो ज्ञान न्यूनतम हो भन्ने कुरा स्पष्ट छ। किनभने यस सृष्टिक्रमका निम्ति एकजना स्रस्टा हुनु आवश्यक छ भन्नु, "ती स्रष्टा वास्तवमै छन्" भन्ने यो दोस्रो वाक्य बराबर हुन सक्दैन। अत: तिनीहरूको त्यो केवल धारणात्माक ज्ञान थियो जसले हृदयलाई तृप्ति र शान्ति प्रदान गर्न सक्दैन। न त हृदयबाट सन्देहररूलाई पूर्णरूपमा मेटाउन सक्छ। न यो यस्तो प्याला हो जसले त्यो पूर्णज्ञानको प्यास मेटाउन सक्छ जुन मानिसको प्रकृतिमा लगाइएको छ। यस्तो अल्पज्ञान वस्तुत: अत्यन्त खतरायुक्त हुनेगर्छ किनभने धेरै होहल्लापछि पनि अन्तत: व्यर्थ र परिणामरहित रहन्छ।

अत: जसरी खुदा तआलाले आफ्नो कार्यबाट स्वयमलाई प्रकट गरेका छन त्यसरी नै आफ्नो वाणीद्वारा आफ्नो उपस्थिति जबसम्म प्रकट गर्दैनन तबसम्म केवल कार्यको अवलोकन सन्तुष्टिदायक हुनसक्दैन। उदाहरणस्वरूप यदि हामीले यस्तो एउटा बन्द कोठो जसलाई आश्चर्यपूर्ण ढंगले भित्रबाट चुकुल लगाइएको पाएमा उक्त क्रियाबाट पहिला त अवश्य कोई मानिस भित्र होला जसले भित्रबाट साङ्लो लगाएको हो भन्ने हामी धारणा गर्नेछौं। किनभने बाहिरबाट भित्रको साङ्लो लगाउनु असम्भव छ। परन्तु जब एउटा लामो समयसम्म अपितु वर्षौंसम्म बारम्बार पुकार्दा पनि त्यस मानिसका तर्फबाट कुनै जवाफ नआएमा भित्र कोही होला भन्ने हाम्रो विचार बद्लन पुग्नेछ र भित्र कोही छैन बरु कुनै विशेष तरीकाले भित्रको साङ्लो लगाइएको हो भन्ने धारणा गर्नेछौं। यही अवस्था ती दार्शनिकहरूको रहेको छ जसले केवल (खुदाको) कार्य अवलोकन गरी आफ्नो ज्ञानलाई टुङ्ग्याएका छन्। खुदा तआला एउटा मुर्दाझैं हो जसलाई चिहानबाट निकाल्ने काम केवल मनुष्यको हो भनी ठान्नु एउटा ठूलो भूल

हो। यदि खुदा तआला (परमेश्वर) त्यस्तै नै हुन जसलाई केवल मनुष्यको प्रयासले पत्तो लगाएको हो भने यस्ता खुदाका बारेमा हाम्रा सबै कामनाहरू व्यर्थ रहेका छन्। वस्तुतः खुदा (परमेश्वर) त तिनै हुन जो सदैव र अनादिकाल देखि 'म उपस्थित छु' भनी मानिसहरूलाई आफुतर्फ बोलाइरहेछन्। उनको पहिचान गर्नुमा मानिसको उनीमाथि उपकार हो र यदि दार्शनिकहरू नरहेका भए मानौ उनी गुमका गुम नै रहने थिए भन्ने धारणा राख्नु हाम्रो ठूलो धृष्टता हो। यसैप्रकार खुदा कसरी बोल्न सक्छन र, के उनको जिब्रो छ ? भन्नु पनि एउटा टूलो धृष्टता नै हो। के उनले भौतिक (शारीरिक) हात बिना नै समस्त आकाशमण्डल र पृथ्वीको सृष्टि गरेनन्। के उनी भौतिक दृष्टि बिना नै समस्त संसारलाई देखदैनन्। के भौतिक कानहरू बिना नै उनले हाम्रा पुकारहरू सुन्दैनन र ? अतः यसैगरी उनले वार्ता गर्नु पनि आवश्यक थिएन र ? खुदाले वार्ता गर्ने क्रिया अघि छैन अपितु पछि छुट्यो भन्ने कुरा पनि कदाचित उचित हुनसक्दैन। हामीले उनको वाणी र वार्तालाप प्रति कुनै समयसीमाको मोहर लगाउँदैनौं। निस्सन्देह उनी अहिले पनि खोज गर्नेहरूलाई इल्हामी (ईशवाणीको) स्रोतद्वारा मालामाल गर्न त्यसरी नै तयार छन जसरी पहिला थिए। यसैगरी अहिलेपनि उनका अनुग्रहरूका ढोकाहरू त्यसरी नै खुल्ला छन जसरी पहिला थिए। आवश्यकताहरू पूरा भएकोले गर्दा शरीअतहरू (धर्मविधानहरू) र नियमावलीहरू भने टुङ्गिन पुगे। यसैप्रकार समस्त रिसालतहरू र नबुव्वतहरू (अवतारवाद र पैगम्बरवाद) आफ्नो चरम बिन्दुमा पुगेर जुन हाम्रा सरदार र स्वामी हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको व्यक्तित्व थियो उत्कर्ष स्थानमा पुगे।

## हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको अरब देशमा आविर्भाव (प्रकटन) हुनुमा हिकमत (रहस्य)

यस अन्तिम ज्योतिको अरब देशमा प्रकट हुनु पनि हिकमत (युक्ति) रहित थिएन। अरबजाति ती इस्माईलका सन्तानहरू थिए जुन इस्राईलबाट छुट्टिएर परमेश्वरको नियति अन्तर्गत फारानको जंगलमा पुऱ्याइएका थिए। फारान शब्दको अर्थ दुईजना भाग्नेहरू हो। अतः जसलाई स्वयं हज़रत इब्राहीमले इस्राईलका सन्तानबाट अलग्ग गरिदिएका थिए तिनीहरूका निम्ति तौरात (बाइबल)को धर्मविधानमा कुनै अंश बाकी थिएन। तिनीहरूले इस्हाकसित अंश पाउने छैनन भनी लेखिएको छ।

अतः आफन्ताहरूले तिनीहरूलाई त्यागिदिए र अन्य कसैसित तिनीहरूको

सम्बन्ध र नाता थिएन। अन्य सबै देशहरूमा केही न केही उपासनाको चलन र नियमहरू प्रचलित थिए जसबाट कुनै समयमा तिनीहरूलाई नबीहरूको (ईशदूतहरूको) शिक्षा प्राप्त भएको थियो भन्ने कुरो सिद्ध हुन्छ। परन्तु केवल अरब देशमात्र यस्तो देश थियो जुन यी शिक्षाहरूबाट वञ्चित र समस्त संसारभन्दा पछाडिएको थियो। त्यसकारण समस्त देशहरूलाई पुनः परमेश्वरका अनुग्रहहरूबाट अंश प्रदान गर्न र प्रचलित विकारहरू दूर गर्नका निम्ति अन्तमा उहाँ (हज़रत मुहम्मद सल्लम) को पालो आयो। अतः यस्तो सर्वाङ्गपूर्ण पुस्तक (पवित्र कुरआन) पश्चात जसले मानवीय सुधारका सबै कामहरू आफ्ना हातमा लिएको छ कुन पुस्तकको बाटो हेर्ने त ? पहिलाका पुस्तकहरूझैं केवल एउटा जातिप्रति मात्र यसले ध्यान दिएन अपितु समस्त जातिहरूको सुधारको दायित्व लियो र मानवीय प्रशिक्षणका समस्त दर्जाहरू वर्णन गऱ्यो। पशुतुल्यहरूलाई मानवताका शिष्टाचारहरू सिकायो त्यसपछि मानवीय रूप दिएर सबै सदाचारहरूको पाठ पढायो।

## पवित्र कुरआनको जगतमाथि उपकार

यो पवित्र कुरआन नै हो जसले प्राकृतिक (स्वाभाविक) अवस्थाहरू र उत्तम आचरणहरूको बीचमा रहेको भिन्नतालाई स्पष्ट पारेर जगतमाथि उपकार गऱ्यो। जब प्राकृतिक अवस्थाबाट निकालेर सदाचाराको उच्च महलसम्म पुऱ्यायो। परन्तु केवल त्यसलाई पर्याप्त ठानेन अपितु शेषरहेको जुन फट्को थियो अर्थात् आध्यात्मिक अवस्थाहरूको दर्जासम्म पुग्नका निम्ति पवित्र आध्यात्मज्ञानका ढोकाहरू खोलिदियो। न केवल खोल्यो अपितु लाखों मानिसहरूलाई त्यहाँसम्म पुऱ्याइ पनि दियो। यसप्रकार त्यो तिनैप्रकारको शिक्षा जसबारे मैले उल्लेख गरिसकेको छु अत्योत्तम ढंगले वर्णन गऱ्यो। अतः त्यो (पवित्र कुरआन) किनभने धार्मिक प्रशिक्षणका आवश्यकताहरूको आधार रहेका ती सबै शिक्षाहरूले पूर्णरूपमा सर्वाङगीण सम्पन्न छ त्यसकारण त्यस (पवित्र कुरआन)ले धार्मिक शिक्षाको विस्तारलाई मैले नै सम्पन्न तुल्याएँ भनी दावी गऱ्यो। जस्तै पवित्र कुरआन को वर्णन छ :-

اَلْيَوْمَ اَكْمَلْتُ لَكُمْ دِيْنَكُمْ وَاَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِيْ وَرَضِيْتُ لَكُمُ الْاِسْلَامَ دِيْنًا۔ [1]

1. The Holy Quran, al-Ma'idah 5:4

अर्थात् :– आज मैले तिमीहरूको धर्मलाई सर्वाङ्गीण सम्पन्न तुल्याएँ र आफनो नेमत (अनुग्रह) तिमीहरूप्रति सम्पूर्ण गरिदिएँ तथा तिमीहरूको धर्म इस्लाम ठहराएर म प्रसन्न भएँ। अर्थात् धर्मको सर्वोच्च दर्जा त्यो कुरो हो जुन इस्लामको सारमा पाइन्छ। वस्तुत: पूर्णतया खुदा तआलाप्रति समर्पित भएर आफ्नो मुक्ति अन्य कुनै उपायले होइन अपितु आफ्नै अस्तित्वको बलिदानबाट पाउने चाहना राखी त्यस भावना र कामनालाई व्यवहारिक रूप दिनु यही नै त्यो चरम बिन्दु हो जहाँ समस्त चमत्कारहरू समाप्त हुन्छन्। अत: जुन खुदाको पहिचान दार्शनिकहरूले गर्न सकेनन ती साँचा खुदा (परमेश्वर) को ठेगाना पवित्र कुरआनले बतायो। पवित्र कुरआनले खुदा तआलाको वास्तविक ज्ञान प्रदान गर्नका निम्ति दुईवटा उपायहरू राखेका छन।

**प्रथम :–** त्यो उपाय जसबाट मनुष्यको मानसिक शक्ति बौद्धिक तर्कहरूको रचनामा सशक्त र प्रखर हुनजान्छ। फलस्वरूप मनुष्य भूल भ्रान्तिबाट बच्दछ।

**द्वितीय :–** त्यो आध्यात्मिक उपाय जसबारे हामी तेस्रो प्रश्नको उत्तरमा अगाढि चर्चा गर्नेछौं।

## अल्लाह तआलाको सत्ताबारे तर्कहरू

बौद्धिक रूपमा खुदा तआलाको सत्ताबारे पवित्र कुरआनले कस्ता कस्ता उत्कृष्ट र अतुलनीय तर्कहरू प्रस्तुत गरेको छ भन्ने कुरो अब हेर्नुहोस। जस्तै एक ठाउँमा वर्णन गर्छ :–

رَبُّنَا الَّذِیۡۤ اَعۡطٰی کُلَّ شَیۡءٍ خَلۡقَہٗ ثُمَّ ہَدٰی[1]

अर्थात् खुदा त तिनै हुन जसले प्रत्येक वस्तुलाई त्यसको यथायोग्य रचना गरे त्यसपछि त्यसलाई आफ्ना आवश्यकीय उन्नतिहरू प्राप्तिको मार्ग प्रदर्शन गरे। अब यदि यस आयतको भावार्थलाई दृष्टिमा राखी मनुष्यदेखि लिएर समस्त सामुद्रिक र धरतीमाथि रहका प्राणीहरू र पक्षीहरूको बनावटप्रति ध्यान दिनाले प्रत्येक वस्तुको बनावट त्यस अनुरूप नै रहेको खुदाको अनुपम महिमाको स्मरण हुन्छ। यो विषयवस्तु अत्यन्त विस्तृत छ त्यसकारण अध्ययन गनेहरूले स्वयं ध्यानदिऊन्।

पवित्र कुरआनले खुदा तआला नै समस्त कारणहरूका आदिकारण हुन भनी खुदा तआलाको सत्ताबारे दोस्रो तर्क राखेको छ। जस्तै पवित्र कुरआनमा वर्णित

1. The Holy Quran, Ta Ha 20:51

छ :-

وَاَنَّ اِلٰى رَبِّكَ الْمُنْتَهٰى ۝[1]

अर्थात समस्त क्रियाहरू र कारणहरूको क्रम तिम्रा पालनकर्तामा पुगेर टुंगिन्छ। उक्त तर्कको व्याख्यास्वरूप गहन दृष्टिले हेर्दा यो समस्त सृष्टिजगत कारणहरू र क्रियाहरूको क्रमले गाँसिएको छ भन्ने कुरो ज्ञात हुन्छ। यसै कारणले संसारमा भिन्न-भिन्न विषयका ज्ञानहरू उत्पन्न हुनगएका हुन् किनभने सृष्टिको कुनै अंश व्यवस्थाबाट अलग्ग छैन। कोही कसैका निम्ति मूलको रूपमा रहेको छ भने कोही चाहिँ शाखाको रूपमा। कारण (कर्ता) या त स्वयं आफ्नो अस्तित्वमाथि प्रस्थापित हुनसक्छ अथवा त्यसको अस्तित्व कुनै अर्को कारणमाथि आधारित हुनसक्छ। त्यसैगरी त्यो दोस्रो कारण कुनै अर्कोमाथि र यो क्रम चल्दैजान्छ। यस सीमित संसारमा क्रिया र कारणको क्रम कहीं पुगेर टुंगिदैन निरन्तर चलिरहने छ भन्नु अनुचित हो। त्यसैले यो क्रम कुनै अन्तिम कारणमा पुगेर टुंगिन जान्छ भन्ने कुरो अवश्य मान्नैपर्छ। अत: जसमाथि यो समस्त क्रमको अन्त हुन्छ तिनी नै खुदा (परमेश्वर) हुन्। उक्त आयत وَاَنَّ اِلٰى رَبِّكَ الْمُنْتَهٰى[2] ले आफ्ना सीमित शब्दहरूमा कसरी उपरोक्त तर्कलाई वर्णन गरिरहेछ ध्यानपूर्वक हेर। समस्त सृष्टिक्रम अन्तत: तिम्रा पालनकर्तासम्म पुगेर टुङ्गिन्छ, वस्तुत: यही नै यसको अर्थ हो।

एउटा अर्को तर्क आफ्नो सत्ताबारे दिएका छन जुन यसप्रकार वर्णित छ :-

لَا الشَّمْسُ يَنْۢبَغِيْ لَهَآ اَنْ تُدْرِكَ الْقَمَرَ وَلَا الَّيْلُ سَابِقُ النَّهَارِ ؕ وَكُلٌّ فِيْ فَلَكٍ يَّسْبَحُوْنَ ۝[3]

अर्थात् सूर्यले चन्द्रमालाई पकडन सक्दैन न त चन्द्रमाको द्योतक रहेको रातले सूर्यको द्योतक रहेको दिनमाथि अधिकार जमाउन सक्छ। अर्थात् तिनीहरूमध्ये कोही पनि आफ्नो निश्चित कक्षाबाट बाहिर जाँदैन। यदि यिनीहरूका पछाडि कोही नियन्त्रक नरहेमा त यो समस्त व्यवस्थाक्रम नष्ट भ्रष्ट हुनजान्छ। खगोल शास्त्रको अध्ययन गर्नेहरूका निम्ति यो तर्क अत्यन्त लाभदायक छ किनभने आकाशमा रहेका ती वृहत नक्षत्रहरूका अनगिन्ती गोलाहरू छन जसको अलिकति खराबीले गर्दा समस्त जगत नष्ट हुनसक्छ। यो कस्तो अलौकिक परमशक्ति रहेको छ जसका कारण

1. The Holy Quran, an-Najm 53:43
2. The Holy Quran, an-Najm 53:43
3. The Holy Quran, Ya Sin 36:41

तिनीहरू न त परस्पर ठोकिन्छन न रत्तीभर तिनीहरूले गति परिवर्तन गर्छन। न त यदि लामो अवधिसम्म खटाइएकाले खिइएका छन न तिनीहरूका कलपुर्जाहरूमा कुनै परिवर्तन आएको छ। यदि यिनीहरूमाथि कोही संरक्षक छैन भने कसरी यति ठूलो कारखाना अनन्त कालदेखि आफैंआफ चलिरहेछ ? यिनै गूढज्ञानहरूतर्फ संकेत गरी खुदा तआला अर्को स्थानमा वर्णन गर्छन् :-

اَفِی اللّٰہِ شَکٌّ فَاطِرِ السَّمٰوٰتِ وَالۡاَرۡضِ[1]

अर्थात् के खुदा (परमेश्वर)को सत्ताप्रति शंका हुनसक्छ र जसले यस्तो आकाशमण्डाल र यस्तो पृथ्वीको सृजन गरे ?

पुन: उनले आफ्नो सत्ताबारे एउटा गहिरो तर्क वर्णन गरेका छन :-

کُلُّ مَنۡ عَلَیۡہَا فَانٍ ۝ وَّیَبۡقٰی وَجۡہُ رَبِّکَ ذُو الۡجَلٰلِ وَالۡاِکۡرَامِ ۝[2]

अर्थात् :- प्रत्येक वस्तु नाशवान रहेको छ तर सदासर्वदा रहिरहने भने ती खुदा (परमेश्वर) हुन जो परमप्रतापी र महिमामय छन्। अब ध्यान देऊ, यदि मानिलिउँ पृथ्वी टुक्रा हुनपुगोस र आकाशमण्डलका नक्षत्रहरू पनि खण्ड-विखण्ड हुनपुगुन साथै तिनीहरूमाथि तिनीहरूको नाम र निशान मेटाउने भयानक आँधी चलोस परन्तु यो सबै विनाशपछि पनि एउटा वस्तु भने शेष रहनु पर्छ जसमाथि विनाश आउन सक्दैन र त्यसले अदलीबदली र परिवर्तनलाई स्वीकार्दैन तथा आफ्नो पहिलो अवस्थामा नै कायम रहन्छ भन्ने कुरो विवेकले मान्छ र स्वीकार्छ अझ यथार्थ समझदारीले त यसलाई आवश्यक ठान्छ। अत: ती उनै खुदा (परमेश्वर) हुन जसले समस्त नाशवान आकारहरूलाई प्रकट गरे परन्तु स्वयं भने विनाशको हस्तक्षेपबाट सुरक्षित रहे।

उनले आफ्नो सत्ताबारे पवित्र कुरआनमा एउटा अर्को तर्क प्रस्तुत गरेका छन :-

اَلَسۡتُ بِرَبِّکُمۡ قَالُوۡا بَلٰی[3]

अर्थात् मैले आत्माहरूलाई के म तिमीहरूको विधाता हैन र भनी सोधें तिनीहरूले भने, अवश्य हौ। उक्त आयतमा खुदा तआला प्रश्नोत्तरको रूपमा आत्माहरूको त्यस विशेषतालाई वर्णन गरिरहेछन जुन तिनीहरूको प्रकृतिमा उनले रचेका छन्। वस्तुत: त्यो के हो भने स्वाभाविक रूपमा कुनै पनि आत्माले

1. The Holy Quran, Ibrahim 14:11
2. The Holy Quran, ar-Rahman 55:27-28
3. The Holy Quran, al-A'raf 7:173

खुदा तआला (परमेश्वर) को अस्वीकार गर्न सक्दैन। अस्वीकारीहरू त केवल आफ्नो सोच अनुसार तर्क नपाउनाले अस्वीकार गर्छन। परन्तु अस्वीकार गरेतापनि प्रत्येक सृष्टिका निम्ति अवश्य एउटा स्रष्टा हुनुपर्छ भन्ने कुरोलाई तिनीहरूले मान्छन्। उदाहरणस्वरूप यदि शरीरमा कुनै रोग प्रकट भएमा यो रोग प्रकट हुनुको कुनै कारणै छैन भन्ने मूर्ख संसारमा कोही हुनसक्दैन। यदि संसारको यो घटनाक्रम क्रिया र प्रतिक्रिया अथवा कर्म र कारणले जोडिएको नभएमा फलानो मितीमा आँधी आउँनेछ अथवा चन्द्र वा सूर्यग्रहण लाग्नेछ अथवा अमूक समयमा रोगीको मृत्यु हुनेछ अथवा फलानो समयसम्ममा त्यो रोगसित अमूक रोग थापिनेछ भनी समय भन्दा पहिला सूचित गर्ने यी कार्यहरू नै असम्भव हुने थिए। अत: यस्तो अन्वेषकले यद्यपि खुदाको सत्तालाई स्वीकार नगरे तापनि एकप्रकारले त त्यसले उ पनि हामीझै क्रिया र प्रतिक्रियाको कारण खोजिरहेछ भन्ने कुरोलाई त स्वीकार्यो। अत: यो पनि एक प्रकारको स्वीकार नै हो तर पूर्ण स्वीकार भने होइन। अर्को कुरो के भने यदि कुनै उपायले अल्लाहको सत्ताको अस्वीकारी एउटा व्यक्तिलाई यतिसम्म बेहोश पारियोस जसबाट उसले यस भौतिक जीवनका घटनाहरू र सम्झनाहरूलाई बिर्सी परमशक्ति (अल्लाह)को अधीनमा पुगोस, त्यस अवस्थामा भने त्यसले अवश्य खुदाको सत्तालाई स्वीकार्नेछ अस्वीकार गर्नेछैन। यसबारे ठूला ठूला विशेषज्ञहरूको अनुभव साक्ष्य छ। यस्तै अवस्थातर्फ उक्त आयतमा सङ्केत गरिएको छ। आयतको भावार्थ के हो भने अल्लाहको (परमेश्वरको) सत्ताको अस्वीकार केवल भौतिक जीवनसम्म मात्र सीमित रहेको छ अन्यथा मानवीय प्रकृति भने (अल्लाहको सत्ताको) स्वीकारले परिपूर्ण छ।

## अल्लाह तआलाका विशेषताहरू

यी अल्लाह तआलाको सत्ताबारे दृष्टान्तस्वरूप हामीले लेखेका तर्कहरू हुन्। यसपश्चात जुन खुदातर्फ पवित्र कुरआनले हामीलाई आह्वान गरेको छ उनका विशेषताहरू यसप्रकार वर्णित छन् :-

هُوَاللّٰهُ الَّذِىْ لَآ اِلٰهَ اِلَّا هُوَ عٰلِمُ الْغَيْبِ وَالشَّهَادَةِ هُوَ الرَّحْمٰنُ الرَّحِيْمُ ○[1]

مٰلِكِ يَوْمِ الدِّيْنِ ○[2] اَلْمَلِكُ الْقُدُّوْسُ السَّلٰمُ الْمُؤْمِنُ الْمُهَيْمِنُ الْعَزِيْزُ

1. The Holy Quran, al-Hashr 59:23
2. The Holy Quran, al-Fatihah 1:4

الْجَبَّارُ الْمُتَكَبِّرُ[1] هُوَاللّٰهُ الْخَالِقُ الْبَارِئُ الْمُصَوِّرُلَهُ الْاَسْمَآءُ الْحُسْنٰى
يُسَبِّحُ لَهٗ مَافِى السَّمٰوٰتِ وَالْاَرْضِ وَهُوَالْعَزِيْزُ الْحَكِيْمُ ۝[2] عَلٰى كُلِّ شَىْءٍ
قَدِيْرٌ ۝[3] رَبِّ الْعٰلَمِيْنَ ۝ الرَّحْمٰنِ الرَّحِيْمِ ۝ مٰلِكِ يَوْمِ الدِّيْنِ ۝[4] اُجِيْبُ
دَعْوَةَ الدَّاعِ اِذَا دَعَانِ[5] اَلْحَىُّ الْقَيُّوْمُ[6] قُلْ هُوَ اللّٰهُ اَحَدٌ ۝ اَللّٰهُ الصَّمَدُ لَمْ
يَلِدْ وَلَمْ يُوْلَدْ ۝ وَلَمْ يَكُنْ لَّهٗ كُفُوًا اَحَدٌ ۝[7]

अर्थात् खुदा उनी नै हुन जो एक र अद्वितीय छन। कोही उनको साझेदार छैन। उनीबाहेक कोही पनि उपासना र आज्ञापालन योग्य छैन। भन्नुको तात्पर्य के हो भने यदि उनी साझेदाररहित र अद्वितीय नरहेका भए सम्भवत: उनको शक्तिमाथि शत्रुको शक्तिले प्रभाव पार्ने थियो फलत: खुदाको प्रभुत्व खतरामा पर्ने थियो। उनी बाहेक कोही उपासनायोग्य छैन भन्नुको तात्पर्य चाहिं के हो भने उनी यस्ता सर्वगुणसम्पन्न खुदा हुन जसका विशेषताहरू र गुणहरू तथा महिमाहरू यस्ता उत्कृष्ट र महान रहेका छन यदि यस्ता सर्वगुणसम्पन्न विशेषताहरूको आधारमा कुनै मौजूद सत्ताहरूमध्ये एउटा खुदाको निर्वाचन गर्न चाहेमा अथवा मनमा उत्तमभन्दा उत्तम र महानभन्दा महान खुदाका विशेषताहरूको कल्पना गरेमा जो सबैभन्दा महान अर्थात जसभन्दा कोही महान हुनैसक्दैन ती तिनै खुदा हुन जसको उपासनामा निकृष्टलाई साझेदार बनाउनु अन्याय हो। पुन: अदृश्यका (परोक्षका) ज्ञाता भनिएको छ, अर्थात् उनी आफ्नो सत्ताका स्वयं ज्ञाता हुन, उनको सत्ताबारे कसैले पनि पूर्णरूपमा जान्न अथवा पार पाउन सक्दैन। हामी सूर्य र चन्द्रमा तथा प्रत्येक प्राणीको सर्वाङ्ग रूप देख्न सक्छौं परन्तु खुदाको सर्वाङ्ग रूप देख्न कदापि सक्दैनौं। यसैगरी उनी प्रत्यक्षका ज्ञाता हुन भनिएको छ, अर्थात् कुनै वस्तु उनको दृष्टिबाट छिप्न सक्दैन। खुदा कहलाएर पनि सृष्टिहरूको ज्ञानबाट वञ्चित रहनु उनका निम्ति अनुचित हो। यस

1. The Holy Quran, al-Hashr 59:24
2. The Holy Quran, al-Hashr 59:25
3. The Holy Quran, al-Baqarah 2:21
4. The Holy Quran, al-Fatihah 1:2-4
5. The Holy Quran, al-Baqarah 2:187
6. The Holy Quran, al-Baqarah 2:256
7. The Holy Quran, al-Ikhlas 112:2-5

जगतका कण कणमाथि उनको दृष्टि रहेको छ। परन्तु मानिसका लागि यो असम्भव छ। कहिले यस सृष्टि व्यवस्थालाई तोड़ने हो र प्रलय ल्याउने हो भन्ने कुरो उनैले जन्दछन उनीबाहेक कसैले त्यसो कहिले हुने हो भन्ने जान्दैन। अत: खुदा उनै हुन जसले यी समस्त समयहरूको जानकारी राख्छन्। फेरि उनी रह्‌मान हुन भनिएको छ, अर्थात् उनी प्राणीहरूको अस्तित्व र तिनीहरूको कर्मभन्दा पहिला नै कुनै स्वार्थ र कुनै कर्मफल बिना तिनीहरूका निम्ति केवल आफ्नो करुणाद्वारा राहतका सामानहरू उपलब्ध गर्छन, जस्तै उनले सूर्य र धरती तथा अन्य सबै वस्तुहरू हाम्रो अस्तित्व र हाम्रा कर्महरूको अस्तित्वभन्दा पहिला नै हाम्रानिम्ति सृष्टि गरे। उक्त दानको नाम खुदाको पुस्तकमा 'रहमानियत' (अनुग्रह) रहेको छ र यसै कामका कारण खुदा तआलालाई रहमान (कृपालु) भनिएको हो। पुन: उनलाई 'रहीम' (दयालु) भनिएको छ। अर्थात् खुदा उनै हुन जसले पुण्यकर्मको अत्युत्तम प्रतिफल प्रदान गर्छन र कसैको परिश्रमलाई खेर फाल्दैनन्। यही विशेषताका कारण उनलाई 'रहीम' (परम दयालु) भनिएको हो। यो विशेषता 'रहमियत' (करूणा) को नामले प्रसिद्ध छ। यसैगरी 'मालिके योमिद्दीन' (प्रतिफलदिवसका स्वामी) भनिएको छ। अर्थात् खुदा उनै हुन जसले प्रत्येकको प्रतिफल आफ्ना हातमा राखेका छन। उनको कोही यस्तो कर्मचारी छैन जसलाई उनले धरती र आकाशमण्डलको शासन सुम्पिएर स्वयं भने अलग्ग भई, केही नगरी बसुन र त्यही कर्मचारीले पुरस्कार तथा दण्ड दियोस अथवा भविष्यमा पनि त्यही दिनेवाला होस्। उनी 'अल्‌मलिकुल कुद्दुस' हुन्, अर्थात् यस्ता सम्राट हुन जसमा कुनै दोष र खोट छैन। मानवीय शासनतन्त्र दोषमुक्त हुदैन भन्ने कुरो स्पष्ट छ। उदाहरणत: यदि सबै प्रजाहरूले देश त्यागेर कुनै अर्को देशतर्फ लागेमा राज्य नै कायम रहनसक्दैन। यसैगरी यदि समस्त प्रजाहरू अनिकालमा परेमा राजस्व कहाँबाट आउला र यदि राज्य का प्रजाहरूले राजासित तिमीमा हामीभन्दा ठूलो के गुण छ भनी तर्क गरेमा उसले आफ्नु कुनचाँहि योग्यता प्रमाणित गर्ला। अत: खुदा तआलाको राजत्व यस्तो हुदैन। उनले त एक क्षणमा नै समस्त राज्यलाई नाश गरी अरू प्राणीहरू सृजना गर्नसक्छन्। यदि उनी यस्ता स्रष्टा र सर्वशक्तिमान नरहेका भए अत्याचार बिना उनको शासन चल्ने नै थिएन किनभने संसारलाई एकपटक क्षमा र मुक्ति दिएर उनले अर्को संसार पुन: कहाँवाट ल्याउने थिए ? के अत्याचारपूर्वक आफुले दिएको माफी र मुक्तिलाई फिर्ता लिएर ती मुक्तिप्राप्त मानिसहरूलाई नै संसारामा ल्याउन पुन: पकडने थिए ? यसप्रकार त उनको खुदाई (ईश्वरत्व) मा आक्षेप आउने थियो र उनी संसारका ती सम्राटहरूझैं

एकजना दोषपूर्ण सम्राट हुनपुग्ने थिए जसले मानिसहरूका निम्ति कानून बनाउने गर्छन, प्रत्येक कुरोमा क्रोध प्रकट गर्छन र आफ्नो स्वार्थसिद्धिका अवसरमा जब अत्याचार बाहेक कुनै बाटो पाउँदैनन तब अत्याचारलाई आमाको दूधझैं जन्मसिद्ध अधिकार ठान्छन्। उदाहरणको रूपमा शाही कानून अनुसार एउटा जहाजलाई बचाउनका लागि एउटा नौकाका सवारीहरूलाई डुबाएर मार्नु उचित मानिन्छ। परन्तु खुदाले भने यस्तो विवशताको सामना गर्नु नपर्ने हो। अत: खुदा यदि पूर्णत: सर्वशक्तिमान र नास्तिबाट सृजना गर्नेवाला नभएका रहेमा या त उनी असहाय राजाहरूझैं परम शक्तिको ठाउँमा अत्याचारको आड लिनेथिए या न्यायी बनी खुदाई (ईश्वरत्व) लाई नै त्यागने थिए। परन्तु खुदाको जहाज भने समस्त शक्तिसम्पन्नतका साथ साँचो न्यायको मार्गमा चलिरहेछ। पुन: उनी 'अस्सलाम' हुन भनिएको छ, अर्थात् खुदा समस्त दोषहरू, सङ्कटहरू र क्लेशहरूबाट मुक्त छन अपितु उनी शान्ति प्रदानकारी हुन्। यसको अर्थ पनि स्पष्ट छ किनभने यदि उनी स्वयं सङ्कटग्रस्त हुन्थे र मानिसहरूका हातबाट मारिन्थे र आफ्नो उद्देश्यमा असफल रहन्थे भने त्यस दुर्गतिलाई देखेर यस्ता खुदाले अवश्य हामीलाई सङ्कटबाट बचाउने छन भनी मानिसहरूको हृदय कसरी ढुक्क हुन सकथ्यो र ? यसैकारण अल्लाह तआला झूटा उपास्यहरूका बारेमा वर्णन गर्छन् :-

إِنَّ الَّذِيْنَ تَدْعُوْنَ مِنْ دُوْنِ اللهِ لَنْ يَّخْلُقُوْا ذُبَابًا وَّلَوِ اجْتَمَعُوْا لَهٗ وَإِنْ
يَّسْلُبْهُمُ الذُّبَابُ شَيْئًا لَّا يَسْتَنْقِذُوْهُ مِنْهُ ضَعُفَ الطَّالِبُ وَالْمَطْلُوْبُ o
مَا قَدَرُوا اللهَ حَقَّ قَدْرِهٖ إِنَّ اللهَ لَقَوِيٌّ عَزِيْزٌ o[1]

अर्थात् जसलाई तिमीहरूले खुदा (परमेश्वर) बनाएका छौ। तिनीहरू कस्ता छन भने यदि तिनीहरू सबै मिलेर एक अर्काको मदद गर्दै एउटा झींगो उत्पन्न गर्न चाहेमा कदापि उत्पन्न गर्न सकदैनन् अपितु यदि झींगाले उनीहरूको कुनै वस्तु लिएर उड्यो भने त्यसबाट त्यो वस्तु खोसेर ल्याउने तिनीहरूमा शक्ति छैन। यिनीहरूका उपासकहरू विवेकहीन र यिनीहरू शक्तिहीन रहेका छन्। के खुदा यस्तै हुन्छन। खुदा त ती हुन जो सबै शक्तिमानहरूभन्दा अधिक शक्तिमान र सर्वविजयी रहेका छन्। न कसैले उनलाई समात्न सक्छ न त मार्न सक्छ। जुन मानिसहरू यस्ता भूल भ्रान्तिहरूमा पर्छन तिनीहरू खुदाको महिमा जान्दैनन न त खुदा कस्ता हुनुपर्छ भन्ने कुरो जान्दछन्। पुन: खुदा शान्ति प्रदानकारी हुन र आफ्ना महिमाहरू र आफ्नो

1. The Holy Quran, al-Hajj 22:74-75

अद्वितीयताबारे स्वयं तर्कहरू प्रस्तुत गर्छन भनिएको छ। साँचा खुदाको उपासक कुनै पनि सभा र समागममा लज्जित र अपमानित हुनसक्दैन भन्ने कुरातर्फ यहाँ सङ्केत पाइन्छ। साँचा खुदाको उपासकले कुनै सभा समागममा अपमानित हुनुपर्दैन तथा न त खुदाका सामुन्ने नै अपमानित हुनु पर्नेछ भन्ने कुरोतर्फ यहाँ सङ्केत पाइन्छ किनभने त्यसको हातमा अकाट्य तर्कहरू हुन्छन्। परन्तु बनावटी खुदाको उपासक ठूलो सङ्कटवस्थामा हुन्छ। उसले तकहरू प्रस्तुत गर्नुको सट्टा प्रत्येक निरर्थक कुरोलाई हाँसो नहोस भनी गुप्त राख्छ र प्रमाणित दोष र त्रुटिहरूलाई समेत लुकाउने प्रयास गर्छ।

यसैगरी उनी **''अल् मुहैमिन्, अल् अज़ीज़, अल् जब्बार, अल् मुतकब्बिर''** हुन्। अर्थात् उनीसबैका संरक्षक र सबैमाथि सर्वविजयी तथा बिग्रिएका कामहरूलाई सपार्नेवाला हुन र उनको सत्ता पूर्ण आत्मनिर्भर रहेको छ। पुन: **''हुवाल्लाहुल् खालिकुल् बारिओल् मुसव्वेरु लहुल् अस्माओल् हुस्ना''** भनिएको छ, अर्थात् उनी यस्ता खुदा हुन जसले शरीरहरूको पनि सृजना गर्नेगर्छन र आत्माहरूको पनि। र उनी गर्भमा आकार तयार गर्छन्। समस्त ती उत्तम नामहरू जुन कल्पना गर्न सकिन्छ सबै उनैका नामहरू हुन्। पुन: **''युसब्बेहु लहु मा फी स्समावाते वल् अर्ज़े व हुवल् अज़ीज़ुल् हकीम''** भनिएको छ, अर्थात् आकाशमण्डलका निवासीहरू र पृथ्वीका निवासीहरू पनि उनको नामलाई पवित्रताका साथ स्मरण गर्नेगर्छन्। उक्त आयतमा आकाशमण्डालका नक्षत्रहरूमा पनि आबादी रहेको छ र तिनीहरू पनि खुदाको मार्गदर्शनको पालना गर्छन भन्ने कुरातर्फ संकेत गरिएको छ। यसपश्चात **''अला कुल्ले शय्यीन् कदीर''** भनिएको छ, अर्थात् खुदा सर्वशक्तिमान रहेका छन्।

यो कुरो उपासकहरूका निम्ति सन्तुष्टिप्रद रहेको छ किनभने यदि खुदा असमर्थ रहेमा र सर्वशक्तिमान वा पूर्णसामर्थवान नरहेमा त्यस्ता खुदाबाट के आशा राख्ने ? यसैगरी उनी **''रब्बिल् आलमीन्, अर्रमानेर्रहीम मालिके योमेद्दीन, उजीबु दा'वतद्दाये इजा दआन''** हुन भनिएको छ, अर्थात् उनी नै समस्त ब्रह्माण्डहरूका पालनकर्ता, परम कृपालु, परमदयालु तथा प्रतिफलदिवसका स्वयं मालिक रहेका छन्। उनले उक्त अख्तियार कसैलाई सुम्पिएका छैनन्। प्रत्येक पुकारनेवालाको पुकारलाई उनी सुन्छन र उत्तर दिन्छन अर्थात् दुआ (प्रार्थना) स्वीकार गर्छन्। यसपश्चात् **अल् हय्युल कय्युम** हुन भनिएको छ, अर्थात उनी सदासर्वदा कायम रहने र समस्त ज्यानहरूका प्राण, सबैको अस्तित्वका आधार रहेका छन्। यसको

तात्पर्य के हो भने यदि उनी सदारहित नरहेका भए उनको जीवनका सम्बन्धमा पनि कहीं हामी भन्दा पहिला नै मर्ने त होइनन भन्ने आशङ्का रहिरहने थियो। न उनी कसैका पुत्र हुन न कोही उनको पुत्र रहेको छ। कोही उनी बराबर हुनसक्दैन र उनको स्वजाति पनि कोही छैन।

खुदा तआलाको तौहीद (अद्वितीयता) लाई पूर्णरूपले स्वीकार्नु र त्यसमा घटबढ् नगर्नु यो त्यो न्याय हो जुन मानिसले आफ्ना प्रकृत मालिकको पक्षमा गर्छ भन्ने कुरो स्मरण रहोस्। यो समस्त चारित्रिक शिक्षाको त्यो अंश हो जुन पवित्र कुरआनको शिक्षाबाट प्रस्तुत गरिएको हो। यसमा के सिद्धान्त स्पष्ट छ भने, समस्त आचरणहरूलाई खुदा तआलाले उचनीच हुनबाट बचाएका छन अर्थात् प्रत्येक आचरणलाई त्यस आधारमा आचरणको नाम दिएका छन जब त्यो आफ्नो वास्तविक र आवश्यक मर्यादाभन्दा तलमाथि भएको हुदैन। वास्तविक पुण्य त त्यही वस्तु हो जुन दुईवटा सीमाहरूका बीचमा अर्थात उचनीचको बीचमा हुन्छ भन्नो कुरो स्पष्ट छ। प्रत्येक त्यो स्वभाव जसले मध्यममार्गतर्फ तान्छ र मध्यममार्गमा कायम गर्छ त्यसैले सदाचारको सृजना गर्छ। स्थिति र अवसरको ज्ञान हुनु एउटा मध्यमार्ग हो। उदाहरणस्वरूप यदि कृषकले आफ्नो बीउ समयभन्दा पहिला अथवा समयभन्दा पछि रोप्छ भने दुवै अवस्थामा त्यसले मध्यममार्ग त्यग्छ। पुण्य, सत्य र ज्ञान सबै मध्यममार्गमा छ र मध्यममार्ग अवसरको पहिचानमा। अथवा सत्य त्यो वस्तु हो जुन सदा दुईवटा परस्पर विपरीत असत्यहरूको बीचमा हुनेगर्छ भन्ने कुरो बुझ। ठीक अवसरको प्रयोगले मानिसलाई निरन्तर मध्यममार्गमा राख्छ भन्ने कुरामा केही सन्देह छैन। यसैप्रकार खुदाका विशेषताहरू वर्णन गर्दा ती विशेषताहरूको नकारात्मक पक्षतर्फ नुझुकनु र खुदालाई शारीरिक वस्तुहरू समान नठान्नु, यही नै खुदाको पहिचानको सन्दर्भमा मध्यममार्गको पहिचान हो। पवित्र कुरआनले खुदाका विशेषताहरूका सन्दर्भमा यही नियम अपनाएको छ। अत: खुदाले देख्छन, सुन्छन, जान्दछन, बोल्छन, वार्तागर्छन भनी वर्णन पनि गर्छ र साथै उनी प्राणीहरू अनुरूप नरहेका प्रमाणित गर्नका निम्ति यसो पनि भन्छ,

لَيْسَ كَمِثْلِهٖ شَيْءٌ ۝[1] فَلَا تَضْرِبُوْا لِلّٰهِ الْاَمْثَالَ ۝[2]

अर्थात् खुदाको सत्ता र विशेषताहरूमा कोही पनि उनको साझेदार हुनसक्दैन।

1. The Holy Quran, ash-Shura 42:12
2. The Holy Quran, an-Nahl 16:75

उनको बारेमा सृष्टिहरूको उदाहरण दिने नगर। अत: खुदाको सत्तालाई उपमा र अनुपमका बीचमा स्थापित गर्नु यही नै मध्यममार्ग हो। त्यसकारण इस्लामको समस्त शिक्षा मध्यममार्गको शिक्षा हो। सूर: फातिहामा पनि मध्यममार्गको आदेश दिएको छ। अत: खुदा तआला वर्णन गर्छन् غَيْرِ الْمَغْضُوْبِ عَلَيْهِمْ وَلَا الضَّآلِّيْنَ۝[1] अर्थात न तिनीहरूझैं जसप्रति तिम्रो प्रकोप परेको छ र न त तिनीहरूझैं जो पथभ्रष्ट भएका छन्। कोपभाजित भएकाहरू भन्नाले ती मानिसहरू हुन जसले खुदा तआलाको विरोधमा क्रोधशक्ति प्रयोग गरी हिंसाको मार्गमा हिड्छन्। यसैगरी पथभ्रष्टहरू भन्नाले ती मानिसहरू हुन जसले पाशविक मार्ग अपनाएका छन्। तथा मध्यममार्ग त्यो हो जसलाई 'अन्अम्ता अलैहिम' अर्थात् जसमाथि तिम्रो अनुग्रह भएको छ – भन्ने शब्दद्वारा सम्बोधन गरिएको छ। अत: उक्त वरदानप्राप्त समूहका निम्ति पवित्र कुरआनमा मध्यममार्ग अपनाउने आदेश भएको छ। तौरातमा खुदा तआलाले प्रतिशोधमूलक कुराहरूमाथि जोड दिएका थिए र इन्जीलमा माफी र क्षमादानमूलक कुराहरूमाथि जोड दिएका थिए। परन्तु यस सम्प्रदाय (मुसलमान) लाई भने अवसरको पहिचान र मध्यममार्गको शिक्षा प्राप्त भएको छ। अत: अल्लाह तआलाको भनाइ यसप्रकार छ –

وَكَذٰلِكَ جَعَلْنٰكُمْ اُمَّةً وَّسَطًا[2]

अर्थात् हामीले तिमीहरूलाई मध्यममार्गका अनुगामी बनाएका छौं र मध्यवर्ती शिक्षा प्रदान गरेका छौं। अत: तिनीहरू नै धन्य रहेका छन जसले मध्यममार्ग अपनाउँछन। मध्यममार्ग नै सर्वोत्तम मार्ग हो।

## आध्यात्मिक अवस्था (दर्जा)हरू

तेस्रो भाग अर्थात आध्यात्मिक अवस्थाहरू के हुन् ? पवित्र कुरआनको मार्गदर्शनानुसार आध्यात्मिक अवस्थाहरू (दर्जाहरू) को मूल र स्रोत 'नफ्से मुत्मयिन्ना' अर्थात् सत्त्वगुण हो जसले मानिसलाई सदाचारिताको दर्जाबाट खुदाप्राप्तिको दर्जासम्म पुऱ्याउँछ भन्ने कुरो पहिलानै हामीले वर्णन गरिसकेका छौं। जस्तै अल्लाह तआलाको वर्णन छ –

1. The Holy Quran, al-Fatihah 1:7
2. The Holy Quran, al-Baqarah 2:144

يَاَيَّتُهَا النَّفْسُ الْمُطْمَئِنَّةُ ٥ ارْجِعِىٓ اِلٰى رَبِّكِ رَاضِيَةً مَّرْضِيَّةً ٥ فَادْخُلِىْ فِىْ عِبٰدِىْ ٥ وَادْخُلِىْ جَنَّتِىْ ٥[1]

अर्थात् हे खुदाबाट शान्तिप्राप्त सात्त्विक आत्मा ! आफ्ना प्रभुतर्फ फर्किएर आ। उनी तँसित प्रसन्न र तँ उनीसित प्रसन्न। अत: मेरा भक्तहरूमा सम्मिलित हो र मेरो स्वर्गमा प्रवेश गर।

यस स्थानमा आध्यात्मिक दर्जाहरूको चर्चा गर्नका लागि उक्त पवित्र आयतको केही व्याख्या गर्नु उचित हुनेछ। यस सांसारिक जीवनमा मनुष्यको उच्च दर्जाको आध्यात्मिक अवस्था भनेको खुदा तआलाबाट शान्ति प्राप्त गर्नु र उसको समस्त सन्तुष्टि र आनन्द तथा तृप्ति खुदामा नै हुनु हो भन्ने कुरो स्मरण राख्नु पर्छ। यही त्यो अवस्था हो जसलाई दोस्रो शब्दमा स्वर्गीय जीवन भनिन्छ। यस अवस्था (दर्जा)मा मानिसले आफ्नो परम सत्यता र शुद्धता तथा वफादारीको बदलामा एउटा नगद स्वर्ग प्राप्त गर्छ। अन्य मानिसहरूको भने परलोकको स्वर्गप्रति दृष्टि हुन्छ परन्तु त्यो चाहिँ मौजूद स्वर्गमा प्रवेश गर्छ। यसै दर्ज़ामा पुगेर मनुष्यले त्यो उपासना जसको भार उसको सिरमाथि हालिएको छ वस्तुत: त्यही एउटा यस्तो आहार हो जसबाट उसको आत्माको भरणपोषण भइरहेछ र जसमाथि उसको आध्यात्मिक जीवन निर्भरित छ तथा त्यसको परिणाम प्राप्तिका निम्ति कुनै अर्को लोकको बाटो हेरिरहनु पर्दैन भन्ने कुरो बुझ्दछ। 'नफ्से लव्वामा' अर्थात् राजसिक प्रवृत्ति जसले मनुष्यलाई उसको अपवित्र जीवनप्रति धिक्कार्छ तर उत्तम चाहनाहरूलाई भने राम्ररी उजागर गर्न सक्दैन तथा कुइच्छाहरूबाट वास्तविक घृणा दिलाउन सक्दैन न त पुण्यमाथि अडिग रहने पूर्णशक्ति प्रदान गर्न सक्छ, यसै दर्जामा यो कुरो प्राप्त हुन्छ अर्थात् त्यस पुण्य प्रेरणाद्वारा ती सबै लक्षणहरू परिवर्तित हुनजान्छन जुन सात्विक प्रवृत्तिको विकासको आरम्भ हो। यसै दर्जामा पुग्दा मनुष्यले पूर्ण सफलता प्राप्त गर्ने समय आउँछ। यस अवस्थामा समस्त मानसिक उद्वेगहरू आफैआफ मलिन हुनलाग्छन र आत्माभित्र एउटा यस्तो शक्तिवर्धक हावा चल्नलाग्छ जसबाट मनुष्यले अतीतका कमी र दुर्बलताहरूलाई पछुतोको दृष्टिले हेर्नलाग्छ। त्यससमय मनुष्यको प्रकृतिमा एउटा ठूलो परिवर्तन आउँछ र स्वभावहरूमा पनि ठूलो अन्तर उत्पन्न हुन्छ। मनुष्य आफ्ना पहिलाका

1. The Holy Quran, al-Fajr 89:28-31

अवस्थाहरूबाट धेरै टाढा पुग्नजान्छ। उसलाई धोइन्छ र सफा गरिन्छ तथा खुदाले आफ्ना हातले पुण्यप्रतिको प्रेम उसको हृदयमा लेखिदिन्छन्। यसैगरी पापको मैल आफ्नो हातले उसको हृदयबाट बाहिर फ्याकिदिन्छन्। सत्यका समस्त सेनाहरू हृदयको शहरमा प्रविष्ट हुन्छन र प्रकृतिका समस्त बुर्जाहरूमा सत्यको कब्जा हुनजान्छ तथा सत्यको विजय हुन्छ र मिथ्याले पलायन गर्छ र त्यसले आफ्ना हतियारहरू फालिदिन्छ। त्यस व्यक्तिको हृदयमाथि खुदाको हात हुन्छ र त्यसले प्रत्येक कदम खुदाको छायामुनि रहेर बढाउँछ। अत: निम्नका आयतहरूमा खुदा तआलाले यिनै कुराहरूतर्फ सङ्केत गरेका छन्

أُولَٰئِكَ كَتَبَ فِي قُلُوبِهِمُ الْإِيمَانَ وَأَيَّدَهُم بِرُوحٍ مِّنْهُ[1]

وَزَيَّنَهُ فِي قُلُوبِكُمْ وَكَرَّهَ إِلَيْكُمُ الْكُفْرَ وَالْفُسُوقَ وَالْعِصْيَانَ ۚ أُولَٰئِكَ
هُمُ الرَّاشِدُونَ ○ فَضْلًا مِّنَ اللَّهِ وَنِعْمَةً ۚ وَاللَّهُ عَلِيمٌ حَكِيمٌ ○[2]

جَاءَ الْحَقُّ وَزَهَقَ الْبَاطِلُ ۚ إِنَّ الْبَاطِلَ كَانَ زَهُوقًا ○[3]

अर्थात् खुदाले विश्वासीजनहरूको हृदयमा आफ्नो हातले ईमान (विश्वास) लेखिदिएका छन् साथै पवित्र आत्माद्वारा उनीहरूको सहायता गर्नेगर्छन्। हे विश्वासीजनहो ! उनले ईमानलाई तिमीहरूका निम्ति प्रिय बनाएका छन्। त्यसको सौन्दर्य तिमीहरूका हृदयमा अङ्कित गरिदिएका छन र अविश्वास, कुकर्म र पापहरूप्रति तिमीहरूको हृदयमा घृणा उत्पन्न गरेका छन। तथा कुमार्गहरू विकृत र अशुभ हुन भन्ने कुरो तिमीहरूका हृदयमा स्थापित गरिदिएका छन। यी सबै कुराहरू खुदाको कृपा र करुणाबाट भएका हुन्। सत्यको आगमन भयो र मिथ्याले पलायन गर्‍यो। असत्य सत्यका सामुन्ने कहिले टिक्न सकथ्यो र।

अत: यी समस्त सङ्केतहरू त्यो आध्यात्मिक अवस्थातर्फ गरिएका हुन जो तेस्रो दर्जामा मनुष्यलाई प्राप्त हुन्छ। मनुष्यलाई जबसम्म यो दर्जा मिल्दैन तबसम्म उसलाई कदापि वास्तविक दृष्टि प्राप्त हुदैन। खुदा तआलाले 'मैले ईमान उनीहरूको हृदयमा

1. The Holy Quran, al-Mujadalah 58:23
2. The Holy Quran, al-Hujurat 49:8-9
3. The Holy Quran, Bani Isra'il 17:82

आफनो हातले लेखेको छु र पवित्र आत्माद्वारा तिनीहरूको सहायता गरेको छु' भन्नुमा कुन कुरातर्फ सङ्केत छ भने मनुष्यलाई वास्तविक सफाई र पवित्रता तबसम्म प्राप्त हुदैन जबसम्म उसलाई अलौकिक (ईश्वरीय) सहायता मिल्दैन। 'नफ्से लव्वामा' अर्थात राजसिक प्रवृत्तिको दर्जामा मनुष्यको बारम्बार प्रायश्चित गर्ने र बारम्बार पछारिने स्थिति हुन्छ। अपितु कहिलेकाहिं त उ आफ्नो योग्यताप्रति निराश हुन्छ र आफ्नो रोगलाई उपचार हुन नसक्ने रोग ठान्दछ र यस्तो अवस्थामा धेरै लामो समयसम्म रहेपश्चात जब त्यसको निश्चित समय पूरा हुन्छ तब रात अथवा दिनको समयमा एकाएक एउटा ज्योति त्यसमाथि उत्रन्छ जसमा ईश्वरीय शक्ति निहित हुन्छ। त्यस प्रकाशको अवतरणका साथै त्यसमा एउटा आश्चर्यजनक परिवर्तन आउँछ र अदृश्य हातको एउटा सशक्त प्रभाव अनुभव हुन्छ। तथा एउटा विचित्र जगत सामुन्ने आउँछ। त्यससमय मानिसलाई खुदा छन भन्ने कुरो थाहालाग्छ। त्यसका नेत्रद्वयमा त्यो प्रकाश उत्पन्न हुन्छ जुन पहिला थिएन। परन्तु त्यस मार्गलाई कसरी प्राप्त गर्ने र त्यस प्रकाशलाई कसरी पाउँने त ? यस घटना जगतमा प्रत्येक कार्यको एउटा कारण र प्रत्येक क्रियाको एउटा कर्ता अनिवार्य हुन्छ भन्ने कुरो ज्ञात हुनुपर्छ। यसैगरी प्रत्येक ज्ञान प्राप्तिका निम्ति एउटा मार्ग रहेको छ जसलाई सन्मार्ग भनिन्छ। संसारमा कुनै यस्तो वस्तु छैन जसलाई ईश्वरले त्यसका निम्ति निश्चित गरेका नियमहरूको पालना नगरी प्राप्त गर्न सकियोस्। प्रकृतिको विधानले प्रत्येक वस्तुको प्राप्तिका लागि एउटा सन्मार्ग छ र त्यसको प्राप्ति स्वाभाविक रूपमा त्यहीमाथि निर्भरित छ भन्ने कुरो स्पष्ट पारिरहेछ। उदाहरणस्वरूप यदि हामी एउटा अँध्यारो कोठा-भित्र बसेका रहेमा र सूर्यको प्रकाशको आवश्यकता रहेमा सूर्यतर्फ रहेको झ्याल खोलिदिनु नै हाम्रानिम्ति सन्मार्ग हो। त्यसो गर्नाले तुरुन्तै सूर्यको प्रकाशले भित्र प्रवेश गरी हामीलाई प्रकाशित गर्छ। अत: यसैगरी खुदाका वास्तविक वरदानहरूको प्राप्तिका निम्ति पनि कुनै झ्याल हुनुपर्छ र स्वच्छ आध्यात्मिकता प्राप्तिका निम्ति कुनै विशेष उपाय हुनुपर्छ भन्ने कुरो स्पष्ट छ। जसरी हामी आफ्नो जीवनका सबै कार्यहरूमा सफलता प्राप्तिका निम्ति सन्मार्गको खोज गर्नेगर्छौं त्यसरी नै आध्यात्मिक कार्यहरूका निम्ति (पनि) सन्मार्गको खोज गर्नु नै त्यो (उपाय) हो। परन्तु हामीले केवल आफ्नै बुद्धिको जोड्ले र आफ्नै स्वनिर्मित सिद्धान्तहरूबाट खुदासित सम्पर्क स्थापित गर्न खोज्नु नै त्यो उपाय हो त ? उनका ती ढोकाहरू जुन खुल्नमा उनकै सशक्त हातमाथि निर्भरित छन के केवल हाम्रो तर्क र दर्शनद्वारा हामीप्रति खुल्छन त ? यो एकदमै उचित होइन भनी जान। हामीले ती सदारहित, परम आत्मनिर्भर (ईश्वर)लाई केवल आफ्ना उपायहरूबाट

कदापि प्राप्त गर्न सक्नेछैनौं अपितु पहिला हामीले आफ्नो जीवन आफ्ना समस्त शक्तिहरूसह खुदा तआलाको मार्गमा सुम्पिएर पुनः खुदासित सम्बन्ध जोडनका लागि तथा खुदालाई खुदाद्वारा नै पाउनका निम्ति दुआ (प्रार्थना)मा व्यस्त रहनु उक्त पथमा सन्मार्ग रहेको छ।

## एउटा अत्युत्तम दुआ (प्रार्थना)

सर्वोत्तम दुआ (प्रार्थना) जसले हामीलाई याचनाको यथास्थिति र अवसर सिकाउँछ र प्रकृतिनिहित आध्यात्मिक उद्वेगको नक्शा हाम्रा सामुन्ने प्रस्तुत गर्छ, जुन परम कृपालु खुदाले आफ्नो पवित्र पुस्तक कुरआन शरीफमा अर्थात् सूरः फातिहामा हामीलाई सिकाएका छन त्यो यही हो – **'बिस्मिल्लाहिर्रहमानिर्रहीम'** अर्थात् परम कृपालु, परम दयालु अल्लाको नामका साथ (आरम्भ गर्छु)। **'अल्हम्दु लिल्लाहि रब्बिल् आलमीन'** अर्थात् समस्त साँचा र पवित्र प्रशंसाहरू उनै अल्लाहका निम्ति हुन जो समस्त ब्रह्माण्डहरूका स्रष्टा र पालनहार तथा कायमकर्ता रहेका छन्। **'अर्रहमानिर्रहीम'** अर्थात् ती उनै खुदा हुन जसले हाम्रा कर्महरूभन्दा पहिला नै हाम्रा निम्ति कृपाका साधनहरू उपलब्ध गर्नेगर्छन र हाम्रा कर्महरूपछि दयापूर्वक हामीलाई प्रतिदान प्रदान गर्नेगर्छन्। **'मालिके योमिद्दीन'** उनै खुदा प्रतिदान दिवसका एकमात्र मालिक हुन कुनै अन्यलाई त्यो दिन सुम्पिइएको छैन। **'इय्याकनअ्बुदु वा इय्याकनस्तयीन'** अर्थात् हे यी समस्त प्रशंसाहरूका स्वामी ! हामी तिम्रै उपासना गर्छौं र प्रत्येक कार्यसिद्धिका निम्ति तिमीसितै शक्तिप्राप्तिको याचना गर्छौं। यस स्थानमा 'हामी' शब्दको प्रयोग गर्नुको तात्पर्य हाम्रा समस्त अंगहरू तिम्रो उपासनामा व्यस्त छन र तिम्रो चरणमा झुकेका छन भन्ने कुरोतर्फ इङ्गित गर्नु हो। वस्तुत: मनुष्य आफ्ना भित्री अंगहरू र शक्तिहरूको दृष्टिले एउटा जमाअत अथवा समूह नै हो। त्यसकारण समस्त शक्तिहरूका साथ खुदालाई साष्टाङ्ग प्रणाम गर्नु यही नै त्यो अवस्था हो जसलाई इस्लाम भनिन्छ। **'इह्दिना स्सिरातल् मुस्तकीमा सिरातल्लज़ीना अन्अम्ता अलैहिम्'** अर्थात् हामीलाई आफ्नो सन्मार्ग देखाउ र त्यसप्रति अडिग राखी ती व्यक्तिहरूको मार्ग देखाउ जसप्रति तिम्रो पुरस्कार र बक्सिस रहेको छ र जो तिम्रा कृपा र करुणाका पात्र भएका छन्। **'ग़ैरिल् मग़्ज़ोबे अलैहिम व ला ज़्ज़ाल्लीन'** अर्थात् हामीलाई ती व्यक्तिहरूको मार्गबाट बचाउ जसमाथि तिम्रो प्रकोप परेको छ तथा जो तिमीसम्म पुग्न सकेनन र पथभ्रष्ट भए। 'आमीन' अर्थात्

हे खुदा त्यसै गर। खुदा तआलाका इनामहरू जसलाई अनुग्रह पनि भनिन्छ ती व्यक्तिहरूमाथि उत्रिन्छन जसले आफ्नो जीवनलाई खुदाको मार्गमा उत्सर्ग गरी साथै आफ्नो समस्त अस्तित्वलाई उनको मार्गमा सुम्पिएर उनको इच्छाप्रति मग्न भई पुन: जे जति मनुष्यलाई आध्यात्मिक अनुग्रहहरू र खुदाको सामिप्य र मिलन तथा उनका वाणीहरू र वार्तालापहरूबाट प्राप्त हुनसक्छ त्यो सबै तिनीहरूलाई प्राप्त हुन भनी दुआ (प्रार्थना) मा व्यस्त रहन्छन भन्ने कुरो उक्त आयतहरूले सम्झाइरहेछन्। ती व्यक्तिहरू दुआका साथै आफ्ना समस्त शक्तिहरूसह उपासना गर्नेगर्छन र पापहरूबाट बच्नेगर्छन तथा ईश्वरको चरणमै सदा रहिरहने गर्छन्। जहाँसम्म तिनीहरूबाट सम्भव हुन्छ स्वयंलाई दुष्कर्मबाट बचाउँछन र अल्लाहको प्रकोपको मार्गबाट दूर रहनेगर्छन्। अत: किनभने तिनीहरूले परम साहस र सत्यताका साथ खुदालाई खोज्दछन त्यसकारण उनलाई प्राप्त पनि गर्छन तथा खुदा तआलाको पवित्र ज्ञानका प्यालाहरूद्वारा तृप्त तुल्याइन्छन्। उक्त आयतमा अडिगता अथवा दृढताको उल्लेखले साँचो र प्रकृत अनुग्रह जसले आध्यात्मिक जगतसम्म पुऱ्याउँछ त्यो 'इस्तकामत' अर्थात पूर्णदृढता र अडिगतासित सम्बन्धित छ भन्ने कुरातर्फ सङ्केत गर्छ। पूर्णदृढता भन्नुको तात्पर्य एउटा यस्तो सत्य र निष्ठाको अवस्था हो जसलाई कुनै प्रकारको परीक्षाले हानि पुऱ्याउन सक्दैन। अर्थात एउटा यस्तो सम्बन्ध जसलाई न तरबारले काट्न सकोस। न त आगोले जलाउन सकोस। तथा न कुनै अन्य विपत्तिले हानि पुऱ्याउन सकोस् र आफन्ताहरूको मृत्युले समेत त्यसबाट अलग्ग गर्न नसकोस। प्रियहरूको वियोगले त्यसमा कुनै वाधा पुऱ्याउन नसकोस, लाञ्छित हुने आशङ्काले पनि कुनै भय उत्पन्न गर्न नसकोस्। अत्यन्त पीडा दिएर मारिनाले समेत रत्तीभर मनलाई आतङ्कित नगरोस्। अत: यो ढोका अत्यन्त साँगूरो छ र यो मार्ग अत्यन्त कठिन छ। आ हा ! कति कठिन छ ! यसैतर्फ अल्लाह तआलाले यस आयतमा सङ्केत गरेका छन :-

قُلْ اِنْ كَانَ اٰبَآؤُكُمْ وَاَبْنَآؤُكُمْ وَاِخْوَانُكُمْ وَاَزْوَاجُكُمْ وَعَشِيْرَتُكُمْ
وَاَمْوَالُ ٕاقْتَرَفْتُمُوْهَا وَتِجَارَةٌ تَخْشَوْنَ كَسَادَهَا وَمَسٰكِنُ تَرْضَوْنَهَآ اَحَبَّ
اِلَيْكُمْ مِّنَ اللّٰهِ وَرَسُوْلِهٖ وَجِهَادٍ فِيْ سَبِيْلِهٖ فَتَرَبَّصُوْا حَتّٰى يَاْتِيَ اللّٰهُ بِاَمْرِهٖ ط
وَاللّٰهُ لَا يَهْدِى الْقَوْمَ الْفٰسِقِيْنَ ○[1]

1. The Holy Quran, at-Taubah 9:24

अर्थात् यदि तिमीहरूका पिताहरू र तिमीहरूका पुत्रहरू र तिमीहरूका भाईहरू र तिमीहरूका स्त्रीहरू र आफन्ताहरू तथा तिमीहरूका ती धन सम्पत्तिहरू जुन तिमीहरूले परिश्रम गरी कमाएका छौ र तिमीहरूको व्यपार जुन बन्द होला कि भन्ने तिमीहरूलाई भय रहेको छ। यसैगरी तिमीहरूका ती भवनहरू जुन तिमीहरूलाई अत्यन्त प्रिय छन् खुदाभन्दा र उनका रसूल (सन्देशवाहक) भन्दा र खुदाको मार्गमा आफ्नो ज्यान लडाउनुभन्दा अधिक प्रिय रहेका छन भने तिमीहरू तबसम्म पर्ख जब खुदाले आफ्नो आदेश प्रकट गर्नेछन् तथा खुदाले कुकर्मीहरूलाई कदापि आफ्नो मार्ग देखाउँदैनन भनी तिनीहरूलाई भनीदेउ।

जुन व्यक्तिहरू खुदाको इच्छा विरुद्ध आफ्ना आत्म-कुटुम्ब र आफ्ना धन सम्पत्तिहरूसित प्रेम गर्छन ती व्यक्तिहरू खुदाको दृष्टिमा कुकर्मी हुन। तिनीहरू अवश्य नाश हुनेछन किनभने तिनीहरूले खुदामाथि अन्य वस्तुहरूलाई प्राथमिकता दिए भन्ने कुरो उक्त आयतहरूबाट स्पष्ट हुन्छ।

यही त्यो तेस्रो दर्जा हो जसमा त्यो व्यक्ति खुदावाला बन्दछ जसले उनका निम्ति हजारौं सङ्कटहरू झेल्छ र खुदातर्फ यस्तो सत्य र निष्ठाका साथ झुक्छ जसबाट खुदाबाहेक उसको कोही शेष रहदैंन। मानौं सबै बित्न पुगे। अत: वास्तविक कुरो के हो भने जबसम्म हामी स्वयं मर्दैनौं तबसम्म जीवित खुदा देखापर्ने छैनन्। खुदा प्रकट हुने दिन त्यही नै हो जब हाम्रो शारीरिक जीवनप्रति मृत्यु आउँछ। हामी तबसम्म अन्धा हौं जबसम्म (खुदालाई छाडि) अन्यहरूलाई देख्नबाट अन्धा बन्दैनौं। हामी तबसम्म मुर्दा हौं जबसम्म हामी खुदाको हातमा मुर्दासरह हुदैनौं। जब हाम्रो मुहार (दृष्टि) उनका पावन ठेगानाहरूमा ठीक-ठीक पर्न जान्छ तब त्यो प्रकृत दृढता जुन समस्त मानवीय उद्वेगहरूमाथि विजयी हुन्छ, हामीलाई प्राप्त हुनेछ त्यो भन्दा पहिला हुनेछैन। यही नै त्यो दृढता हो जसद्वारा मानवीय (उद्वेगपूर्ण) जीवनमाथि मृत्यु आउँछ। हाम्रो दृढता यही नै हो जुन उनले वर्णन गरेका छन्

بَلٰى مَنْ اَسْلَمَ وَجْهَهٗ لِلّٰهِ وَهُوَ مُحْسِنٌ[1]

अर्थात् बलिको पशुझैं मेरा सामुन्ने गर्दन राख। यसैगरी तबमात्र हामीले दृढताको दर्जा प्राप्त गर्न सक्नेछौं जब हाम्रो अस्तित्वका समस्त पुर्जाहरू तथा हाम्रो ज्यानको समस्त शक्ति उनैको कार्यमा लाग्छ र हाम्रो मृत्यु र हाम्रो जीवन उनैको निम्ति हुनजान्छ। जस्तै उनको भनाइ छ :-

1. The Holy Quran, al-Baqarah 2:113

قُلْ اِنَّ صَلَاتِىْ وَنُسُكِىْ وَمَحْيَاىَ وَمَمَاتِىْ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ۔[1]

अर्थात मेरो नमाज़ (उपासना) र मेरो बलिदान तथा मेरो जीवित रहनु र मेरो मर्नु सबै खुदाका निम्ति रहेको छ भनिदेउ। जब खुदासित मनुष्यको प्रेम त्यस दर्जासम्म पुग्छ, अर्थात् उसको मृत्यु र जीवन आफ्ना निम्ति नभएर खुदाका निम्ति हुनजान्छ तब ती खुदा जसले सदादेखि प्रेम गर्नेहरूसित प्रेम गर्दैआएका छन आफ्नो प्रेम त्यसप्रति उतार्छन्। तथा ती दुईवटा प्रेमको मिलनबाट मानिसभित्र एउटा ज्योति प्रकट हुन्छ जसलाई जगतले चिन्दैन न त बुझ्न नै सक्छ। यसैकारण हजारौं सत्यनिष्ठहरू र पुण्यपुरुषहरूको हत्या भयो किनभने संसारले तिनीहरूलाई चिनेन। ती व्यक्तिहरू त्यसैले ढोंगी र स्वार्थी कहलाए किनभने संसारले तिनीहरूको प्रकाशमय अनुहारलाई देख्न सकेन। जस्तै वर्णित छ :-

يَنْظُرُوْنَ اِلَيْكَ وَهُمْ لَا يُبْصِرُوْنَ۔[2]

अर्थात् ती अस्वीकारीहरूले तिमीतर्फ हेर्नेगर्छन परन्तु तिमी तिनीहरूलाई देखिदैनौ। अत: जब त्यो प्रकाश उत्पन्न हुन्छ तब त्यस प्रकाशको उत्पत्तिका दिनदेखि एउटा पार्थिव मानिस स्वर्गीय बन्नपुग्छ। ती समस्त प्राणीहरूका स्वामीले त्यसभित्रबाट बोल्नलाग्छन र आफ्नो अलौकिक चमकहरू देखाउँछन तथा त्यसको त्यो हृदय जुन पवित्र प्रेमले परिपूर्ण रहेको छ त्यसलाई आफ्नो सिंहासन बनाउँछन्। त्यहींबाट त्यो व्यक्ति एउटा आध्यात्मिक परिवर्तन पाएर एउटा नयाँ व्यक्ति बन्नपुग्छ। उनीपनि त्यसका निम्ति एक नयाँ खुदा बन्नपुग्छन् र नयाँ व्यवहार र नयाँ नियमहरू प्रकट गर्छन्। न उनी नयाँ खुदा हुन न व्यवहारहरू नै नयाँ हुन परन्तु खुदाका स्वाभाविक व्यवहारहरूभन्दा ती व्यवहारहरू भिन्न हुन्छन त्यसकारण सांसारिक दर्शन (ज्ञान)ले तिनीहरूलाई चिन्न सक्दैन। त्यस्ता व्यक्तिका सन्दर्भमा अल्लाह तआलाको वर्णन यो रहेको छ :-

وَمِنَ النَّاسِ مَنْ يَّشْرِىْ نَفْسَهُ ابْتِغَآءَ مَرْضَاتِ اللّٰهِ وَاللّٰهُ رَءُوْفٌ بِالْعِبَادِ۝[3]

अर्थात् मानिसहरूमध्ये तिनीहरू उत्तम दर्जाका मानिस रहेका छन जो खुदाको

1. The Holy Quran, al-Anʿam 6:163
2. The Holy Quran, al-Aʿraf 7:199
3. The Holy Quran, al-Baqarah 2:208

इच्छाप्रति समर्पित हुन्छन्। तिनीहरूले आफ्नो ज्यान बेचेर खुदाको इच्छालाई मोल्छन। यिनीहरूनै ती व्यक्तिहरू हुन जसप्रति खुदाको कृपा रहेको छ। यसैप्रकार त्यो व्यक्ति जो आध्यात्मिक अवस्थाको दर्जासम्म पुगिसकेको छ त्यो खुदाको मार्गमा समर्पित हुनजान्छ।

उक्त आयतमा खुदा तआलाको भनाई के रहेको छ भने त्यही व्यक्तिले समस्त सङ्कटहरूबाट मुक्ति पाउँनेछ जसले मेरो मार्गमा र मेरो चाहनाको मार्गमा आफ्नो ज्यानलाई बेचिदिन्छ र ज्यानको होड लगाएर उ खुदाकै हो भन्ने आफ्नो त्यस अवस्थाको प्रमाण प्रस्तुत गर्छ तथा आफ्नो समस्त सत्तालाई यस्तो एउटा वस्तु ठान्छ जुन स्रष्टाको आज्ञापालन र सृष्टिको सेवाका निम्ति बनाइएको हो। पुन: उसले प्रत्येक शक्तिसित सम्बन्धित वास्तविक पुण्यकार्यलाई यस्तो चुस्ती र फूर्ति तथा चासोलिएर गर्छ मानौ त्यसले आफ्नो आज्ञाकारिताको दर्पनमा आफ्ना प्रकृत प्रेमी (परमेश्वर) लाई देखिरहेछ तथा उसको चाहना खुदाको चाहनासित पूर्णत: मिल्नजान्छ। यसैगरी उसको समस्त आनन्द आज्ञापालनामा निहित हुन्छ र सबै पुण्यकर्महरू करले होइन अपितु प्रसन्नता र उत्कण्डाको आकर्षणले कार्यान्वित हुनलाग्छन्। यही नै त्यो नगद स्वर्ग हो जुन आध्यात्मिक व्यक्तिलाई प्राप्त हुन्छ तथा त्यो स्वर्ग जुन भविष्यमा प्राप्त हुनेछ वास्तवमा त्यो यसैको प्रतिविम्ब र लक्षणहरू हुन जसलाई परलोकमा खुदा तआलाको अलौकिक शक्तिले शारीरिक रूपमा परिणत गरी देखाउँनेछ। यसैतर्फ सङ्केत गरी अल्लाह तआला वर्णन गर्छन् :-

وَلِمَنْ خَافَ مَقَامَ رَبِّهٖ جَنَّتٰنِo[1] وَسَقٰهُمْ رَبُّهُمْ شَرَابًا طَهُوْرًاo[2] اِنَّ الْاَ
بْرَارَ يَشْرَبُوْنَ مِنْ كَاْسٍ كَانَ مِزَاجُهَا كَافُوْرًاo عَيْنًا يَّشْرَبُ بِهَا عِبَادُ اللّٰهِ
يُفَجِّرُوْنَهَا تَفْجِيْرًاo[3] وَيُسْقَوْنَ فِيْهَا كَاْسًا كَانَ مِزَاجُهَا زَنْجَبِيْلًاo عَيْنًا
فِيْهَا تُسَمّٰى سَلْسَبِيْلًا[4] اِنَّآ اَعْتَدْنَا لِلْكٰفِرِيْنَ سَلٰسِلَاۡ وَاَغْلٰلًا وَّسَعِيْرًاo[5]
وَمَنْ كَانَ فِيْ هٰذِهٖٓ اَعْمٰى فَهُوَ فِي الْاٰخِرَةِ اَعْمٰى وَاَضَلُّ سَبِيْلًاo[6]

1. The Holy Quran, ar-Rahman 55:47
2. The Holy Quran, ad-Dahr 76:22
3. The Holy Quran, ad-Dahr 76:6-7
4. The Holy Quran, ad-Dahr 76:18-19
5. The Holy Quran, ad-Dahr 76:5
6. The Holy Quran, Bani Isra'il 17:73

अर्थात् जो व्यक्ति खुदा तआलासित डराउँछ तथा उनको प्रतिष्ठा र प्रतापप्रति भयभीत रहन्छ त्यसका निम्ति दुईवटा स्वर्ग रहेका छन् – एउटा यही संसार तथा दोस्रो परलोक। तथा यस्ता व्यक्तिहरू जो खुदाप्रति समर्पित छन खुदाले तिनीहरूलाई त्यो शरबत पिलाएका छन जसले तिनीहरूको हृदय र सोचहरू तथा चाहनाहरूलाई पवित्र तुल्याएको छ। पुण्यकर्मीहरूले त्यो शरबत पिइरहेछन जसमा कपूर मिश्रित छ। तिनीहरूले त्यस स्रोतबाट पिउँछन जसलाई तिनीहरूले स्वयं फुटाएका हुन्।

## कपूर र सूठोमिश्रित शरवतको यथार्थ

अरबी भाषामा क फ र शब्दको अर्थ दबाउनु अथवा दाप्नु हो त्यसैकारण काफूर (कपूर) शब्द उक्त आयतमा अपनाइएको हो भन्ने कुरो मैले पहिला पनि वर्णन गरिसकेको छु। अत: तिनीहरूले यस्तो निष्ठाका साथ सांसारिक मोहत्याग र अल्लाहतर्फ प्रत्यागमनको प्याला पिएका छन जसले संसारको प्रेम पूर्णत: निस्तेज भएको छ भन्ने कुरोतर्फ यहाँ सङ्केत पाइन्छ। समस्त उद्वेगहरू मानसिक धारणाबाटै उत्पन्न हुन्छन भन्नु काइदाको कुरो हो। जब मन यी समस्त कुभावनाहरूबाट टाढिन्छ र तिनीहरूसित कुनै सम्बन्ध शेष रहँदैन तब ती उद्वेगहरू पनि बिस्तारो बिस्तारै कम हुनलाग्छन र अन्तत: समाप्त हुन्छन्। अत: यस स्थानमा खुदा तआलाको यही उद्देश्य रहेको छ। जो व्यक्तिहरू उनीतर्फ पूर्णरूपले झुकिसकेका छन तिनीहरू मानसिक उद्वेगहरूबाट धेरै टाढिन पुगेका छन र खुदाप्रति यतिसम्म समर्पित छन जसको फलस्वरूप संसारका व्यस्तताहरूबाट तिनीहरूको हृदय उदासीन हुनपुगेको छ तथा तिनीहरूका उद्वेगहरू यस्तो रूपमा दबिन गएका छन जसरी कपूरले विषालु तत्वहरूलाई दबाउँछ। उक्त आयतमा उनले यही सम्झाएका हुन्।

पुन: तिनीहरूले त्यस कपूरमिश्रित प्यालापछि ती प्यालाहरू पिउँनेछन जसमा **'ज़नजबील'** (अदुवा) मिलाइएको छ भनी वर्णन गरेका छन्। ज़न्जबील शब्द वस्तुत: दुईवटा शब्दहरूको सन्धि हो भनी जान्नु पर्छ। अर्थात् **'ज़ना र जबल्'**। **'ज़ना'** अरबी भाषामा माथि चढनुलाई भनिन्छ भने जबलको अर्थ पहाड हो। यसको सन्धिगत अर्थ हो – 'पहाडमाथि चढ्यो'। मनुष्यबाट एउटा विषाक्त रोग दूर भएपश्चात पूर्ण स्वास्थ्य प्राप्तिसम्म दुईवटा अवस्थाहरू आउँछन्। पहिलो अवस्था त्यो हो जब विषालु तत्वहरूको जोश पूर्णत: समाप्त हुनजान्छ र भयानक तत्वहरूको जोशमा सुधार हुनलाग्छ तथा विषालु कैफियतहरूको आक्रमण शान्तिपूर्वक टल्न

जान्छ। एउटा विनाशकको रूपमा प्रकट भएको सङ्कट पूर्णत: दबिन जान्छ। परन्तु अहिलेसम्म अङ्गहरूमा दुर्बलता शेष रहेकाले त्यसले कुनै परिश्रम गर्न सक्दैन। एउटा मुर्दाझैं लडखडाउँदै हिड्ने गर्छ। दोस्रो अवस्था त्यो हो जब पूर्ण स्वास्थ्य पुन: प्राप्त हुन्छ र शरीर शक्तिसम्पन्न हुन्छ तथा त्यसपछि बेरोकटोक पहाडमाथि चढ्ने र मनको उमङ्गका साथ माथि माथिका ऊँचाइहरूमा दौडने साहस त्यसमा उत्पन्न हुन्छ। अत: आध्यात्मिक यात्राको तेस्रो दर्जामा उक्त अवस्था प्राप्त हुन्छ। यसै अवस्थातर्फ उक्त पवित्र आयतमा अल्लाह तआलाले सङ्केत गरेका हुन। अर्थात् सर्वोच्च दर्जाका खुदाका प्रिय भक्तहरूले ती प्यालाहरू पिउँछन जुन ज़न्जबील (सूठो) मिश्रित रहेका छन्। अर्थात आध्यात्मिक अवस्थाको पूर्णशक्ति प्राप्त गरी तिनीहरू ठूला ठूला पहाडहरूमाथि चढ्न पुग्छन् तथा अत्यन्त कठिन कार्यहरू तिनीहरूका हातबाट कार्यान्वित हुन्छन र तिनीहरूले खुदाको मार्गमा आश्चर्यजनक पराक्रम देखाउने गर्छन्।

## ज़न्जबील (सूठो)को प्रभाव

औषधिविज्ञान अनुसार ज़न्जबील (सूठो) त्यो औषधि हो जसलाई हिन्दी भाषामा सोंठ भनिन्छ। यसले जठराग्नि (पाचन प्रणाली) लाई शक्ति प्रदान गर्छ र पखालाहरूलाई रोक्छ। यसले दुर्बललाई यति शक्तिशाली बनाउँछ र यति उत्तेजित तुल्याउँछ जसबाट त्यो पहाडमा चढ्न सक्षम हुनजान्छ। त्यसै कारणले यसको नाम ज़न्जबील राखिएको हो। यी भिन्न-भिन्न आयतहरू जसमा एक स्थानमा कपूरको उल्लेख छ भने एक स्थानमा ज़न्जबील (सुकेको अदुवा = सूठो) को, प्रस्तुत गरी खुदा तआलाले आफ्ना भक्तहरूलाई यही सम्झाउन चाहन्छन अर्थात् जब मानिसले मानसिक उद्वेगहरूबाट पुण्यतर्फ यात्रा गर्छ तब त्यस यात्राका साथ सर्वप्रथम अवस्थामा त्यसका विषालु तत्वहरूलाई तल दबाइन्छ। फलस्वरूप मानसिक उद्वेगहरू घट्न लाग्छन्। जस्तै, कपूरले विषालु तत्वहरूलाई दबाउँछ त्यसकारण त्यो हैजा र टाइफाइडका निम्ति लाभदायक रहेको छ। त्यसपश्चात जब विषालु तत्वहरूको जोश पूर्णत: समाप्त हुन्छ र दुर्बलतामा आधारित झीनो स्वास्थ्य प्राप्त हुन्छ तब दोस्रो चरणमा त्यस दुर्बल रोगीले ज़न्जबील (सूठो) को शरबतबाट शक्ति प्राप्त गर्छ। ज़न्जबील मिश्रित शरबत वस्तुत: खुदा तआलाको सौन्दर्यको त्यो प्रकटिकरण हो जुन आत्माको आहारा हो। जब त्यस प्रकटिकरण (Menifestation)बाट मानिसले शक्ति प्राप्त गर्छ तब ठूला र उच्च पहाडहरूमाथि चढ्ने योग्य बन्छ तथा खुदा तआलाको

मार्गमा यस्ता आश्चर्यजनक कठिन कार्यहरू गरेर देखाउँछ जसलाई गर्नु तबसम्म सम्भव छैन जबसम्म कसैको हृदयमा त्यो (ईश्वरीय) प्रेमाग्नि (उत्पन्न) हुदैन। अत: खुदा तआलाले यस स्थानमा यी दुईवटा अवस्थाहरूबारे सम्झाउनका निम्ति अरबी शब्दका दुईवटा शब्दहरू प्रयोग गरेका हुन्। एउटा काफूर (कपूर) शब्द जुन तल दबाउनुलाई भनिन्छ र दोस्रो ज़न्जबील (सूठो) शब्द, जुन माथि चढ्नुलाई भनिन्छ। उक्त मार्गमा पनि यी दुईवटा अवस्थाहरू आध्यात्मिक मार्गका यात्रीहरूका निम्ति रहेका छन्। आयतको शेषांश यसप्रकार रहेको छ –

إِنَّآ أَعْتَدْنَا لِلْكَٰفِرِينَ سَلَٰسِلَا۟ وَأَغْلَٰلًا وَسَعِيرًا ۝[1]

अर्थात् हामीले ती अविश्वासीहरूका निम्ति जसले सत्यलाई स्वीकार्न चाहँदैनन साङ्लाहरू र घाँडाहरू तथा प्रज्वलित अग्निका ज्वालाहरू तयार गरिदिएका छौं। जो व्यक्तिहरू साँचो मनले खुदा तआलालाई खोज्दैनन तिनीहरूप्रति खुदाका तर्फबाट कठोर प्रतिक्रिया हुन्छ, यही नै उक्त आयतको अर्थ हो। तिनीहरू सांसारिक बन्धनहरूमा यसरी फँसेका छन मानौ साङलाले तिनीहरूका पाउहरू बाँधिएका हुन्। यसैगरी भौतिक कार्यहरूमा यतिसम्म व्यस्त रहन्छन मानौ तिनीहरूको गर्दनमा एउटा यस्तो घाँडो छ जसले तिनीहरूलाई उँभोतर्फ टाउको उठाउन दिदैन। तथा तिनीहरूको हृदयमा यो धन मिले हुन्थ्यो र त्यो सम्पत्ति पाए हुन्थ्यो तथा फलानो देश हाम्रा अधिकारमा आए हुन्थ्यो र फलानो शत्रुमाथि हामी विजयी भए हुन्थ्यो, यति रुपिया भए हुन्थ्यो र यति सम्पत्ति भए हुन्थ्यो भन्ने लोभ र मोहको एउटा ताप दन्केको हुन्छ त्यसकारण खुदा तआलाले तिनीहरूलाई वास्तवमा नालायक देख्छन र कुकर्महरूमा व्यस्त पाउँछन त्यसेलै यी तीनैवटा विपत्तिहरू तिनीहरूका पछि लगाइदिन्छन्। जब मानिसका तर्फबाट कुनै क्रिया सम्पन्न हुन्छ तब खुदाले पनि आफ्ना तर्फबाट एउटा प्रतिक्रिया सम्पन्न गर्छन भन्ने कुरोतर्फ पनि यहाँ सङ्केत पाइन्छ। उदाहरणस्वरूप मनुष्यले जब आफ्नो कोठाका समस्त ढोकाहरू बन्द गर्छ तब मनुष्यको त्यस क्रियापछि त्यस कोठामा अन्धकार उत्पन्न गरिदिनु खुदा तआलाका तर्फबाट त्यसको प्रतिक्रिया हुनेछ। वस्तुत: जुन कुराहरू खुदा तआलाको प्राकृतिक विधानमा हाम्रा कार्यहरूका निम्ति एउटा निश्चित परिणामको रूपमा निर्धारित भइसकेका छन ती सबै खुदा तआलाका क्रियाहरू हुन्। तात्पर्य के हो भने उनी नै सबै कारणहरूका परमकारण हुन्। यदि कुनै व्यक्तिले ज्यानलिने विष खाएमा त्यसको त्यो क्रियापछि त्यसलाई मृत्यु दिनु खुदा

1. The Holy Quran, ad-Dahr 76:5

तआलाको प्रतिक्रिया हुनेछ। यसैगरी यदि कसैले सङ्क्रामक रोग उत्पन्न हुने कुनै अनैतिक कार्य गरेमा त्यसको प्रतिक्रिया स्वरूप त्यस व्यक्तिलाई त्यो सङ्क्रामक रोगले चाप्नेछ र त्यही नै खुदा तआलाको कार्य हो। अत: जसरी हाम्रो भौतिक जीवनमा हाम्रो प्रत्येक कार्यको एउटा निश्चित परिणाम रहेको छ भन्ने कुरो स्पष्ट देखिन्द। त्यही परिणाम खुदा तआलाको कार्य हो। यसैगरी धर्मक्षेत्रमा पनि यही नै विधान रहेको छ। जस्तै खुदा तआलाले यी दुईवटा उदाहरणरूमा स्पष्ट रूपमा वर्णन गरेका छन् :–

اَلَّذِيْنَ جَاهَدُوْا فِيْنَا لَنَهْدِيَنَّهُمْ سُبُلَنَا [1] فَلَمَّا زَاغُوْٓا اَزَاغَ اللّٰهُ قُلُوْبَهُمْ [2]

अर्थात् जसले खुदा तआलालाई खोज्ने कार्यमा पूरा-पूरा प्रयास गरे तब त्यस कार्यको प्रतिक्रियास्वरूप तिनीहरूलाई आफ्नो मार्ग देखाउनु हाम्रो कार्य हुनेछ। तथा जुन व्यक्तिहरूले टेढोमार्ग (कुमार्ग) अवलम्बन गरे र सन्मार्गमा चल्न चाहेनन तब तिनीहरूका निम्ति हाम्रो कार्य के हुनेछ भने हामी तिनीहरूको हृदयलाई विकृत तुल्याउने छौं। यही अवस्थालाई अधिक स्पष्ट पार्न पुन: वर्णन गरेका छन :–

مَنْ كَانَ فِيْ هٰذِهٖٓ اَعْمٰى فَهُوَ فِي الْاٰخِرَةِ اَعْمٰى وَاَضَلُّ سَبِيْلًا ○ [3]

अर्थात् जो व्यक्ति यस जगतमा अन्धो रह्यो त्यो परलोकमा पनि अन्धो नै रहनेछ अपितु अन्धाहरूभन्दा पनि अधिक पतित। पुण्यकर्मीहरूलाई खुदाको दर्शन यसै जगतमा हुन्छ तथा जसका निम्ति तिनीहरूले आफ्नो सर्वस्व गुमाउँछन ती आफ्ना परम प्रियलाई यसै जगतमा देख्छन भन्ने कुराको यहाँ सङ्केत पाइन्छ। अत: स्वर्गीय जीवनको जग यसै जगतबाट बस्दछ र नारकीय अन्धोपनको आधार पनि यसै जगतको अपवित्र र अन्धो जीवन हो र यही नै उक्त आयतको भावार्थ हो। पुन: वर्णन भएको छ :–

وَبَشِّرِ الَّذِيْنَ اٰمَنُوْا وَعَمِلُوا الصّٰلِحٰتِ اَنَّ لَهُمْ جَنّٰتٍ تَجْرِيْ مِنْ تَحْتِهَا الْاَنْهٰرُ [4]

अर्थात् जो व्यक्तिहरू ईमान (विश्वास) राख्छन र पुण्यकर्म गर्छन तिनीहरू ती

1. The Holy Quran, al-'Ankabut 29:70
2. The Holy Quran, as-Saff 61:6
3. The Holy Quran, Bani Isra'il 17:73
4. The Holy Quran, al-Baqarah 2:26

बगैंचाहरूका उत्तराधिकारी हुन जसमनि नहरहरू बगिरहेछन्। उक्त आयतमा खुदा तआलाले ईमान (विश्वास) को तुलना यस्तो नहरसित गरेका छन जसमनि नहरहरू बग्छन्। जुन सम्बन्ध नहरहरूको बगैंचासित छ त्यही सम्बन्ध कर्महरूको ईमान (विश्वास) सित छ भनी एउटा उत्तम दर्शनको रूपमा वर्णन गरिएको छ भन्ने कुरो स्पष्ट होस। अत: जसरी कुनै बगैंचा पानीबिना हरियो–भरियो रहन सक्दैन त्यसैगरी कुनै ईमान पुण्यकर्म बिना जीवित रहन सक्दैन। यदि ईमान त छ परन्तु पुण्यकर्महरू छैनन भने त्यो ईमान निरर्थक हो। यसैगरी यदि पुण्यकर्महरू छन र ईमान छैन भने ती कर्महरू देखावटी हुन्। इस्लामी स्वर्ग वस्तुत: यस जगतको ईमान (विश्वास) र कर्मको एउटा प्रतिविम्ब हो। त्यो कुनै नवीन वस्तु होइन जुन बहिरबाट आएर मनुष्यलाई प्राप्त हुनेहो अपितु मनुष्यको स्वर्ग मनुष्यको भित्रबाटै निस्कन्छ तथा प्रत्येकको स्वर्ग त्यसैको ईमान र त्यसैका पुण्य कर्महरू हुन जसको यसै जगतमा आनन्द प्राप्त हुनलाग्छ र गुप्तरूपमा ईमान र कर्महरूका स्वर्गहरू र नहरहरू देखिन लाग्छन्। परन्तु परलोकमा भने यिनै बगैंचाहरू प्रत्यक्षरूपमा अनुभूत हुनेछन्। खुदा र उनका विशेषताहरू तथा उनका इच्छाहरूप्रति रहेको साँच्चो र पवित्र अनि सुदृढ तथा पूर्णईमान नै त्यो सुन्दर र कल्याणमय स्वर्ग हो र पुण्य कर्महरू त्यस स्वर्गका नहरहरू हुन भन्ने कुरो खुदाको पवित्र शिक्षाले हामीलाई बताउँछ। जस्तै उनले वर्णन गरेका छन् :–

ضَرَبَ اللّٰهُ مَثَلًا كَلِمَةً طَيِّبَةً كَشَجَرَةٍ طَيِّبَةٍ اَصْلُهَا ثَابِتٌ وَّفَرْعُهَا فِي
السَّمَآءِ۝ تُؤْتِيْٓ اُكُلَهَا كُلَّ حِيْنٍ۔ [1]

अर्थात् ईमानको त्यो ‘कलेमा’ (शब्द) जुन प्रत्येक अत्युक्ति र निम्नुक्ति तथा त्रुटि र बिगाड अनि मिथ्या र उपहासबाट पवित्र तथा पूर्णरूपले सर्वाङ्ग सम्पन्न छ त्यो त्यस वृक्ष जस्तो रहेको छ जुन हरेक प्रकारको दोषरहित छ, जसको जड धरतीमा कायम छ र हाङ्गाहरू आकाशमा रहेका छन त्यसले आफ्नो फल प्रत्येक समय दिने गर्छ, त्यसको हाङ्गाहरूमा फल नरहेको कुनै समय हुदैन। उक्त वर्णनमा खुदा तआलाले ईमानको ‘कलेमा’ (शब्द) लाई सदा फलदिने वृक्षसित तुलना गरी त्यसका तीनवटा लक्षणहरू वर्णन गरेका छन्।

**प्रथम :–** त्यसको जड (जरो) जुन भावार्थको रूपमा वर्णित छ त्यो मनुष्यको हृदयको धरतीमा स्थापित होस् अर्थात् मानवीय प्रकृति र मानवीय विवेकले त्यसको सत्यका र वास्तविकतालाई स्वीकार गरेको होस्।

1. The Holy Quran, Ibrahim 14:25-26

**द्वितीय :-** त्यस 'कलेमा' (शब्द) का शाखाहरू आकाशमा हुन् अर्थात युक्तियुक्त होस् र आकाशीय (ईश्वरीय) प्राकृतिक विधान जुन खुदाको कार्य हो त्यस कार्यानुरूप होस्। अर्थात् त्यसको शुद्धता र यथार्थताका तर्कहरू प्राकृतिक विधानबाट उद्धरण गर्न सकिउन, साथै ती तर्कहरू यतिसम्म उत्कृष्ट हुन मानौ आकाशसम्म पुगेका हुन जहाँसम्म आपत्ति र आलोचनाको हात पुग्न सक्दैन।

**तृतीय :-** तेस्रो लक्षण के हो भने त्यो फल जुन खानेयोग्य छ स्थायी र अविच्छिन्न होस्। अर्थात् निरन्तर परिश्रमपश्चात त्यसका वरदानहरू र प्रभावहरू सदासर्वदा तथा हरेक युगमा देखिउन र अनुभूत हुन्। कुनै विशेष समयसम्म प्रकट भएर पुन: बन्द हुन नपुगुन्। यसैगरी वर्णित छ :-

مَثَلُ كَلِمَةٍ خَبِيْثَةٍ كَشَجَرَةٍ خَبِيْثَةِ اِجْتُثَّتْ مِنْ فَوْقِ الْاَرْضِ مَا لَهَا مِنْ قَرَارٍ○[1]

अर्थात् अपवित्र शब्द त्यस वृक्षानुरूप रहेको छ जुन धरतीबाट उखेलिएको हुन्छ। अर्थात् मानवीय प्रकृतिले त्यसलाई स्वीकार गर्दैन र कुनैप्रकारले त्यो स्थिर रहँदैन, न बौद्धिक तर्कको आधारमा न त प्राकृतिक विधान र विवेकको आधारमा नै। त्यो केवल कथा र कहानीको रूपमा हुन्छ। जस्तै पवित्र कुरआनले ईमानका पवित्र वृक्षहरूलाई परलोकमा अंगूर तथा अनार र राम्रा राम्रा फलहरूको उपमा दिएका छन र त्यसदिन ती फलहरूको रूपमा परिणत भएर देखिनेछन भनी वर्णन गरेका छन्। त्यसैगरी बेइमानीको अपवित्र वृक्षको नाम परलोकमा 'ज़क्कूम' (काँडायुक्त विषालु वृक्ष) राखेका छन्। जस्तै उनको वर्णन रहेको छ :-

اَذٰلِكَ خَيْرٌ نُّزُلًا اَمْ شَجَرَةُ الزَّقُّوْمِ ٥ اِنَّا جَعَلْنٰهَا فِتْنَةً لِّلظّٰلِمِيْنَ ٥ اِنَّهَا شَجَرَةٌ تَخْرُجُ فِيْٓ اَصْلِ الْجَحِيْمِ طَلْعُهَا كَاَنَّهٗ رُءُوْسُ الشَّيٰطِيْنِ ٥[2] اِنَّ شَجَرَتَ الزَّقُّوْمِ ٥ طَعَامُ الْاَثِيْمِ ٥ كَالْمُهْلِ يَغْلِيْ فِي الْبُطُوْنِ ٥ كَغَلْيِ الْحَمِيْمِ ٥ ذُقْ اِنَّكَ اَنْتَ الْعَزِيْزُ الْكَرِيْمُ ٥[3]

अर्थात् तिमीहरू नै भन, स्वर्गका बगैचाहरू उत्तम हुन अथवा ज़क्कूमको त्यो

1. The Holy Quran, Ibrahim 14:27
2. The Holy Quran, as-Saffat 37:63-66
3. The Holy Quran, ad-Dukhan 44:44-47,50

वृक्ष जुन अत्याचारीहरूका निम्ति परीक्षास्वरूप रहेका छ ? त्यो एउटा यस्तो वृक्ष हो जुन नरकको मूलबाट निस्कन्छ। अर्थात् अहङ्कार र अभिमानबाट उत्पन्न हुन्छ र यही नै नरकको मूल हो। त्यसको कोपिलो शैतानको टाउको जस्तै रहेको छ। शैतानको अर्थ नाश हुनेवाला हो। यो शब्द **'शैत'** बाट बनेको हो र सारंशमा भन्दा त्यसलाई खानु नै नाश हुनु हो। यसपश्चात ज़क्कूमको वृक्ष ती नरकवासीहरूको भोजन हो जसले जानीबुझीकन दुष्कर्म गर्नेगर्छन भनी वर्णन गरेका छन्। त्यो भोजन तामा पग्लिएको उम्लदो पानीझैं पेटभित्र जोश मार्नेवाला हुन्छ। पुन: नरकवासीहरूलाई सम्बोधन गरी ''यस वृक्षलाई चाख् तँ सम्मानित र महान होस्' भनी आदेश भएको छ। उपरोक्त आदेश अत्यन्त क्रोधपूर्ण रहेको छ। यसको यथार्थ के हो भने 'यदि तैंले अहङ्कार नगरेको भए र आफ्नो बढाइँ र सम्मान जोगाउनका निम्ति सत्यबाट विमुख नभएको भए आज यो कष्ट तैंले उठाउनु पर्नेथिएन। वस्तुत: **'ज़क्कूम'** शब्द **'ज़ुक्'** र **'अम'** को सन्धि हो। तथा **'अम्' - 'इन्नका अन्तल् अज़ीज़ुल करीम'** को सारांश हो। त्यसमा एउटा अक्षर पहिलाको र अर्को अक्षर अन्तको रहेको छ। (अर्थात तँ अति सम्मानित र महान होस्। तथा ज़ुक् शब्दको अर्थ चाख् हो।) तात्पर्य के हो भने जसरी अल्लाह तआलाले यसै जगतका ईमानका शब्दहरूलाई स्वर्गसित तुलना गरेका छन त्यसैगरी बेइमानीका शब्दहरूलाई ज़क्कूमसित तुलना गरेका छन्। त्यसलाई नरकको वृक्ष ठहराएर स्वर्ग र नरकको जरो यसै जगतबाट आरम्भ हुन्छ भन्ने कुरो स्पष्ट पारेका छन्। जस्तै नरकको सन्दर्भमा एउटा अर्को स्थानमा वर्णन गर्छन् :-

نَارُ اللّٰهِ الْمُوْقَدَةُ ۝ الَّتِیْ تَطَّلِعُ عَلَی الْاَفْـِٕدَةِ ۝[1]

अर्थात् नरक त्यो अग्नि हो जसको मुहान खुदाको क्रोध हो र त्यो पापले उर्लिन्छ तथा पहिला (त्यसले) हृदयमाथि अधिकार जमाउँछ। वस्तुत: यस अग्निको प्रकृत मूल ती शोकहरू र पश्चत्तापहरू अनि वेदनाहरू हुन जसले हृदयलाई जकड्छन भन्ने कुराको यहाँ सङ्केत पाइन्छ किनभने समस्त आध्यात्मिक पीडाहरू पहिला हृदयबाटै आरम्भ हुन्छन त्यसपश्चात समस्त शरीरमा फैलिन्छन्। पुन: एक ठाउँमा भनेका छन् :-

وَقُوْدُهَا النَّاسُ وَالْحِجَارَةُ[2]

अर्थात् नरकको अग्निको इन्धन जसबाट त्यो अग्नि सदा प्रज्वलित रहन्छ दुईवटा

1. The Holy Quran, al-Humazah 104:7-8
2. The Holy Quran, al-Baqarah 2:25

वस्तुहरू रहेका छन् – (1) एउटा त ती मानिसहरू जसले साँच्चा खुदालाई छाडि अन्यान्य वस्तुहरूलाई पुज्ने गर्छन अथवा तिनीहरूको इच्छानुसार ती वस्तुहरूको उपासना गरिन्छ – जस्तै वर्णित छ :–

إِنَّكُمْ وَمَا تَعْبُدُونَ مِن دُونِ اللَّهِ حَصَبُ جَهَنَّمَ [1]

अर्थात् तिमीहरू र तिमीहरूका ती झूटा उपास्यहरू जो मनुष्य भएर खुदा कहलाउने गर्थे नरकमा हालिने छन्।

(2) नरकको दोस्रो इन्धन मूर्तिहरू हुन्। अर्थात् यी वस्तुहरूको अस्तित्व यदि नरहेको भए नरक पनि हुनेथिएन। अत: यी समस्त आयतहरूबाट खुदा तआलाको पवित्र वाणीमा स्वर्ग र नरक यस भौतिक संसार जस्तो होइन अपितु ती दुवैको श्रोत र मूल आध्यात्मिक कुराहरू हुन भन्ने कुरो स्पष्ट हुन्छ। परलोकमा भने ती वस्तुहरू शारीरिक रूपमा देखिने छन परन्तु यस भौतिक जगतबाट हुनेछैनन्।

## अल्लाह तआलासित घनिष्ठ आध्यात्मिक सम्बन्ध स्थापन गर्ने उपाय

अब हामी पुन: प्रकृत विषयतर्फ फर्किएर खुदासित आध्यात्मिक र घनिष्ठ सम्बन्ध जोड्ने उपाय जुन पवित्र कुरआनले हामीलाई सिकाएको छ त्यो इस्लाम र सूर: फातिहाको दुआ (प्रार्थना) हो भन्ने कुरो स्पष्ट पार्छौं। अर्थात् पहिला आफ्नो समस्त जीवन खुदाको मार्गमा उत्सर्ग गरी तत्पश्चात् त्यस दुआमा (प्रार्थनामा) व्यस्त रहनु जुन सूर: फातिहामा मुसलमानहरूलाई सिकाइएको छ। सम्पूर्ण इस्लामको सार यी दुईवटा वस्तुहरू अर्थात् इस्लाम र फातिहाको दुआ हुन। संसारमा खुदासम्म पुग्न र प्रकृत मुक्तिको पानी पिउनका निम्ति यही एउटा सर्वोत्तम उपाय रहेको छ। अपितु केवल यही एउटा उपाय हो जुन प्राकृतिक विधानले मनुष्यको परमोन्नति र अल्लाहसित सम्बन्ध स्थापनाका निम्ति निश्चित गरेको छ तथा केवल ती व्यक्तिहरूले खुदालाई प्राप्त गर्छन जसले इस्लामको साररूपी आध्यात्मिक अग्निमा प्रवेश गर्छन र सूर: फातिहाको दुआ (प्रार्थना) मा व्यस्त रहन्छन्। इस्लाम के चीज़ हो ? त्यही प्रज्वलित

1. The Holy Quran, al-Anbiya' 21:99

अग्नि हो जसले हाम्रो निकृष्ट जीवनलाई भस्म पारी तथा हाम्रा मिथ्या उपास्यहरूलाई जलाएर साँचा र पवित्र उपास्यका सामुन्ने हाम्रो ज्यान र हाम्रो धन हाम्रो सम्मानको बलिदान चढाउँछ। यस्तो स्रोतमा प्रविष्ट भई हामी एउटा नवीन जीवनको पानी पिउँछौं तथा हाम्रा समस्त आध्यात्मिक शक्तिहरू खुदासित यसरी गाँसिन्छन जसरी एउटा नाता अर्को नातासित गाँसिन्छ। बिजुलीको अगोझैं एउटा आगो हाम्रा भित्रभाट निस्कन्छ र एउटा आगो माथिबाट हामीमाथि उत्रन्छ, यी दुईवटा ज्वालाहरूको मिलनबाट हाम्रा समस्त मानसिक लोभ र चाहनाहरू तथा अल्लाहबाहेक अन्यान्य वस्तुहरूप्रतिको हाम्रो प्रेम भस्म हुनजान्छ फलस्वरूप हामी आफ्नो पहिलो जीवनबाट मृत्यु प्राप्त गर्छौं। यसै अवस्थाको नाम पवित्र कुरआन अनुसार इस्लाम हो। इस्लाम द्वारा नै हाम्रा मानसिक उद्वेगहरूप्रति मृत्यु आउँछ व्यसपश्चात दुआ (प्रार्थना) द्वारा हामी पुन: जीवित हुन्छौं। यस दोस्रो जीवनका निम्ति अल्लाको ईशवाणी (प्राप्त) हुनु आवश्यक छ। यस दर्जामा पुग्नुको नाम 'लिक़ा इलाही' (अल्लाहसित भेटप्राप्त) हो। अर्थात् खुदालाई देख्नु र उनको दर्शन पाउनु हो। यस दर्जामा पुगेर मानिसको खुदासित त्यो आध्यात्मिक सम्बन्ध गाँसिन्छ मानौ त्यसले खुदालाई आँखाले देख्छ तथा त्यसलाई शक्ति दिइन्छ र त्यसका समस्त इन्द्रियहरू र समस्त आन्तरिक शक्तिहरूलाई प्रकाशित गरिन्छ तथा पवित्र जीवनको प्रभाव द्रुतगतिले पर्नलाग्छ। यही दर्जामा आएर खुदा मानिसको नेत्र बन्नपुग्छन जसद्वारा उसले देख्छ। त्यसैगरी उनी त्यसको जिब्रो बन्छन जसद्वारा उसले बोल्छ तथा हात बन्छन जसद्वारा उसले (शत्रुप्रति) आक्रमण गर्छ र कान बन्छन जसद्वारा उसले सुन्छ तथा पाउ बन्छन जसद्वारा त्यो हिड्छ। यसै दर्जातर्फ सङ्केत गरी खुदा तआलाले वर्णन गरेका छन् [1] يَدُ اللّٰهِ فَوْقَ اَيْدِيْهِمْ अर्थात त्यो उसको हात खुदाको हात हो जुन तिनीहरूका हातमाथि रहेको छ। यसैप्रकार पुन: वर्णन छ :-

وَمَا رَمَيْتَ اِذْ رَمَيْتَ وَلٰكِنَّ اللّٰهَ رَمٰى [2]

अर्थात् जुन तिमीले चलायौ त्यो तिमीले होइन अपितु खुदाले चलाएका हुन्। अत: उक्त दर्जामा खुदासित पूर्ण एकता हुनजान्छ र खुदा तआलाको पवित्र इच्छा आत्माको रग रगमा समाविष्ट हुन्छ तथा ती दुर्बल रहेका नैतिक शक्तिहरू उक्त दर्जामा सुदृढ पहाडहरूझैं देखिन्छन। बुद्धि र विवेक अति प्रखर र उन्नत स्तरमा पुग्छ। उक्त कुराको अर्थको रूपमा यो आयत रहेको छ [3] وَاَيَّدَهُمْ بِرُوْحٍ مِّنْهُ अर्थात् उनले

1. The Holy Quran, al-Fath 48:11
2. The Holy Quran, al-Anfal 8:18
3. The Holy Quran, al-Mujadalah 58:23

आफनो पवित्र आत्माद्वारा उनीहरूलाई सशक्त तुल्याएका छन्। उक्त दर्जामा प्रेमका नहरहरूले अत्यन्त जोश देखाउँछन फलस्वरूप खुदाका निम्ति मर्नु र खुदाका निम्ति हज़ारौं दु:खहरू झेल्नु र अपमानित हुनु यति सजिलो हुन्छ मानौ एउटा सानु सिन्को तोड्नु हो। खुदातर्फ डोरिदै जान्छ परन्तु कसले तान्दैछ भन्ने कुरो चाहिं जान्दैन एउटा अदृश्य हातले उसलाई उठाएको हुन्छ तथा खुदाका इच्छाहरूलाई पूरा गर्नु उसको जीवनको प्रमुख लक्ष हुनजान्छ। यस दर्जामा खुदा अत्यन्त निकट देखपर्छन्। जस्तै उनको वर्णन रहेको छ :- [1] وَنَحْنُ اَقْرَبُ اِلَيْهِ مِنْ حَبْلِ الْوَرِيْدِ अर्थात् हामी उसको प्राणस्नायुभन्दा अधिक उसका निकट रहेका छौं। उक्त दर्जाको मनुष्य त्यस अवस्तामा जसरी वृक्षमैं पाकेको फल आफैंआफ खस्न पुग्छ त्यस्तै हुन्छ। अर्थात् उक्त दर्जाको मनुष्यका समस्त सांसारिक सम्बन्धहरू समाप्त हुनजान्छन्। आफ्ना खुदासित उसको गहिरो सम्बन्ध जोडिन्छ र त्यो प्राणीजगतबाट टाढिन्छ अनि खुदाको ईशवाणी र वार्तालापको सौभाग्य प्राप्त गर्छ। उक्त दर्जा प्राप्तिका निम्ति अहिले पनि त्यसरी नै ढोकाहरू खुल्ला छन जसरी पहिला खुल्ला थिए। अहिले पनि खुदाको कृपाले त्यसरी नै यो वैभव र अनुग्रह प्रदान गर्छ जसरी पहिला प्रदान गऱ्थर्यो। परन्तु यो मार्ग केवल मौखिक प्रलाप र कथाहरूद्वारा प्राप्त हुनसक्दैन न त निरर्थक कुराहरू र गफहरूबाट यो ढोका खुल्छ। पाउने इच्छा रहेका व्यक्तिहरू धेरै छन परन्तु प्राप्त गर्नेहरू थोरै छन्। यसको कारण के हो ? कारण के हो भने यो दर्जा साँचो प्रयास, वास्तविक त्याग र परिश्रममा आधारित छ। कुराहरू त प्रलयका दिनसम्म गर्नेगर परन्तु के हुनसक्छ र। निष्ठाका साथ त्यस अग्निमाथि पाउ राख्नु जसको डरले अन्य मानिसहरू भाग्छन, उक्त मार्गको पहिलो शर्त रहेको छ। यदि व्यवहारिक प्रयास नरहेमा मौखिक गफ निरर्थक रहेको छ। यसै सम्बन्धमा अल्लाह तआलाको भनाई यसप्रकार छ :-

وَاِذَا سَاَلَكَ عِبَادِىْ عَنِّىْ فَاِنِّىْ قَرِيْبٌ اُجِيْبُ دَعْوَةَ الدَّاعِ اِذَا دَعَانِ
فَلْيَسْتَجِيْبُوْا لِىْ وَلْيُؤْمِنُوْا بِىْ لَعَلَّهُمْ يَرْشُدُوْنَ [2]

अर्थात् यदि मेरा भक्तहरूले म कहाँ छु भनी (तिमीसित) मेरो बारेमा प्रश्न गरेमा तिमी भन, उनी तिमीहरूका अत्यन्त निकट छन्। म दुआ (प्रार्थना) गर्नेहरूको दुआ सुन्छु। अत: तिनीहरूले दुआका साथ मेरो निकटता प्राप्तिको प्रयास गरून र सफल हुनका लागि मप्रति ईमान (विश्वास) राखून्।

1. The Holy Quran, Qaf 50:17
2. The Holy Quran, al-Baqarah 2:187

# दोस्रो प्रश्न

## मृत्युपछि मानिसको के अवस्था हुन्छ ?

मृत्युपछि मानिसको जे जस्तो अवस्था हुन्छ वस्तुत: त्यो कुनै नवीन अवस्था होइन अपितु उनै सांसारिक जीवनका अवस्थाहरू अधिक स्पष्टरूपमा खुल्नजान्छन भन्ने कुरो उक्त प्रश्नको उत्तरस्वरूप प्रस्तुत छ। मनुष्यका आस्थाहरू र कर्महरूको जुन राम्रो र नराम्रो कैफियत (लक्षण) हुन्छ त्यो यस संसारमा त्यसभित्र गुप्तरूपमा रहेको हुन्छ र त्यसको अमृत अथवा विषले एउटा गुप्त प्रभाव मनुष्यको व्यक्तित्वमाथि पार्छ परन्तु परकालमा भने त्यस्तो रहँदैन अपितु ती समस्त लक्षणहरूले स्पष्टरूपमा आफ्नो मुहार देखाउनेछन। यसको नमूना सपनामा देखिन्छ। मानिसको शरीरमा जुनप्रकारका तत्वहरूको प्रभाव अधिक हुन्छ स्वप्नावस्थामा त्यसैप्रकारका शारीरिक अवस्थाहरू देखिन्छन्। जब कुनै उग्र ज्वर चढ्ने हुन्छ तब सपनामा धेरैजसो आगो र आगाका ज्वालाहरू देखिन्छन्। यस्तैगरी कफयुक्त ज्वर र रुघाखोकीले चापेको अवस्थावा मानिसले स्वयंलाई पानीभित्र देख्छ। अत: शरीरले जस्तो प्रकारको रोगको तयारी गरिरहेको हुन्छ त्यसका लक्षणहरू शरीरिक रूपमा सपनामा देखिन्छन्। त्यसकारण सपनाको वस्तुस्थितिप्रति ध्यान दिनाले परलोकमा पनि ईश्वरको विधान यही रहेको छ भन्ने कुरो प्रत्येक मानिसले बुझ्न सक्छ। वस्तुत: जसरी सपनाले हामीमा एउटा विशेष परिवर्तन उत्पन्न गरी आध्यात्मिक कुराहरूलाई शारीरिक रूपमा बदलेर देखाउँछ परलोकमा पनि यही नै हुन्छ। त्यसदिन हाम्रा कर्महरू र तिनका परिणामहरू शारीरिक रूपमा प्रकट हुनेछन तथा जे जति हामीले यस जगतबाट गुप्तरूपमा आफूसित लिएर जानेछौं त्यो सबै त्यसदिन हाम्रो मुहारमा स्पष्टरूपमा देखिनेछ। तथा जसरी मानिसले सपनामा भिन्न-भिन्न भौतिक दृश्यहरू देख्छ र तिनलाई केवल दृष्टान्तहरू हुन भन्ने धारणा गर्दैन अपितु तिनलाई वास्तविक चीज़हरू हुन भन्ने ठान्छ परलोकमा त्यस्तै नै हुनेछ। खुदाले दृष्टान्तहरूद्वारा आफ्नो नवीन शक्ति प्रदर्शन गर्नेछन्। किनभने त्यो शक्ति सर्वथा सम्पूर्ण रहेको छ त्यसकारण त्यसलाई यदि हामीले दृष्टान्तको नाम नदिएर त्यो खुदाको शक्तिद्वारा (उत्पन्न) एउटा नवीन सृष्टि हो भन्नु अधिक उचित र पूर्णत: शुद्ध हुनेछ। खुदाको वर्णन छ :-[1] فَلَا تَعۡلَمُ نَفۡسٌ مَّآ اُخۡفِیَ لَهُمۡ مِّنۡ قُرَّةِ اَعۡیُنٍ۔ अर्थात्

1. The Holy Quran, as-Sajdah 32:18

पुण्यकर्म गर्ने कोही व्यक्तिले ती कुन कुन अनुग्रहरू रहेका छन जुन त्यसका निम्ति गुप्त राखिएका छन भन्ने कुरो जान्दैन। अत: खुदाले ती समस्त वरदानहरूलाई गुप्त घोषित गरेका छन जसको सांसारिक सम्पदा र वरदानहरूमा कुनै दृष्टान्त पाइँदैन। संसारका सम्पदाहरू हामीप्रति गुप्त छैनन र दूध तथा अनार र अङ्गूर इत्यादिहरूलाई हामी जान्दछौं अनि नित्यरूपमा यी वस्तुहरू खाने गर्छौं भन्ने कुरो स्पष्ट छ। अत: ती वस्तुहरू अरू नै हुन र तिनीहरूको यी वस्तुहरूसित केवल नामको समानता रहेको छ भन्ने कुरो ज्ञात हुनगयो। अत: जसले स्वर्गलाई संसारका वस्तुहरूको भण्डार ठान्यो त्यसले वस्तुत: पवित्र कुरआनको एउटा अक्षर पनि बुझेन।

उपरोक्त आयत जसको अहिले मैले उल्लेख गरेको छु त्यसको व्याख्यामा हाम्रा मुखिया र स्वामी, हाम्रा नबी हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम (अल्लाहको कृपा र शान्ति उहाँप्रति होस)ले स्वर्ग र त्यहाँका सम्पदाहरू र वरदानहरू ती वस्तुहरू हुन जसलाई न कहिल्यै कुनै आँखाले देखेका छन न कुनै कानले सुनेका छन तथा न त कुनै हृदयमा ती प्रतिविम्बित भएका छन भनी वर्णन गर्नुभएको छ। संसारका वैभवहरूलाई भने हामी आँखाले पनि देख्छौं र कानले पनि सुन्छौं तथा हृदयमा पनि तिनीहरूको धारणा पाल्छौं। अत: जब खुदा र उनका रसूल (सन्देशवाहक) ले ती वस्तुहरूलाई एउटा अनौठो वस्तुहरू हुन भनेका छन भने, स्वर्गमा पनि त्यही संसारको दूध नै होला जुन गाई र भैंसीबाट दुहिन्छ, मानौ दूध दिने पशुहरूको त्यहाँ बथानका बथान होलान र वृक्षहरूमा मधुमकखीहरूले घेरै चाकाहरू लगाएका होलान र देवदूतहरूले खोजी खोजी त्यो मह निकाल्लान र नहरहरूमा पोख्लान भन्ने धारणा राखेमा हामी कुरआनबाट धेरै टाढिनेछौं। के यस्ता धारणाहरूको त्यस शिक्षासित कुनै समानता हुनसक्छ र जसमा ती वस्तुहरूलाई संसारले कहिल्यै देखेको छैन र ती वस्तुहरूले आत्मालाई प्रकाशित गर्छन र खुदाको पहिचान बढाउँछन र ती आध्यात्मिक आहारहरू हुन भन्ने आयतहरू मौजूद छन् ? यद्यपि ती आहारहरूको समस्त चित्र शारीरिक रूपमा प्रकट गरिएको छ परन्तु साथै साथ तिनीहरूको मूल आत्मा र सत्य हो भनिएको छ। पवित्र कुरआनका निम्नलिखित आयतहरू अनुसार जुन–जुन सम्पदा र वरदानहरू स्वर्गमा प्रदान गरिनेछ ती सम्पदाहरूलाई देखेर स्वर्गका निवासीहरूले तिनीहरूको पहिचान गर्नेछन (र भन्नेछन) यी त ती वैभवहरू र सम्पदाहरू हुन जुन पहिला पनि हामीलाई प्राप्त थिए (भन्नेछन) भनी कसैले धारणा नगरोस्। जस्तै अल्लाह तआलाको यो वर्णन रहेको छ :–

وَبَشِّرِ الَّذِيْنَ اٰمَنُوْا وَعَمِلُوا الصّٰلِحٰتِ اَنَّ لَهُمْ جَنّٰتٍ تَجْرِىْ مِنْ تَحْتِهَا الْاَنْهٰرُ كُلَّمَا رُزِقُوْا مِنْهَا مِنْ ثَمَرَةٍ رِّزْقًا قَالُوْا هٰذَا الَّذِىْ رُزِقْنَا مِنْ قَبْلُ وَاُتُوْا بِهٖ مُتَشَابِهًا[1]

अर्थात् ती व्यक्तिहरू जसले ईमान (विश्वास) स्थापित गर्छन र पुण्यकर्म गर्ने गर्छन जसमा लेशमात्र पनि दोष छैन तिनीहरू त्यस स्वर्गका उत्तराधिकारी हुन जसमनि नहरहरू बग्छन भनी शुभसन्देश देउ। जब तिनीहरूले परलोकमा ती वृक्षहरूका फलहरूबाट जुन सांसारिक जीवनमा नै तिनीहरूलाई प्राप्त थिए पाउँनेछन तब यी त ती फलहरू हुन जुन हामीलाई पहिला नै दिइएका थिए भनी भन्नेछन् किनभने तिनीहरूले ती फलहरूलाई ती पहिलेका फलहरू अनुरूप पाउनेछन्। पहिलेका फलहरू भन्नाले संसारका भौतिक सम्पदाहरू हुन भन्ने धारणा राख्नु पूर्णत: भूल हो र उक्त आयतको खुल्ला अर्थ र त्यसको अभिप्रायको पूर्णत: विपरीत हो। वस्तुत: जुन व्यक्तिहरूले ईमान धारण गरे तथा पुण्य कार्यहरू गरे तिनीहरूले आफ्नै हातले एउटा स्वर्ग निर्माण गरेका छन जसका वृक्षहरू ईमान र जसका नहरहरू पुण्य कार्यहरू रहेका छन भन्ने कुरो उक्त आयतमा अल्लाह तआलाले वर्णन गरेका हुन्। उक्त स्वर्गका फलहरू नै तिनीहरूले परलोकमा पनि खानेछन्। त्यो फल अधिक सफा र मिठो हुनेछ। किनभने आध्यात्मिक रूपमा तिनीहरूले त्यही फल संसारमा खाइसकेका हुनेछन त्यसकारण परलोकमा त्यस फललाई चिन्नेछन र यी त तिनै फलहरू हुन जुन पहिला हामीले खाइसकेका हौं भन्नेछन्। त्यस फललाई त्यो पहिला खाएको फलानुरूप पाउँनेछन्। अत: उक्त आयतले जो व्यक्तिहरू संसारमा खुदाको प्रेम र चाहनाको आहार लिनेगर्थे अब शारीरिक रूपमा त्यही आहार तिनीहरूलाई प्राप्त हुनेछ भन्ने कुरो स्पष्टरूपमा वर्णन गरिरहेछ। तिनीहरूले वस्तुत: प्रीति र प्रेमको स्वाद चाखिसकेका थिए तथा त्यसको यथार्थसित परिचित थिए त्यसकारण तिनीहरूको आत्मालाई त्यो समय स्मरण हुनेछ जब तिनीहरूले कुनाहरूमा र एकान्तहरूमा तथा रातिका अँध्याराहरूमा आफ्ना प्रकृत प्रेमी (अल्लाह) लाई प्रेमपूर्वक स्मरण गर्थे र त्यस स्मरणबाट आनन्दित हुन्थे।

अत: यहाँ भौतिक आहारहरूको कुनै उल्लेख छैन। जब आध्यात्मिक रूपमा अल्लाहका भक्तहरूलाई यो आहार संसारमै प्राप्त भइसकेको थियो भने ती सम्पदा र वरदानहरू यस्ता छन जसलाई संसारमा न कसैले देखेको छ न सुनेको छ न कसैको

1. The Holy Quran, al-Baqarah 2:26

हृदयमा (तिनको) धारणा आएको छ भन्ने कुराले त यी दुईवटा आयतहरूमा परस्पर विभेद पाइन्छ तब यो कसरी ठीक हुन सक्छ भन्ने धारणा यदि कसैको मनमा आएमा त्यसको उत्तर के हो भने, विभेद त तब हुनेथियो जब उक्त आयतमा सांसारिक सम्पदाहरू अभिप्राय हुन्थे परन्तु यस स्थानमा संसारका सम्पदा र वरदानहरू आशय हैनन। आरिफ (ब्रह्मज्ञानी) लाई जे जति आध्यात्मिक ज्ञानको रूपमा प्राप्त हुन्छ त्यो वास्तवमा परलोकको सम्पदा र वरदान हो। चासो पैदा गर्नका लागि नमूनाको रूपमा पहिला नै दिइन्छ।

खुदाप्राप्त मनुष्य संसारीहरू मध्येको हुदैन भन्ने कुरो स्मरण राख्नु पर्छ। त्यसैले त संसारले त्यसको डाहा गर्छ। त्यो त वास्तवमा आकाश (स्वर्ग) बाट आएको हुन्छ त्यसकारण स्वर्गका सम्पदा र वरदानहरू त्यसलाई प्राप्त हुन्छन्। अतः ती सम्पदाहरूलाई संसारका कान र संसारका हृदय र संसारका आँखाहरूबाट लुकाइका हुन भन्ने कुरो नितान्त सत्य हो। परन्तु जसको भौतिक जीवनप्रति मृत्यु आउँछ र त्यसलाई त्यो प्याला आध्यात्मिक रूपमा पिलाइन्छ जुन परकालमा शारीरिक रूपमा पिइने छ त्यसलाई यो पिएको कुरो तब स्मरण हुनेछ जब त्यही प्याला शारीरिक रूपमा त्यसलाई प्रदान गरिनेछ। परन्तु उसले त्यस वरदानबाट संसारको आँखा र कान इत्यादिलाई बेखबर मान्नेछ भन्ने कुरो पनि सत्य हो। किनभने उ संसारमा रहे तापनि संसारीहरू मध्येको थिएन। त्यसकारण उसले पनि संसारका वरदानहरू मध्येको त्यो वरदान होइन भनी गवाही दिनेछ। न संसारमा उसको आँखाले त्यस्तो सम्पदा देख्यो न कानले सुन्यो न हृदयमा (त्यसको स्मरण) आयो। परन्तु दोस्रो जीवनमा भने त्यसका नमूनाहरू देख्यो जुन सांसारिक वस्तुहरू मध्येका थिएनन अपितु त्यो परलोकको एउटा सूचना थियो र त्यहीसित उसको नाता र सम्बन्ध थियो संसारसित कुनै सम्बन्ध थिएन।

# आलमे मआद (यमलोक) बारे पवित्र कुरआनका तीनवटा सूक्ष्मज्ञानहरू

मृत्युपश्चात जुन अवस्थाहरू देखापर्छन पवित्र कुरआनले तिनीहरूलाई तीनवटा भागमा विभाजित गरेको छ भन्ने कुरो परम सिद्धान्तको रूपमा स्मरण राख्नुपर्छ। यमलोकका बारेमा यी तीनवटा सूक्ष्मज्ञानहरू रहेका छन जसबारे हामी भिन्न-भिन्न रूपमा यस स्थानमा चर्चा गर्नेछौं।

# पहिलो सूक्ष्मज्ञान

पवित्र कुरआनले यमलोक कुनै नवीन वस्तु होइन अपितु त्यसका समस्त दृश्यहरू यसै सांसारिक जीवनका प्रतिविम्बहरू र लक्षणहरू हुन भनी बारम्बार पहिलो सूक्ष्मज्ञानको रूपमा वर्णन गरेको छ। जस्तै उसको भनाई छ :- وَكُلَّ اِنْسَانٍ اَلْزَمْنٰهُ طٰٓئِرَهٗ فِيْ عُنُقِهٖ ۭ وَنُخْرِجُ لَهٗ يَوْمَ الْقِيٰمَةِ كِتٰبًا يَّلْقٰىهُ مَنْشُوْرًا ○[1] अर्थात् हामीले यसै संसारमा प्रत्येक व्यक्तिका कर्महरूको प्रभाव (छाप) उसको गर्दनमा बाँधेर राखेका छौं। तथा ती गुप्त प्रभावहरूलाई हामी प्रलयका दिन प्रकट गर्नेछौं। तब खुल्ला खुल्ला 'आ'माल नामा' (कर्मपत्र) को रूपमा देखाउने छौं। उक्त आयतमा जुन 'तायर' शब्द छ वस्तुत: पक्षीलाई तायर भनिन्छ। यसैप्रकार रूपक भाषामा यसको अर्थ कर्म पनि लिइएको छ। वसुत: प्रत्येक कर्म चाहे पुण्य होस अथवा पाप होस त्यो कार्यान्वित हुनासाथ पक्षी झैं उडेर जान्छ र त्यसको दु:ख र सुख पनि समाप्त हुनजान्छ। केवल त्यसको पीडा र आनन्दको अनुभूति मात्र मनमा शेष रहन्छ। पवित्र कुरआनको सिद्धान्त अनुसार प्रत्येक कर्मले गुप्तरूपमा आफ्ना छापहरू छाड्ने गर्छ। जुन प्रकारको मानिसको कर्म हुन्छ त्यस अनुरूप एउटा कार्य खुदा तआलाका तर्फबाट पनि कार्यान्वित हुन्छ र त्यस कार्यले त्यो पाप अथवा त्यसको पुण्यलाई नष्ट हुन दिदैन अपितु त्यसका छापहरू हृदयमा, मुखमा, आँखाहरूमा, कानहरूमा, हातमा, पाउमा लेखिन्छन तथा त्यही नै गुप्तहरूमा एउटा कर्मपत्र हो जुन दोस्रो जीवन (परलोक)मा खुल्लारूपमा प्रकट हुनेछ। पुन: एउटा अर्को स्थानमा स्वर्गका निवासीहरूका बारेमा वर्णन छ :-

يَوْمَ تَرَى الْمُؤْمِنِيْنَ وَالْمُؤْمِنٰتِ يَسْعٰى نُوْرُهُمْ بَيْنَ اَيْدِيْهِمْ وَبِاَيْمَانِهِمْ[2]

अर्थात त्यसदिन पनि त्यो ईमानको ज्योति जुन गुप्तरूपमा मोमिन (विश्वासी) हरूलाई प्राप्त छ खुल्लमखुल्ला रूपमा तिनीहरूका अगाडि र तिनीहरूका दाहिने हाततर्फ दौडदै गरेको देखिनेछ। यसैगरी एउटा अर्को स्थानमा दुष्कर्मीहरूलाई सम्बोधन गरी भनेका छन् :-

اَلْهٰىكُمُ التَّكَاثُرُ ○ حَتّٰى زُرْتُمُ الْمَقَابِرَ ○ كَلَّا سَوْفَ تَعْلَمُوْنَ ○ ثُمَّ

1. The Holy Quran, Bani Isra'il 17:14
2. The Holy Quran, al-Hadid 57:13

كَلَّا سَوْفَ تَعْلَمُوْنَ ٥ كَلَّا لَوْ تَعْلَمُوْنَ عِلْمَ الْيَقِيْنِ ٥ لَتَرَوُنَّ الْجَحِيْمَ ٥ ثُمَّ
لَتَرَوُنَّهَا عَيْنَ الْيَقِيْنِ ٥ ثُمَّ لَتُسْئَلُنَّ يَوْمَئِذٍ عَنِ النَّعِيْمِ ٥[1]

अर्थात् संसारको अत्यधिक लोभ र मोहले तिमीहरूलाई परलोकको खोज गर्नबाट रोकेर राखेको छ। त्यसै अवस्थामा तिमीहरू क़ब्र (चिहान)मा पुग्न गयौ। संसारको मोहमा नपर। संसारको मोह राख्नु राम्रो कुरो होइन भनी तिमीहरूले शीघ्र नै जान्नेछौ। संसारको मोहमा पर्नु राम्रो कुरो होइन भनी तिमीहरूले शीघ्र नै जान्नेछौ भन्ने कुरो पुनः म भन्दछु। यदि तिमीहरूलाई निश्चित ज्ञान प्राप्त रहेमा तिमीहरूले नरकलाई यसै संसारमा देख्नेछौ। पुनः यमलोकमा निश्चयात्मक दृष्टिका साथ देख्नेछौ। पुनः प्राणीहरूको पुनरुत्थानका (प्रलयका) दिन तिमीहरू पूर्णरूपमा पकडमा आउनेछौ। तथा त्यो ताडना (दण्ड) तिमीहरूमाथि सम्पूर्ण रूपमा पर्नेछ। त्यसबेला केवल मौखिक रूपमा नभएर व्यवहारिक रूपमा तिमीहरूलाई नरकको ज्ञान प्राप्त हुनेछ।

## तीन प्रकारका ज्ञानहरू

उपरोक्त आयतहरूमा अल्लाह तआलाले यसै जगतमा दुष्कर्मीहरूका निम्ति नारकीय जीवन गुप्त रूपमा मिल्छ भनी स्पष्टतः दर्शएका छन्। तथा यदि ध्यान दिएमा आफ्नो नरकलाई यसै संसारमा देख्नेछन्। यस स्थानमा अल्लाहले ज्ञानलाई तीनवटा दर्जामा विभाजन गरेका छन्। अर्थात् 'इल्मुल यकीन' (कारणबाट निश्चित गरिएको ज्ञान) 'ऐनुल यकीन' (आँखाले देखेर निश्चित गरिएको ज्ञान) 'हक्कुल यकीन' (प्रयोगबाट निश्चित गरिएको ज्ञान)। निम्नलिखित उदाहरणहरूबाट सहज रूपमा यी तीनवटै ज्ञानहरूलाई बुझ्न सकिन्छ।

**प्रथम :–** यदि एउटा व्यक्तिले टाढाबाट कुनै ठाउँमा धेरै धुवाँ देखेमा त्यसबाट त्यसको ध्यान आगोतर्फ जान्छ अर्थात् त्यहाँ आगो छ भन्ने निश्चित गर्छ किनभने धुवाँ र आगोमा एउटा अटूट र निश्चयात्मक सम्बन्ध रहेको छ। जहाँ धुवाँ हुन्छ अवश्य नै त्यहाँ आगो हुन्छ। अतः यसै ज्ञानको नाम 'इल्मुल यकीन' – कारणबाट निश्चित गरिएको ज्ञान हो।

**द्वितीय :–** पुनः जब त्यसले आगाका ज्वालाहरू देख्छ त्यस ज्ञानको नाम

1. The Holy Quran, at-Takathur 102:2-9

'ऐनुल यकीन' – आँखाले देखेर निश्चित गरिएको ज्ञान हो।

**तृतीय :–** तथा जब त्यो त्यस आगोमा स्वयं प्रवेश गर्छ तब त्यस ज्ञानको नाम 'हक्कुल यकीन' अर्थात प्रयोगबाट अथवा अनुभवबाट निश्चित गरिएको ज्ञान हो। अत: नरकबारे 'इल्मुल यकीन' (कारणबाट निश्चित गरिएको ज्ञान) त यसै संसारमा प्राप्त हुनसक्छ भनी अल्लाह तआला वर्णन गर्छन्। त्यसपश्चात यमलोकमा 'ऐनुल यकीन' (आँखाले देखेर निश्चित गरिएको ज्ञान) प्राप्त हुनेछ। त्यसपश्चात पुनरुत्थान (प्रलय) का दिन त्यही ज्ञान 'हक्कुल यकीन' अर्थात् प्रयोगद्वारा अथवा अनुभवद्वारा निश्चित गरिएको ज्ञानरूपी सम्पूर्ण ज्ञानको दर्जामा पुग्छ।

# तीनवटा लोक

## पवित्र कुरआन अनुसार तीनवटा लोक प्रमाणित छन्।

**प्रथम :–** संसार हो, जसको नाम कर्मलोक र आदिसृष्टि लोक हो। यसै संसारमा मानिसले पुण्य र पाप कमाउँछ। पुनरुत्थानपछि पनि सत्कर्मीहरूका निम्ति उन्नति राखिएको छ तर त्यो केवल खुदाको कृपाबाट प्राप्त हुन्छ मानिसको कमाइको त्यहाँ कुनै दखल छैन।

**द्वितीय :–** दोस्रो लोकको नाम बरज़ख् (मध्यलोक) हो। वास्तवमा 'बरज़ख्' शब्द अरबी भाषामा त्यस वस्तुप्रति प्रयोग हुन्छ जुन दुईवटा वस्तुहरूको बीचमा अवस्थित छ। अत: किनभने यो काल पुनरुत्थान र आदिसृष्टिलोकको बीचमा रहेको छ त्यसकारण यसको नाम बरज़ख् (मध्यकाल) हो। परन्तु सृष्टिको प्रारम्भ देखि नै यो शब्द मध्यलोकप्रति प्रयोग भएको हुनाले उक्त शब्दमा मध्यलोकको अस्तित्वप्रति एउटा ठूलो प्रमाण निहित छ। 'मिननुर्रहमान' नामक पुस्तकमा अरबी भाषाका शब्दहरू नै ती शब्दहरू हुन जुन खुदाका मुखबाट निस्केका हुन भन्ने कुरो हामीले प्रमाणित गरिसकेका छौं। यस संसारमा केवल यही एउटा यस्तो भाषा हो जुन परम पवित्र खुदाको भाषा तथा आदिभाषा र समस्त ज्ञानहरूको मूल अनि समस्त भाषाहरूकी जननी तथा खुदाको ईशवाणीको पहिलो र अन्तिम सिंहासन पनि हो। खुदाको वह्यी (ईशवाणी) को पहिलो सिंहासन किन हो भने सम्पूर्ण अरबी भाषा खुदाको बोली (वाणी) थियो जुन आदिदेखि खुदासितै थियो। त्यसपछि त्यही वाणी

संसारमा अवतरित भयो र संसारले त्यसबाट आफ्ना बोलीहरू (भाषाहरू) निर्माण गरे। यसैप्रकार यो अरबी भाषा खुदाको अन्तिम सिंहासन पनि हो। कारण खुदाको अन्तिम पुस्तक जुन पवित्र कुरआन हो त्यो अरबी भाषामा अवतीर्ण भयो। अत: 'बर्ज़ख्' अरबी शब्द हो जुन दुईवटा शब्दहरूको सन्धि हो। अर्थात् जख् र बर्रको। जसको अर्थ हो कर्म कमाउने मार्ग समाप्त भयो अनि एउटा गुप्त अवस्थामा पुग्यो। बर्ज़ख् (मध्यकाल)को अवस्था त्यो अवस्था हो जब यो अस्थायी मानवीय बनावट बिख्रन जान्छ र आत्मा र शरीर अलग अलग हुन जान्छन त्यसपश्चात साधारणत: शरीरलाई कुनै खाडलमा हालिन्छ भने आत्मापनि एक प्रकारको खाल्डोमा पर्नजान्छ। यही कुरो ज़ख्ख शब्दले प्रमाणित गर्छ। किनभने त्यो (आत्मा) ले पुण्य र पाप कमाउने कार्य जसरी शरीरको सम्बन्धमा रहेर गऱ्थ्यो अब (एकलै) गर्न असमर्थ हुन्छ। हाम्रो आत्माको उत्तम स्वास्थ्य शरीरमाधि निर्भरित छ भन्ने कुरो स्पष्ट छ। मस्तिष्कको एउटा विशेष ठाउँमा चोट लाग्नाले स्मरणशक्ति नै लोप हुन्छ। यसैगरी दोस्रो ठाउँमा आघात पुगेमा सोच्ने शक्ति हराउँछ फलत: समस्त सुद्धी बुद्धि नै सकिन्छ। यदि दिमागमा कुनै संकुचन आएमा अथवा सुनिन गएमा वा रक्त अथवा अन्य कुनै तरल पदार्थ रोकिन गएमा तथा कुनै कठोर ग्रन्थि अथवा नरम ग्रन्थि उत्पन्न गरेमा बेहोशी अथवा मिरगी या मूर्च्छा पर्ने रोग तत्काल लाग्नजान्छ। अत: हाम्रो आत्मा शरीरको सम्बन्ध बिना पूर्णत: निस्क्रिय हुनजान्छ भन्ने कुरो हाम्रो लामो अनुभवले हामीलाई राम्ररी सिकाउँछ। अत: कुनै समयमा हाम्रो आत्माले शरीर बिना नै एकलै रही सुख र शान्ति प्राप्त गर्नसक्छ भन्ने धारणा हामीले राख्नु पूर्णत: भूल हो। यदि कथा कहानीको रूपमा यसलाई हामीले स्वीकार गरेतापनि बौद्धिक रूपमा यसको कुनै तर्क छैन। त्यो हाम्रो आत्मा जुन शरीरका सा-साना विकारहरूका कारण निस्क्रिय भएर बस्छ त्यो त्यसदिन कसरी पूर्ण अवस्थामा रहन सक्छ जब त्यसलाई शरीरका सम्बन्धहरूबाट पूर्णत वञ्चित गरिनेछ, यो कुरो हामी कुनैप्रकार मान्न सक्दैनौं। आत्माको स्वास्थ्यका निम्ति शरीरको स्वास्थ्य आवश्यक छ भन्ने कुरो के हामीलाई दैनिक अनुभवले सम्झाउँदैन र ? जब हामीमध्ये कुनै एउटा व्यक्ति अत्यन्त वृद्ध हुनपुग्छ तब त्यसको आत्मा पनि वृद्ध हुनजान्छ। त्यसको समस्त ज्ञानको पूँजी बूढोपनको चोरले चोरेर लैजान्छ। जस्तै अल्लाह तआलाको वर्णन रहेको छ :-

لِكَيْلَا يَعْلَمَ مِنْ بَعْدِ عِلْمٍ شَيْئًا[1]

1. The Holy Quran, al-Hajj 22:6

'लिकैला यअ्लमा मिन् बअ्दे ईल्मिन् शैआ' अर्थात् मानिस बूढो भएर पठन पाठन पश्चात पुन: मूर्ख हुने अवस्थासम्म पुग्छ।अत: आत्मा शरीरबिना कुनै वस्तु नै होइन भन्ने कुरोप्रति हाम्रो यो सम्पूर्ण अनुभव पर्याप्त प्रमाण रहेको छ। पुन: यदि आत्मा शरीरबिना नै कुनै वस्तु हुनसकथ्यो भने खुदा तआलाले बिनाकारण त्यसलाई नश्वर शरीरसित जोड्नु उनको एउटा लघुकार्य ठहर्‍थ्यो भन्ने धारणाले पनि मानिसलाई वास्तविक सत्यतर्फ ध्यान दिलाउँछ। खुदा तआलाले मानिसलाई अनन्त उन्नति प्राप्तिका निम्ति जन्माएको हो भन्ने कुरो पनि सोच्नेयोग्य रहेको छ। अत: जुन अवस्थामा मानिसले यस सीमित जीवनका उन्नतिहरू शरीरको साथ नपाएसम्म प्राप्त गर्न सकेन भने ती अनन्त उन्नतिहरू जसको कुनै सीमा छैन शरीरको साथ बिना नै स्वयंमेव प्राप्त गर्ला भनी कसरी आशा राख्ने त ?

अत: आत्माका परम कार्यहरूको सिद्धिका लागि इस्लामको सिद्धान्त अनुसार आत्मासित शरीरको साथ (सम्बन्ध) स्थायी रहेको छ भन्ने कुरो उपरोक्त तर्कहरूबाट प्रमाणित हुनजान्छ। मृत्युपछि यद्यपि यो नश्वर शरीर आत्माबाट अलगिन जान्छ परन्तु यमलोकमा प्रत्येक आत्मालाई केही मात्रामा आफ्ना कर्महरूको स्वाद चाख्नका लागि उधारो शरीर प्राप्त हुन्छ। त्यो शरीर यस भौतिक शरीर जस्तो हुदैन अपितु कर्महरूको स्थिति अनुसार एउटा प्रकाशबाट अथवा एउटा अन्धकारबाट शरीर तयार हुन्छ। वस्तुत: त्यस लोकमा मानिसले गरेका कर्महरूले शरीरको काम दिनेछन्। खुदाको वाणीमा यही कुराको बारम्बार उल्लेख भएको छ। केही शरीरहरूलाई प्रकाशमय र केही शरीरहरूलाई तमोमय (अन्धकारमय) भनिएको छ जुन कर्महरूको प्रकाश अथवा कर्महरूको अन्धकारबाट निर्मित हुन्छन्। यद्यपि यो एउटा अति गूढ रहस्य हो परन्तु तर्कहीन होइन। पुरुषले यसै जीवनमा यस भौतिक शरीरका साथै एउटा भिन्न प्रकाशमय व्यक्तित्व प्राप्त गर्नसक्छ। 'आलमे मुकाशिफात' (परमेश्वर दर्शनको तन्द्रावस्था)मा यसका अनेकौं उदाहरणहरू छन्। यद्यपि यस्तो व्यक्तिलाई सम्झाउन भने कठिन पर्छ जो मन्दबुद्धि तहको रहेको छ परन्तु जसलाई तन्द्रवस्थामा आध्यात्मिक दृश्यहरूको दर्शनको केही सौभाग्य प्राप्त छ तिनले यसप्रकारको कर्मबाट निर्मित शरीरलाई आश्चर्य र अविश्वासको दृष्टिले हेर्दैनन अपितु यस विषयवस्तुबाट आनन्द उठाउँछन्।

अत: यो शरीर जुन कर्महरूको कैफियतबाट प्राप्त हुन्छ यही नै यमलोक (मध्यलोक)मा पुण्य र पापको फलको कारण बन्नजान्छ। म यसमा अनुभवप्राप्त रहेको छु। मलाई आध्यात्मिक दृश्यको रूपमा पूर्ण जागृत अवस्थामा धेरैपटक केही

मुर्दा (मृतक) हरूसित भेट गर्ने संयोग प्राप्त भएको छ र मैले केही दुष्कर्मी र पथभ्रष्ट व्यक्तिहरूको शरीर यस्तो कालो देखें मानौ त्यो धुवाँबाट बनाइएको हो। अतएव यस क्षेत्रको मलाई व्यक्तिगत ज्ञान प्राप्त छ त्यसकारण खुदा तआलाको वर्णनानुसार नै मृत्युपश्चात प्रत्येकलाई अवश्य एउटा शरीर प्राप्त हुन्छ चाहे त्यो प्रकाशमय होस अथवा अन्धकारमय भनी जोड दिएर भन्छु। मानिसको यो भूल हुनेछ यदि उसले यी अत्यन्त गूढज्ञानपूर्ण कुराहरूलाई केवल बुद्धिद्वारा प्रमाणित गर्न चाहन्छ। अपितु जसरी आँखाले मिठो वस्तुको स्वाद बताउन सक्दैन न त जिब्रोले कुनै वस्तुलाई देख्न सक्छ। त्यसैगरी ती परकालका ज्ञानहरू जुन तन्द्रावस्थाको पवित्र आध्यात्मिक सदुद्घाटनबाट प्राप्त हुन्छन केवल बुद्धिद्वारा यी कुराहरूको भेद खुल्न सक्दैन भन्ने कुरो जान्नु आवश्यक छ। खुदा तआलाले यस संसारमा अज्ञात वस्तुहरूलाई जान्नका लागि भिन्न-भिन्न साधनहरू उपलब्ध गराएका छन्। त्यसकारण प्रत्येक वस्तुलाई त्यसको साधनको सहयोग द्वारा खोज तब त्यसलाई पाउनेछौ।

ती व्यक्तिहरू जो व्यभिचारी र पथभ्रष्ट हुनपुगे खुदा तआलाले आफ्नो वाणीमा तिनीहरूलाई मुर्दा हुन भनेका छन र पुण्यकर्मीहरूलाई जीवित घोषित गरेका छन भन्ने कुरो पनि स्मरणीय रहेको छ। वस्तुत: जो व्यक्तिहरू खुदालाई विस्मरण गरी विमुख रहेको अवस्थामा मरे साथै जुन खाने पिउने र भोग विलास इत्यादि तिनीहरूका जीवनका साधनहरू तिनीहरूबाट विच्छिन्न भए, आध्यात्मिक आहार त तिनीहरूलाई प्राप्तै थिएन। यसमा यही रहस्य रहेको छ अर्थात तिनीहरू वास्तवमा नै मरे र केवल दण्ड भोग्नका लागि तिनीहरू जीवित हुनेछन्। यसै रहस्यतर्फ संकेत गरी अल्लाह तआलाले वर्णन गरेका छन् :-

مَنْ يَّأْتِ رَبَّهٗ مُجْرِمًا فَاِنَّ لَهٗ جَهَنَّمَ لَا يَمُوْتُ فِيْهَا وَلَا يَحْيٰى[1]

अर्थात् जो व्यक्ति अपराधिको रूपमा खुदाका सामुन्ने उपस्थित हुनेछ त्यसको ठेगाना नरक हुनेछ। त्यो व्यक्ति त्यहाँ न मर्नेछ न त जीवित नै रहनेछ। परन्तु जो व्यक्तिहरू खुदाका प्रिय रहेका छन तिनीहरू मृत्युबाट मर्दैनन किनभने तिनको पानी र तिनको रोटी तिनीहरूसितै रहन्छ। पुन: मध्यलोकपछि त्यो समय आउँछ जसको नाम पुनरुत्थानकाल हो। त्यससमय प्रत्येक आत्माले चाहे पुण्य होस अथवा पापी, धार्मिक होस अथवा अधर्मी, एउटा खुल्ला खुल्ला शरीर प्राप्त गर्नेछ। तथा त्यो दिन खुदाका ती समस्त चमत्कारहरूको प्रकटनका लागि निश्चित गरिएको हो जसमा प्रत्येक मनुष्यले

1. The Holy Quran, Ta ha 20:75

आफ्ना प्रभुको सत्ताको पूर्ण परिचय प्राप्त गर्नेछ र प्रत्येक व्यक्ति आफ्नो प्रतिफलको चरम बिन्दुमा पुग्नेछ। खुदाबाट यो कसरी सम्भव हुनसकला भनी आश्चर्यित हुनुपर्दैन किनभने उनी हरेक शक्ति (महिमा)का स्वामी हुन उनी जे चाहन्छन त्यही गर्छन्। जस्तै उनले स्वयं वर्णन गरेका छन् :-

اَوَلَمْ يَرَ الْاِنْسَانُ اَنَّا خَلَقْنٰهُ مِنْ نُّطْفَةٍ فَاِذَا هُوَ خَصِيْمٌ مُّبِيْنٌo وَضَرَبَ
لَنَا مَثَلًا وَّ نَسِيَ خَلْقَهٗ قَالَ مَنْ يُّحْيِ الْعِظَامَ وَهِيَ رَمِيْمٌo قُلْ يُحْيِيْهَا
الَّذِيْٓ اَنْشَاَهَآ اَوَّلَ مَرَّةٍ وَهُوَ بِكُلِّ خَلْقٍ عَلِيْمٌo[1]

اَوَلَيْسَ الَّذِيْ خَلَقَ السَّمٰوٰتِ وَالْاَرْضَ بِقٰدِرٍ عَلٰٓى اَنْ يَّخْلُقَ مِثْلَهُمْ بَلٰى
وَهُوَ الْخَلّٰقُ الْعَلِيْمُ o اِنَّمَآ اَمْرُهٗٓ اِذَآ اَرَادَ شَيْـًٔا اَنْ يَّقُوْلَ لَهٗ كُنْ فَيَكُوْنُ o
فَسُبْحٰنَ الَّذِيْ بِيَدِهٖ مَلَكُوْتُ كُلِّ شَيْءٍ وَّاِلَيْهِ تُرْجَعُوْنَ o[2]

अर्थात् हामीले मानिसलाई त्यस एउटा थोपो पानीबाट जुन गर्भमा खसालिएको थियो उत्पत्ति गर्‍यौं भन्ने कुरो उसलाई थाहा छैन र ? त्यसपश्चात त्यो एउटा झगडालु व्यक्ति बन्नपुग्यो। हाम्रा विरुद्ध कुराहरू गर्नलाग्यो र आफ्नू जन्मलाई बिर्सिएर जब हड्डीहरूसमेत सुरक्षित रहनेछैनन भने कसरी मनुष्य पुन: जीवित हुन सक्ला तथा त्यस्तो शक्तिमान को होला जसले उसलाई जीवित गर्नेछ भनी भन्नलाग्यो। तिनीहरूलाई भन, उनैले जीवित गर्नेछन जसले पहिला त्यसलाई पैदा गरेका थिए। उनी प्रत्येक प्रकारले र प्रत्येक तरीकाले जीवित गर्न जान्दछन्। जब कुनै वस्तु होस भन्ने इच्छा गर्छन तब केवल भएस् भनी (आदेश) गर्छन र त्यो वस्तु उत्पन्न हुन जान्छ, उनको आदेशको महिमा यस्तो रहेको छ। अत: त्यो सत्ता परम पवित्र छ जसको प्रत्येक वस्तुमाथि अधिकार रहेको छ तथा तिमीहरू सबै उनैतर्फ फर्कने छौ। अत: खुदाका लागि कुनै कुरो असम्भव छैन जसले एउटा तुच्छ पानीको थोपाबाट मनुष्यलाई उत्पन्न गरे के उनी दोस्रो पटक उत्पन्न गर्न असमर्थ छन् ? उपरोक्त आयत हरूमा अल्लाह तआलाले यही वर्णन गरेका हुन्।

जुन अवस्थामा तेस्रोलोक जुन पुनरुत्थानलोक हो धेरै समयपछि आउनेछ भने प्रत्येक धर्मी र अधर्मीका निम्ति 'आलमे बर्ज़ख' (यमलोक) केवल हवालातस्वरूप भयो यो त एउटा व्यर्थ कुरो देखिन्छ भन्ने प्रश्न अनभिज्ञ व्यक्तिहरूका तर्फबाट यहाँ

1. The Holy Quran, Ya Sin 36:78-80
2. The Holy Quran, Ya Sin 36:82-84

उठ्न सक्छ। यस्तो सोच्नु पूर्णतः भूल हो र यो (प्रश्न) केवल अज्ञानताका कारण उठ्न सक्छ। वस्तुतः खुदको पुस्तकमा पुण्य र पापीको प्रतिफलका लागि दुईवटा स्थानहरू पाइन्छन्। एउटा त यमलोक हो जसमा गुप्तरूपमा प्रत्येक व्यक्तिले आफ्नो प्रतिफल पाउँनेछ। दुष्कर्मीहरू मर्नासाथै नरकमा प्रवेश गर्नेछन। यसैगरी सत्कर्मीहरू पनि मर्नासाथै स्वर्गमा आराम प्राप्त गर्नेछन्। अतः यसप्रकारका आयतहरू पवित्र कुरआनमा धेरै छन्। मर्नासाथ प्रत्येक व्यक्तिले आफ्नो कर्मको फल देख्छ। जस्तै खुदा तआलाले एउटा स्वर्गप्राप्त व्यक्तिको बारेमा सन्देश दिंदै भनेका छन् :-

قِيۡلَ ادۡخُلِ الۡجَنَّةَ[1]

अर्थात् उसलाई तिमी स्वर्गमा प्रवेश गर भनी आदेश भयो। यसैगरी एउटा नरकप्राप्त व्यक्तिका बारेमा सूचित गर्दै वर्णन गरेका छन् :-[2] فَرَاٰهُ فِیۡ سَوَآءِ الۡجَحِیۡمِ अर्थात् एउटा स्वर्गप्राप्त व्यक्तिको एउटा साथी नरकप्राप्त थियो। जब तिनीहरू दुवै मरे तब त्यो स्वर्गप्राप्त व्यक्ति मेरो साथी कहाँ छ भनी हैरान थियो। अतः त्यसलाई त्यो (साथी) नरकको बीचमा छ भनी देखाइयो। वस्तुतः पुरस्कार र दण्डको कार्यबाई त अविलम्भ आरम्भ हुन्छ तथा नरकप्राप्त नरकमा र स्वर्गप्राप्त स्वर्गमा जान्छन् परन्तु त्यसपश्चात एउटा अर्को परम प्रकटनको दिन छ जुन खुदाको एउटा ठूलो 'हिकमत' (बुद्धिमानी)ले त्यस दिनलाई प्रकट गर्न चाहेको हो। किनभने सृष्टिकर्ताको रूपमा उनलाई जानियोस भनी उनले मानिसलाई सृष्टि गरे। यसैगरी उनलाई संहारकर्ताको रूपमा जानियोस भनी उनले पुनः सबैलाई नाश गर्नेछन्। त्यसपश्चात एकदिन सर्वशक्तिमानको रूपमा उनलाई जानियोस भनी सबैलाई पूर्ण जीवन प्रदान गरी उनले एउटा मैदानमा (सबैलाई) जम्मा गर्नेछन्। उल्लेखित गूढज्ञानहरूमध्ये यो पहिलो गूढज्ञान थियो जसको चर्चा गरियो भनी जान।

## दोस्रो गूढज्ञान

परलोकबारे पवित्र कुरआनले वर्णन गरेको दोस्रो गूढज्ञान के हो भने परलोकमा पुगेर संसारमा रहेका ती समस्त आध्यात्मिक कुराहरूले शरीरको रूप धारण गर्नेछन चाहे परलोकमा त्यो यमलोकको दर्जा होस अथवा पुनरुत्थानको लोकको दर्जा। यसबारेमा खुदा तआलाले दर्शाएका कुराहरूमध्ये एउटा यो आयत पनि हो :- مَنۡ

1. The Holy Quran, Ya Sin 36:27
2. The Holy Quran, as-Saffat 37:56

مَنۡ كَانَ فِيۡ هٰذِهٖۤ اَعۡمٰى فَهُوَ فِى الۡاٰخِرَةِ اَعۡمٰى وَاَضَلُّ سَبِيۡلًا [1] अर्थात् जो व्यक्ति यस संसारमा अन्धो रहन्छ त्यो परलोकमा पनि अन्धो रहनेछ अझ त्योभन्दा खेरगएको हुनेछ। उक्त आयतको तात्पर्य के हो भने यस संसारको आध्यात्मिक अन्धोपन परलोकमा शारीरिक रूपमा देखिन र अनुभूत हुनजान्छ।

यसैप्रकार एउटा अर्को आयतमा वर्णन छ :-

خُذُوۡهُ فَغُلُّوۡهُ ۙ ثُمَّ الۡجَحِيۡمَ صَلُّوۡهُ ۙ ثُمَّ فِىۡ سِلۡسِلَةٍ ذَرۡعُهَا سَبۡعُوۡنَ ذِرَاعًا فَاسۡلُكُوۡهُ ؕ [2]

अर्थात् त्यस नारकीयलाई पक्ड, उसको गर्दनमा 'तौक' (घाँडो) हाल त्यसपछि नरकमा त्यसलाई जलाऊ। पुन: सत्तरी गज लामो साङ्लामा त्यसलाई जकड। उक्त आयतहरूमा संसारको आध्यात्मिक दण्ड (सजाय) परलोकमा गएर शारीरिक रूपमा देखिनेछ भन्ने कुरो प्रकट गरिएको भनी स्पष्ट होस्। अत: गर्दनको घाँडो भन्नाले ती संसारका वासना र चाहनाहरू हुन जसले मानिसको शिरलाई धरतीतर्फ झुकाएर राखेको थियो त्यही परलोकमा प्रकाश्य रूपमा देखिनेछ। यसैगरी सांसारिक बन्धनको साङ्लो पाउमा बाँधिएको देखिनेछ र संसारको वासना र चाहनाको दहनको आगो प्रकाश्य रूपमा दन्किरहेको देखिनेछ। दुराचारी व्यक्तिले सांसारिक जीवनमा कामवासना र लोभ लालचको एउटा नरक आफूभित्र पाल्छ र असफल रहेको अवस्थामा त्यस नरकका जलनहरूलाई अनुभव गर्छ। अत: जब त्यसलाई उसका नश्वर कामवासनाहरूबाट छुट्ट्याइनेछ र सदाको निराशा हातलाग्नेछ तब खुदा तआलाले ती पश्चात्तापहरूलाई शरीरिक अग्निको रूपमा त्यसप्रति प्रकट गर्नेछन्। जस्तै उनको भनाइ छ :- وَحِيۡلَ بَيۡنَهُمۡ وَبَيۡنَ مَا يَشۡتَهُوۡنَ [3] अर्थात तिनीहरूमा र तिनीहरूले चाहेका वस्तुहरूका बीचमा जुदाई उत्पन्न गरिनेछ र त्यही नै दण्डको मूल हुनेछ। सत्तरी गजको साङ्लोले त्यसलाई जकड भन्नुको तात्पर्य एउटा दुराचारीले कहिले सत्तरी वर्षको उमेर पाउँछ भने कहिले काहिं त यस संसारमा त्यसलाई यस्ता सत्तरी वर्षहरू प्राप्त हुन्छन जसमा बाल्यकाल र बुढेसकालको आयुलाई छुट्याएर पनि त्यसलाई यतिसम्म स्वच्छ र उपयोगी उमेर प्राप्त हुन्छ जुन बुद्धिमानी र परिश्रम तथा काम गर्नेयोग्य हुन्छ। परन्तु त्यस दुर्भागीले आफ्नो उत्तम जीवनका सत्तरी वर्षहरू

1. The Holy Quran, Bani Isra'il 17:73
2. The Holy Quran, al-Haqqah 69:31-33
3. The Holy Quran, Saba' 34:55

संसारको मोहजालमा बिताउँछ र त्यस बन्धनबाट मुक्त हुन चाहँदैन। अत: तिनै सत्तरी वर्षहरू जुन उसले संसारको मोहजालमा बिताएका थिए परलोकमा एउटा यस्तो साङ्लोको रूपमा रूपान्तरित हुनेछन जुन सत्तरी गजको हुनेछ, प्रत्येक गज एक-एक वर्षको बदलामा रहनेछ भनी उक्त आयतमा खुदा तआला वर्णन गर्छन्। खुदा तआलाले आफ्नो तर्फबाट भक्तमाथि कुनै सङ्कट उतार्दैनन अपितु उनी मानिसका आफ्ना कुकर्महरूलाई उसका सामुन्ने राखिदिन्छन्।

यही आफ्नो नियमबारे खुदा तआलाले पुन: एउटा अर्को स्थानमा वर्णन गरेका छन् :- اِنۡطَلِقُوۡۤا اِلٰی ظِلٍّ ذِیۡ ثَلٰثِ شُعَبٍ○لَّا ظَلِیۡلٍ وَّلَا یُغۡنِیۡ مِنَ اللَّهَبِ○[1] अर्थात् हे दुराचारीहरूहो ! हे पथभ्रष्टहरूहो ! त्यस त्रिकोणीय छायाँतर्फ हिड जसका तीनवटा शाखाहरू छन जसले छायाँ दिनसक्दैनन् न त गर्मीबाट बचाउन सक्छन्। यस आयतमा तीनवटा शाखाहरू भन्नाले पाशविक शक्ति, हिंसात्मक शक्ति र भ्रमशक्ति हो। जसले यी तीनवटै शक्तिहरूलाई सदाचारमा परिवर्तन गरी तिनीहरूलाई नियन्त्रण गर्दैनन तिनीहरूका यी शक्तिहरूलाई प्रलयका दिन यसरी प्रकाशित गरिनेछ मानौ ती पत्ता बिनाका तीनवटा खड़ा शाखाहरू हुन जसले गर्मीबाट बचाउन सक्दैनन र तिनीहरू गर्मीले जल्नेछन्। पुन: यसैप्रकार स्वर्गप्राप्त व्यक्तिहरूका सम्बन्धमा आफ्नो यही नियम दर्शाउन खुदा तआला वर्णन गर्छन् :- یَوۡمَ تَرَی الۡمُؤۡمِنِیۡنَ وَالۡمُؤۡمِنٰتِ یَسۡعٰی نُوۡرُهُمۡ بَیۡنَ اَیۡدِیۡهِمۡ وَبِاَیۡمَانِهِمۡ[2] अर्थात् त्यसदिन तिमीले मोमिनहरू (विश्वासीहरू) को त्यस प्रकाशलाई जुन संसारमा गुप्तरूपमा रहेको छ स्पष्टरूपमा तिनीहरूका अगाडि र तिनीहरूका दाहिनेतर्फ दौडदै गरेको देख्नेछौ। एउटा अर्को आयतमा पुन: वर्णन गर्छन् :- یَوۡمَ تَبۡیَضُّ وُجُوۡهٌ وَّتَسۡوَدُّ وُجُوۡهٌ[3] अर्थात् त्यसदिन केही मुहारहरू काला हुनेछन र केही श्वेत र प्रकाशमय हुनेछन्। यसैगरी एउटा अर्को आयतमा वर्णन गर्छन् :-

مَثَلُ الۡجَنَّةِ الَّتِیۡ وُعِدَ الۡمُتَّقُوۡنَ فِیۡهَاۤ اَنۡهٰرٌ مِّنۡ مَّآءٍ غَیۡرِ اٰسِنٍ وَاَنۡهٰرٌ مِّنۡ لَّبَنٍ
لَّمۡ یَتَغَیَّرۡ طَعۡمُهٗ وَاَنۡهٰرٌ مِّنۡ خَمۡرٍ لَّذَّةٍ لِّلشّٰرِبِیۡنَ وَاَنۡهٰرٌ مِّنۡ عَسَلٍ مُّصَفًّی[4]

अर्थात् त्यो स्वर्ग जुन सत्यपरायणहरूलाई प्रदान गरिनेछ त्यसको दृष्टान्त एउटा

1. The Holy Quran, al-Mursalat 77:31-32
2. The Holy Quran, al-Hadid 57:13
3. The Holy Quran, al-e-'Imran 3:107
4. The Holy Quran, Muhammad 47:16

बगैंचास्वरूप रहेको छ। त्यसमा यस्ता पानीका नहरहरू रहेका छन जुन कहिल्यै दुषित हुदैन। त्यसमा यस्तो दूधका नहरहरू पनि रहेका छन जसको कहिल्यै स्वाद बद्लिदैन। यसैप्रकार त्यहाँ यस्तो मदिराका नहरहरू पनि छन जुन अत्यन्त आनन्ददायक छ तर त्यसमा मादकता भने छैन। तथा त्यहाँ त्यस महका नहरहरू छन जो अत्यन्त परिष्कार छ जसमा कुनै विकार छैन। त्यस स्वर्गलाई दृष्टान्तको रूपमा यस्तो मान जसमा समस्त वस्तुहरूका अनगिन्ती नहरहरू रहेका छन्। त्यो जीवनको पानी जुन 'आरिफ' (ब्रह्मज्ञानी)ले संसारमा आध्यात्मिक रूपमा पिउने गर्छ त्यहाँ प्रकाश्य रूपमा उपलब्ध छ। त्यसैगरी त्यो आध्यात्मिक दूध जसबाट दूधपिउने बालकझैं संसारमा उसको आध्यात्मिक रूपमा पालन पोषण हुन्थ्यो स्वर्गमा खुल्ला खुल्ला रूपमा देखिनेछ। तथा त्यो खुदाको प्रेमको मदिरा जसबाट उ संसारमा आध्यात्मिक रूपमा मस्त रहने गर्थ्यो अब स्वर्गमा खुल्ला खुल्ला रूपमा त्यसका नहरहरू देखा पर्नेछन्। यसैगरी त्यो ईमान (विश्वास) को मिठासको मह जुन संसारमा आध्यात्मिक रूपमा ब्रह्मज्ञानीको मुखमा पर्ने गर्थ्यो त्यो स्वर्गमा छर्लङ्ग र स्पष्ट नहरहरू जस्तै देखा पर्नेछ भन्ने कुरो यहाँ स्पष्टरूपमा वर्णन गरिदिए। अतः प्रत्येक स्वर्गप्राप्त व्यक्तिले आफ्ना नहरहरू र आफ्ना बगैंचाहरूद्वारा आफ्नो आध्यात्मिक अवस्थाको यथास्थितिलाई खुल्लारूपमा देखाउँनेछ। त्यसैगरी खुदा तआला पनि त्यसदिन स्वर्गप्राप्त व्यक्तिहरूका निम्ति पर्दाबाट बाहिर आउनेछन्। अतः आध्यात्मिक अवस्थाहरू गुप्त रहनेछैनन अपितु शारीरिक रूपमा देखा पर्नेछन्।

## तेस्रो गूढज्ञान

तेस्रो गूढज्ञान यो हो अर्थात् परलोकमा अपार उन्नतिहरू प्राप्त हुनेछन्। यसबारे अल्लाह तआलाको वर्णन छ :-

وَالَّذِيْنَ اٰمَنُوْا مَعَهٗ نُوْرُهُمْ يَسْعٰى بَيْنَ اَيْدِيْهِمْ وَبِاَيْمَانِهِمْ يَقُوْلُوْنَ رَبَّنَآ
اَتْمِمْ لَنَا نُوْرَنَا وَاغْفِرْ لَنَا اِنَّكَ عَلٰى كُلِّ شَيْءٍ قَدِيْرٌ۔ [1]

अर्थात् संसारमा जसलाई ईमानको प्रकाश प्राप्त छ तिनीहरूको प्रकाश प्रलयका दिन तिनीहरूका अगाडि र तिनीहरूका दाहिनेतर्फ दौडने छ। तिनीहरूले निरन्तर हे खुदा ! हाम्रो प्रकाशलाई परम बिन्दुसम्म पुऱ्याऊ र आफ्नू क्षमादानमा हामीलाई

1. The Holy Quran, at-Tahrim 66:9

प्रविष्ट गर। तिमी प्रत्येक वस्तुप्रति पूर्ण सामर्थ्यवान छौ भनी बिन्ती गर्नेछन्।

उक्त आयतमा तिनीहरूले सदा हाम्रो प्रकाशलाई परम बिन्दुसम्म पुऱ्याऊ भनी वर्णन गर्नुमा असीम र अनन्त उन्नतिहरूतर्फ सङ्केत पाइन्छ। अर्थात तिनीहरूलाई प्रकाशमा एउटा परमोन्नति प्राप्त हुनेछ त्यसपश्चात् पुनः दोस्रो परमोन्नतिलाई देख्नेछन र त्यसलाई देख्नासाथ पहिलो परमोन्नतिलाई साधारण अनुभव गर्नेछन्। अतः दोस्रो परमोन्नति प्राप्तिका लागि प्रार्थना गर्नेछन्। जब त्यो प्राप्त हुनेछ तब एउटा तेस्रो परमोन्नतिको दर्जालाई देख्नेछन र त्यसलाई देखेर पहिलाका उन्नतिहरूलाई र उँचाइहरूलाई निकृष्ट ठान्नेछन तथा त्यसको इच्छा गर्नेछन्। यही उन्नतिहरूको चाहना हो जसलाई **'अत्मिम'** (पूरा गर) शब्दबाट बुझिन्छ।

अतः यसैप्रकार अनन्त उन्नतिहरूको क्रम निरन्तर चलिरहनेछ। कहिल्यै अवनति हुनेछैन। न त कहिल्यै स्वर्गबाट निस्कासित गरिनेछन अपितु प्रतिदिन अघि बढनेछन पछि हटनेछैनन्। तिनीहरूले सदा क्षमायाचना गर्नेछन भन्ने वर्णनमा जब तिनीहरूले स्वर्गमा प्रवेश गरिसकेका छन भने क्षमाप्राप्तिमा के कमी रह्यो र? जबपापहरू क्षमा गरिए भने क्षमायाचनाको आवश्यकता किन पऱ्यो भन्ने प्रश्न उठ्छ। यसको उत्तर के हो भने **'मग़फिरत्'** (क्षमायाचना)को अर्थ दूषित र त्रुटिपूर्ण अवस्थालाई तल दबाउनु र ढाकनु हो। अतः स्वर्गप्राप्त व्यक्तिहरूले परम दर्जा प्राप्त गर्ने र पूर्णतः प्रकाशमा प्रविष्ट हुने इच्छा गर्नेछन्। तिनीहरूले दोस्रो दर्जालाई देखेर पहिलो दर्जालाई निकृष्ट ठान्नेछन त्यसकारण त्यो पहिलो अवस्थालाई (दर्जालाई) तल दबाइयोस भन्ने इच्छा राख्छन्। पुनः तेस्रो परम दर्जालाई देखेर दोस्रो दर्जालाई दबाइयोस भन्ने चाहना राख्छन्। अर्थात जुन निम्नतहको अवस्था छ त्यसलाई तल दबाइयोस र गायब गरियोस् (भन्ने चाहन्छन)। यसैप्रकार अनन्त क्षमादानको इच्छा गरिरहनेछन्। यो त्यही **'मग़्फिरत्'** र **'इस्तग़फार'** (क्षमायाचना र प्रायश्चित्त) शब्द हो जसबारे केही अनभिज्ञ व्यक्तिहरू हाम्रा नबी (हज़रत मुहम्मद) सल्लल्लाहु अलैहि व सल्लमका सम्बन्धमा आपत्तिको रूपमा प्रस्तुत गर्नेगर्छन्। अतःयही क्षमायाचना अथवा प्रयश्चित्तको इच्छा र कामना नै मानिसको गौरब हो भन्ने कुरो पाठकवर्गले यस स्थानबाट बुझनुभयो होला। जो व्यक्ति कुनै महिलाको गर्भबाट जन्मियो र त्यसपश्चात् निरन्तर क्षमायाचनाको अभ्यास त्यसले गरेन भने त्यो कीरो हो, मनुष्य होइन। तथा त्यो अन्धो हो नेत्रवान होइन र त्यो अपवित्र हो पवित्र होइन।

पवित्र कुरआन अनुसार नरक र स्वर्ग दुवै वस्तुतः मानिसको जीवनका प्रतिविम्ब र लक्षणहरू हुन्। कुनै यस्तो नवीन भौतिक वस्तु होइन जुन अन्य ठाउँबाट आएको

होस्। यी दुवै शारीरिक रूपमा देखापर्नेछन भन्ने कुरो सत्य हो। परन्तु तिनीहरू वास्तविक आध्यात्मिक अवस्थाहरूका प्रतिविम्बहरू र लक्षणहरू हुनेछन्। हामीहरू त्यस्तो स्वर्गका कायल छैनौं जसमा केवल भौतिक रूपमा एउटा स्थानमा वृक्षहरू रोपिएका हुन्छन। न त यस्तो नरकका हामी कायल छौं जसमा वास्तवमै गन्धकका ढुंगाहरू रहेका छन्। वस्तुतः इस्लामको मान्यतानुसार स्वर्ग र नरक तिनै कर्महरूका प्रतिविम्बहरू हुन जुन संसारमा मानिसले गर्छ।

# तेस्रो प्रश्न

## संसारमा जीवनका लक्ष्यहरूके के हुन र तिनीहरूको प्राप्ति कसरी हुनसकछ ?

यद्यपि भिन्न भिन्न प्रकृतिका मनुष्यहरू आफनो अल्पज्ञान अथवा पराक्रामको कमीका कारण भिन्न-भिन्न प्रकारका आफ्ना जीवनका लक्ष्यहरू ठहऱ्याउँछन तथा केवल सांसारिक लक्ष्यहरू र चाहनाहरूसम्म पुगेर ठहरछन्। परन्तु त्यो परम लक्ष्य जुन खुदा तआलाले आफ्नो पवित्र वाणीमा वर्णन गरेका छन त्यो यो हो :-

وَمَا خَلَقْتُ الْجِنَّ وَالْاِنْسَ اِلَّا لِیَعْبُدُوْنِ o[1]

अर्थात् मैले 'जिन्ना' (गुप्त प्राणी, असाधारण मनुष्य) तथा मानवजातिलाई केवल मेरो पहिचान गरी मेरै उपासना गरून भनी जन्माएको हुँ। अत: उक्त आयतानुसार मानवजीवनको प्रकृत लक्ष्य खुदा (परमेश्वर)को उपासना र खुदाको पहिचान र खुदाकै निम्ति समर्पित हुनु हो।

आफ्नो जीवनको लक्ष्य आफ्नो इच्छानुसार स्वयं निश्चित गर्ने पुर्णाधिकार मानिसलाई प्राप्त छैन भन्ने कुरो स्पष्ट छ। वस्तुत: मनुष्य न आफ्नो इच्छाले आउँछ न त आफ्नो इच्छाले फर्केर जानेछ। अपितु यो एउटा प्राणी हो र जसले यसलाई पैदा गरे तथा समस्त जीवहरूभन्दा उत्तम र श्रेष्ठ शक्तिहरू यसलाई प्रदान गरे उनैले यसको जीवनको एउटा लक्ष्य निश्चित गरेका छन चाहे कुनै मानिसले त्यस लक्ष्यलाई बुझोस अथवा नबुझोस्। परन्तु मानव जनमको प्रकृत लक्ष्य भने निस्सन्देह खुदाको उपासना र खुदाको पहिचान तथा खुदाप्रति समर्पित हुनु हो। जस्तै अल्लाह तआलाले पवित्र कुरआनमा वर्णन गरेका छन् :-

اِنَّ الدِّیْنَ عِنْدَ اللّٰهِ الْاِسْلَامُ[2] فِطْرَتَ اللّٰهِ الَّتِیْ فَطَرَ النَّاسَ عَلَیْهَا......

ذٰلِكَ الدِّیْنُ الْقَیِّمُ[3]

1. The Holy Quran, adh-Dhariyat 51:57
2. The Holy Quran, al-e-'Imran 3:20
3. The Holy Quran, ar-Rum 30:31

अर्थात् त्यो धर्म जसमा खुदाको साँचो पहिचान (ज्ञान) र उनको उत्तम ढंगले उपासना (गर्ने विधि) रहेको छ त्यो इस्लाम हो। इस्लाम मनुष्यको प्रकृतिमा रचिएको छ। तथा खुदाले मनुष्यलाई इस्लामानुरूप जन्माएका हुन र इस्लामका लागि नै जन्माएका हुन्। मनुष्यले आफ्नो समस्त शक्ति र सामर्थ्यका साथ उनको उपासना र आज्ञापालन गरोस र उनकै प्रेम प्राप्तिमा लागिरहोस भन्ने उनको चाहना हो। त्यसैकारण ती सर्वशक्तिमान, दयालु (अल्लाह) ले मनुष्यलाई समस्त शारीरिक शक्तिहरू र अङ्गहरू इस्लामानुरूप नै प्रदान गरेका हुन्।

उपरोक्त आयतहरूको व्याख्या अति विस्तृत रहेको छ। यसको केही अंश भने हामीले पहिलो प्रश्नको तेस्रो भागमा पनि लेखिसकेका छौं। परन्तु अब हामी संक्षिप्त रूपमा केवल मनुष्यलाई जे जति आन्तरिक र बाह्य अङ्गहरू र शक्तिहरू प्रदान गरिएको छ अथवा जे जति सामर्थ्यहरू प्राप्त भएका छन तिनीहरूको वास्तविक लक्ष्य खुदाको पहिचान गरी उनको उपासना गर्नु र उनीसित प्रेम गर्नु हो भन्ने कुरो स्पष्ट गर्न चाहन्छौं। त्यसैकारणले मनुष्यले संसारमा हज़ारौं धन्धाहरू र व्यवसायहरू अपनाएर पनि खुदाबाहेक अन्य कुनै वस्तुमा आफ्नु प्रकृत आनन्द भने पाउँदैन। ठूलो धनीमानी भएर, ठूलो पद पाएर, ठूलो व्यपारी बनेर, ठूलो साम्राज्यसम्म पुगेर, ठूलो दार्शनिक कहलाएर पनि अन्तत ती सांसारिक बन्धनहरूबाट ठूलो पश्चात्तापका साथ फर्कन्छ र त्यसको हृदयले सदा त्यसलाई संसारका ती व्यस्तताहरूका कारण अपराधी ठहऱ्याउने गर्छ। यसैगरी त्यसका षडयन्त्रहरू र धोकाहरू तथा अनुचित कार्यहरूमा त्यसको विवेकले कहिल्यै समर्थन गर्दैन। एउटा बुद्धिमान व्यक्तिले यस विषयलाई यसप्रकार पनि बुझ्न सक्छ अर्थात् जसका अङ्गहरू र शक्तिहरूले एउटा ठूलोभन्दा ठूलो कार्य गर्नसक्छन र त्यसपाछि एउटा स्थानमा पुगेर ठहर्नजान्छन भने त्यही ठूलो अथवा महान कार्य त्यसको जनमको परम उद्देश्य अथवा लक्ष्य मानिन्छ। उदाहरणस्वरूप गोरूको ठूलोभन्दा ठूलो काम हलो जोत्नु अथवा खेतीका लागि पानी तान्नु वा बोझ उठाउनु हो। त्योभन्दा माथि त्यसको सामर्थ्यमा अन्य केही प्रमाणित भएन त्यसकारण गोरूको जीवनको लक्ष्य त्यही तीनवटा कार्यहरू हुन्। त्यो भन्दा अधिक कुनै सामर्थ्य त्यसमा पाइँदैन। परन्तु जब मानिसका शक्तिहरूको परीक्षण तिनीहरूको महानभन्दा महानशक्ति के हो भनी हामी गर्छौं तब परम श्रेष्ठ र महिमावान खुदाको खोज त्यसमा पाइन्छ भन्ने कुरो प्रमाणित हुन्छ। खुदाको प्रेममा पूर्णत: विनम्र र एकाग्रताका साथ व्यस्त भई आफ्नु भन्ने केही नरहोस र सर्वस्व खुदाको होस भन्ने उसले चाहन्छ। खाने पिउने र विश्राम गर्ने इत्यादि स्वाभाविक कार्यहरूमा मनुष्यको अन्य जीवहरूसित ठूलो

समानता रहेको छ। कारीगरीमा त केही जीवहरू मनुष्यभन्दा पनि धेरै अघिबढेका छन्। अपितु माहुरीले पनि प्रत्येक फूलको रस निकालेर यस्तो अत्यन्त उत्तम मह उत्पन्न गर्छन जुन कारीगरीमा अहिलेसम्म मानिसलाई सफलता प्राप्त भएको छैन। अत: मनुष्यको परम कौशल र निपुणता खुदा तआलाको निकटताप्राप्ति हो भन्ने कुरो स्पष्ट छ। त्यसकारण उसको जीवनको प्रकृत लक्ष्य खुदातर्फ उसको हृदयको झ्याल खुल्नु नै हो।

## मानव जीवनको लक्ष्यप्राप्तिका साधनहरू

यो लक्ष्य कसरी प्राप्त हुनसक्छ र कुन साधनहरूद्वारा मानिसले त्यसलाई पाउन सक्छ भन्ने प्रश्न उठेमा खुदा तआलालाई उत्तम ढंगले सनाखत गर्नु र साँचा खुदाप्रति ईमान (विश्वास) स्थापन गर्नु नै उक्त लक्ष्यप्राप्तिको शर्तस्वरूप सबैभन्दा ठूलो साधन रहेको छ भन्ने कुरो स्पष्ट होस्। किनभने यदि पहिलो पाइलो नै गलत भएमा र कुनै व्यक्तिले उदाहरणत: कुनै पक्षी अथवा पशु वा अन्य कुनै तत्वहरू अथवा मानव सन्तानलाई खुदा ठानेमा अन्य पाइलाहरूमा त्यसले सन्मार्गमा हिड्ला भन्ने के आशा राख्नु। साँचा खुदाले उनलाई खोज्नेहरूको सहयोग गर्छन्। परन्तु मुर्दाले मुर्दाको सहयोग कसरी गर्नसक्छ र ? यस सम्बन्धमा अल्लाह तआलाले अति सुन्दर उदाहरण प्रस्तुत गरेका छन र त्यो यो हो :-

لَهٗ دَعۡوَةُ الۡحَقِّ ؕ وَالَّذِيۡنَ يَدۡعُوۡنَ مِنۡ دُوۡنِهٖ لَا يَسۡتَجِيۡبُوۡنَ لَهُمۡ بِشَىۡءٍ اِلَّا كَبَاسِطِ كَفَّيۡهِ اِلَى الۡمَآءِ لِيَبۡلُغَ فَاهُ وَمَا هُوَ بِبَالِغِهٖ ؕ وَمَا دُعَآءُ الۡكٰفِرِيۡنَ اِلَّا فِىۡ ضَلٰلٍ [1]

अर्थात् प्रार्थनाका योग्य तिनै साँचा खुदा हुन जो प्रत्येक कुराप्रति पूर्ण सामर्थ्यवान रहेका छन तथा जुन व्यक्तिहरूले उनलाई छाडि अन्यान्यहरूलाई पुकार्छन तिनले उनीहरूको केही उत्तर दिन सक्दैनन्। तिनीहरूको उदाहरण यस्तो छ जस्तै कुनै व्यक्तिले पानीतर्फ हात फैलाएर हे पानी मेरो मुखमा आ भनेमा के त्यो उसको मुखमा आउँछ र? कदापि आउँदैन। अत: जो व्यक्तिहरू साँचा खुदाबाट बेखबर छन तिनीहरूका समस्त प्रार्थनाहरू व्यर्थ जान्छन्।

1. The Holy Quran, ar- Raʻd 13:15

लक्ष्यप्राप्तिको दोस्रो साधन खुदा तआलाको त्यस अनुपम सुन्दरता र सौन्दर्यको जानकारी पाउनु हो जुन अपूर्व र सर्वोत्कृष्ट रूपमा उनमा पाइन्छ। वस्तुत: सौन्दर्य एउटा यस्तो वस्तु हो जसतर्फ स्वाभाविक रूपमा मन आकर्षित हुन्छ र त्यसलाई देख्नाले स्वाभाविकत: प्रेम उत्पन्न हुन्छ। अत: अल्लाह तआलाको सत्ताको सौन्दर्य उनको एकत्व र उनको महानता तथा श्रेष्ठता अनि अन्य विशेषताहरू हुन्। जस्तै पवित्र कुरआनको वर्णन छ :-

قُلْ هُوَاللّٰهُ اَحَدٌo اَللّٰهُ الصَّمَدُoلَمْ يَلِدْ وَلَمْ يُوْلَدْo وَلَمْ يَكُنْ لَّهٗ كُفُوًا اَحَدٌo[1]

अर्थात् खुदा आफ्नो सत्ता र विशेषताहरू तथा प्रतापमा एक, अद्वितीय रहेका छन्। कोही उनको भागेदार छैन। सबैलाई उनको खाँचो छ। कण कण ले उनीबाटै जीवन प्राप्त गर्छ। उनी समस्त वस्तुहरूका लागि कृपाका स्रोत हुन र स्वयं कसैका कृपापात्र होइनन्। उनी न त कसैका पुत्र हुन न कसैका पिता, र कसरी हुनसक्थे किनभने उनको स्वजाति कोही छैन। पवित्र कुरआनले बारम्बार खुदाको महिमा प्रस्तुत गरी तथा उनको प्रताप देखाएर यस्ता खुदालाई मनले रुचाउँछ मुर्दा र दुर्बल अनि दयारहित तथा शक्तिहीनलाई रुचाउँदैन भनी मानिसहरूको ध्यानाकर्षण गराएको छ।

प्रकृत लक्ष्यसम्म पुग्नका निम्ति दोस्रो दर्जाको खुडकिलोस्वरूप तेस्रो साधन खुदा तआलाको उपकारलाई जान्नु हो। वस्तुत: प्रेमप्रति प्रेरित गर्ने केवल दुइवटा वस्तुहरू छन र ती सौन्दर्य तथा उपकार हुन। खुदा तआलाका उपकारमूलक विशेषताहरूको सारांश सूर: फातिहामा पाइन्छ। जस्तै उनको वर्णन छ :-

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَo الرَّحْمٰنِ الرَّحِيْمِo مٰلِكِ يَوْمِ الدِّيْنِo[2]

अर्थात् समस्त प्रकृत प्रशंसाहरू उनै अल्लाहका निम्ति हुन जो अति कृपालु, अति दयालु तथा (पुण्य र पापको) निर्णयका दिनका स्वामी हुन्। खुदा तआलाले आफ्ना भक्तहरूलाई शून्यबाट पैदा गरी पुन: सदा तिनीहरूको पालणपोषण गर्नु र प्रत्येक वस्तुको स्वयं सहारा बन्नुमा नै वस्तुत: उनको परम उपकार रहेको छ भन्ने कुरो स्पष्ट छ। यसैगरी उनका समस्त प्रकारका कृपाहरू आफ्ना भक्तहरूका निम्ति प्रकट भएका हुन र उनको उपकार असीम होस जसको गणना कसैले गर्न नसकोस्। अत:

1. The Holy Quran, al-Ikhlas 112:2-5
2. The Holy Quran, al-Fatihah 1:2-4

यस्ता उपकारहरूलाई खुदा तआलाले बारम्बार दर्शाएका छन्। जस्तै एउटा अर्को स्थानमा वर्णन छ : وَإِنْ تَعُدُّوا نِعْمَتَ اللّٰهِ لَا تُحْصُوهَا ـ[1] अर्थात् यदि तिमीहरूले खुदा तआलाका उपकारहरूको गणना गर्न चाहेमा कदापि गणना गर्न सक्नेछैनौ। प्रकृत लक्ष्यप्राप्तिका निम्ति खुदा तआलाले दुआ (प्रार्थना)लाई चौथो साधन घोषित गरेका छन्। अत: उनको वर्णन छ : اُدْعُوْنِيْ اَسْتَجِبْ لَكُمْ ـ[2] अर्थात् तिमीहरू दुआ गर म स्वीकार गर्नेछु। तथा बारम्बार दुआ गर्नतर्फ ध्यानाकर्षित गरेका छन ता मनुष्यले आफ्नो बलले होइन अपितु खुदालाई खुदाकै शक्तिबाट पाओस्।

प्रकृत लक्ष्यप्राप्तिका निम्ति साँचो प्रयासलाई खुदा तआलाले पाँचौं साधन घोषित गरेका छन्। अर्थात् आफ्नो धन खुदाको मार्गमा खर्च गरेर र आफ्ना शक्तिहरूलाई उनको मार्गमा लगाएर तथा आफ्नो ज्यानलाई उनको मार्गमा समर्पित गरी अनि आफ्नो बुद्धिलाई उनको मार्गमा खर्च गरी उनलाई खोजियोस्। जस्तै उनको वर्णन रहेको छ :

جَاهِدُوْا بِاَمْوَالِكُمْ وَاَنْفُسِكُمْ فِيْ سَبِيْلِ اللّٰهِ ـ[3]

وَمِمَّا رَزَقْنٰهُمْ يُنْفِقُوْنَ[4] وَالَّذِيْنَ جَاهَدُوْا فِيْنَا لَنَهْدِيَنَّهُمْ سُبُلَنَا[5]

अर्थात् आफ्ना धन, ज्यान, सन्तान र इच्छाहरू तिनीहरूका समस्त शक्तिहरूका साथ खुदाको मार्गमा खर्च गर। यसैगरी जे जति हामीले तिमीहरूलाई बुद्धि, ज्ञान, समझ र कौशल इत्यादि प्रदान गरेका छौं त्यो सबै कुरा खुदाका मार्गमा लगाऊ। जसले हाम्रो मार्गमा प्रत्येक प्रकारले निरन्तर प्रयास गर्छन हामी तिनीहरूलाई आफ्ना मार्गहरू देखाउँने गर्छौं।

प्रकृत लक्ष्यप्राप्तिका निम्ति छैठौं साधन धैर्य हो भनिएको छ। धैर्य भन्नाले उक्त मार्गमा शिथिल र निरुत्साह नहुनु र नथाक्नु तथा परीक्षाबाट नडराउनु हो। जस्तै अल्लाह तआलाको भनाइ छ :-

اِنَّ الَّذِيْنَ قَالُوْا رَبُّنَا اللّٰهُ ثُمَّ اسْتَقَامُوْا تَتَنَزَّلُ عَلَيْهِمُ الْمَلٰٓئِكَةُ

1. The Holy Quran, Ibrahim 14:35
2. The Holy Quran, al-Mu'min 40:61
3. The Holy Quran, at-Taubah 9:41
4. The Holy Quran, al-Baqarah 2:4
5. The Holy Quran, al-'Ankabut 29:70

اَلَّا تَخَافُوْا وَلَا تَحْزَنُوْا وَاَبْشِرُوْا بِالْجَنَّةِ الَّتِیْ کُنْتُمْ تُوْعَدُوْنَ○ نَحْنُ اَوْلِيٰٓؤُکُمْ فِی الْحَيٰوةِ الدُّنْيَا وَفِی الْاٰخِرَةِ[1]

अर्थात् ती व्यक्तिहरू जसले अल्लाह नै हाम्रा पालनहार हुन भने र मिथ्या खुदाहरूबाट अलग्ग भए तथा दृढ रहे। अर्थात् भिन्न-भिन्न प्रकारका परीक्षाहरू र विपत्तिहरूका समयमा अडिग रहे तिनीहरूप्रति फरिश्ताहरू (देवदूतहरू) तिमीहरू नडराऊ र शोक नगर तथा प्रसन्न होऊ अनि त्यस सुखप्रति आनन्दित होऊ जसको तिमीहरूसित बाचा गरिएको छ। यस संसारमा र परलोकमा हामी तिमीहरूका मित्र हौं भन्दै उत्रन्छन्। दृढता र धैर्यद्वारा नै खुदा तआलाको प्रसन्नता प्राप्त हुन्छ भन्ने कुराको उपरोक्त शब्दहरूमा सङ्केत गरेका छन्। दृढता चमत्कार भन्दा ठूलो कुरो हो भन्नु सत्य हो। चौतर्फ विपत्तिले घेरेको देख्दा र खुदाको मार्गमा ज्यान, मान तथा सामानलाई सङ्कटमा पाउँदा अनि कुनै सांत्वना दिने कुरो नरहँदा, साथै खुदा तआलाका तर्फबाट पनि परीक्षाको रूपमा सांत्वनादायक आध्यात्मिक दृश्य अथवा सपना वा ईशवाणी प्राप्त नहुँदा र भयानक डरको स्थितिमा पार्दा पनि नामर्दी नदेखाउनु र कायरहरूझैं पछि नहट्नु र वफादारीको गुणमा कुनै दाग लाग्न नदिनु तथा निष्ठा र धैर्यमा कमी आउन नदिनु अनि अपमानप्रति खुसी हुनु, मृत्यप्रति राजी रहनु र अडिग रहनका लागि उसले सहारा देला भनी कुनै अर्को मित्रको अपेक्षा नगर्नु। न त सङ्कटकालीन अवस्था छ भनी खुदाको शुभसन्देश प्राप्तिको आशा राख्नु तथा पूर्णत: असहाय र दुर्बल हुँदा तथा कुनै सान्त्वना नपाउँदा पनि सीधा खडा रहनु र जे होला देखाजाला भनी गर्दन अघि राखिदिनु तथा ईश्वरको निर्णय प्रति नाइनास्ति नगर्नु अनि तबसम्म बेचैनी र अधैर्यता नदेखाउनु तथा चीत्कार र क्रन्दन नगर्नु जबसम्म परख र परीक्षाको हक पूरा हुदैनु। यही नै दृढताको पूर्णरूप हो। यही दृढता हो जसबाट खुदा प्राप्त हुन्छन। यही त्यो वस्तु हो जसको सुगन्ध आज पनि सन्देशहवाहकहरू, नबीहरू, (पैगम्बरहरू) सत्यनिष्ठहरू, र शहीदहरूको मट्टीबाट आइरहेछ। यसैतर्फ अल्लाह तआला निम्नलिखित दुआमा सङ्केत गर्छन् :-

اِهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيْمَ ٥ صِرَاطَ الَّذِيْنَ اَنْعَمْتَ عَلَيْهِمْ[2]

अर्थात् हे हाम्रा खुदा ! हामीलाई दृढताको मार्ग देखाउ। त्यहीमार्ग जसप्रति

1. The Holy Quran, Ha Mim as-Sajdah 41:31-32
2. The Holy Quran, al-Fatihah 1:6-7

तिम्रो पुरस्कार र सम्मान फलीभूत हुन्छ र तिमीप्रसन्न हुन्छौ। यसैतर्फ यो दोस्रो आयतमा सङ्केत गरेका छन् :-

رَبَّنَآ اَفۡرِغۡ عَلَيۡنَا صَبۡرًا وَّتَوَفَّنَا مُسۡلِمِيۡنَ[1]

अर्थात् हे खुदा ! यस विपत्तिका समयमा हाम्रो हृदयमा शान्ति वर्षण गर जसबाट हामीमा धैर्य उत्पन्न होस् र इस्लाममा रहेको अवस्थामा हामीलाई मृत्यु प्रदानगर। दु:ख र विपत्ती आएको समयमा खुदा तआलाले आफ्ना प्यारा भक्तहरूको हृदयमा एउटा प्रकाश उतार्छन भन्ने कुरो ज्ञात होस्।

त्यसैबाट तिनीहरूले शक्ति पाएर अत्यन्त सन्तुष्टिका साथ विपत्तीको सामना गर्छन र ईमानको मिठासका साथ ती जन्जीरहरूलाई चुम्ने गर्छन जुन उनको मार्गमा तिनीहरूका पाउमा बाधिएका थिए। जब खुदावाला व्यक्तिमाथि विपत्तिहरू आइलाग्छन र मृत्युका लक्षणहरू देखिन्छन तब त्यसले मलाई यी विपत्तीहरूबाट बचाऊ भनी आफ्ना दयालु पालनहारसित बिथ्थैमा झगडा आरम्भ गर्दैन। वस्तुत: त्यस अवस्थामा बचाउको दुआप्रति हठ गर्नु खुदासित लडनु हो र त्यो उनीप्रति पूर्ण समर्पणविपरीत हो। साँचो प्रेमीले त विपत्ति आइलाग्दा अझ कदम अघि बढाउँछ। तथा यस्तो समयमा ज्यानलाई तुच्छ ठानी र त्यसको चाहनालाई त्यागी आफ्ना स्वामीको इच्छालाई पूर्णत: शीरोधार्य गर्छ र उनकै प्रसन्नता चाहन्छ। त्यसैका सम्बन्धमा अल्लाह तआला वर्णन गर्छन् :- وَمِنَ النَّاسِ مَنۡ يَّشۡرِىۡ نَفۡسَهُ ابۡتِغَآءَ مَرۡضَاتِ اللّٰهِ‌ؕ وَاللّٰهُ رَءُوۡفٌ ۢ بِالۡعِبَادِ‌[2] अर्थात् खुदाको प्यारो भक्तले आफ्नो ज्यान खुदाको मार्गमा समर्पित गर्छ र त्यसको बदलामा खुदा तआलाको इच्छा खरीद गर्छ, यस्तै व्यक्तिहरू हुन जो खुदा तआलाको विशेष कृपाका पात्र बन्छन्। अत: त्यो दृढता जसबाट खुदा प्राप्त हुन्छन त्यसको यही यथार्थ हो जुन वर्णन गरियो। जसले बुझ्नु छ बुझोस्।

प्रकृत लक्ष्य प्राप्तिको सातौं साधन सत्यनिष्ठहरूको संगत र तिनीहरूको पूर्ण आदर्शप्रति ध्यान दिनु हो। नबीहरू (अवतारहरू) का प्रयोजनहरूमध्ये एउटा प्रयोजन के हो भन्ने मानिस स्वाभाविकत: पूर्ण आदर्श चाहन्छ र पूर्ण आदर्शले प्रेरणा बढाउँछ र साहस उत्पन्न गर्छ। जो आदर्शको अनुकरण गर्दैन त्यो सुस्त हुन्छ र भटकिन पुग्छ। यसैतर्फ अल्लाह तआलाले निम्नको आयतमा सङ्केत गरेका छन् :-

---

1. The Holy Quran, al-Aʿraf 7:127
2. The Holy Quran, al-Baqarah 2:208

كُوْنُوْا مَعَ الصّٰدِقِيْنَ[1]

صِرَاطَ الَّذِيْنَ اَنْعَمْتَ عَلَيْهِمْ[2]

अर्थात् तिमीहरू ती व्यक्तिहरूको सङ्गत अपनाऊ जो सत्यनिष्ठ रहेका छन्। ती मानिसहरूको मार्गलाई धाऊ जसमाथि तिमीहरूभन्दा पहिला कृपा भइसकेको छ।

प्रकृत लक्ष्यप्राप्तिको आठौं साधन खुदा तआलाका तर्फबाट (प्राप्त हुने) पवित्र आध्यात्मिक दृश्य अवलोकन र ईशवाणी तथा पवित्र सपनाहरू हुन्। वस्तुत: खुदा तआलातर्फ यात्रा गर्नु एउटा अत्यन्त गम्भीर र जटिल भन्दा पनि जटिल मार्ग हो। तथा त्यसका साथ विभिन्न प्रकारका सङ्कटहरू र दु:खहरू जोडिएका छन र यस अपरिचित मार्गमा मानिस हराउन पनि सम्भव छ। अथवा निराश भएर कदम अघि नबढाउला। त्यसकारण खुदा तआलाको कृपाले आफ्नो तर्फबाट उक्त यात्रामा साथैसाथ त्यसलाई ढाडस दिन तथा मनोयोग बढाउन र त्यसको साहस वृद्धि गर्न तथा त्यसको शौकलाई बढाउन चाह्यो। अत: उक्त मार्गका यात्रुहरूका लागि उनको विधान जुन छ त्यो के हो भने उनले समय समयमा आफ्नो वाणी र आध्यात्मिक दृश्यद्वारा उनीहरूको ढाडस बढाउँछन र म तिमीहरूका साथमा छु भन्ने कुरो प्रकट गर्छन्। तब त्यो शक्ति पाएर तिनीहरूले पूर्ण वेगका साथ त्यस यात्रालाई पार गर्छन्। अत: यस बारेमा उनको वर्णन यो छ :- لَهُمُ الْبُشْرٰى فِى الْحَيٰوةِ الدُّنْيَا وَفِى الْاٰخِرَةِ[3] अर्थात् तिनीहरूका निम्ति यस सांसारिक जीवनमा र परलोकमा शुभसन्देश छ। यसैप्रकारका अरू पनि कतिपय साधनहरू पवित्र कुरआनले वर्णन गरेका छन परन्तु अत्यधिक विस्तारको आशंकाले हामी तिनलाई बयान गर्न सक्दैनौं जसका लागि खेद प्रकट गर्छौं।

1. The Holy Quran, at-Taubah 9:119
2. The Holy Quran, al-Fatihah 1:7
3. The Holy Quran, Yunus 10:65

# चौथो प्रश्न

## यस जीवनमा र जीवनपछि व्यवहारिक धर्म विधानको कार्य के हो ?

यस प्रश्नको उत्तर त्यही हो जुन हामीले पहिला बयान गरिसकेका छौं। अर्थात् खुदाको साँचो र सम्पूर्ण धर्मविधानको यस संसारमा मानिसको हृदयमाथि पर्ने प्रतिक्रिया के हो भने यसले उसलाई पाशविक अवस्थाबाट मानिस बनाउँछ अनि मानिसबाट चरित्रवान मानिस बनाउँछ तथा पुनः चरित्रवान मानिसबाट खुदावाला (खुदाप्राप्त) मानिस बनाउँछ। यसैप्रकार यस जीवनमा व्यवहारिक धर्म विधानको एउटा प्रतिक्रिया के पनि रहेको छ भने साँचो धर्मविधानमाथि चल्नाले त्यस्तो व्यक्तिको मानवजातिप्रति उत्तम प्रभाव पर्छ र उसले क्रमशः तिनीहरूको हक अधिकारलाई जान्नलाग्छ। तथा न्याय, उपकार र सहानुभूतिका शक्तिहरूलाई त्यसले आ आफ्ना मौका महलमा प्रयोग गर्छ। यसैगरी खुदाले उसलाई जे जति ज्ञान र बुद्धि तथा धन र सुख साधनहरू प्रदान गरेका छन सबै मानिसहरूलाई यथोचित रूपमा ती धन–वैभवहरूमा भागेदार बनाउँछ। त्यसले समस्त मानवजातिमाथि सूर्यलेझैं आफ्नो समस्त प्रकाश फैलाउँछ र अल्लाह तआलाबाट ज्योति प्राप्त गरी चन्द्रमाझैं त्यस ज्योतिलाई अरूहरूसमक्ष पुऱ्याउँछ। उसले दिवा जस्तो प्रकाशमय बनेर पुण्य र भलाई का मार्गहरू मानिसलाई देखाउँछ। उसले रात्रिझैं प्रत्येक दुर्बल र निरीह व्यक्तिको कमी र त्रुटिलाई ढाप्ने र लुकाउने गर्छ तथा थाकेका र क्लान्त भएकाहरूलाई विश्राम प्रदान गर्छ। उ आकाशझैं बन्छ र प्रत्येक अभावग्रस्त र असहायलाई आफ्नो छायामुनि स्थान दिन्छ तथा समय समयमा आफ्नो अनुग्रह वर्षण गर्छ। उ धरतीझैं पूर्ण विनीतताका साथ प्रत्येकको आरामका लागि शैय्यास्वरूप बन्छ र सबैलाई आफ्नो ममतापूर्ण काखमा लिएर भिन्न–भिन्न प्रकारका आध्यात्मिक फलहरू तिनका निम्ति प्रस्तुत गर्छ। अतः यही नै पूर्ण र सर्वाङ्गसम्पन्न धार्मिक विधानको प्रभाव हो। सर्वगुण सम्पन्न धर्म विधानमाथि चल्ने व्यक्तिले अल्लाहको हक अधिकार र मानवजातिको हक अधिकारलाई सर्वोच्च विन्दुसम्म पुऱ्याउँछ। खुदामा मग्न रहन्छ र जीवहरूको साँचो सेवक बन्नपुग्छ। व्यवहारिक धार्मिक विधानको यस जीवनमा उसमाथि पर्ने यो प्रभाव

हो परन्तु यस जीवनपछि जुन प्रभाव छ त्यो के हो भने खुदाको आध्यात्मिक सान्निध्य (निकटता) त्यसदिन खुल्लम खुल्ला दर्शनको रूपमा उसले देख्नेछ तथा त्यो जीवहरूको सेवा जुन उसले खुदाको प्रेममा लिप्त भएर गरेको थियो, जसप्रति उसलाई ईमान र पुण्यकर्मको इच्छाले प्रेरित गरेको थियो त्यो स्वर्गका वृक्षहरू र नहरहरूको रूपधारण गरेर प्रकट हुनेछ। यसबारे खुदा तआलाको वर्णन निम्नानुसार छ :-

وَالشَّمۡسِ وَضُحٰهَا ۝ وَالۡقَمَرِ اِذَا تَلٰهَا ۝ وَالنَّهَارِ اِذَا جَلّٰهَا ۝ وَالَّيۡلِ اِذَا يَغۡشٰهَا ۝ وَالسَّمَآءِ وَمَا بَنٰهَا ۝ وَالۡاَرۡضِ وَمَا طَحٰهَا ۝ وَنَفۡسٍ وَّمَا سَوّٰهَا ۝ فَاَلۡهَمَهَا فُجُوۡرَهَا وَتَقۡوٰهَا ۝ قَدۡ اَفۡلَحَ مَنۡ زَكّٰهَا ۝ وَقَدۡ خَابَ مَنۡ دَسّٰهَا ۝ كَذَّبَتۡ ثَمُوۡدُ بِطَغۡوٰهَآ ۝ اِذِ انۡۢبَعَثَ اَشۡقٰهَا ۝ فَقَالَ لَهُمۡ رَسُوۡلُ اللّٰهِ نَاقَةَ اللّٰهِ وَسُقۡيٰهَا ۝ فَكَذَّبُوۡهُ فَعَقَرُوۡهَا ۚ فَدَمۡدَمَ عَلَيۡهِمۡ رَبُّهُمۡ بِذَنۡۢبِهِمۡ فَسَوّٰهَا ۝ وَلَا يَخَافُ عُقۡبٰهَا ۝[1]

अर्थात् सूर्य तथा त्यसको प्रकाशको शपथ छ। यसैगरी चन्द्रमाको शपथ जब त्यो सूर्यको पछिलाग्छ अर्थात सूर्यबाट प्रकाश लिएर त्यो प्रकाश सूर्यझैं अरूसम्म पुऱ्याउँछ। दिनको पनि शपथ छ जसले सूर्यलाई स्पष्टरूपमा देखाउँछ र मार्गहरूलाई खुलस्त पार्छ। तथा रात्रिको शपथ छ जसले अन्धकार उत्पन्न गर्छ र आफ्नो अन्धकारको पर्दाले सबैलाई ढाक्छ। तथा आकाशको र त्यस परम उद्देश्यको शपथ जुन आकाशको निमाणको कारण बन्यो। यसैगरी धरती र त्यस परम उद्देश्यको शपथ जुन धरतीले त्यसप्रकारको बिछ्यौना बन्नको कारण बन्यो। तथा मानवात्मा र त्यसको महिमाको शपथ छ जसले उसलाई ती सबै वस्तुहरूतुल्य बनायो। अर्थात् ती परम गुणहरू जुन भिन्न भिन्न रूपमा ती वस्तुहरूमा पाइन्छन पूर्ण मानिसको आत्मामा ती सबै एकत्रित छन्। यसैगरी जसरी ती सबै वस्तुहरूले भिन्न-भिन्न रूपमा मानवजातिको सेवा गरिरहेछन् पूर्ण मानिसले (परम पुरुषले) एकलै ती सबै सेवाहरू गर्नेगर्छ। त्यही अनुरूप जस्तो मैले अहिले वर्णन गरिसकेको छु। पुन: त्यस व्यक्तिले मुक्ति प्राप्त गऱ्यो र त्यो मृत्युबाट बच्यो जसले यसप्रकार आत्मालाई पवित्र गऱ्यो अर्थात् सूर्य र चन्द्रमा तथा धरतीझैं खुदाप्रति मग्न भएर अल्लाहका सृष्टिहरूको सेवक बन्यो भनिएको छ।

1. The Holy Quran, ash-Shams 91:2-16

जीवन भन्नाले अनन्त जीवन हो जुन परलोकमा पूर्ण मानवलाई प्राप्त हुनेछ भन्ने कुरो स्मरण रहोस्। व्यवहारिक धर्मविधानको फल परलोकको जीवनमा अनन्त जिन्दगानी हो भन्ने कुरोतर्फ यसमा सङ्केत पाइन्छ। त्यो (जीवन) खुदाको दर्शनको आहारबाट सदा कायम रहनेछ। यसैगरी त्यो व्यक्ति नाश भयो र जीवनबाट निराश भयो जसले आफ्नो आत्मालाई माटोमा मिलायो (खेर हाल्यो)। तथा जुन उन्नतिहरू प्राप्त गर्ने त्यसलाई सामर्थ्यहरू दिइएको थियो त्यसले ती उन्नतिहरू प्राप्त गरेन र अपवित्र जीवनयापन गरी फर्कियो भनी वर्णन गरेका छन्। यसैगरी समूद जातिको उदाहरण एउटा दुर्भागी व्यक्तिको कहानी अनुरूप छ भनी बयान गरेका छन्। तिनीहरूले त्यस ऊँटनीलाई घाइते पारे जुन खुदाको ऊँटनी कहलाउँथ्यो। त्यसलाई आफनो स्रोतबाट पानी पिउनबाट रोके। वस्तुत: त्यस व्यक्तिले खुदाको ऊँटनीलाई घाइते पाऱ्यो र त्यसलाई त्यसको स्रोतबाट वञ्चित गऱ्यो भन्नाले यहाँ मानिसको आत्मा खुदाको ऊँटनी हो जसमाथि उनी सवारी गर्छन भन्ने कुरोतर्फ सङ्केत पाइन्छ। अर्थात् मनुष्यको आत्मा ईश्वरीय ज्योतिहरूको प्रकटनस्थल हो। तथा त्यस ऊँटनीको पानी खुदाको प्रेम र ईश्वरीय ज्ञान हो जसबाट त्यो जीवित रहन्छ। जब समूद जातिले ऊँटनीलाई घाइते पारे र त्यसलाई त्यसको पानीबाट रोके तब तिनीहरूमाथि दण्ड उत्रियो र तिनीहरूको विनाश पछि तिनीहरूका छोरा छोरीहरूको के अवस्था होला भन्ने कुराप्रति खुदा तआलाले केही पर्वाह गरेनन भनी वर्णन गरेका छन्। यसैगरी जसले यस ऊँटनी अर्थात आत्मालाई घाइते पार्छ र त्यसलाई परम उच्चतासम्म पुऱ्याउन चाहँदैन र पानी पिउनबाट रोक्छ त्यो पनि नाश हुनेछ।

## पवित्र कुरआनमा वर्णित भिन्न-भिन्न वस्तुहरूको शपथको वास्तविकता

खुदा तआलाले सूर्य र चन्द्रमा आदिको शपथ खानुमा पनि एउटा अति गूढतत्वको कुरो रहेको छ भन्ने पनि यहाँ स्मरण रहोस्। खुदालाई शपथको के आवश्यकता पऱ्यो र उनले आफ्ना सृष्टिको शपथ किन खाए भनी अज्ञानतावश अधिकतर हाम्रा विरोधीहरू आपत्ति गर्नेगर्छन्। तिनीहरूको समझ आध्यात्मिक नभएर भौतिक मात्र रहेको छ त्यसकारण तिनीहरू सत्य गूढज्ञानलाई बुझ्न सक्दैनन्। शपथ खानुको वास्तविक उद्देश्य शपथ खाने व्यक्तिले आफ्नो दावीका लागि एउटा

साक्ष्य प्रस्तुत गर्नु हो भन्ने कुरो स्पष्ट होस्। जसको दावीप्रति अन्य कोही साक्षी हुदैन त्यसले साक्षीको सट्टा खुदा तआलाको शपथ खान्छ। किनभने खुदा अदृश्यका र गुप्त भेदहरूका ज्ञाता हुन त्यसकारण प्रत्येक मुद्दामा उनी नै प्रथम साक्षी मानिन्छन्। खुदालाई साक्षी राख्ने व्यक्तिले वस्तुत: यदि यस शपथपछि पनि खुदा तआला चुप्प लागे र त्यसप्रति सजाय उतारेनन भने मानो उनले त्यस व्यक्तिको बयानप्रति साक्षीहरूलेझैं मोहर ठोकिदिए भन्ने कुरो दर्शाउन चाहन्छ। त्यसकारण मनुष्यले (खुदालाई छाडि) अन्य सृष्टिहरूको शपथ खानु उचित हुदैन किनभने सृष्टि गुप्त कुराहरूको ज्ञाता हुदैन। न त त्यसले मिथ्या शपथप्रति कुनै सजाय दिनसक्छ। परन्तु उपरोक्त आयतहरूमा खुदाको शपथ ती अर्थहरूमा होइन जुन मानिसको शपथमा बुझिने गरिन्छ अपितु खुदाको विधानानुसार उनका दुई प्रकारका कार्यहरू छन्। पहिलो प्रकारका कार्यहरू प्रत्यक्ष र स्पष्ट हुन्छन जसलाई सबैले बुझ्न सक्छन र तिनीहरूबारे कसैमा मतभेद पाइँदैन। दोस्रो प्रकारका कार्यहरू भने अप्रत्यक्ष र दृष्टान्तमूलक हुन्छन जसबारे संसारवासीहरूले धोका खाने गर्छन र परस्पर मतभेद पनि राख्छन्। अत: खुदा तआलाले प्रत्यक्ष र स्पष्ट कार्यहरूको साक्षीद्वारा अप्रत्यक्ष र दृष्टान्तमूलक कार्यहरूलाई मानिसहरूको दृष्टिमा प्रमाणित गर्न चाहेका हुन्। अत: सूर्य र चन्द्रमा तथा दिन र रात अनि आकाश र धरतीमा हामीले चर्चा गरिसकेका ती विशेषताहरू वास्तवमैं पाइन्छन भन्ने कुरो स्पष्ट छ। परन्तु जुन यसप्रकारका विशेषताहरू मनुष्यको वाक्पति हृदय (आत्मा) मा रहेका छन त्यसप्रति प्रत्येक व्यक्तिलाई जानकारी रहेको छैन। अत: खुदाले आफ्ना प्रत्यक्ष कार्यहरूलाई अप्रत्यक्ष अथवा दृष्टान्तमूलक कार्यहरू खोल्न र स्पष्ट पार्नका निम्ति साक्षीको रूपमा प्रस्तुत गरेका हुन्। यदि तिमीहरू ती विशेषताहरूबारे सशंकित छौ जुन मनुष्यको वाक्पति हृदय (व्यक्तित्व) मा पाइन्छन भने चन्द्र र सूर्य इत्यादिमा ध्यान देऊ तिनीहरूमा त स्पष्ट रूपमा ती विशेषताहरू विद्यमान छन। तथा मनुष्य एउटा लघु ब्रह्माण्ड हो जसको हृदयमा समस्त ब्रह्माण्डको नकशा सूक्ष्म रूपमा अंकित छ भन्ने कुरो तिमीहरू जान्दछौ भनी मानौ उनी भनिरहेछन्। अत: जब स्थूल ब्रह्माण्डका ठूला ठूला नक्षत्रहरूमा यी विशेषताहरू विद्यमान छन र यसैप्रकार प्राणीहरूलाई लाभान्वित गरिरहेछन तब मनुष्य जो यी सबैभन्दा महान कहलाउँछ र ठूलो दर्जा दिएर जन्माइको छ त्यो कसरी ती विशेषताहरूबाट खाली र वञ्चित हुनसक्छ। होइन्, अपितु त्यसमा पनि सूर्यझैं एउटा ज्ञानको र बुद्धिको प्रकाश छ जसद्वारा उसले समस्त जगतलाई प्रकाशमय तुल्याउन सक्छ। तथा चन्द्रमाझैं उसले अल्लाह तआलाबाट आध्यात्मिक दृश्य र ईशवाणीको

प्रकाश प्राप्त गर्छ र त्यो प्रकाश ती व्यक्तिहरूसम्म पुऱ्याउँछ जसले हालसम्म मानवीय परमोन्नति प्राप्त गरेको छैन। तब नबुव्वत (अवतारवाद, अल्लाहको सन्देशप्रवाह व्यवस्था) झूटो हो तथा समस्त ईश्वरीय सन्देशहरू, धर्म विधानहरू र धार्मिक ग्रन्थहरू मानिसका ढोङ र स्वार्थ हुन भनी कसरी भन्न सकिन्छ र ? दिन प्रकाशमय हुनासाथ कसरी समस्त मार्गहरू छर्लङ्ग देखिन्छन र सबै डाँडा र खाल्टाहरू स्पष्ट दृष्टिगत हुन्छन भन्ने कुरो देख्छौ। अत: पूर्ण (परम) पुरुष आध्यात्मिक प्रकाशको दिन हो, त्यो (दिन) चढ्नासाथ प्रत्येक मार्ग स्पष्टरूपमा देखिन लाग्छ। त्यसले साँचो मार्ग कहाँ र कता छ भन्ने कुरो देखाउँछ। वस्तुत: त्यही नै वास्तविकता र सत्यको प्रकाशमय दिन हो। यसैगरी रात्रिले कसरी थाकेका र क्लान्त भएका मानिसहरूलाई विश्राम दिन्छ, दिनभरीको परिश्रमले थाकेर भुतुक्क भएका श्रमिकहरू रात्रिको आरामदायक शैयामा प्रसन्न भएर सुत्छन र थकाइबाट मुक्त हुन्छन। यसैगरी रात्रिले सबैको दोष पनि ढाक्ने गर्छ। अत: खुदाका परम पुरुषहरू पनि संसारवासीहरूलाई आराम दिनका निम्ति आउँछन। खुदाबाट ईशवाणी र सन्देश प्राप्त गर्नेहरूले समस्त बुद्धिमानहरूलाई पूर्ण लगनकासाथ विश्राम दिन्छन्। तिनीहरूको माध्यमले ठूला ठूला गूढतत्वहरू सहजै समाधान हुन्छन्। जसरी रात्रिले मानिसको दोषलाई ढाक्छ त्यसरी नै खुदाको वाणीले मानवीय बुद्धिको दोष र त्रुटिलाई ढाकने गर्छ। त्यसका अपवित्र दोषहरूलाई संसारप्रति प्रकट हुनदिदैन। वस्तुत: बुद्धिमान व्यक्तिहरू ईशवाणीको प्रकाश प्राप्त गरी आफ्ना भूलहरूको भित्र भित्रै सुधार गर्छन र खुदाको पवित्र वाणीको वरदानद्वारा दोषप्रकटको अपमानबाट स्वयंलाई बचाउँछन्। यही कारणले गर्दा 'अफलातून' (प्लेटो) लेझैं इस्लामको कुनै दार्शनिकले कुनै मूर्तिमाथि कुखुराको बलि चढाएन। वस्तुत: प्लेटो ईशवाणीको प्रकाशबाट वञ्चित थियो त्यसैले धोका खायो र त्यस्तो दार्शनिक पुरुष कहलाएर पनि त्यो घिनलाग्दो र मूर्खतापूर्ण कार्य त्यसले गऱ्यो। परन्तु इस्लामका दार्शनिक पुरुषहरूलाई त्यस्ता घिनलाग्दा र मूर्खतापूर्ण कार्यहरूबाट हाम्रा स्वामी र महानायक, अल्लाहका रसूल (सन्देशवाहक) हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको अनुसरणले बचायो। ईशवाणी बुद्धिमानहरूका निम्ति रात्रिझैं दोषढाक्ने (साधन) हो भन्ने कुरो हेर कसरी प्रमाणित भयो। खुदाका श्रेष्ठ पुरुषहरू आकाशझैं प्रत्येक लाचारलाई आफ्नो छायाँमा आश्रय दिन्छन्। विशेष रूपमा ती पवित्र सत्ताका नबीहरू तथा ईशवाणी प्राप्त व्यक्तिहरू साधारणत: आकाशलेझैं कृपाको वृष्टि गर्नेगर्छन भन्ने कुरो पनि तपाँईहरू जान्नुहुन्छ। यसैप्रकार ती व्यक्तिहरूमा धरतीका विशेषताहरू पनि पाइन्छन्। तिनीहरूका पवित्र हृदयबाट भिन्न-भिन्न प्रकारका

ज्ञानहरूका वृक्षहरू निस्कन्छन् जसको छायाँ र फल तथा फूलबाट मानिसहरूले लाभ उठाउँछन्। अत: हाम्रो दृष्टिको सामुन्ने रहेको यो खुल्ला खुल्ला प्रकृतिको विधान त्यही गुप्त विधानको एउटा साक्षी हो जसको गवाही खुदा तआलाले शपथको रूपमा उपरोक्त आयतहरूमा प्रस्तुत गरेका हुन्। अत: हेर्नुहोस यो कति तर्कपूर्ण र गूढतत्वपूर्ण वाणी छ जुन पवित्र कुरआनमा पाइन्छ। यो एउटा यस्तो व्यक्तिको मुखबाट निस्केको हो जो एउटा अनपढ (निरक्षर) र मरुभूमि निवासी थियो। यदि यो खुदाको वाणी नरहेको भए यस प्रकार साधारणत: बुद्धिमानहरूले र ती सबै शैक्षिक कहलाउनेहरूले त्यसको गूढतत्वपूर्ण ज्ञानको तर्कबाट पराजित भएर त्यसलाई आपत्ति र विरोधको रूपमा देख्ने थिएनन्। मनुष्यले जब एउटा कुरोलाई आफ्नो सीमित बुद्धिले कुनै पक्षबाट पनि बुझ्न सक्दैन तब त्यस गूढ तत्वपूर्ण कुरोलाई आपत्तिको विषय बनाउँछ, यो काइदाको कुरो हो। तथा त्यो गूढ तत्वपूर्ण ज्ञान साधारण बुद्धि-विवेकको पहुँच भन्दा धेरै माथिको थियो भन्ने कुराको गवाही त्यसको आपत्तिले दिन्छ। त्यसैले त बुद्धिमानहरूले बुद्धिमान कहलाएर पनि त्यसप्रति आपत्ति गरे। परन्तु अब जब यो भेद खुल्यो यसपश्चात कुनै बुद्धिमानले यस प्रति आपत्ति जताउने छैन अपितु यसबाट आनन्द उठाउँनेछ।

पवित्र कुरआनले ईशवाणी र आध्यात्मिक रहस्योद्घाटनको प्राचीन नियमप्रति प्राकृतिक विधानबाट साक्षी प्रस्तुत गर्नका लागि एउटा अर्को स्थानमा पनि यसै प्रकारको कसम खाएका छन र त्यो यस प्रकार रहेको छ :-

وَالسَّمَآءِ ذَاتِ الرَّجْعِ o وَالْاَرْضِ ذَاتِ الصَّدْعِ o اِنَّهٗ لَقَوْلٌ فَصْلٌ o وَّمَا هُوَ بِالْهَزْلِ o[1]

अर्थात् त्यस आकाशको थपथ जसका तर्फबाट वर्षा आउँछ। तथा त्यस धरतीको थपथ, जसले वर्षाबाट भिन्न-भिन्न प्रकारका वनस्पतिहरू उप्जाउँछ। वस्तुत: यो पवित्र कुरआन खुदाको वाणी हो र उनको वह्यी (आकाशवाणी) हो र यो मिथ्या र सत्यका बीचमा निर्णय गर्ने (वाणी) हो, व्यर्थ र निरर्थक होइन, अर्थात यो असमय आएको होइन अपितु मौसमको वर्षाझैं (समयमा) आएको हो।

यहाँ खुदा तआलाले पवित्र कुरआन जुन उनको अलौकिक वाणी हो त्यसको प्रमाणको लागि एउटा खुल्ला खुल्ला प्राकृतिक विधानलाई शपथको रूपमा प्रस्तुत गरे। अर्थात् प्राकृतिक विधानानुसार सदा आवश्यकताको समयमा आकाशबाट

1. The Holy Quran, at-Tariq 86:12-15

वर्षा बर्सिन्छ भन्ने कुरो प्रमाणित र सर्वविदित छ तथा धरतीको हरियालीको समस्त आधार आकाशको पानी हो। यदि आकाशबाट वर्षा नभएमा बिस्तार बिस्तारै कुवाहरू पनि सुक्दैजान्छन्। अत: धरतीको पानीको अस्तित्व पनि वस्तुत: आकाशको बर्सातमाथि निर्भरित छ। यही कारणले गर्दा जब आकाशबाट पानी बर्सन्छ तब धरतीका कुवाहरूको पानी माथि चढ्छ्। किन माथि चढ्छ त ? किनभने आकाशको पानीले धरतीको पानीलाई माथि तान्छ। कारण यही नै हो। यही सम्बन्ध अल्लाहको अलौकिक वाणी र मानवीय बुद्धिका बीचमा रहेको छ। अल्लाहको अलैकिक वाणी अर्थात ईशवाणी आकाशको पानी हो र बुद्धि धरतीको पानी हो। यो पानी सदा ईशवाणीरूपी आकाशीय पानीबाट शुद्धता र प्रगति प्राप्त गर्छ। यदि आकाशीय पानी अर्थात् ईशवाणीको अवतरण बन्द हुन गयो भने त यो धरतीको पानी (बुद्धि) पनि बिस्तार बिस्तारै सुक्नजान्छ। एउटा लामो समय बितेर जाँदा पनि यदि धरतीमा कोही ईशवाणीप्राप्त व्यक्ति जन्मिएन भने बुद्धिमानहरूको बुद्धिमा त्यसरी नै विकार र खराबी आउँछ जसरी धरतीको पानी सुक्दै जानाले दूषित हुनजान्छ भन्ने तर्क के यस कुराको निम्ति पर्याप्त छैन र ? उक्त कुरालाई बुझ्नका लागि त्यस ज़मानामाथि ध्यान दिनु पर्याप्त हुनेछ जसले हाम्रा नबी हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको आगमन भन्दा पहिला समस्त जगतमा आफ्नो रंग देखाइरहेथ्यो। वस्तुत: त्यससमय हज़रत मसीह (यशु मसीह) अलैहिस्सलामको ज़माना बितेको छ: सय वर्ष पुगिसकेको थियो र त्यस अवधिमा कुनै ईशवाणीप्राप्त व्यक्ति जन्मिएको थिएन त्यसकारण समस्त जगतले आफ्नो अवस्थालाई विकरित तुल्याएको थियो। प्रत्येक देशको इतिहासले स्पष्ट रूपमा हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको युगमा परन्तु उहाँको आगमन भन्दा पहिला समस्त संसारमा दूषित धारणाहरू फैलिएका थिए भन्ने कुरो वर्णन गरिरहेछ। यस्तो किन भएको थियो र यसको के कारण थियो ? ईशवाणी अवतरणको क्रम लामो समयसम्म बन्द रहनु नै त्यसको कारण थियो। ईश्वरीय साम्राज्य पूर्णत: मानवीय बुद्धिमा निर्भरित थियो। अत: त्यस त्रुटिपूर्ण बुद्धिले मानिसहरूलाई कुन विकारहरूमा पार्‍यो भन्ने कुराप्रति कोही अनजान होला त। हेर, ईशवाणीको पानी जब लामो अवधिसम्म बर्सेन तब समस्त बुद्धिहरूको पानी कसरी सुक्नपुग्यो।

अत: उपरोक्त शपथहरूमा यही प्राकृतिक विधान अल्लाह तआलाले प्रस्तुत गरेका हुन। धरतीको समस्त हरियालीको आधार आकाशीय पानी रहेको छ भन्ने खुदाको यो सुदृढ र स्थायी प्राकृतिक विधान प्रति तिमीहरू ध्यान देऊ भनी उनले भन्छन। अत: त्यस गुप्त प्राकृतिक विधानका निम्ति जुन ईश्वरीय वाणीको क्रम हो

यो खुल्ला खुल्ला प्राकृतिक विधान साक्षीस्वरूप रहेको छ। अत: उक्त साक्षीबाट लाभ उठाऊ र केवल (मानवीय) बुद्धिलाई आफ्नो मार्गदर्शक नबनाऊ किनभने त्यो यस्तो पानी होइन जुन आकाशको पानी बिना टिक्न सकोस। जस्तै आकाशीय पानीको के विशेषता रहेको छ भने चाहे कुनै कुवाँमा त्यसको पानी परोस अथवा नपरोस त्यसले आफ्नो स्वाभाविक विशेषताद्वारा समस्त कुवाँहरूको पानीलाई माथि उठाउँछ त्यसरी नै जब खुदाको वाणीप्राप्त एउटा व्यक्ति संसारमा आविर्भाव हुन्छ तब चाहे कुनै बुद्धिमानले त्यसको अनुसरण गरोस अथवा नगरोस परन्तु त्यस ईशवाणीप्राप्त व्यक्तिका ज़मानामा मानवीय बुद्धिहरूमा स्वयं यस्तो प्रकाश र शुद्धता उत्पन्न हुन्छ जुन त्यो भन्दा पहिला रहेको थिएन। मानिसहरूले स्वाभाविक रूपमा सत्यको खोज गर्नलाग्छन र अदृश्यबाट एउटा सक्रियता तिनीहरूको चिन्तन शक्तिमा उत्पन्न हुनजान्छ। अत: यो समस्त बौद्धिक प्रगति र आन्तरिक प्रेरणा त्यस ईशवाणीप्राप्त व्यक्तिको मंगलमय कदम पर्नाले उत्पन्न हुन्छ र (त्यसले आफ्नो) विशेषतानुरूप धरतीको पानीलाई माथि उठाउँछ। जब तिमीहरूले धर्मको खोजमा प्रत्येक व्यक्तिलाई खडा भएको देख्छौ र धरतीको पानीलाई केही उम्लदै गरेको पाउँछौ तब उठ र सावधान होऊ। तथा आकाशबाट ठूलो पानी परेको छ र कुनै हृदयमाथि ईशवाणीस्वरूप वर्षा भएको छ भन्ने निश्चय जान। इति ।

# पाँचौं प्रश्न

## ज्ञानप्राप्ति र अल्लाह (ईश्वर)को पहिचानका साधनहरू के के हुन

उक्त विषयमा पवित्र कुरआनले अति विस्तृत रूपमा वर्णन गरेको छ जसलाई यहाँ पूर्णत: प्रस्तुत गर्न सम्भव छैन परन्तु नमूनाको लागि केही मात्रामा उल्लेख गरिन्छ। अत: पवित्र कुरआनले ज्ञानलाई तीनवटा भागमा विभाजित गरेको छ भन्ने कुरो विदित होस। इल्मुल यक़ीन (अनुमानित ज्ञान), ऐनुलयक़ीन (दृष्टिगत ज्ञान), हक़्क़ुल यक़ीन (प्रयोगात्मक ज्ञान)। जस्तै यो भन्दा पहिला सूर: अल् हाकुमुत्तकासुरको व्याख्यामा वर्णन गरिएको छ, अर्थात इल्मुल् यक़ीन (अनुमानित ज्ञान)के हो भने जान्न चाहेको कुरोबारे सीधै होइन अपितु कुनै वस्तुमार्फत पता लगाउनु, जस्तै हामी धुवाँलाई देखेर आगोको अस्तित्वको प्रमाण प्रस्तुत गर्छौं। हामीले आगोलाई देखेनौं परन्तु धुवाँलाई देख्यौं जसबाट हामीलाई आगोको अस्तित्वप्रति विश्वास भयो। अत: यो इल्मुल यक़ीन (अनुमानित ज्ञान)हो। तथा यदि हामीले आगोलाई नै देख्यौं भने (त्यो ज्ञान) पवित्र कुरआनको वर्णनानुसार अर्थात सूर: अल् हाकुमुत्तकासुरका ज्ञानका दर्जाहरूमध्ये ऐनुल्यक़ीनको नामले परिचित छ। यसैगरी यदि हामीले त्यो आगोभित्र प्रवेश पनि गर्‍यौं भने त्यस ज्ञानको दर्जाको नाम पवित्र कुरआनको वर्णनानुसार हक़्क़ुल् यक़ीन (प्रयोगात्मक ज्ञान) हो। सूर: अल्हाकुमुत्तकासुरलाई अब पुन: लेख्नु आवश्यक छैन। पाठकहरूले त्यस व्याख्यालाई यस अवसरमा स्वयं देखे हुन्छ।

अब पहिलो प्रकारको जुन ज्ञान छ अर्थात इल्मुल् यक़ीन, यसको साधन भने बुद्धि र प्रचलित वर्णनहरू हुन भन्ने कुरो स्पष्ट होस। अल्लाह तआला नरकवासीहरूको बयान उद्धृत गरी वर्णन गर्छन :-

وَقَالُوْا لَوْ كُنَّا نَسْمَعُ اَوْ نَعْقِلُ مَا كُنَّا فِيْٓ اَصْحٰبِ السَّعِيْرِ[1]

अर्थात्, नरकवासीहरूले भन्नेछन, यदि हामी बुद्धिमान रहेका भए र धर्म र आस्थालााई यथार्थ ढंगले जाँचेका भए अथवा परम बुद्धिमानहरू र अन्वेषकहरूका

1. The Holy Quran, al-Mulk 67:11

लेखहरू र वक्तव्यहरूलाई ध्यानपूर्वक सुनेका भए आज नरकमा पर्नेथिएनौं। उक्त आयत त्यो दोस्रो आयतानुकूल रहेको छ जहाँ अल्लाह तआला वर्णन गर्छन :-

لَا يُكَلِّفُ اللّٰهُ نَفْسًا اِلَّا وُسْعَهَا[1]

अर्थात खुदा तआलाले मानवीय ज्यानमाथि तिनीहरूको ज्ञानको पहुँचभन्दा अधिक कुनै कुरालाई स्वीकार्न बाध्य गर्दैनन। उनले त्यही आस्था प्रस्तुत गर्छन जसलाई बुझ्नु मानिसको सामर्थ्य अन्तर्गत रहेको छ ता उनको आदेश शक्तिसीमाभन्दा माथि नहोस। यसैगरी यी आयतहरूमा कुन कुरो तर्फ पनि सङ्केत पाइन्छ भने मानिसले कानद्वारा पनि इल्मुल् यक़ीन प्राप्त गर्न सक्छ। उदाहरणस्वरूप हामीले लंदन त देखेका छैनौं केवल देख्नेहरूबाट त्यस शहरको अस्तित्वबारे सुनेका छौं। परन्तु के हामी यिनीहरूले मिथ्या बोले होलान भनी सन्देह गर्न सक्छौं र ? अथवा जस्तै हामीले आलमगीर नामक सम्राटको ज़माना त पाएनौं न त उसको मुख देखेका छौं परन्तु के हामीलाई आलमगीर चुग्ताई वंशका सम्राटहरूमध्ये एउटा सम्राट थियो भन्ने कुराप्रति केही शंका हुनसक्छ र ? अत: यस्तो विश्वास किन प्राप्त भयो ? केवल निरन्तर सुन्दै आएका हुनाले। तथा यही नै यसको उत्तर हो। अत: श्रवण (श्रोत) ले पनि इल्मुल् यक़ीन (अनुमानित ज्ञान)को दर्जासम्म पुऱ्याउँछ भन्ने कुराप्रति कुनै शंका छैन। नबीहरूका पुस्तकहरू पनि यदि श्रवण प्रक्रियाको निरन्तरता पाएका भएमा सुनेर प्राप्तगरिने ज्ञानका साधन नै हुन। परन्तु यदि एउटा पुस्तक ईश्वरीय पुस्तक कहलाएर पनि यदि त्यसका (केवल) पचास साठीवटा प्रतिहरू उपलब्ध रहेमा अनि तिनीहरू मध्ये पनि केही प्रतिहरू अन्य केही प्रतिहरूका विरुद्ध रहेमा यदि तिनीहरूमध्ये केवल दुई चारवटा शुद्ध हुन र अन्यचाँहि नक्कली र कृतिम हुन भनी एउटा समूहले विश्वास राखेतापनि अन्वेषकका निकट भने यस्तो विश्वास जुन कुनै ठोस अन्वेषणमा आधारित छैन निरर्थक ठहरने छ। परिणामस्वरूप ती समस्त पुस्तकहरू परस्पर मतभिन्नताका कारण रद्दी र अविश्वसनीय घोषित हुनेछन। र त्यस्ता परस्पर विपरीत वर्णनहरूलाई कुनै ज्ञानको साधन मान्नु कदापि उचित हुनेछैन। एउटा विश्वासपूर्ण जानकारी प्रदान गर्नु नै ज्ञानको पहिचान हो तथा परस्पर विपरीत र विरुद्ध कुराहरूको संग्रहमा विश्वसनीय जानकारी प्राप्त हुनु असम्भव छ।

पवित्र कुरआन केवल सुनने र सुनाउने प्रक्रियासम्म मात्र सीमित छैन भन्ने कुरो ज्ञात होस। वस्तुत: यसमा मानिसहरूलाई बुझाउनका लागि विशेष बुद्धिगत तर्कहरू

---

1. The Holy Quran, al-Baqarah 2:287

छन। यसैगरी जति आस्थाहरू र सिद्धान्तहरू तथा आदेशहरू यसले प्रस्तुत गरेका छन तिनीहरूमध्ये कुनै पनि यस्तो कुरो छैन जसप्रति जबरदस्ति र हठधर्मी होस। जस्तै उसले स्वयं यी समस्त आस्थाहरू मानिसको स्वभावमा पहिलादेखि नै अङ्कित छन भनी वर्णन गरेको छ। यसैगरी पवित्र कुरआनको नाम 'ज़िक्र' (स्मरण गराउने) राखेको छ। वर्णित छ :- هٰذَا ذِكْرٌ مُّبٰرَكٌ۔[1] अर्थात यस पवित्र कुरआनले कुनै नवीन कुरो ल्याएको छैन अपितु जति पनि कुराहरू मानिसका स्वभावमा र प्रकृतिका पृष्ठमा भरिएका छन तिनलाई स्मरण गराउँछ। यसैगरी एउटा अर्को स्थानमा वर्णन गर्छ :- لَآ اِكْرَاهَ فِي الدِّيْنِ۔[2] अर्थात यस धर्मले कुनै कुरो बलपूर्वक मनाउन चाहँदैन अपितु प्रत्येक कुराका तर्कहरू प्रस्तुत गर्छ। यसका अतिरिक्त पवित्र कुरआनमा हृदयलाई प्रकाशित गर्नका निम्ति एउटा आध्यात्मिक विशेषता पनि छ। जस्तै उसको वर्णन छ :- شِفَآءٌ لِّمَا فِي الصُّدُوْرِ۔[3] अर्थात पवित्र क़ुरआनले आफनो विशेषताद्वारा समस्त रोगहरूको निवारण गर्छ। त्यसकारण यसलाई श्रवणको क्रमबाट आएको पुस्तक भन्नसकिन्न अपितु यो उच्चकोटिका तथ्यपूर्ण तर्कहरूमा आधारित छ र एउटा प्रकाशमय ज्योति यसमा पाइन्छ। यसैगरी बुद्धिगत तर्कहरू जुन शुद्ध पृष्ठभूमिबाट उद्धित गरिएका हुन्छन निस्सन्देह तिनले इल्मुल् यक़ीन (अनुमानित ज्ञान)सम्म पुऱ्याउँछन। यसैतर्फ निम्नलिखित आयतहरूमा अल्लाह तआलाले सङ्केत गरेका छन, जस्तै उनको वर्णन छ :-

اِنَّ فِيْ خَلْقِ السَّمٰوٰتِ وَالْاَرْضِ وَاخْتِلَافِ الَّيْلِ وَالنَّهَارِ لَاٰيٰتٍ
لِّاُولِي الْاَلْبَابِ۝ الَّذِيْنَ يَذْكُرُوْنَ اللّٰهَ قِيَامًا وَّقُعُوْدًا وَّعَلٰى جُنُوْبِهِمْ
وَيَتَفَكَّرُوْنَ فِيْ خَلْقِ السَّمٰوٰتِ وَالْاَرْضِ رَبَّنَا مَا خَلَقْتَ هٰذَا بَاطِلًا
سُبْحٰنَكَ فَقِنَا عَذَابَ النَّارِ۝[4]

अर्थात जब विवेकशील र बुद्धिमान मानिसहरूले धरती र आकाशमण्डलका नक्षत्रहरूको बनावटप्रति चिन्तनमनन गर्छन तथा रात र दिनका घट्ने बढ्नेका कारणहरू र श्रोतहरूप्रति गहनदृष्टि गर्छन, उक्त व्यवस्थाप्रति ध्यान दिनाले

1. The Holy Quran, al-Anbiya' 21:51
2. The Holy Quran, al-Baqarah 2:257
3. The Holy Quran, Yunus 10:58
4. The Holy Quran, al-e-'Imran 3:191-192

तिनीहरूलाई खुदा तआलाको सत्ताप्रति तर्क प्राप्त हुन्छ। अतः तिनीहरूले अधिक जानकारी प्राप्त गर्नका लागि खुदासित सहयोगको याचना गर्छन र उनलाई खड़ा भएर र बसेर तथा ढल्किएर स्मरण गर्छन जसबाट तिनीहरूको बुद्धि अति प्रखर हुनजान्छ। अतः जब तिनीहरूले त्यस बुद्धिद्वारा आकाशमण्डलका नक्षत्रहरू र धरतीको अत्योत्तम र श्रेष्ठतम बनावटका बारेमा चिन्तनमनन गर्छन तब यस्तो सर्वाङ्गसम्पन्न र सम्पूर्ण व्यवस्था कदापि मिथ्या र लाभरहित हुनसक्दैन। अपितु (यसले) प्रकृत स्रष्टाको मुहार प्रदर्शन गरिरहेछ भनी सहसा भन्छन्। अतः तिनीहरूले ब्रह्माण्डका स्रष्टाको परम सत्तालाई स्वीकार गरी हे ईश्वर, तिमी त्यस कुराबाट पवित्र छौ जसमा कसैले तिम्रो परम सत्तालाई अस्वीकार गरी निकृष्ट विशेषताहरू तिमीतर्फ सङ्केत गर्छन्। अतः हामीलाइ नरकको अगिन्नबाट बचाऊ किनभने तिम्रो अस्वीकार नै वस्तुतः नरक हो र समस्त सुख र शान्ति तिमीमा र तिम्रो पहिचानमा नै छ। जो व्यक्ति तिम्रो साँच्चो पहिचानबाट वञ्चित छ त्यो वास्तवमा यसै संसारमा अग्निमा परेको छ भनी प्रार्थना गर्छन्।

## मानवीय प्रकृतिको वास्तविकता

यसैप्रकार ज्ञानको एउटा साधन मानवीय अन्तकरण (विवेक) पनि हो जसको नाम खुदाको पुस्तकमा मानवीय प्राकृति राखिएको छ। जस्तै अल्लाह तआलाको वर्णन छ :- فِطْرَتَ اللّٰهِ الَّتِیْ فَطَرَ النَّاسَ عَلَيْهَا[1] अर्थात अल्लाह तआलाको प्रकृति (स्वभाव) जसमाथि मानिसहरूलाई सृष्टि गरिएको छ। तथा त्यस प्रकृतिको छाप के हो त, यही नै अर्थात् खुदालाई एक अद्वितीय, सर्वश्रेष्टा, जन्म र मृत्यबाट पवित्र जान्नु। हामी अन्तकरणलाई ईल्मुलयक़ीनको दर्जामा किन मान्छौं भने यद्यपि यसमा एउटा ज्ञानबाट दोस्रो ज्ञानतर्फ त्यस्तो परिवर्तन देखिदैन जस्तो धुवाँको ज्ञानबाट आगोको ज्ञानतर्फ परिवर्तन पाइन्छ तर एउटा सूक्ष्म परिवर्तनबाट भने यो दर्जा रिक्त छैन र त्यो के हो भने प्रत्येक वस्तुमा खुदाले एउटा अज्ञात विशेषता राखेका छन जसबारे वर्णन गर्नु र स्पष्ट पार्नु सम्भव छैन परन्तु त्यस वस्तुमाथि दृष्टि गर्नाले र त्यसबारे सोच्नाले तत्काल त्यस विशेषतातर्फ ध्यान जान्छ। अतः त्यो विशेषता यसको अस्तित्वका निम्ति त्यति नै अनिवार्य रहेको छ जति आगोको लागि धुवाँ अनिवार्य हुन्छ। उदाहरणतः जब हामी खुदा तआलाको सत्ता कस्तो हुनुपर्छ के खुदा

1. The Holy Quran, ar-Rum 30:31

हामीजस्तै जन्मने र हामीजस्तै दु:ख उठाउने तथा मर्ने हुनुपर्छ भन्ने कुरातर्फ ध्यान केद्रिंत गर्छौं, तब तुरन्तै त्यस धारणाबाट हाम्रो हृदय दुखित हुन्छ र अन्तकरण काँप्न लाग्छ तथा अत्यन्त उत्तेजित हुन्छ मानौ त्यस धारणालाई धुत्कार्छ र (साथै) ती खुदा जसको शक्तिमाथि समस्त आशा र आकांक्षाहरूको आधार छ ती त समस्त त्रुटिहरूबाट पवित्र र सर्वसम्पन्न र सर्वशक्तिमान हुनुपर्छ भनी जवाफ दिन्छ। तथा जब खुदाको धारणा हाम्रो हृदयमा आउँछ साथै एकत्ववाद र खुदामा धुवाँ र आगोझैं अपितु त्यो भन्दा पनि घनिष्ठ र अटूट सम्बन्धको अनुभव हुन्छ। अत: जुन ज्ञान हामीलाई हाम्रो अन्तकरण (Conscience) द्वारा प्राप्त हुन्छ त्यो ईल्मुलयक़ीनको दर्जा अन्तर्गत रहेको छ। परन्तु यसमाथि एउटा अर्को दर्जा रहेको छ जसलाई ऐनुलयक़ीन (दृष्टिगत ज्ञान) भनिन्छ। उक्त दर्जाको ज्ञान भन्नाले त्यो ज्ञान हो जब हाम्रो धारणा र त्यो वस्तु जसबारे कुनैप्रकारको धारणा अथवा विश्वास गरिएको छ कुनै वीचको वास्ता नहोस। उदाहरणत: जब हामी सुंघने शक्तिद्वारा कुनै सुगन्ध अथवा दुर्गन्धबारे जानकारी प्राप्त गर्छौं अथवा चाख्ने शक्तिद्वारा मिठो अथवा नुनिलो छ भन्ने थाहा पाउँछौं अथवा स्पर्शशक्तिद्वारा तातो र चिसोबारे जानकारी प्राप्त गर्छौं वस्तुत: यी समस्त जानकारीहरू हाम्रो ऐनुलयक़ीन (दृष्टिगत ज्ञान) को श्रेणीमा गनिन्छन। परन्तु परलोकबारे हाम्रो आध्यात्मिक ज्ञान तबमात्र ऐनुलयक़ीनको दर्जामा पुग्छ जब हामीलाई प्रत्यक्षरूपमा सीधै ईश्वाणी प्राप्त हुन्छ। खुदाको वाणीलाई जब आफ्नै कानले सुन्छौं र खुदाका स्पष्ट र शुद्ध आध्यात्मिक र अलौकिक दृश्यहरूलाई जब आफ्नै आँखाले देख्छौं। निस्सन्देह पूर्णज्ञान प्राप्तिका निम्ति हामी प्रत्यक्ष ईशवाणीप्रति निर्भरित छौं र त्यस पूर्णज्ञानको चासो र तृष्णा हामी आफ्नो हृदयमा पाउँछौं। यदि खुदा तआलाले हाम्रानिम्ति प्रारम्भदेखिनै उक्त ज्ञानको साधन नराखेको भएमा त्यो तृष्णा र चासो (भोक) हामीलाई किन लगाए त ? के हामी यस जीवनमा जुन हाम्रो परलोकको पूँजिका निम्ति एउटा मापदण्डस्वरूप रहेको छ ती साँचा र पूर्ण तथा सर्वशक्तिमान र सदाजीवित खुदाप्रति केवल कथा र काहानीहरूको रंगमा विश्वास स्थापन गरी सन्तुष्ट हुनसक्छौं र ? यसैगरी के केवल (मानवीय) बुद्धिको समझमाथि भरोसा गर्न सक्छौं र जुन (समझ) हालसम्म त्रुटिपूर्ण र अपूर्ण रहेको छ। के खुदाका साँच्चा प्रेमीहरू र वास्तविक प्रशंसकहरूको हृदयले ती परम प्रियतमको वाणीद्वारा सन्तुष्टि प्राप्त गर्न चाँहदैन र ? जसले खुदाका निम्ति समस्त संसार नै नष्ट गरे, हृदय सुम्पिए, ज्यान समर्पण गरे के तिनीहरू त्यस सूर्यको मुख नदेखिकन केवल एउटा धुमिलो प्रकाशमा खडा रहेर मर्न चाहन्छन र ? ती सदाजीवित खुदाको

'अनाल् मौजूद' (अर्थात म उपस्थित छु) भन्ने वाणीले त्यो ज्ञानको दर्जा प्रदान गर्छ जसका निम्ति यदि संसारका समस्त दार्शनिकहरूका स्वकल्पित पुस्तकहरू एकातर्फ राखी अर्कोतर्फ 'अनाल्मौजूद' (म उपस्थित छु) भन्ने खुदाको परम वाणी राखिएमा यसको तुलनामा ती समस्त पुस्तकहरू तुच्छ ठहरनेछन भन्ने कुरो सत्य होइन र ? जो व्यक्तिहरू दार्शनिक कहलाएर स्वयं अन्धा रहे तिनीहरूले हामीलाई के सिकाउलान। अत: यदि खुदा तआलाले सत्यका खोजीहरूलाई परमज्ञान प्रदान गर्ने इच्छा राखेका भएमा अवश्य उनले आफ्नो वार्तालाप र ईशवाणीको मार्ग खुल्ला राखेका छन। यसबारे अल्लाह तआलाले पवित्र कुरआनमा वर्णन गरेका छन :-

اِهۡدِنَا الصِّرَاطَ الۡمُسۡتَقِيۡمَ o صِرَاطَ الَّذِيۡنَ اَنۡعَمۡتَ عَلَيۡهِمۡ 1

अर्थात् हे खुदा ! हामीलाई त्यो दृढताको मार्ग देखाउ जुन ती व्यक्तिहरूको मार्ग रहेको छ जसप्रति तिम्रो बख्शिश भएको छ। यस स्थानमा बख्शिश (पुरस्कार) भन्नाले ती ईशवाणी र अलौकिकदर्शन इत्यादि आध्यात्मिक ज्ञानहरू हुन जुन मानिसहरूलाई प्रत्यक्षरूपमा प्राप्त हुनेगर्छन। यसैगरी एउटा अर्को स्थानमा वर्णित छ :-

اِنَّ الَّذِيۡنَ قَالُوۡا رَبُّنَا اللّٰهُ ثُمَّ اسۡتَقَامُوۡا تَتَنَزَّلُ عَلَيۡهِمُ الۡمَلٰٓئِكَةُ اَلَّا تَخَافُوۡا وَلَا تَحۡزَنُوۡا وَاَبۡشِرُوۡا بِالۡجَنَّةِ الَّتِىۡ كُنۡتُمۡ تُوۡعَدُوۡنَ.....2

अर्थात् जो व्यक्तिहरूले खुदाप्रति विश्वास स्थापन गरी (त्यसप्रति) पूर्णरूपले दृढ रहन्छन् तिनीहरूमाथि खुदा तआलाका फरिश्ताहरू (ईशदूतहरू) उत्रन्छन र तिमीहरू नडर न शोक गर, तिमीहरूका निम्ति त्यो स्वर्ग रहेको छ जसबारे तिमीहरूलाई वचन दिइएको छ भनी तिनीहरूलाई ईशवाणी (प्रदान) गर्छन। अत: उक्त आयतमा पनि खुदा तआलाका सदाचारी भक्तहरूले शोक र भयका समयमा खुदाबाट ईशवाणी प्राप्त गर्छन। ईशदूतहरू उत्रिएर तिनीहरूलाई सान्त्वना दिन्छन भन्ने कुरो स्पष्ट शब्दहरूमा वर्णन गरेका छन। एउटा अर्को आयतमा वर्णन गर्छन् :- لَهُمُ الۡبُشۡرٰى فِى الۡحَيٰوةِ الدُّنۡيَا وَفِى الۡاٰخِرَةِ 3 अर्थात् खुदाका प्रेमीहरूलाई ईशवाणी र खुदाको वार्तालापद्वारा यस संसारमा शुभसन्देश प्राप्त हुन्छ र परलोकमा पनि प्राप्त हुनेछ।

1. The Holy Quran, al-Fatihah 1:6-7
2. The Holy Quran, Ha Mim as-Sajdah 41:31
3. The Holy Quran, Yunus 10:65

# ईशवाणी (इल्हाम) को भावार्थ के हो ?

इल्हाम (ईशवाणी) शब्दको तात्पर्य यहाँ त्यो कुरो होइन जुन कुनै कविले कविता लेख्नु अघि प्रयत्न गर्छ अथवा एउटा पंक्ति लेखेर दोस्रो पंक्तिबारे सोच्छ फलस्वरूप त्यो दोस्रो पंक्ति मनमा पर्छ। अत: यसप्रकार (कुनै कुरो) मनमा पर्नु इल्हाम होइन अपितु यो त खुदाको प्राकृतिक विधानानुसार आफ्नो चिन्तन मननको एउटा परिणाम हो। जो व्यक्ति राम्रो कुरो सोच्छ अथवा नराम्रो कुरोबारे ध्यान दिन्छ त्यसको खोज अनुरूप कुनै कुरो अवश्य त्यसको मनमा उदय हुन्छ। मानौ एउटा व्यक्ति सदाचारी रहेको छ जसले सत्यको समर्थनमा केही कविताहरूको सिर्जना गर्छ तथा दोस्रो व्यक्ति जो दुष्ट र दुष्चरित्र रहेको छ आफ्ना कविताहरूमा मिथ्याको समर्थन गर्छ तथा सदाचारीहरूलाई गाली दिनेगर्छ भने दुबैले निस्सन्देह केही न केही कविताको सिर्जना गर्नेछन बरू त्यो व्यक्ति जो सत्यवादीहरूको शत्रु र मिथ्याको समर्थक रहेको छ सम्भवत: सधैं अभ्यास गरिरहने हुनाले त्यसको कविता अधिक सुन्दर हुनसक्छ। अत: यसप्रकार केवल मनमा उदय हुने कुराको नाम इल्हाम (ईशवाणी) हो भने त एउटा दुष्ट कवि जो सत्यको र सत्यवादीहरूको शत्रु रहेको छ र सदैव सत्यको विरोधमा कलम उठाउँछ तथा मिथ्या कुराहरूको सहयोग लिन्छ (त्यो) खुदाको ईशवाणीप्राप्त कहलाउँने छ। संसारमा रहेका उपन्यासहरू इत्यादिमा चमत्कारी वर्णनहरू पाइन्छन। यसप्रकार पूर्णत: मिथ्या भएतापनि निरन्तर विभिन्न विषयहरू मानिसहरूका हृदयमा उदय भएका तिमीहरूले देख्छौ। अत: के हामीले तिनलाई इल्हाम (ईशवाणी) भन्न सकछौं त ? अपितु मनमा केवल केही कुराहरू देखा पर्नुको नाम यदि इल्हाम राख्ने हो भने त एउटा चोर पनि मुल्हम (ईशवाणीप्राप्त) कहलाउँन सक्छ किनभने त्यसले कहिलेकाहिँ चिन्तन मनन गरी घर फोर्ने उत्तम तरीकाहरू निकाल्छ र डाका मार्ने र अनुचित हत्या गर्ने उत्तम उपायहरू त्यसका मनमा उत्पन्न हुन्छन भने के ती समस्त अनुचित उपायहरूको नाम हामीले इल्हाम (ईशवाणी) राख्नु ठीक हुनेछ त ? कदापि हुनेछैन। वस्तुत: यो ती व्यक्तिहरूको धारणा हो जसलाई अहिलेसम्म ती साँचा खुदा (परमेश्वर) को खबर छैन जसले स्वयं विशेष वार्तालापद्वारा हृदयलाई सान्त्वना दिने गर्छन र अनभिज्ञहरूलाई आध्यात्मिक ज्ञानको जानकारी प्रदान गर्छन्। इल्हाम (ईशवाणी) के वस्तु हो त ? ती पवित्र र परम शक्तिशाली खुदाको आफ्ना निर्वाचित भक्तसित अथवा त्यससित जसलाई उनले निर्वाचित गर्न चाहन्छन एउटा सजीव र शक्तिशाली वाणीका साथ वार्तालाप र

सम्बोधन हो। अत: जब यो वार्तालाप र सम्बोधन पर्याप्त र सन्तुष्टिपूर्ण क्रमका साथ आरम्भ हुन्छ र त्यसमा अपवित्र धारणाहरूको अँध्यारोपन तथा अपूर्ण र केही बेजोड शब्दहरू नभएर पूर्णत: निर्मल र तर्कपूर्ण तथा प्रभावपूर्ण वाणी रहेमा त्यही नै खुदाको वाणी हो जसद्वारा उनले आफ्ना भक्तलाई सान्त्वना प्रदान गर्न चाहन्छन र स्वयंलाई त्यसका सामुन्ने प्रकट गर्छन। कहिले भने परीक्षाको रूपमा पनि ईशवाणी (अवतीर्ण) हुन्छ जसमा पर्याप्त मंगलमय साधन हुदैन। त्यसमा खुदा तआलाको भक्तलाई त्यसको प्रारम्भिक अवस्थामा जाँचिन्छ किनभने त्यसले अलिकति ईशवाणीको स्वाद लिएर पुन: साँच्चै नै आफ्नो व्यवहार र वचनलाई साँच्चा ईशवाणीप्राप्तहरूझैं बनाओस अथवा ठोकर खाओस्। अत: यदि त्यसले सत्यपरायणहरूलेझैं वास्तविक सत्यवादलाई नअपनाएमा त्यस नेअमत (वैभव) को परमलाभबाट वञ्चित रहन्छ र केवल व्यर्थको गफ र हाँक त्यसको हातमा रहन्छ। करोड़ौं सत्यव्रत भक्तहरूलाई ईशवाणी प्राप्त हुंदैआएको छ परन्तु खुदा तआलाका निकट तिनीहरूको स्थान एकै दर्जाको छैन अपितु खुदाका ती पवित्र नबीहरू (सन्देशवाहकहरू) जसले पहिलो दर्जामा अत्यन्त स्वच्छरूपमा खुदाको वाणी प्राप्त गर्छन तिनीहरूको स्थान पनि एकसमान छैन। खुदा तआला वर्णन गर्छन :-

تِلْكَ الرُّسُلُ فَضَّلْنَا بَعْضَهُمْ عَلٰى بَعْضٍ [1]

अर्थात् केही नबीहरूलाई अन्य केही नबीहरूमाथि श्रेष्ठता प्राप्त छ। यसबाट ईशवाणी केवल (अल्लाहको) कृपा हो भन्ने कुरो प्रमाणित हुन्छ। अत: श्रेष्ठताको सम्बन्धमा यसको कुनै दखल छैन। अपितु श्रेष्ठता त्यो सत्य र निष्ठा तथा आज्ञाकारिताको मापदण्डमा आधारित छ जसको जानकारी केवल खुदालाई प्राप्त छ। ईशवाणी पनि यदि आफ्नो मंगलमय शर्तहरूमा आधारित रहेमा त्यो पनि यिनीहरूको एउटा फल हो। निस्सन्देह ईशवाणी यदि भक्तको प्रश्नप्रति खुदाको उत्तरको रूपमा क्रमश प्रश्नोत्तरको क्रम चलेमा र त्यस ईशवाणीमा अलौकिक प्रभाव र ज्योति रहेमा र त्यो अदृश्यको ज्ञान तथा स्वच्छ र शुद्ध ज्ञानमा आधारित रहेमा अवश्य त्यो खुदाको वाणी हो। जसरी एउटा मित्रले अर्को मित्रसित भेट गरी वार्तालाप गर्छ त्यसैगरी अल्लाह र उनका भक्तका बीचमा वार्तालाप हुनु र जब त्यस (भक्त) ले कुनै प्रश्न गर्छ त्यसको उत्तरस्वरूप एउटा सरल सुगम र निर्मलवाणी खुदा तआलाको तर्फबाट सुन्नु जसमा आफ्नो मन र चिन्तन मननको कुनै दखल नहुनु तथा त्यो वार्तालाप र सम्बोधन त्यसका

1. The Holy Quran, al-Baqarah 2:254

निम्ति कृपादान हुनु खुदाको ईशवाणीका लागि आवश्यक रहेको छ र यही नै खुदाको वाणी पनि हो। तथा त्यस्तो भक्त खुदाका निकट अत्यन्त प्रिय हुन्छ। परन्तु उक्त दर्जा जसमा ईशवाणी कृपादानस्वरूप प्राप्त हुनु र सजीव तथा पवित्र ईशवाणीको क्रम खुदाबाट भक्तलाई प्राप्त हुनु र शुद्धता र पवित्रताका साथ हुनु यो ती व्यक्तिहरूबाहेक कसैलाई प्राप्त हुन सक्दैन जसले ईमान र निष्ठा र पुण्यकर्ममा प्रगति गर्छन तथा त्यस कुरामा पनि जसबारे हामी चर्चा गर्न सक्दैनौं। साँचो र पवित्र ईशवाणीले अलौकिक जगतका ठूला ठूला चमत्कारहरू देखाउँछ। बारम्बार एउटा अत्यन्त प्रकाशमय ज्योति उत्पन्न हुन्छ र त्यसका साथै एउटा प्रभावपूर्ण र प्रकाशमय ईशवाणीको आगमन हुन्छ। ईशवाणीप्राप्त व्यक्तिले त्यस सत्तासित वार्तालाप गर्छ जो धरती र आकाशको स्रष्टा रहेको छ भने यो भन्दा ठूलो कुरो के हुनसक्छ। संसारमा खुदाको दर्शन नै खुदासित वार्तालाप गर्नु हो। परन्तु हाम्रो यस वर्णनको तात्पर्य मनुष्यको त्यो अवस्था होइन जसमा कसैको मुखबाट अर्थहीन कुनै शब्द अथवा वाक्यांश या कविता प्रकट हुन्छ। त्यसका साथ कुनै (अलौकिक) वार्तालाप अथवा सम्बोधन हुदैन। अपितु त्यस्तो व्यक्ति खुदाका निकट परीक्षाको अवस्थामा हुन्छ किनभने खुदाले यसप्रकार पनि सुस्त र लापर्वाह व्यक्तिहरूलाई जाँच्ने गर्छन अर्थात् कहिले कुनै वाक्यांश अथवा पदावली कसैको हृदयमा अथवा जिब्रोमा जारी गरिन्छ फलत: त्यो व्यक्ति अन्धोझैं हुनजान्छ, त्यो वाक्यांश कहाँबाट, खुदाबाट अथवा सैतानबाट आयो भन्ने कुरो जान्दैन अत: यस्ता वाक्यांशहरूप्रति प्रायश्चित्त गर्नु अनिवार्य हुन्छ। परन्तु यदि एकजना सदाचारी र पुण्य व्यक्तिलाई बेरोकटोक ईश्वरीय वार्तालाप प्राप्त भएमा र वार्तालाप र सम्बोधनको रूपमा एउटा उज्वल, मधुर, अर्थपूर्ण, तत्वयुक्त पूर्णप्रभावका साथ त्यसले (ईशवाणी) सुनेमा तथा खुदा र उसका बीचमा जागृतवस्थामा धेरैपटक अर्थात कम्तिमा दसपटक प्रश्नोत्तरको अवसर प्राप्त भएमा, जस्तै उसले प्रश्न गर्‍यो, खुदाले उत्तर दिए पुन: त्यही क्षणमा पूर्ण जागृतावस्थामा उसले कुनै निवेदन गर्‍यो र खुदाले त्यसको पनि उत्तर दिए, पुन: नम्रतापूर्वक विन्ती गर्‍यो खुदाले त्यसको पनि उत्तर प्रदान गरे, यसैगरी दस पटकसम्म खुदा र उस (भक्त) का बीचमा वार्तालाप भइरहेमा र खुदाले धेरैपटक ती वार्ताहरूका बीचमा त्यसका प्रार्थनाहरू स्वीकार गरेमा, उत्तम ज्ञानहरूको त्यसलाई जानकारी दिएमा र भविष्यवमा घटने घटनाहरूबारे त्यसलाई सूचित गरेमा तथा आफ्नो खुल्लमखुल्ला वार्तालापद्वारा बारम्बारको प्रश्नोत्तरमा त्यसलाई सौभाग्यवान तुल्याएमा त्यस्तो व्यक्तिले भने खुदा तआलाप्रति धेरै कृतज्ञता व्यक्त गर्नु र खुदाको मार्गमा सर्वाधिक समर्पित हुनु अनिवार्य हुन्छ किनभने खुदाले त्यसलाई आफ्नो परम

कृपाद्वारा आफ्ना समस्त भक्तहरूमध्ये निर्वाचित गरे र ती सत्यपरायणहरूको उसलाई उत्तराधिकारी बनाए जसको उभन्दा पहिला स्वर्गवास भइसकेको छ। यो नेमत (वैभव) अत्यन्त अनमोल छ र जसलाई प्राप्त भयो अति नै सौभाग्यको कुरो हो। यसबाहेक जे जति छ त्यो तुच्छ रहेको छ।

## इस्लामको विशेषता

उपरोक्त दर्जा र स्थानप्राप्त व्यक्तिहरू इस्लाममा सदैव (पैदा) हुँदैआएका छन। केवल इस्लाम नै हो जसमा खुदाले भक्तका निकट आएर त्यससित वार्तालाप गर्छन र त्यसभिन्न बोल्छन। उनले त्यसका हृदयमा आफ्नो सिंहासन बनाउँछन र त्यसका भित्रबाट त्यसलाई आकाश (स्वर्ग) तर्फ तान्छन। त्यसलाई ती समस्त नेमतहरू (वैभवहरू) प्रदान गर्छन जुन पहिलाका (भक्तहरू)लाई प्रदान गरिएको थियो। खेद ! मानिस निकट रहँदा रहँदै पनि कहाँसम्म पुग्नजान्छ भन्ने कुरो अन्धो संसारले जान्दैन। तिनीहरूले स्वयं भने कदम उठाउँदैनन जसले कदम उठाउँछ या त त्यसलाई धर्मभ्रष्ट ठहराइन्छ अथवा या त उपास्य बनाएर खुदाको स्थान दिइन्छ। यी दुवै नै अत्याचारहरू हुन एउटा 'इफ्रात' (सीमा भन्दा अति तल) दोस्रो तफ्रीत (सीमाभन्दा अतिमाथि) को व्यवहारबाट उत्पन्न भएको हो। परन्तु बुद्धिमान व्यक्तिले भने हिम्मत हारेर उक्त दर्जा र स्थानको अस्वीकार नगरोस। तथा उक्त स्थानप्राप्त व्यक्तिको अपमान नगरोस न त त्यसको पूजा गर्न आरम्भ गरोस। उक्त दर्जाप्राप्त भक्तसित खुदा तआलाले यस्ता सम्बन्धहरू प्रकट गर्छन मानौ आफ्नो ईश्वरत्वको च्यादर (ओढनी) त्यसमाथि ओढाइ दिन्छन। यस्तो व्यक्ति खुदालाई हेर्ने दर्पण बन्न जान्छ। यही नै रहस्य हो जुन हाम्रा नबी सल्लल्लाहो अलैहि व सल्लमले 'जसले मलाई देख्यो त्यसले खुदालाई देख्यो' भनी प्रकट गरेका थिए। अत: भक्तहरूका निम्ति यो गम्भीर चेतावनी हो। यहाँ पुगेर समस्त प्रयासका मार्गहरू टुंगिन जान्छन र पूर्णसन्तुष्टि प्राप्त हुन्छ।

## विनीतलाई ईश्वरीय वार्तालाप र सम्बोधनको सौभाग्य प्राप्त भएबारे

त्यो स्थान जसबारे मैले चर्चा गरें र त्यो ईश्वरीय वार्तालाप र सम्बोधनको

दर्जा जसको व्याख्या मैले गरें खुदाको कृपाले मलाई प्रदान भएको छ। जसद्वारा म अन्धाहरूलाई दृष्टि प्रदान गरूँ तथा खोज्नेहरूलाई ती हराएका (खुदा) को पता दिऊँ र सत्य स्वीकार गर्नेहरूलाई ती पवित्र स्रोतको शुभसन्देश सुनाऊँ जसको चर्चा त धेरैले गर्छन परन्तु प्राप्त गर्नेहरू भने थोरै छन भन्ने कुरो यससमय प्रकट नगरेमा मैले मानवजाति माथि अत्याचार गर्नेछु। ती खुदा जसलाई प्राप्त गर्नाले मनुष्यले मुक्ति र स्थायी शान्ति पाउँछ पवित्र कुरआनको अनुसरणबिना कदापि प्राप्त हुन सक्दैनन भन्ने कुरो म पाठकवर्गलाई विश्वास दिलाउँछु। खेद ! जो मैले देखेको छु मानिसहरूले देखेका भए र जो मैले सुनेको छु तिनीहरूले सुनेका भए र कथहरूलाई त्यागेका भए अनि वास्तविकतातर्फ दौडेका भए ! त्यो सम्पूर्ण ज्ञानको मार्ग जसद्वारा खुदाको दर्शन हुन्छ, त्यो मैल पखाल्ने पानी जसबाट समस्त शंकाहरूको निवारण हुन्छ, त्यो दर्पण जसबाट उनी परमसत्ताको दर्शन हुन्छ, खुदाको त्यही वार्तालाप र सम्बोधन हो जसबारे मैले अहिले चर्चा गरिसकेको छु। जसको आत्मामा सत्यको चासो छ त्यसले खडा भएर खोजोस। यदि आत्मामा साँचो खोज उत्पन्न भएमा र हृदयमा साँचो प्यास जागेमा मानिसहरूले उक्त मार्गलाई खोज्नेछन र त्यसको खोजमा जुट्नेछन्। परन्तु त्यो मार्ग कुन ढंगले खुल्नेछ र पर्दा कुन औषधिले उठनेछ। केवल इस्लामले मात्र उक्त मार्गको शुभसन्देश दिन्छ भन्ने कुरो समस्त जिज्ञासुहरूलाई म विश्वास दिलाउँछु। अन्य जातिहरूले त खुदाको ईशवाणीप्रति धेरै समय देखि मोहर लगाइसकेका छन। परन्तु निश्चयपूर्वक जान यो खुदाको तर्फबाट मोहर होइन अपितु वञ्चित रहेका कारणले मानिसले एउटा निहु बनाउँछ। जसरी हामीले नेत्रबिना देख्न सम्भव छैन अथवा कानबिना हामी सुन्न सक्दैनौं या जिब्रो बिना बोल्न सक्दैनौं त्यसैगरी पवित्र कुरआनबिना ती परमप्रिय (परमेश्वर) को मुहार देख्न सम्भव छैन भन्ने कुरो निश्चित जान। म तन्देरी थिएँ अब बूढ़ो भएँ, परन्तु मैले यस्तो कोही पाइँन जसले त्यो पवित्र स्रोत (पवित्र कुरआन) बिना त्यस स्पष्ट ज्ञानको प्याला पिएको होस।

## पूर्णज्ञानको साधन खुदा तआलाको ईशवाणी हो

हे प्रियहरूहो ! कुनै मनुष्यले खुदाको इच्छाप्रति उनको विरोध गर्न सक्दैन। पूर्णज्ञानको साधन त्यही खुदा तआलाको ईशवाणी हो जुन खुदा तआलाका पवित्र नबीहरूलाई प्राप्त भयो। त्यसपश्चात पनि ती करूणाका सागर खुदाले भविष्यमा कहिल्यै पनि उक्त ईशवाणीप्रति मोहर (रोक) लगाएर संसारलाई नाश गर्न चाहेनन।

उनको ईशवाणी र वार्तालाप तथा सम्बोधनका ढोकाहरू त सदैव खुल्ला छन। तिनीहरूलाई तिनकै मार्गबाट खोज तब ती सहजपूर्वक तिमीहरूलाई प्राप्त हुनेछन। त्यो जीवनको पानी आकाशबाट आयो र आफ्नो यथोचित स्थानमा ठहऱ्यो। अब तिमीहरूले के उपायले त्यो पानी पिउन सकछौ त ? यही नै, अर्थात चाँडो भन्दा चाँडो त्यस पानीको मूलसम्म पुग र आफ्नो मुख त्यस मूलका सामुन्ने गर ता त्यस जीवनदायक पानीबाट तृप्त हौ। जहाँ त्यस प्रकाशको थाहा लाग्यो त्यसैतर्फ दौड्नु र जहाँ ती हराएका परममित्रको चिह्न मिल्यो त्यही मार्ग अपनाउनुमा नै मनुष्यको सौभाग्य रहेको छ। सधै आकाशबाट नै प्रकाश उत्रिएर धरतीमाथि पर्नगएको तिमीहरूले देख्छौ त्यसैगरी हिदायत (सन्मार्ग)को प्रकृत प्रकाश पनि आकाशबाट नै उत्रन्छ। मनुष्यका आफ्नै कुराहरू र आफ्नै अड्कलहरूले उसलाई साँच्चोज्ञान प्रदान गर्न सक्दैनन्। के तिमीहरूले खुदालाई खुदाको प्रकटनबिना प्राप्त गर्न सक्छौ र ? के तिमीहरूले त्यस आकाशीय प्रकाशबिना अन्ध्यारोमा देख्न सक्छौ र ? यदि देख्न सक्छौ भने सम्भवत: यहाँ पनि देखौला। परन्तु हाम्रा नेत्रहरू दृष्टिशक्तियुक्त रहेतापनि आकाशीय प्रकाशमाथि निर्भरित छन। यसैगरी यद्यपि हाम्रा कानहरूमा सुनने शक्ति रहेतापनि त्यस हावामाथि निर्भरित छन जुन खुदाका तर्फबाट चल्ने गर्छ। त्यो खुदा साँच्चो खुदा होइन जो चुप्प लागेर बसिरहेछ र (त्यसको) समस्त आधार हाम्रा अड्कलहरूमाथि रहेको छ। अपितु सर्वसम्पन्न र सदाजीवित खुदा उनी नै हुन जसले आफ्नो सत्ताको आफै खबर दिन्छन। तथा अब पनि उनले आफ्नो सत्ताको जानकारी स्वयं दिन चाहे।

आकाशीय खिडकी (झयाल)हरू खुल्न लागिरहेछन। निकट मैं प्रातकालको आगमन हुनलागेको छ। तिनीहरू धन्य रहेका छन जो उठेर बस्नेछन तथा अब ती साँच्चा खुदालाई खोज्नेछन, तिनै खुदालाई जसमाथि कुनै कुचक्र र सङ्कट देखा पर्दैन। जसको प्रतापको चमक कहिल्यै मन्द पर्दैन। पवित्र क़ुरआनमा अल्लाह तआलाले वर्णन गरेका छन :–

اَللّٰهُ نُوْرُ السَّمٰوٰتِ وَالْاَرْضِ[1]

अर्थात् खुदा नै सदा आकाशका प्रकाश र धरतीका प्रकाश रहेका छन। उनीबाटै प्रत्येक स्थानमा प्रकाश पर्दछ। सूर्यका उनी नै सूर्य हुन्। धरतीका समस्त प्राणीहरूका प्राण उनी नै हुन्। साँच्चा जीवित खुदा उनी नै हुन्। त्यो (व्यक्ति) धन्य रहेको छ

1. The Holy Quran, an-Nur 24:36

जसले उनलाई स्वीकार गर्छ।

तेस्रो ज्ञानको साधन ती कुराहरू हुन जुन हक्कुल यकीन (प्रयोगात्मक ज्ञान)का दर्जामा रहेका छन। यसैगरी ती समस्त कठिनाई, सङ्कट तथा कष्टहरू हुन जुन खुदाका नबीहरू र सत्यपरायणहरूमाथि विरोधीहरूका हातबाट अथवा विधिको विधानबाट आइलाग्छन्। यसप्रकारका कष्टहरू र दुखहरूका कारण ती समस्त ईश्वरीय विधानका आदेशहरू जुन केवल ज्ञानको रूपमा मानिसका हृदयमा थिए तिनीहरूमाथि प्रकट भएर व्यवहारिक रूपधारण गर्छन र त्यसपश्चात व्यवहारिक भूमिबाट हुर्किएर पूर्णरूप धारण गर्छन र ती शिक्षाहरूमाथि चल्नेहरूको आफ्नो अस्तित्व नै खुदा तआलाका आदेशहरूको एउटा पूर्णसंग्रह बन्नजान्छ। तथा क्षमा, प्रतिशोध, धैर्य र दया इत्यादि ती समस्त आचरणहरू जुन केवल मस्तिष्क र हृदयमा भरिएका थिए अब व्यवहारमा परिवर्तित हुनाले समस्त अङ्गहरूलाई तिनीहरूको लाभ मिल्नेछ। तथा समस्त शरीरमाथि प्रकट भएर आफ्नो चिह्न र छाप त्यसमाथि अङ्कित गरिदिन्छन। जस्तै अल्लाह तआलाको वर्णन छ :-

وَلَنَبْلُوَنَّكُمْ بِشَيْءٍ مِّنَ الْخَوْفِ وَالْجُوْعِ وَنَقْصٍ مِّنَ الْاَمْوَالِ وَالْاَنْفُسِ
وَالثَّمَرٰتِ وَبَشِّرِ الصّٰبِرِيْنَo الَّذِيْنَ اِذَآ اَصَابَتْهُمْ مُّصِيْبَةٌ قَالُوْآ اِنَّا لِلّٰهِ
وَاِنَّآ اِلَيْهِ رٰجِعُوْنَo اُولٰٓئِكَ عَلَيْهِمْ صَلَوٰتٌ مِّنْ رَّبِّهِمْ وَرَحْمَةٌ وَاُولٰٓئِكَ هُمُ
الْمُهْتَدُوْنَo [1] لَتُبْلَوُنَّ فِيْٓ اَمْوَالِكُمْ وَاَنْفُسِكُمْ وَلَتَسْمَعُنَّ مِنَ الَّذِيْنَ
اُوْتُوا الْكِتٰبَ مِنْ قَبْلِكُمْ وَمِنَ الَّذِيْنَ اَشْرَكُوْآ اَذًى كَثِيْرًا ؕ وَاِنْ تَصْبِرُوْا
وَتَتَّقُوْا فَاِنَّ ذٰلِكَ مِنْ عَزْمِ الْاُمُوْرِo[2]

अर्थात् हामी तिमीहरूको भय, भोकमरी, धनको हानि र ज्यानको हानि तथा प्रयासको असफलता र सन्तानको मृत्युद्वारा जाँच गर्नेछौं। अर्थात् यी समस्त दुख कष्टहरू विधिको विधानस्वरूप अथवा शत्रुका हातबाट तिमीहरूमाथि आइलाग्ने छन। अत: ती व्यक्तिहरूका निम्ति शुभसन्देश छ जसले सङ्कटका समयमा केवल हामी खुदाकै हौं र खुदातर्फ नै (हामी) फर्कनेछौं भन्छन। ती व्यक्तिहरूमाथि खुदाको करूणा र दया रहेको छ तथा यिनीहरू नै ती व्यक्तिहरू हुन जो सन्मार्गको शिखरसम्म पुगेका

1. The Holy Quran, al-Baqarah 2:156-158
2. The Holy Quran, al-e-'Imran 3:187

छन। अर्थात् ज्ञान केवल केही सम्मान र बड़ाई मात्र होइन जुन केवल मस्तिष्क र मनमा भरिएको हुन्छ अपितु वास्तविक ज्ञान त त्यो हो जुन मस्तिष्कबाट उत्रिन्छ र समस्त अङ्गहरू त्यसबाट प्रशिक्षित र रंगीन हुन्छन। र स्मरणपटलका कुराहरू व्यवहारिक रूपमा प्रदर्शित हुन्छन। अत: ज्ञानका लक्षणहरूलाई आफ्ना अङ्गहरूमाथि अङ्कित गर्नु नै त्यसलाई दृढ तुल्याउने र त्यसलाई उन्नति दिने ठूलो उपाय हो। कुनै साधारण ज्ञान पनि व्यवहारिक अनुभवबिना आफ्नो शीर्षबिन्दुमा (पूर्णतामा) पुग्दैन। उदाहरणत: रोटी पकाउनु अत्यन्त सहज काम हो र यसमा कुनै गम्भीर कुरो छैन केवल आटा मिलाएर एक एक रोटीको मात्रा बराबर गोलाहरू बनाई तिनीहरूलाई दुवै हातका बीचमा राखी फैलाएर तावामा हालि उल्टाइ पल्टाइकन आगोमा सेकेर राख्नाले रोटी पाक्नेछ भन्ने कुराको ज्ञान धेरै समय अघिदेखि हामीलाई प्राप्त छ। परन्तु यो त केवल हाम्रो मौखिक ज्ञानको अहङ्कार हो परन्तु जब हामी अनुभव बिना नै पकाउन लाग्छौं तब सर्वप्रथम आटालाई त्यसको यथोचित मात्रामा मिलाउनु नै हाम्रा निम्ति ठूलो सङ्कटको कुरो हुनेछ किनभने या त त्यो ढुङ्गोझैं रहनेछ अथवा पातलो भई खोले बन्नपुग्नेछ। तथा यदि जसोतसो गरी माडिहाले पनि रोटीको अवस्था भने कहीं जलेको र कहीं काँचो तथा बीचमा गाँठो र त्यसका कतिपय कानहरू निस्किएका हुनेछन। यद्यपि पचास वर्षसम्म हामीले पाक्दै गरेको देख्दै आयौं परन्तु केवल त्यो मौखिक ज्ञान जुन व्यवहारिक अनुभवरहित थियो, त्यसको दुर्भाग्यले गर्दा धेरै सेर आटा नाश गर्नेछौं। जब सा साना कुराहरूमा हाम्रो ज्ञानको यो अवस्था रहेको छ भने ठूला-ठूला कार्यहरूमा व्यवहारिक अनुभव बिना केवल (मौखिक) ज्ञानमाथि कसरी निर्भर गर्नसकिन्छ र। अत: जुन सङ्कटहरूमा तिमीहरूलाई म पार्दछु ती पानि ज्ञान र अनुभव (प्राप्त गर्ने) साधनहरू हुन। अर्थात तिनीहरूद्वारा तिमीहरूको ज्ञान सम्पूर्ण हुन्छ भन्ने कुरो खुदा तआलाले उक्त आयतहरूमा सिकाउँछन।

यसपश्चात पुन: तिमीहरू आफ्ना धन र ज्यानद्वारा पनि जाँचिने छौ भनी वर्णन गर्छन्। अर्थात् मानिसहरूले तिमीहरूको धन लुट्नेछन, तिमीहरूलाई मार्नेछन र तिमीहरू यहूदीहरू, ईसाईहरू र मूर्तिपूजकहरूको हातबाट अत्याधिक सताइने छौ। तिनीहरूले धेरै मनदुख्ने कुराहरू तिमीहरूका विरुद्ध गर्नेछन। अत: यदि तिमीहरूले धैर्य गरेमा र अनर्थक कुराहरूबाट बचेमा त्यो साहस र बहादुरीको कार्य ठहरने छ। मंगलमय र लाभदायक ज्ञान त्यही हो जसले व्यवहारिक रूपमा आफ्नो चमक देखाउँछ। र कलंकित ज्ञान त्यो हो जुन केवल ज्ञानको रूपमा सीमित रहन्छ र कहिल्यै व्यवहारमा आउन सक्दैन। यही नै उपरोक्त समस्त आयतहरूको भावार्थ हो।

जसरी व्यपारबाट धनको वृद्धि हुन्छ र फैलिन्छ त्यसरी नै व्यवहारिक अनुभवबाट ज्ञान आफ्नो आध्यात्मिक चरम बिन्दुसम्म पुग्छ भन्ने कुरो ज्ञात होस। अतः ज्ञानलाई चरम सीमासम्म पुऱ्याउने ठूलो साधन व्यवहारिक प्रयोग हो। व्यवहारिक प्रयोगबाट ज्ञानमा प्रकाश उत्पन्न हुन्छ। ज्ञान तबमात्र हक़्क़ुलयकीन (प्रयोगात्मक ज्ञान)को दर्जामा पुग्छ जब व्यवहारिक रूपमा त्यसका प्रत्येक कोणहरूलाई जाँचिने छ भन्ने कुरो बुझ। अतः इस्लाममा यही नै सिद्ध भयो। पवित्र कुरआनद्वारा जुन कुराहरू खुदा तआलाले मानिसहरूलाई सिखाए तिनलाई व्यवहारिक रूपमा चम्काएर त्यसको प्रकाशबाट परिपूर्ण हुने अवसर उनीहरूलाई प्रदान गरे।

## हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमको जीवनका दुईवटा पक्षहरू

उपरोक्त कारणले गर्दा खुदा तआलाले हाम्रा नबी हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमको जीवनलाई दुईवटा भागमा विभाजित गरे। पहिलो भाग दुःख र सङ्कट तथा कष्टहरूले पूर्ण अनि दोस्रो भाग सफलता र विजयपूर्ण। कारण के भने सङ्कटका दिनहरूमा ती चरित्रहरू प्रकट हुनजाउन जुन सङ्कटका दिनहरूमा देखिने गर्छन। त्यसैगरी सफलता र शक्तिप्राप्तिका दिनहरूमा ती चरित्रहरू प्रमाणित हुनजाउन ुन शासन व शक्तिप्राप्त नभएसम्म प्रमाणित हुदैनन्। अतः यसैप्रकार हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमका दुवैथरिका चरित्रहरू दुवै कालमा र दुवै अवस्थाहरूमा देखापर्नाले पूर्ण स्पष्टतापूर्वक प्रमाणित हुनगए। अतः त्यो सङ्कटपूर्ण समय जुन हाम्रा नबी हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले तेरह वर्षसम्म मक्का मुअज़्ज़मामा बिताउनु भयो त्यस अवधिको जीवनी पढ़नाले हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमले ती सद्‌चरित्रहरू जुन सङ्कटका समयमा पूर्ण सत्यपरायणले प्रदर्शन गर्नुपर्ने हुन्छ, अर्थात खुदामाथि भरोसा राख्नु र क्रन्दन र विलाप नगर्नु तथा आफ्ना काम र कर्तव्यमा आलस्य नगर्नु र हत्तोसाह नहुनु, कसैको धम्कीबाट नडराउनु (इत्यादि) यस्तो उत्कृष्ट रूपमा प्रदर्शित गर्नुभयो जुन दृढतालाई देखेर कुफ्फार (अविश्वासीहरू) हरूले विश्वास गरे। अनि जबसम्म खुदाप्रति कसैको पूर्ण भरोसा हुदैन तबसम्म त्यस्तो दृढता र त्यसप्रकारले दुःख र सङ्कटहरूलाई झेल्न सक्दैन भनी गवही दिए भन्ने कुराको स्पष्टरूपमा जानकारी प्राप्त हुन्छ।

यसैगरी जब दोस्रो ज़माना आयो अर्थात् विजय, शासनशक्ति र धनसम्पन्नताको ज़माना – तब त्यस समयमा पनि हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमका उच्च चरित्रहरू, क्षमा र दान र वीरताका सत्‌गुणहरू यस्तो उत्तमरूपमा प्रदर्शित भए जसबाट प्रभावित भएर कुफ्कार (अविश्वासी) हरूको एउटा ठूलो समूहले विश्वास स्थापना गऱ्यो। (उहाँले) दु:ख दिनेहरूलाई क्षमा गर्नुभयो र आफूलाई शहरबाट निष्कासित गर्नेहरूलाई शान्तिसुरक्षा प्रदान गर्नुभयो। तिनीहरूका अभावग्रस्त व्यक्तिहरूलाई धन दिएर मालामाल तुल्याउनु भयो तथा हातआएका आफ्ना ठूला–ठूला शत्रुहरूलाई क्षमा गरिदिनुभयो। अत: धेरै मानिसहरूले उहाँका सद्गुणहरू देखेर जबसम्म खुदाका तर्फबाट कोही वास्तवमा सत्यपरायणको रूपमा आउँदैन यस्ता सदाचारहरू प्रदर्शन गर्न सक्दैन भनी साक्षी दिए। त्यसैकारणले उहाँका शत्रुहरूको दीर्घकालीन बैरभाव क्षणभरमैं समाप्त हुनगयो। उहाँको सबैभन्दा ठूलो सद्गुण जुन उहाँले प्रमाणित गरेर देखाउनु भयो त्यो सदाचार थियो जसबारे पवित्र कुरआनमा यसप्रकार वर्णित छ :- [1] قُلْ اِنَّ صَلَاتِیْ وَنُسُکِیْ وَمَحْیَایَ وَمَمَاتِیْ لِلّٰهِ رَبِّ الْعٰلَمِیْنَ۔ अर्थात् मेरो उपासना र मेरो बलिदान र मेरो मरण र मेरो जीवन खुदाको मार्गमा रहेको छ भनी तिनीहरूलाई भनिदेउ। अर्थात् उनको प्रताप प्रदर्शित गर्न तथा उनका भक्तहरूलाई विश्राम र आराम दिनका निम्ति ता मेरो मृत्युबाट उनीहरूलाई जीवन प्राप्त होस्। यस स्थानमा खुदाको मार्गमा तथा भक्तहरूको भलाइका लागि मर्नुको उल्लेखबाट मूर्खहरू र पागलहरूझैं सम्भवत: कुनै ज्यानमार्ने हतियारले स्वयंलाई हत्या गर्नाले अरूलाई लाभ होला भन्ने भ्रमका कारण उहाँले आत्महत्याको इच्छा गर्नुभएको थियो भन्ने कुरो कसैले नठानोस। उहाँ त यस्ता अनर्थक कुराहरुका घोर विरोधी हुनुहुन्थ्यो। यस्ता आत्महत्या गर्नेहरूलाई त पवित्र कुरआनले घोर अपराधी र दण्डनीय ठहऱ्याएको छ, जस्तै वर्णन छ :- [2] وَلَا تُلْقُوْا بِاَیْدِیْکُمْ اِلَی التَّهْلُکَةِ۔ अर्थात् आत्महत्या नगर र आफ्नै हातले आफ्नो मृत्युको कारण नबन। उदाहरणत: यदि खालिदको पेटमा पीडा रहेमा ज़ैदले त्यसप्रति दयागरी आफ्नो टाउको फुटाउँछ भने जैदले ख़ालिदका निम्ति कुनै भलाई त गरेन अपितु मूर्खतापूर्वक व्यर्थमा आफ्नो टाउको फोऱ्यो। यदि ज़ैद ख़ालिदको सेवामा यथोचित रूपमा वयस्त रही त्यसका निम्ति लाभकारी औषधिहरू उपलब्ध गराई उपचारविधि अनुसार त्यसको उपचार गर्थ्यो भने त्यो पुण्यको काम हुनेथियो। परन्तु त्यसको टाउको फोर्नाले खालिदलाई

1. The Holy Quran, al-Anʻam 6:163
2. The Holy Quran, al-Baqarah 2:196

केही लाभ पुगेन। व्यर्थमा त्यसले आफ्नो शरीरको एउटा महत्वपूर्ण अंगलाई कष्ट दियो। अत: उक्त आयतको अर्थ के हो भने हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमले वास्तवमा दया र सहानुभूतिका साथ परिश्रम गर्नाले मानवजातिको मुक्तिका निम्ति आफ्नो ज्यान उत्सर्ग गर्नुभएको थियो। दुआ (प्रार्थना)का साथ र प्रचारका साथ तथा तिनीहरूको विपत्ति र कठिनाइहरूलाई अङ्गालेर तथा प्रत्येक उचित र यथार्थ मार्ग अपनाएर आफ्नो ज्यान र आफ्नो आरामलाई त्यसमार्गमा निछावर गर्नुभएको थियो। जस्तै अल्लाह तआलाको वर्णन रहेको छ :-

لَعَلَّكَ بَاخِعٌ نَّفْسَكَ اَلَّا يَكُوْنُوْا مُؤْمِنِيْنَ۔[1]

فَلَا تَذْهَبْ نَفْسُكَ عَلَيْهِمْ حَسَرٰتٍ[2]

अर्थात् के तिमी त्यो शोक र त्यस कठोर परिश्रममा जुन मानिसहरूका निम्ति गरिरहेछौ स्वयंलाई मार्न लागिरहेछौ र ती व्यक्तिहरूका लागि जसले सत्यलाई स्वीकार्दैनन तिमी खेद गर्दै आफ्नो ज्यान दिन्छौ ? अत: आफ्ना जातिका निम्ति ज्यान दिनुको वास्तविक मार्ग जातिको भलाइका निम्ति विधिको विधानको सर्वोत्तम मार्गानुसार आफ्नो ज्यानलाई कठिनाइमा पारी यथायुक्त उपायहरू अपनाएर आफ्नो तन-मन त्यसप्रति समर्पित गर्नु हो। जातिलाई सङ्कटग्रस्त अथवा पथभ्रष्ट देखेर र भयानक स्थितिमा पाएर टाउकोमा ढुङ्गोहान्नु होइन। न त दुई तीन रत्ती Strychnine (विष) खाएर यस संसारलाई त्यागनु र हामीले उक्त व्यर्थ क्रियाद्वारा जातिलाई मुक्ति प्रदान गऱ्यौं भनीठान्नु हो। उक्त कार्य पुरुषको होइन अपितु महिलाको स्वभाव हो। तथा साहस नभएका मानिसहरूको सदादेखि यही तरीका रहँदैआएको छ। अर्थात सङ्कटलाई झेल्न नसकेको खंडमा झट्टपट्ट आत्महत्या गर्नतर्फ लाग्छन। यस्तो आत्माहत्याबरे पछिगएर जुनसुकै अर्थ लगाइए तापनि त्यो क्रिया भने निस्सन्देह बुद्धि र बुद्धिमानहरूको अपमान हो। परन्तु यस्तो व्यक्तिको धैर्य र शत्रुसित संघर्ष नगर्नु भन्ने कुरो विश्‍वसनीय हुनैसक्दैन जसलाई प्रतिशोध लिने अवसर नै प्राप्त भएन। किनभने यदि उसलाई प्रतिशोध लिने अवसर प्राप्तभएको रहेमा के गर्ने थियो भन्ने कुराको के थाहा ? जबसम्म मानिसप्रति त्यो समय आउँदैन जसमा एउटा सङ्कटको काल र अर्को शक्ति, सासन तथा वैभवप्राप्तिको काल होस तबसम्म त्यसका सद्गुणहरू (सदाचारहरू) कदापि प्रकट हुन्सक्दैनन्। जो व्यक्ति केवल शक्तिहीन, असहाय

1. The Holy Quran, as-Shu'ara' 26:4
2. The Holy Quran, Fatir 35:9

र शासनबाट वञ्चित रहेको अवस्थामा मानिसहरूको पिटाइ खाएर मर्छ र सामर्थ्य र शासन र वैभवको समय नै पाउँदैन त्यसका सद्गुणहरूमध्ये केही प्रमाणित हुनैसक्दैन। यसैगरी यदि कुनै युद्धभूमिमा उपस्थित नै भएन भने त्यो व्यक्ति साहसी र निडर थियो अथवा डरपोक र काँतर भन्ने कुरो प्रमाणित हुनै सक्दैन र त्यसका आचार–हरूबारे हामी केही भन्न सक्दैनौं। किनभने यदि त्यसले आफ्ना शत्रुहरूमाथि विजयप्राप्त गऱ्यो भने तिनीहरूप्रति के व्यवहार गऱ्यो, यदि त्यो धनसमान्न हुन्थ्यो भने त्यस धनलाई जोडेर राख्थ्यो अथवा मानिसहरूलाई दिनेथियो, तथा यदि त्यो व्यक्ति कुनै युद्धक्षेत्रमा पुग्थ्यो भने डराएर भाग्नेथियो अथवा पराक्रमीहरूलेझैं शक्तिप्रदर्शन गर्नेथियो भन्नेकुरो हामीले जान्दैनौं। परन्तु खुदाको वरदान र कृपाले गर्दा हाम्रा नबी हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमलाई ती सदाचार र सद्गुणहरू प्रकट गर्ने अवसर प्राप्त भयो। अत: दानशीलता र वीरता तथा सहनशीलता र क्षमादान र न्याय आ–आफ्ना मौका र अवसरमा यस्तो उत्तमरूपमा प्रकट भए जसको उपमा समस्त संसारमा पाउन असम्भव छ। उहाँले दुर्बलता र शक्तिसम्पन्नता तथा दरिद्रता र धनसम्पन्नता दुवै कालमा उहाँ कति उच्चकोटिका सदाचार र सद्गुणहरूका स्वामी हुनुहुन्थ्यो भन्नेकुरो समस्त जगतलाई देखाउनु भयो। श्रेष्ठ सदाचार हरूमध्ये कुनै मानवीय सदाचार यस्तो छैन जसलाई प्रदर्शन गर्ने अवसर अल्लाह तआलाले उहाँलाई प्रदान गरेनन। बहादुरी, दानशीलता, दृढता क्षमादान सहनशीलता इत्यादि समस्त सदाचारहरू यस्तो उत्तमहरूमा प्रमाणित भए जसको उपमा र उदाहरण संसारमा खोजेर पाउनु असम्भव कार्य रहेको छ। जसले अत्याचारलाई परम सीमासम्म पुऱ्याए र इस्लामलाई मेटाउन चाहे खुदा तआलाले तिनीहरूलाई पनि दण्ड दिए बिना छाडेनन भन्नेकुरो पनि नितान्त सत्य हो किनभने तिनीहरूलाई दण्ड नदिनु भनेको मानौ सत्यनिष्ठहरूलाई तिनीहरूका कदममुनि हताहत गर्नु थियो।

## हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमले गरेका युद्धहरूको उद्देश्य

हज़रत मुहम्मद सल्लल्लाहो अलैहि व सल्लमले गरेका युद्धहरूको उद्देश्य बिनाकारण मानिसहरूको हत्या गर्नु कदापि थिएन। उहाँलाई आफ्ना पिता पुर्खाका देशबाट निष्कासित गरिएको थियो र धेरै संख्यामा निर्दोष मुसलमान पुरुषहरू र महिलाहरूलाई

शहीद गरिएको थियो। तथा हालसम्म अत्याचारीहरूले अत्याचार गर्न छाडेका थिएनन र तिनीहरू इस्लामको शिक्षाबाट रोक्दथे। त्यसकारण खुदा तआलाको सुरक्षा विधानानुसार पीड़ित व्यक्तिहरूलाई पूर्णत: नाश हुनबाट (उनले) बचाए। अत: जसले तलवार उठाएका थिए तिनीहरूसित तलवारको संघर्ष भयो। वस्तुत: हत्याराहरूको उपद्रवको निवारणका निम्ति प्रतिरक्षास्वरूप र अन्यायको निवारणस्वरूप ती युद्धहरू (गरिएका) थिए। यसैगरी ती युद्धहरू त्यससमय गरिए जब अत्याचारीहरूले सत्यको मार्गमा हिडने व्यक्तिहरूलाई मेटाउन चाहन्थे। त्यस अवस्थामा यदि इस्लामले प्रतिरक्षाको अधिकारलाई प्रयोग नगरेको रहेमा हज़ारौं बालकहरू र महिलाहरू निरपराध मारिने थिए र अन्तत: इस्लाम समाप्त हुनेथियो।

हाम्रा विरोधीहरूको हठधर्मीपूर्ण धारणानुसार ईश्वरीय मार्गदर्शनमा कहीं पनि र कुनै अवस्थामा पनि शत्रुसित संघर्षको शिक्षा हुनुहुदैन तथा सदा सहनशीलता र कोमलतापूर्वक आफ्नो प्रेम र कृपाको प्रदर्शन हुनुपर्छ। यस्ता व्यक्तिहरू आफ्नो विचारमा त खुदा तआलाको अत्यन्त आदर र सम्मान गरिरहेछन किनभने तिनीहरू उनका सर्वसम्पन्न विशेषताहरूलाई केवल नरमी र कोमलतामा सीमित ठान्छन। परन्तु तिनीहरू अति ठूलो र स्पष्ट भूलमा परेका छन भन्ने कुरो उक्त विषयमा चिन्तन मनन गर्ने व्यक्तिहरूप्रति सहजै खुल्नजान्छ। संसारका निम्ति त्यस परम करूणाको अत्यन्त आवश्यकता छ भन्ने कुरो खुदाको प्राकृतिक विधानप्रति ध्यान दिनाले स्पष्ट प्रमाणित हुन्छ। परन्तु त्यो करूणा सदा र प्रत्येक स्थितिमा नरमी र कोमलताको रूपमा प्रकट हुदैन। अपितु उनले नितान्त करूणाकै कारण अनुभवी चिकित्सकलेझैं कहिले मिठो सर्बत हामीलाई पियाउँछन र कहिले भने तितो औषधि दिन्छन। उनको कृपा मानवजातिमाथि त्यसरी नै अवतीर्ण हुन्छ जसरी हामीमध्ये कोही व्यक्तिले आफ्नो समस्त अस्तित्वप्रति दया राख्छ। निस्सन्देह हामीमध्ये प्रत्येक व्यक्तिले आफ्नो समस्त अस्तित्व र अंगहरूप्रति प्रेम राख्छ र यदि कसैले हाम्रो एउटा केशलाई उखेल्न चाहेमा हामी त्यसमाथि नराम्रो गरी रिसाउँछौं। परन्तु हाम्रो समस्त शरीर र अस्तित्वमाथि यद्यपि हाम्रो प्रेम समानरूपमा विभाजित छ र हाम्रा समस्त अंगहरू हाम्रानिम्ति वास्तवमा नै प्रिय छन ! हामी कसैको हानि चाँहदैनौं तापनि हाम्रा समस्त अंगहरूप्रति हामी एकसमान प्रेम गर्दैनौं भन्ने कुरो स्पष्टरूपमा प्रमाणित छ। निस्सन्देह ती विशेष र मुख्य अंगहरू जसमाथि हाम्रा अधिकतर लक्ष्यहरू आधारित छन तिनीहरूको प्रेम हाम्रो हृदयमा अधिक हुन्छ। यसैगरी हाम्रो दृष्टिमा एउटा अङ्गको प्रेम भन्दा समस्त अङ्गहरूको प्रेम अत्यधिक बढ़ी हुन्छ। अत: जब हाम्रा निकट एउटा महत्वपूर्ण अङ्गको

सुरक्षा र बचावका लागि साधारण प्रकारको अङ्गलाई घायल गर्नु पर्ने अथवा काटनु वा तोडनु पर्ने हुन्छ तब हामी ज्यान बचाउनका निम्ति अविलम्भ त्यस अङ्गलाई घायल गर्न अथवा काट्न तयार हुन्छौं यद्यपि त्यससमय हामीलाई आफ्नो एउटा प्रिय अङ्गलाई घायल गर्दा अथवा काट्दा मनमा दु:ख लाग्छ। परन्तु त्यस अङ्गको विषले कुनै अर्को महत्वपूर्ण अङ्गलाई नाश नगरोस भनी हामी त्यसलाई काट्न बाध्य हुन्छौं। अत: खुदा तआलाले पनि आफ्ना सत्यनिष्ठहरूलाई जब मिथ्यावादीहरूबाट हानि पुग्नलागेको देख्छन र उपद्रव फैलिएको देख्छन तब सत्यनिष्ठहरूको ज्यान बचाउन र उपद्रवको निवारणका निम्ति यथोचित उपाय निकाल्छन भन्ने कुरो उक्त उदाहरणबाट बुझ्नुपर्छ। चाहे त्यो (उपाय) आकाशबाट होस अथवा धरतीबाट। किनभने उनी जस्तै अत्यन्त दयालु रहेका छन त्यस्तै उनी परम तत्वज्ञ र दुरदर्शी पनि रहेका छन्। समस्त प्रशंसाहरू उनै अल्लाहका निम्ति रहेका छन जो समस्त जगतका पालनहार हुन्।

✻✻✻

✻

अधिक जानकारीका लागि सम्पर्क गर्नुहोस :-


Ahmadiyya Sangh Nepal,
Baburam Acharaya Road, Sinamangal - 9
Kathmandu, (Nepal), P.O. Box No. 20031
Fax : 0097-14460102

Ahmadiyya Sangh Nepal,
Itahari, Sunsari Nepal.
Fax : 0097-25584339

Tehrik-e-Jadid
Qadian - 143516, Distt. Gurdaspur,
Punjab (India)
Fax : +91-1872-220436

www.alislam.org, www.mta.tv

**Toll Free (India) : 180030102131**